लाटी या स्फुटसन्दर्भा नातिविस्फुरविग्रहा ।
परित्यक्तापि भूयोभिरूपचारैरुदाहृता ।४।
क्रियास्वविषमा वृत्तिर्भारत्यारभटी तथा ।
कौशिकी सात्वती चेति सा चतुर्धा प्रतिष्ठिता ।५।
वाक्प्रधाना नरप्राया स्त्रीयुक्ता प्राकृतोक्तिता ।
भरतेन प्रणीतत्वाद्भारती रीतिरुच्यते ।६।
चत्वार्य्यङ्गानि भारत्या वीथी प्रहसनं तथा ।
प्रस्तावना नाटकादेर्वीथ्यङ्गाश्च त्रयोदश ।७।
उद्घातकं तथैव स्याल्लपितं स्याद्द्वितीयकम् ।
असत्प्रलापो वाक्छ्रेणी नालिका विपण तथा ।८।
व्याहारस्त्रिमतञ्चैव छलावस्कन्दिते तथा ।
गण्डोऽथ मृदवश्चैव त्रयोदशमथोचितम् ।९।
तापसादेः प्रहसनं परिहासपरं वचः ।
मायेन्द्रजालयुद्धादिबहुलारभटी स्मृता ।
संक्षिप्तकारपातौ च वस्तूत्थापनमेव च ।१०।

भएका समास स्पष्ट नै हुँदैनन् । त्यसलाई अनेकौँ विद्वान्हरूले यद्यपि त्यागिसकेका छन् तापनि उपचारको अत्यन्त बहुलता भएर पाइने रचना लाटी रीतिकै हुन् । जसका क्रियाहरूमा विषमता पाइँदैन त्यस्तो वाक्यरचनालाई वृत्ति भनिएको हो । त्यसका भारती, आरभटी, कौशिकी र सात्वती गरी चारवटा भेद छन् । भारती वृत्ति बोलीको अभिनय प्रधान हुने गर्दछ । यो प्रायः अभिनेतामा आश्रित हुन्छ र कहिलेकाहीँ अभिनेत्रीमा पनि आश्रित भएको छ भने चाहिँ प्राकृत उक्तिहरूसँग आएको हुन्छ । भरतले प्रयोग गरेका कारण यसलाई भारती भनिएको हो। भारतीका वीथी, प्रहसन, आमुख र नाटक आदिको प्ररोचना यी चार अङ्ग हुन्छन् भन्ने मानिएको छ । वीथीका– उद्घातक, लपित, असत्प्रलाप, वाक्श्रेणी, नालिका, विपण, व्याहार, त्रिगत, छल, अवस्यन्दित, गण्ड, मृदव र उचित गरी तेह्रवटा अङ्ग हुन्छन् । तपस्वी आदिका हँस्याइला कुराहरूलाई प्रहसन भनिएको छ । आरभटी वृत्तिमा माया, इन्द्रजाल र युद्ध आदि धेरैजसो हुन्छन् । आरभटी वृत्तिका भेदहरू सङ्क्षिप्तकार, पात र वस्तूत्थापन हुन् ।१–१०।

३४१. एकचत्वारिंशदधिकत्रिशततमोऽध्यायः

नृत्यादावङ्गकर्मनिरूपण

अग्निरुवाच
चेष्टाविशेषमप्यङ्गप्रत्यङ्गे कर्म चानयोः ।
शरीरारम्भमिच्छन्ति प्रायः पूर्वोऽबलाश्रयः ।१।
लीलाविलासोविच्छित्तिर्विभ्रमं किलकिञ्चितम् ।
मोट्टायितं कुट्टमितं बिब्बोको ललितन्तथा ।२।
विकृतं क्रीडितं केलिरिति द्वादशधैव सः ।
लीलेष्टजनचेष्टानुकरणं संवृतक्षये ।३।
विशेषान् दर्शयन्किञ्चिद्विलासः सद्भिरिष्यते ।
हसितक्रन्दितादीनां सङ्करः किलकिञ्चितम् ।४।
विकारकोऽपि बिब्बोको ललितं सौकुमार्य्यतः ।
शिरः पाणिरुरः पार्श्वं कटिरङ्घ्रिरिति क्रमात् ।५।
अङ्गानि भ्रूलतादीनि प्रत्यङ्गान्यभिजानते ।

अग्निदेव भन्दछन्– हे वसिष्ठ ! अब म अभिनयमा नृत्य आदिका समयमा शरीरबाट हुने विशेष चेष्टा र अङ्गप्रत्यङ्गका कर्महरूका विषयमा भन्दछु । यसलाई विद्वान् पुरुषहरूले आङ्गिक कर्म मानेका छन् । यी सबै प्रायः नायिकाहरूमा आश्रित हुने हुँदा विच्छित्तिलाई नै परिपुष्ट गर्ने हुन्छन् । लीला, विलास, विच्छित्ति, विभ्रम, किलकिञ्चित, मोट्टयित, कुट्टमित, बिब्बोक, ललित, विहृत, क्रीडित र केलि यी नायिकाहरूका यौवन अवस्थामा सहज रूपले उत्पन्न हुने बाह्र अलङ्कार हुन् । आवरणले छलिएका ठाउँमा प्रियजनको चेष्टालाई अनुकरण गर्नुलाई लीला भनिन्छ । प्रियजनलाई देख्दा अनुहार र आँखामा देखिने विशेष खालको चमत्कारलाई सहृदयहरूले विलास भनेका छन् । हर्षबाट उत्पन्न भएको हाँसो र शुष्क रोदन आदिको मिश्रणलाई किलकिञ्चित मानिएको छ । चित्तका कुनै गौरवशाली विकारलाई बब्बोक भन्दछन् । सुकुमारपनका कारण उत्पन्न विशेष खालको चेष्टालाई

अङ्गप्रत्यङ्गयोः कर्म प्रयत्नजनितं विना ।६।
न प्रयोगः क्वचिन्मुख्यं तिरश्चीनं च तत्क्वचित् ।
आकम्पितं कम्पितं च धूतं विधूतमेव च ।७।
परिवाहितमाधूतमवधूतमथाऽऽचितम् ।
निकुञ्चितं परावृत्तमुत्क्षिप्तञ्चाप्यधोगतम् ।८।
ललितञ्चेति विज्ञेयं त्रयोदशविधं शिरः ।
भ्रूकर्म सप्तधा ज्ञेयं पातने भ्रूकुटीमुखम् ।९।
दृष्टिस्त्रिधा रसस्थायिसञ्चारिप्रतिबन्धना ।
षट्त्रिंशद्भेदविधुरा रसजा तत्र चाष्टधा ।१०।
नवधा तारकाकर्म भ्रमणञ्चलनादिकम् ।
षोढा च नासिका ज्ञेया निःश्वासो नवधा मतः ।११।
षोढौष्ठकर्मकं पापं सप्तधा चिबुकक्रिया ।
कलुषादिसुखं षोढा ग्रीवा नवविधा स्मृता ।१२।
असंयुतः संयुतश्च भूम्ना हस्तः प्रमुच्यते ।
पताकस्त्रिपताकश्च तथा वै कर्त्तरीमुखः ।१३।
अर्द्धचन्द्रोत्करालश्च शुकतुण्डस्तथैव च ।
मुष्टिश्च शिखरश्चैव कपित्थः खेटकामुखः ।१४।
सूच्यास्यः पद्मकोशो हि शिराः समृगशीर्षकाः ।
काम्बूलकालपौ च चतुरभ्रमरौ तथा ।१५।
हंसास्यहंसपक्षौ च सन्दंशमुकुलौ तथा ।
ऊर्णनाभस्ताम्रचूडश्चतुर्विंशतिरित्यमी ।१६।
असंयुतकराः प्रोक्ताः संयुतास्तु त्रयोदश ।
अञ्जलिश्च कपोतश्च कर्कटः स्वस्तिकस्तथा ।१७।
कटको वर्धमानश्चाप्यसङ्गो निषधस्तथा ।
दोलः पुष्पपुटश्चैव तथा मकर एव च ।१८।
गजदन्तो बहिःस्तम्भो वर्धमानोऽपरे कराः ।
उरः पञ्चविधं स्यात्तु आभुग्ननर्त्तनादिकम् ।१९।
उदरं दुरतिक्षामं खण्डं पूर्णमिति त्रिधा ।
पार्श्वयोः पञ्च कर्माणि जङ्घाकर्म च पञ्चधा ।
अनेकधा पादकर्म नृत्यादौ नाटके स्मृतम् ।२०।

ललित भन्दछन् । टाउको, हात, छाती, पछिल्लो भाग यी सबै क्रमिक अङ्गहरू हुन् । आँखीभौँ आदिलाई प्रत्यङ्ग वा उपाङ्ग भनिएको छ। अङ्गप्रत्यङ्गको प्रयासबिना नृत्य पूरा हुन सक्दैन । कतै मुख्य रूपले र कतै वक्र रूपले हुनै पर्दछ । आकम्पित, कम्पित, धुत, विधुत, परिवाहित, आधूत, अवधूत, अञ्चित, निहञ्चित, पारवृत, उत्क्षिप्त, अधोगत एवं लोलित यी तेह्र किसिमका कर्म शिरका हुन्छन् भन्ने जान्नुपर्दछ। भ्रूकर्म सात किसिमका हुन्छन् । भ्रूसञ्चालनका कर्ममा पातन आदि कर्म मुख्य हुन्छन् । रस, स्थायी भाव, एवं सञ्चारी भावका सम्बन्धले दृष्टिबाट तीन किसिमका अभिनय हुन्छन् । त्यसका पनि छत्तीसवटा भेद छन् भन्ने मानिएको छ र तिनैका दस भेद रसबाट उत्पन्न हुन्छन् । कनीनिका नौ प्रकारका भेद भ्रमण र सञ्चलन आदिमा रहेका हुन्छन् । मुखका छवटा र नाकका छवटा र निश्वासका नौवटा भेद हुन्छन् भन्ने मानिएको छ । ओठका छवटा गोडाका छवटा, चिउँडोका सात र गलाका नौ किसिमका भेद हुन्छन् भनिएको छ । हातको अभिनय असंयुत र संयुत गरी प्रायः दुई किसिमको हुन्छ । पताक, त्रिपताक, कर्तरीमुख, अर्द्धचन्द्र, उत्कराल, शुकतुण्ड, मुष्टि, शिखर, कपित्थ, कटकामुख, सूच्यास्य, पद्मकोष, अतिशिरा, मृगशीर्षक, कामूल, कालपद्म, चतुर, भ्रमर, हंसास्य, हंसपक्ष, सन्दंश, मुकुल, ऊर्णनाभ एवं ताम्रचूड यी चौबीसवटा असंयुत हस्त सञ्चालनका भेद हुन् भनिएको छ। संयुत हस्त सञ्चालनका अञ्जलि, कपोत, कर्कट, स्वस्तिक, कटक, वर्धमान, असङ्ग, निषध, दोल, पुष्पपुट, मकर, गजदन्त, एवं बहिःस्तम्भ गरी जम्मा तेह्रवटा भेद हुन्छन् भन्ने मानिएको छ । संयुत गर्दै बढाउँदा यसका अरू पनि भेदहरू हुन्छन् । वक्षस्थलको अभिनय आभुग्ननर्तन आदिका भेदहरूले पाँच किसिमको हुन्छ। पेटका कर्महरूमा अनतिक्षम, खल्व र पूर्ण गरी तीन किसिमका हुन्छन्। पार्श्वभागहरूका कर्म र जङ्घाका पनि पाँचवटै कर्महरू हुन्छन्। नाट्य वा नृत्य आदिमा गोडाका कर्मका भेद अनेकौं हुन्छन् ।१-२०।

३४२. द्विचत्वारिंशदधिकत्रिशततमोऽध्यायः

अभिनयादिनिरूपण

अग्निरुवाच

आभिमुख्यं नयन्नर्थान्विज्ञेयोऽभिनयो बुधैः ।
चतुर्धा सम्भवः सत्त्ववागङ्गाहरणाश्रयः ।१।
स्तम्भादिः सात्त्विको वागारम्भो वाचिक आङ्गिकः ।
शरीरारम्भ आहार्य्यो बुद्ध्यारम्भप्रवृत्तयः ।२।
रसादिविनियोगोऽथ कथ्यते ह्यभिमानतः ।
तमन्तरेण सर्वेषामपार्थैव स्वतन्त्रता ।३।
सम्भोगो विप्रलम्भश्च शृङ्गारो द्विविधः स्मृतः ।
प्रच्छन्नश्च प्रकाशश्च तावपि द्विविधौ पुनः ।४।
विप्रलम्भाभिधानो यः शृङ्गारः स चतुर्विधः ।
पूर्वनुरागमानाख्यः प्रवासकरुणात्मकः ।५।
एतेभ्योऽन्यतरं जायमानसम्भोगलक्षणम् ।
विवर्त्तते चतुर्धैव न च प्रागतिवर्त्तते ।६।
स्त्रीपुंसयोस्तदुदयस्तस्य निर्वर्त्तिका रतिः ।
निखिलाः सात्त्विकास्तत्र वैवर्ण्यप्रलयौ विना ।७।
धर्मार्थकाममोक्षैश्च शृङ्गार उपचीयते ।
आलम्बनविशेषैश्च तद्विशेषैर्निरन्तरः ।८।
शृङ्गारं द्विविध विद्याद्वाङ्नेपथ्यक्रियात्मकम् ।
हासश्चतुर्विधोऽलक्ष्यदन्तः स्मित इतीरितः ।९।
किञ्चिल्लक्षितदन्ताग्रं हसितं फुल्ललोचनम् ।
विहसितं सस्वनं स्याज्जिह्मोपहसितन्तु तत् ।१०।
सशब्दं पापहसितमशब्दमतिहासितम् ।
यश्चासौ करुणो नाम स रसस्त्रिविधो भवेत् ।११।
धर्मोपघातजश्चित्तविलासजनितस्तथा ।
शोकः शोकाद्भवेत्स्थायी कः स्थायी पूर्वजो मतः ।१२।
अङ्गनेपथ्यवाक्यैश्च रौद्रोऽपि त्रिविधो रसः ।

अग्निदेव भन्दछन्– हे वसिष्ठ ! काव्य अथवा नाटक आदिमा बताइएका विषयहरूलाई जसले अभिमुख गराउँछ वा मूर्त रूपले प्रत्यक्ष जसले देखाउँछ पात्रका त्यही क्रियाकलापलाई नै विद्वान् पुरुषहरूले अभिनय भनेका छन् । त्यो चार किसिमले सम्भव हुन्छ । ती चारवटा अभिनयको नाम सात्त्विक, वाचिक, आङ्गिक र आहार्य हो । स्तम्भ, स्वेद आदि सात्त्विक अभिनय हुन् । वाणीले जसको आरम्भ हुन्छ त्यो वाचिक अभिनय हो । शरीरले आरम्भ गरिने अभिनयलाई आङ्गिक भनिन्छ र जसको आरम्भ बुद्धिले गरिन्छ त्यो आहार्य अभिनय हो भनिएको छ । रस आदिको आधान अभिमानको सत्ताबाट नै हुने गर्दछ । त्यसबाहेकको सबैको स्वतन्त्रता व्यर्थ नै हुन्छ । सम्भोग र विप्रलम्भका भेदले शृङ्गार दुई किसिमको हुन्छ भन्ने मानिएको छ । तिनीहरूका पनि प्रच्छन्न र प्रकाश गरी दुई भेद हुन्छन् । विप्रलम्भ शृङ्गारका पूर्वानुराग, मान, प्रवास र करुणात्मक गरी चार भेद छन् । यी पूर्वानुमान आदिहरूले सम्भोग शृङ्गारको उत्पत्ति हुन्छ । त्यो पनि चार भागमा विभाजित हुन्छ । त्यसो गर्दा पछिल्लाले पहिलालाई नाघेको हुँदैन । यसले स्त्री र पुरुषको आश्रय लिएर अडिएको हुन्छ । त्यस शृङ्गारलाई सिद्ध गर्ने वा अभिव्यञ्जित गर्ने काम रतिले गरेको हुन्छ । त्यसमा वैवर्ण्य र प्रलयबाहेक अरू पनि सात्त्विक भावहरूको उदय हुन्छ । धर्म, अर्थ, काम र मोक्ष यी चारै पुरुषार्थहरूमा विशेष आलम्बनबाट र विशेष आलम्बनका विशेषताबाट निरन्तर शृङ्गार रस वृद्धि हुन्छ । अभिनेय शृङ्गारका वचनक्रियात्मक र नेपथ्यक्रियात्मक गरी अरू दुई भेद हुन्छन् भन्ने जान्नुपर्छ । हास्य रसका स्मित, हसित, विहसित, उपहसित, अपहसित र अतिहसित गरी छवटा भेद छन् भन्ने मानिएको छ । दाँत नदेखिने गरी मुस्कान मात्रै भएको हाँसोलाई स्मित भन्दछन् । दाँतको अघिल्लो भाग अलिकति देखिएर आँखा प्रफुल्लित भएकोलाई हसित भनिएको छ । यस्तो उत्तम पुरुषको हाँसो हो । ध्वनिसहितको हाँसोलाई विहसित भनिन्छ र कुटिलतापूर्वक हेरेर अट्टहास गरिएकोलाई उपहसित भन्दछन् । यस्तो मध्यम पुरुषको हाँसो हो । बिनाकारण जोडतोडले हाँस्नुलाई अपहसित भनिन्छ र अत्यन्त जोडसित आवाज निकाल्दै हाँस्नुलाई अतिहसित भनिएको छ । करुण नामले प्रसिद्ध भएको रस तीन किसिमको हुन्छ । करुण रसको स्थायी भाव शोक हो । त्यो धर्मोपघातजनित, चित्तविलासजति

तस्य निर्वर्त्तकः क्रोधः स्वेदो रोमाञ्चवेपथुः ।१३।
दानवीरो धर्मवीरो युद्धवीरो इति त्रयम् ।
वीरस्तस्य च निष्पत्तिहेतुरुत्साह इष्यते ।१४।
आरम्भेषु भवेद्यत्र वीरमेवानुवर्त्तते ।
भयानको नाम रसस्तस्य निर्वर्त्तकं भयम् ।१५।
उद्वेजनः क्षोभणश्च बीभत्सो द्विविधः स्मृतः ।
उद्वेजनः स्यात्प्लुत्याद्यैः क्षोभणो रुधिरादिभिः ।१६।
जुगुप्सारम्भिका तस्य सात्त्विकांशो निवर्त्तते ।
काव्यशोभाकरान्धर्मानलारान्प्रचक्षते ।१७।
अलङ्करिष्णवस्ते च शब्दमर्थमुभौ त्रिधा ।
ये व्युत्पत्त्यादिना शब्दमलङ्कर्तुमिह क्षमाः ।१८।
शब्दालङ्कारमाहुस्तान्काव्यमीमांसकाविदः ।
छाया मुद्रां तथोक्तिश्च युक्तिर्गुम्फनया सह ।१९।
वाकोवाक्यमनुप्रासश्चित्तं दुष्करमेव च ।
ज्ञेया नवालङ्कृतयः शब्दानामित्यसङ्करात् ।२०।
तत्रान्योक्तेरनुकृतिश्छाया सापि चतुर्विधा ।
लोकच्छेकार्भकोक्तीनामेकोक्तेरनुकारतः ।२१।
आभाणकोक्तिर्लोकोक्तिः सर्वसामान्य एव ताः ।
यानुधावति लोकोक्तिश्छायामिच्छन्ति तां बुधाः ।२२।
छेका विदग्धा वैदग्ध्यं कलासु कुशला मतिः ।
तामुल्लिखन्ति छेकोक्तिश्छाया कविभिरिष्यते ।२३।
अव्युत्पन्नोक्तिरखिलैरर्भकोक्त्योपलक्ष्यते ।
तेनार्भकोक्तिश्छाया तन्मात्रोक्तिमनुकुर्वती ।२४।
विप्लुताक्षरमश्लीषं वचो मत्तस्य तादृशी ।
या सा भवति मत्तोक्तिश्छायोक्ताप्यतिशोभते ।२५।
अभिप्रायविशेषण कविशक्तिं विवृण्वती ।
मुत्प्रदायिनीति सा मुद्रा सैव शय्यापि नो मते ।२६।
उक्तिः सा कथ्यते यस्यामर्थकोऽप्युपपत्तिमान् ।
लोकयात्रार्थविधिना धिनोति हृदयं सताम् ।२७।

र शोकदायकघटजनित गरी तीनवटा कारणबाट उत्पन्न हुने हुँदा त्यसलाई त्रिविध भनिएको छ । शोकजनितमा स्थायी भाव के होला भन्ने विचार गर्दा पूर्ववर्ती शोकबाट नै उद्भूत भएको भनेर जान्नुपर्दछ। अङ्गकर्म, नेपथ्यकर्म र वाक्कर्म यिनीहरूका कारण रौद्र रसका तीन भेद छन् भनिएको छ। त्यसको स्थायी भाव क्रोध हो । त्यसमा पसिना आउनु, रौँ ठाडा हुनु, शरीर काम्नु आदि सात्त्विक भावहरू उत्पन्न हुन्छन् । दानवीर, कर्मवीर र युद्धवीर गरी वीररसका यस्ता तीन भेद छन्। उत्साह नै वीररसको उत्पादक कारण हो भन्ने मानिन्छ। जहाँ प्रारम्भमा वीरको अनुसरण गरिएको हुन्छ र पछि गएर भय उत्पन्न हुन्छ त्यहाँ भयानक रस हुन्छ । त्यसलाई उत्पन्न गराउने स्थायी भावको नाम भय हो । बीभत्सरसका उद्वेजन र क्षोभण गरी दुईवटा भेद छन् भन्ने मानिएको छ। दुर्गन्ध आदिबाट उद्वेजन तथा रक्तपात आदिले क्षोभण उत्पन्न हुन्छ ।१–१६।

जुगुप्सा यसको स्थायी भाव हो र यसमा सात्त्विक भावको अभाव हुन्छ । काव्यको सौन्दर्य बढाउने आवश्यक तत्त्वलाई अलङ्कार भनिन्छ । त्यो शब्द, अर्थ र शब्दार्थ गरी तीनैवटालाई सजाउने हुनाले तीन प्रकारको नै हुन्छ। काव्यमा सजावट ल्याउनका लागि शब्दको व्युत्पत्ति आदिद्वारा सक्षम हुने अलङ्कारलाई काव्यशास्त्रको विवेचना गर्ने विद्वान्हरू शब्दालङ्कार भन्दछन् । छाया, मुद्रा, उक्ति, युक्ति, गुम्फना, वाकोवाक्य, अनुप्रास, चित्त र दुष्कर शब्दालङ्कार यी नौ प्रकारका हुन्छन् र यिनमा सङ्करलाई छोडिएको हुन्छ। अर्काको भनाइलाई जस्ताको तस्तै अनुकरण गर्नुलाई छाया भनिन्छ । यस छायाका पनि लोकोक्ति, छेकोक्ति अर्भकोक्ति र मत्तोक्ति गरी चार भेद छन् भनेर जान्नुपर्दछ। उखानहरूलाई लोकोक्ति भनिन्छ। यी उक्तिहरू सर्वत्र साधारण रूपमा प्रचलित हुन्छन्। जुन रचनाले लोकोक्तिलाई अनुसरण गरेको हुन्छ विद्वान्हरूले त्यसलाई लोकोक्ति छाया भनेका छन्। विशिष्ट नागरिकहरूलाई छेक भनिन्छ। कलाकुशल बुद्धिलाई वैदग्ध भनिन्छ। उल्लेख गरिएका रचनालाई कविहरू छेकोक्ति छाया भन्ने गर्दछन् । अर्भकोक्ति भनेर सबैभन्दा मूढ व्यक्तिको भनाइलाई जनाउँछ। त्यस कारण मूढहरूको भनाइलाई उद्धृत गरिएको रचनामा अर्भकोक्ति छाया रहेको हुन्छ । मत्त वा बौलाहाको जुन सिलसिलाविनाको एवं अश्लीलतापूर्ण उक्ति हुन्छ त्यसलाई मत्तोक्तिं भन्दछन् र त्यस्तालाई अनुसरण गरेको रचनालाई मत्तोक्ति छाया भनिएको छ। मौका पारेर यस्ताको प्रयोग भएको छ भने रचना अत्यन्त सुन्दर हुन्छ। विशेष अभिप्रायका साथ कवित्व शक्तिलाई प्रकाशित गर्दै सहृदयलाई आनन्द प्रदान

उभौ विधिनिषेधौ च नियमानियमावपि ।
विकल्पपरिसङ्ख्ये च तदीयाः षडथोक्तयः ।२८।
अयुक्तयोरिव मिथो वाच्यवाचकयोर्द्वयोः ।
योजनायै कल्प्यमाना युक्तिरुक्ता मनीषिभिः ।२९।
पदञ्चैव पदार्थञ्च वाक्यं वाक्यार्थमेव च ।
विषयोऽस्याः प्रकरणं प्रपञ्चश्चेति षड्विधः ।३०।
गुम्फना रचना चर्य्या शब्दार्थक्रमगोचरा ।
शब्दानुकारादर्थानुपूर्वार्थियं क्रमात्त्रिधा ।३१।
उक्तिप्रत्युक्तिमद्वाक्यं वाकोवाक्यं द्विधैव तत् ।
ऋजुवक्रोक्तिभेदेन तत्राद्यं सहजं वचः ।३२।
सा पूर्वप्रश्निका प्रश्नपूर्विकेति द्विधा भवेत् ।
वक्रोक्तिस्तु भवेद्भङ्ग्या काकुस्तेन कृता द्विधा ।३३।

गर्नेलाई मुद्रा भन्दछन् । हामी त्यसलाई शय्या पनि भन्दछौं । जसमा युक्तियुक्त अर्थ विशेषको कथन भएको छ र जो लोक प्रचलनको प्रयोजनका नियमले सामाजिकका हृदयलाई सन्तृप्त गराउँछ त्यसलाई नै उक्ति भन्दछन् । उक्तिका भेदहरूमा विधि-निषेध, नियम-अनियम र विकल्प-परिसङ्ख्या भन्ने छवटा अवान्तरहरू छन् । एकापसमा फरक परेको जस्तो भएर वाच्य र वाचक दुवैलाई संयोजन गर्नका लागि समर्थ छ भने त्यसलाई मनीषीहरूले उक्ति भनेका छन् । पद, पदार्थ, वाक्य, वाक्यार्थ, प्रकरण र प्रपञ्च गरी युक्तिका विषयहरू छवटा छन् । रचनाको कौशललाई नै गुम्फना भनिएको छ । शब्दार्थक्रम गोचार, शब्दानुकारा र अर्थानुपूर्व्वाथा गरी त्यो पनि तीन भेद भएको नै छ । प्रश्न र उत्तर दुवै पक्ष भएका वाक्यलाई नै वाकोवाक्य भन्दछन् । त्यसका पनि ऋजूक्ति र वक्रोक्ति गरी दुई प्रकार छन् । यिनीमध्ये पहिलो अर्थात् ऋजूक्तिका पनि अप्रश्नपूर्विका र प्रश्नपूर्विका गरी दुई भेद हुन्छन् । वक्रोक्तिका पनि भङ्ग वक्रोक्ति र काकु वक्रोक्ति गरी दुई भेद नै छन् ।१७-३३।

३४३. त्रिचत्वारिंशदधिकत्रिशततमोऽध्यायः

शब्दालङ्कार

अग्निरुवाच

स्यादावृत्तिरनुप्रासो वर्णानां पदवाक्ययोः ।
एकवर्णाऽनेकवर्णावृत्तेर्वर्णगुणो द्विधा ।१।
एकवर्णगतावृत्तेर्जायन्ते पञ्च वृत्तयः ।
मधुरा ललिता प्रौढा भद्रा परुषया सह ।२।
मधुरायाश्चवर्गान्तादधो वर्ग्या रणौ स्वनौ ।
ह्रस्वस्वरेणान्तरितौ संयुक्तत्वं नकारयोः ।३।
न कार्य्या वर्ग्यवर्णानामावृत्तिः पञ्चमाधिका ।
महाप्राणोष्मसंयोगप्रविमुक्तलघूत्तरौ ।४।
ललिता बलभूयिष्ठा प्रौढा या पणवर्गजा ।
ऊर्ध्वं रेफेण युज्यन्ते नटवर्गोनपञ्चमाः ।५।
भद्रायां परिशिष्टाः स्युः परुषा साऽभिधीयते ।
भवन्ति यस्यामूष्माणः संयुक्तास्तत्तदक्षरैः ।६।

अग्निदेव भन्दछन्– हे वसिष्ठ ! पद र वाक्यका वर्णरुको आवृत्तिलाई अनुप्रास भनिन्छ । वृत्त्यनुप्रासका वर्णसमुदाय एक वर्ण र अनेक वर्ण गरी दुई किसिमका हुन्छन् । एक वर्णको आवृत्ति हुनेहरू मधुरा, ललिता, प्रौढा, भद्रा र परुषा पाँच खालका हुन्छन् । मधुरा वृत्तिको रचनामा वर्गका अन्तिममा हुने पाँचौं वर्णका तल उसैका वर्गका अरू अक्षर र ण, म, न, र यी वर्णहरू ह्रस्व स्वरका अघिपछि भएर प्रयोग भएका हुन्छन् र दुईवटा नकारका संयोगहरू पनि हुन्छन् । वर्ग्य वर्णहरूको आवृत्ति पाँचपटकभन्दा धेरै गर्नु हुँदैन । महाप्राण र ऊष्माको संयोग भएका उत्तरोत्तर लघु अक्षर भएका रचनालाई मधुरा भनिएको छ । ललितामा व र ल अक्षरको प्रयोग धेरै भएको हुन्छ । जसमा माथि रेफ चढाइएको संयुक्त प अक्षर, ण अक्षर एवं वर्ग्य वर्णहरू प्रयोग भए तापनि ट वर्गका अक्षर र पञ्चम वर्ण हुँदैनन् त्यस्तलाई प्रौढा वृत्ति भनिएको छ । जसमा अवशिष्ट, असंयुक्त रेफ, ण अक्षर आदि कोमल वर्णहरू प्रयोग भएका हुन्छन् त्यो भद्रा अथवा कोमला वृत्ति हो भनिएको छ । ऊष्म वर्णहरू विभिन्न अक्षरहरूसित संयुक्त भएर प्रयोग भएमा त्यसलाई परुषा भन्दछन् । परुषा वृत्तिमा अकारबाहेक अरू स्वरहरूको

अकारवर्जमावृत्तिः स्वराणामतिभूयसी ।
अनुस्वारविसर्गौ च पारुष्याय निरन्तरौ ।७।
शषसा रेफसंयुक्ताश्चाकारश्चापि भूयसा ।
अन्तःस्थाभिन्नमाभ्याञ्च हः पारुष्याय संयुतः ।८।
अन्यथापि गुरुर्वर्णः संयुक्ते परिपन्थिनि ।
पारुष्यायाऽऽदिमांस्तत्र पूजिता न तु पञ्चमी ।९।
क्षेपे शब्दानुकारे च पारुषापि प्रयुसज्यते ।
कर्णाटी कौन्तली कौन्ती कौङ्कणी वामनासिका ।१०।
द्रावणी माधवी पञ्चवर्णान्तःस्थोष्माभिः क्रमात् ।
अनेकवर्णावृत्तिर्या भिन्नार्थप्रतिपादिका ।११।
यमकं साव्यपेतञ्च व्यपेतञ्चेति तद्द्विधा ।
आनन्तर्य्यादव्यपेतं व्यपेतं व्यवधानतः ।१२।
द्वैविध्येनानयोः स्थानपादभेदाच्चतुर्विधम् ।
आदिपादादिमध्यान्तेष्वेकद्वित्रिनियोगतः ।१३।
सप्तधा सप्तपूर्वेण चेत्पादेनोत्तरोत्तरः ।
एकद्वित्रिपदारम्भस्तुल्यः षोढा तदा परम् ।१४।
तृतीयं त्रिविधं पादस्यादिमध्यान्तगोचरम् ।
पादान्तयमकञ्चैव काञ्चीयमकमेव च ।१५।
संसर्गयमकञ्चैव विक्रान्तयमकं तथा ।
पादादियमकञ्चैव तथाम्रेडितमेव च ।१६।
चतुर्व्यवसितञ्चैव मालायमकमेव च ।
दशधा यमकं श्रेष्ठं तद्भेदा बहवोऽपरे ।१७।
स्वतन्त्रस्यान्यतन्त्रस्य पदस्यावर्त्तना द्विधा ।
भिन्नप्रयोजनपदस्यावृत्तिं मनुजा विदुः ।१८।
द्वयोरावृत्तपदयोः समस्ता स्यात्समासतः ।
असमासात्तयोर्व्यस्ता पादे त्वेकत्र विग्रहात् ।१९।
वाक्यस्यावृत्तिरप्येवं यथासम्भवमिष्यते ।
अलङ्काराद्यनुप्रासो लघुमध्ये वमर्हणात् ।२०।
यया कयाचिद्वृत्त्या यत्समानमनुभूयते ।

धेरैपटक आवृत्ति हुन्छ। अनुस्वार र विसर्ग लगातार प्रयोग भए भने परुषता प्रकट भएको हुन्छ। रेफसँग जोडिएका शषसको प्रयोग, धेरैपटक अकारको प्रयोग, अन्तःस्थ वर्णहरूको धेरै प्रयोग र रेफ एवं अन्तःस्थ वर्णले अरुभन्दा भिन्न देखिएको र संयुक्त हकारको प्रयोग हुनु पनि परुषताकै कारणले हो। अन्य किसिमले पनि जुन दीर्घ अक्षर हुन्छन् ती मधुरतालाई विरोध नगर्ने वर्णसित जोडिएका छन् भने परुषता प्रकट गराउँछन्। त्यस प्रकारको परुष रचनामा वर्गको पहिलो अक्षर नै संयुक्त र गुरु भएको हुन्छ भने त्यसलाई श्रेष्ठ मानिएको छ। यदि परुष रचनामा पाँचौं वर्ण संयुक्त भएको हुन्छ भने त्यसलाई उति राम्रो मानिएको छैन। कसैमाथि आरोप लगाउनुपरेको हुन्छ अथवा कसैका कठोर शब्दको अनुकरण गर्नुपर्दछ भने त्यसमा परुषा वृत्तिलाई नै प्रयोगमा ल्याइएको हुन्छ। कचटतप यी पाँचै वर्ग, अन्तःस्थ वर्ण र ऊष्म अक्षरहरूको क्रमिक आवृत्तिबाट जुन वृत्ति बनेको हुन्छ त्यसका कर्णाटी, कौन्तली, कौंकी, कौंकणी, वाणवासिका, द्राविडी, माथुरी, मात्सी, मागधी, ताम्रलिप्तिका, औण्ड्री र पौण्ड्री गरी जम्मा बाह्रवटा भेद हुन्छन्। धेरैवटा वर्ण दोहोरिँदा तिनले भिन्नभिन्न अर्थ दिएका छन् भने त्यसलाई यमक भनिन्छ। अव्यपेत र व्यपेत गरी यमक दुई किसिमको हुन्छ। निरन्तर अक्षरहरू दोहोरिने अव्यपेत हो र बीचमा अरुको व्यवधान भएपछि दोहोरिने व्यपेत हो भनिएको छ। स्थान र पाउका भेदले यी दुवैका दुईदुई भेदहरू भएकाले जम्मा चार हुन्छन्। प्रारम्भिक पाउको सुरुको, माझ र अन्त्यमा एक, दुई र तीन वर्णको क्रमले आवृत्ति हुने हुँदा जम्मा सात भेद हुन्छन्। यदि सात पदहरूमा उत्तरोत्तर पाउका एक, दुई र तीन पदहरूबाट आरम्भ गरियो भने अन्तिम पाउ छ किसिमको हुन्छ। तेस्रो पाउको आदि, मध्य र अन्त्यमा आवृत्ति भयो भने तीन किसिमको हुन्छ। श्रेष्ठ यमकका पादान्त यमक, काञ्ची यमक, समुद्ग यमक, विक्रान्त्य यमक, वक्रवाल यमक, सन्दष्ट यमक, पादादि यमक, अम्रेडित यमक, चतुर्व्यवसित यमक र माला यमक गरी दस भेद हुन्छन्। यिनीहरूका पनि अनेकौं भेदहरू हुन्छन्। सहृदयजले भिन्न अर्थवाचक पदको आवृत्तिलाई स्वतन्त्र एवं अस्वतन्त्र पदको आवर्तनद्वारा दुई किसिमका मानेका छन्। दुई आवृत्त पदहरूको समास भयो भने समस्ता र तिनीहरू समासरहित भए भने व्यस्ता आवृत्ति भएको मानिन्छ। एक पाउमा विग्रह भयो भने असमासत्व प्रयुक्त व्यस्ता हो भनेर जान्नुपर्दछ। यथासम्भव वाक्यको पनि आवृत्ति यसै किसिमको हुन्छ। अनुप्रास, यमक आदि अलङ्कारहरू साना नै भए पनि सज्जनहरूबाट यसै किसिमले सम्मानित हुन्छन्। आवृत्ति पदको भएको होस् अथवा वाक्यको नै। जुनसुकै आवृत्तिमा समान अनुभव प्रदान गर्ने वर्णसमूहलाई वा आवृत्त रूपलाई

तद्रूपादिपदासित्तिः सानुप्रासा रसावहा ।२१।
गोष्ठ्यां कुतूहलाध्यायी वाग्बन्धश्चित्रमुच्यते ।
प्रश्नः प्रहेलिका गुप्तं च्युतदत्ते तथोभयम् ।२२।
समस्या सप्त तद्भेदा नानार्थस्यानुयोगतः ।
यत्र प्रदीयते तुल्यवर्णविन्यासमुत्तरम् ।२३।
स प्रश्नः स्यादेकपृष्टद्विपृष्टोत्तरभेदतः ।
द्विधैकपृष्टो द्विविधः समस्तो व्यस्त एव च ।२४।
द्वयोरप्यर्थयोर्गुह्यमानशब्दा प्रहेलिका ।
सा द्विधार्थी च शाब्दी च तत्रार्थी चार्थबोधतः ।२५।
शब्दावबोधतः शाब्दी प्राहुः षोढा प्रहेलिकाम् ।
यस्मिन्गुप्तेऽपि वाक्याङ्ग भाव्यर्थोऽपारमार्थिकः ।२६।
तदङ्गविहिताकाङ्क्षस्तद्गुप्तं गूढमप्यदः ।
यत्रार्थान्तरनिर्भासो वाक्याङ्गच्यवनादिभिः ।२७।
तदङ्गविहिताकाङ्क्षस्तच्च्युतं स्याच्चतुर्विधम् ।
स्वरव्यञ्जनबिन्दूनां विसर्गस्य च विच्युतेः ।२८।
दत्तेऽपि यत्र वाक्याङ्गे द्वितीयोऽर्थः प्रतीयते ।
दत्तं तदाहुस्तद्भेदाः स्वराद्यैः पूर्ववन्मताः ।२९।
अपनीताक्षरस्थाने न्यस्ते वर्णान्तरेऽपि च ।
भासतेऽर्थान्तरं यत्र च्युतदत्तं तदुच्यते ।३०।
सुश्लिष्टपद्यमेकं यन्नानाश्लोकांशनिर्मितम् ।
सा समस्या परस्यात्मपरयोः कृतिसङ्करात् ।३१।
दुःखेन कृतमत्यर्थं कविसामर्थ्यसूचकम् ।
दुष्करं नीरसत्वेऽपि विदग्धानां महोत्सवः ।३२।
नियमाच्च विदर्भाच्च बन्धाच्च भवति त्रिधा ।
कवेः प्रतिज्ञा निर्माणरम्यस्य नियमः स्मृतः ।३३।
स्थानेनापि स्वरेणापि व्यञ्जनेनापि स त्रिधा ।
विकल्पः प्रातिलोम्यानुलोम्यादेवाभिधीयते ।३४।
प्रातिलोम्यानुलोम्यञ्च शब्देनार्थेन जायते ।
अनेकधा वृत्तवर्णविन्यासैः शिल्पकल्पना ।३५।

अगाडि राखेर अनुप्राससहितको पदरचना गरिन्छ र त्यसैले सहृदय जनलाई रसास्वादन गराउँछ ।१–२१।

सज्जनहरूका गोष्ठीमा जुन पदरचनालाई कौतूहलपूर्वक पढिन्छ वा सुनिन्छ त्यसलाई चित्र भन्दछन् । यिनीहरूका मुख्यतया सातवटा भेदहरू छन् । प्रश्न, प्रहेलिका, गुप्त, च्युताक्षर, दत्ताक्षर, च्युतदत्ताक्षर र समस्या । जसमा समानान्तर विन्यास भएअनुसारको उत्तर दिइन्छ त्यसलाई प्रश्न भनिन्छ र त्यो पनि एकपृष्टोत्तर र द्विपृष्टोत्तरका भेदले दुई किसिमको हुन्छ । एकपृष्टका पनि समस्त र व्यस्त गरी दुई भेद हुन्छन् । अर्थलाई जनाउने शब्द गूढ रहेका जसमा हुन्छन् त्यसलाई प्रहेलिका भनिन्छ । त्यो प्रहेलिका पनि आर्थी र शाब्दी गरी दुई भेदमा रहेको छ भनिन्छ । अर्थबोधको सम्बन्धले गर्दा आर्थी भनिएको हुन्छ भने शब्दबोधको सम्बन्धले शाब्दी भन्दछन् । यस किसिमले प्रहेलिकाका छ भेद हुन्छन् भनिएको छ । वाक्यको अङ्ग नै गायब भयो भने पनि सम्भाव्य अपारमार्थिक अर्थ जसका अङ्गमा आकाङ्क्षाले युक्त भएर रहेको हुन्छ त्यो नै गुप्त हो भनिएको छ । यसैलाई नै गूढ पनि भन्दछन् । जसमा वाक्याङ्गको कमीबाट अर्थान्तरको प्रतीति त्यसै कमीभित्र छ भन्ने आकाङ्क्षासहित रहेको हुन्छ त्यसलाई च्युताक्षरा भनिन्छ । स्वर, व्यञ्जन, सिरबिन्दु र विसर्गका भेदले त्यो चार किसिमको हुने गर्दछ । विकल भएका अङ्गको विकलता पूरा गर्दा जसबाट दोस्रो तेस्रो पनि अर्थ द्योतन हुन्छन् त्यसलाई दत्ताक्षरा भन्दछन् । त्यसका पनि स्वर आदिका कारणले पहिले भनेका जस्तै भेदउपभेदहरू हुन्छन् । जसका लुकेका अक्षरका ठाउँमा अर्को अक्षर राख्दा अर्कै खालको अर्थ प्रकट हुन्छ त्यसलाई च्युतदत्ताक्षरा भनिएको छ । कुनै पद्यांशबाट निर्मित र कुनै पद्यसित सम्बन्धित छ त्यस्तालाई समस्या भनिन्छ । समस्या अर्काको रचना हुन्छ र त्यसको पूर्ति गर्दा आफ्नो कृति बन्छ । यस किसिमले आफ्नो र अर्काको कृतिलाई ठिमाहा पारेर समस्यालाई पूर्ण गरिन्छ । पूर्वोक्त चित्रकाव्य अत्यन्त कष्टले साध्य हुने खालको हुन्छ र दुष्कर भएकै कारण त्यसले कविको कवित्वलाई सूचित गर्न सक्छ । यो नीरस नै भएको छ भने पनि सहृदयीहरूका लागि महोत्सवजस्तै हुन्छ । यो नियम, विदर्भ र बन्धका भेदले तीन किसिमको हुन्छ । रमणीय कविताका रचनाकार कविको प्रतिज्ञा नै नियम हो भनिन्छ । नियम पनि स्थान, स्वर र व्यञ्जनका अनुबन्धले तीन खालको हुन्छ । काव्यमा प्रातिलोम्य र आनुलोम्यका कारण वैकल्पिकता हुन्छ । प्रातिलोम्य र आनुलोम्य शब्दबाटै पनि र अर्थबाटै पनि हुन सक्दछ । विविध वृत्तहरूको वर्णविन्यासद्वारा उनै ती प्रसिद्ध वस्तुहरूको चित्रकर्म आदिको कल्पना गर्नुलाई बन्ध भन्दछन् । बन्धका निम्नलिखित गोमूत्रिका, अर्द्धभ्रमक,

तत्तत्प्रसिद्धवस्तूनां बन्ध इत्यभिधीयते ।
गोमूत्रिकार्द्धभ्रमणे सर्वतोभद्रमम्बुजम् ।३६।
चक्रञ्चक्राब्जकं दण्डो मुरजाश्चेति चाष्टधा ।
प्रत्यर्धं प्रतिपादं स्यादेकान्तरसमाक्षरा ।३७।
द्विधा गोमूत्रिकां पूर्वामाहुरश्वपदां परे ।
अन्त्यां गोमूत्रिका धेनुं जालबन्धं वदन्ति हि ।३८।
अर्द्धाभ्यामर्द्धपादैश्च कुर्य्याद्विन्यासमेतयोः ।
न्यस्तानामिह वर्णानामधोऽधःक्रमभागिनाम् ।३९।
अधोऽधःस्थितवर्णानां यावत्तुर्य्यपदं नयेत् ।
तुर्यपादान्नयेदूर्ध्वं पादार्द्धं प्रातिलोम्यतः ।४०।
तदेव सर्वतोभद्रं त्रिविधं सरसीरुहम् ।
चतुष्पत्रं ततो विघ्नं चतुष्पत्रे उभे अपि ।४१।
अथ प्रथमपादस्य मूर्द्धन्यं त्रिपदाक्षरम् ।
सर्वेषामेव पादानामन्ते तदुपजायते ।४२।
प्राक्पदस्यान्तिमं प्रत्यक्पादादौ प्रातिलोम्यतः ।
अन्त्यपादान्तिमं चाद्यपादादावक्षरद्वयम् ।४३।
चतुश्छदे भवेदष्टच्छदे वर्णत्रयं पुनः ।
स्यात्षोडशच्छदे त्वेकान्तरञ्चेदेकमक्षरम् ।४४।
कर्णिकां तोलयेदूर्ध्वं पत्राकाराक्षरावलिम् ।
प्रवेशयेत्कर्णिकायां चतुष्पत्रसरोरुहे ।४५।
कर्णिकायां लिखेदेकं द्वे द्वे दिक्षु विदिक्षु च ।
प्रवेशनिर्गमौ दिक्षु कुर्य्यादष्टच्छदेऽम्बुजे ।४६।
विश्वग्विषमवर्णानां तावत्पत्रावलीजषाम् ।
मध्ये समाक्षरन्यासः सरोजे षोडशच्छदे ।४७।
द्विधा चक्रं चतुररं षडरं तत्र चादिमम् ।
पूर्वार्द्धे सदृशा वर्णाः पादप्रथमपञ्चमाः ।४८।
अयुजोश्चयुजश्चैव तुर्य्यावप्यष्टमावपि ।
तस्योपपादप्राक्प्रत्यगरेषु च यथाक्रमम् ।४९।
स्यात्पादार्द्धचतुष्कन्तु नाभौ तस्याद्यमक्षरम् ।
पश्चिमारावधि नयेन्नेमौ शेषे पदद्वयी ।५०।

सर्वतोभद्र, कमलचक्र, चक्र, चक्राब्जक, दण्ड र मुरज भन्ने आठ भेद मानिएका छन् । जसमा श्लोकका दुईदुई आधा भागहरूले र प्रत्येक चरणका एकएक अक्षरको व्यवधानले गर्दा अक्षरको समानता प्रयोग हुँदै जान्छ त्यस्तोलाई गोमूत्रिका बन्ध भन्दछन् । गोमूत्रिका बन्धका पनि दुई भेद छन् । एउटा पूर्वा गोमूत्रिका हो र यसैलाई कतिपय काव्यवेत्ताहरू अश्वपदा पनि भन्दछन् । यसका प्रत्येक आधा भागमा एकएक अक्षरपछि अक्षरको समानता प्रयोग भएको हुन्छ । अर्को अन्त्या गोमूत्रिका हो र यसैलाई धेनुजालबन्ध पनि भन्दछन् । यसका प्रत्येक पदमा एकएक अक्षरको अन्तरपछि मात्रै अक्षरको समानता हुने गर्दछ । गोमूत्रिका बन्धका पूर्वोक्त दुवै भेदहरूलाई क्रमशः आधा भाग र आधा पाउद्वारा विन्यस्त गर्नुपर्दछ । यसमा क्रमशः तलतल विन्यास गरिएका वर्णहरूलाई तलतलत रहेका वर्णहरूद्वारा चौथो पाउ पूरा नहोउन्जेल रेखाङ्कन गरिरहनुपर्दछ । चौथो पाउ पूरा भएपछि उल्टो क्रमले अक्षरहरूलाई आधा पाउसम्म माथि लैजानेपर्दछ । यस किसिमले तीन प्रकारको सर्वतोभद्र मण्डल बन्दछ । कमलबन्धका तीन प्रकार हुन्छन् । चतुर्दल, अष्टदल र षोडशदल । चतुर्दल कमललाई यस किसिमले आबद्ध गरिन्छ कि पहिलो पाउका माथि तीन पद भएका अक्षर सबै पाउका अन्त्यमा राखिन्छन् ।२२-४२।

पहिलो पाउका अन्तिम वर्णलाई पछिल्लो पाउका आदिमा प्रतिलोमका क्रमले राख्नुपर्दछ । अन्तिम पदका अन्तिम दुई अक्षरलाई पहिलो पाउका सुरुमा गुँथ्नुपर्दछ । यो स्थिति चतुर्दल कमलको हुन्छ । अष्टदल कमलमा अन्तिम पाउका अन्तिम तीन अक्षरलाई पहिलो पाउका सुरुमा गुँथ्नुपर्दछ । षोडशदल कमलमा दुई अक्षरहरूलाई बीचमा कर्णिका बनाउनुपर्दछ र मध्यवर्ती एक अक्षरको उच्चारण हुन्छ । कर्णिकाका अन्त्यमा माथि पत्राकार अक्षरहरूको पङ्क्ति लेखेर त्यसलाई कर्णिकामा प्रविष्ट गराउनुपर्दछ । यो कुरो चतुर्दल कमलका विषयमा भनिएको हो । कर्णिकामा एक अक्षर लेख्नुपर्दछ र दिशा एवं विदिशाहरूमा दुईदुई अक्षर लेख्नुपर्दछ । प्रवेश र प्रस्थानका मार्ग प्रत्येक दिशामा राख्नुपर्दछ । यो कुरो अष्टदल कमलका विषयमा भनिएको हो । चारैतिर बिजोडी वर्णलाई उति नै पत्रावली बनाएर गुँथ्नुपर्दछ र मध्य कर्णिकामा जोडी अक्षरहरूलाई एक अक्षरका रूपमा राख्नुपर्दछ । यो कुरो षोडशदल कमलका विषयमा बताइएको हो । चक्रबन्ध दुई किसिमको हुन्छ । एउटा चारवटा अरा भएको र अर्को छवटा अरा भएको । तिनीहरूमा पहिले भनिएको चार अरा भएको चक्रका पूर्वार्द्धमा जोडी अक्षरहरू राख्नुपर्दछ र प्रत्येक पाउका पहिलो, पाँचौं आदि सबै बिजोडी वर्णहरू र चौथो एवं आठौं यी दुई जोडी वर्णलाई क्रमशः उत्तर, पूर्व र दक्षिण एवं पश्चिमका अराहरूमा राख्नुपर्दछ । उत्तर पाउको अर्द्ध भागका

तृतीयं तुर्य्यपादान्ते प्रथमौ सदृशावुभौ ।
वर्णौ पादत्रयस्यापि दशमः सदृशो यदि ।५१।
प्रथमे चरमे तस्य षड्वर्णाः पश्चिमे यदि ।
भवन्ति द्व्यन्तरं तर्हि बृहच्चक्रमुदाहृदम् ।५२।
सम्मुखारद्वये पादमेकैकं क्रमशो लिखेत् ।
नाभौ तु वर्णं दशमं नेमौ तुर्यपदं नयेत् ।५३।
श्लोकस्याद्यन्तदशमाः समा आद्यन्तिमौ युजोः ।
आदौ वर्णः समौ तुर्य्यपञ्चमावाद्यतुर्य्ययोः ।५४।
द्वितीयप्रातिलोम्येन तृतीयं जायते यदि ।
पदं विदध्यात्पत्रस्य दण्डश्चक्राब्जकं कृतेः ।५५।
द्वितीयौ प्राग्दले तुल्यौ सप्तमौ च तथापरौ ।
सदृशावुत्तरदलौ द्वितीयाभ्यामथार्द्धयोः ।५६।
द्वितीयषष्ठाः सदृशाश्चतुर्थपञ्चमावपि ।
आद्यन्तपादयोस्तुल्यौ परार्द्धसप्तमावपि ।५७।
समौ तुर्य्यं पञ्चमन्तु क्रमेण विनियोजयेत् ।
तुर्य्यौ योज्यौ त तद्वच्च दलान्ताः क्रमपादयोः ।५८।
अर्द्धयोरन्तिमाद्यौ तु मुरजे सदृशावुभौ ।
पादार्द्धपतितो वर्णः प्रातिलोम्यानुलोमतः ।५९।
अन्तिमं परिबध्नीयाद्यावत्तुर्य्यमिहादिमत् ।
पादातुर्य्याद्यदेवाऽऽद्यं नवमात्षोडशादपि ।६०।
अक्षरात्पुटके मध्ये मध्येऽक्षरचतुष्टयम् ।
कृत्वा कुर्य्याद्यथैतस्य मुरजाकारता भवेत् ।६१।
द्वितीयं चक्रशार्दूलविक्रीडितकसम्पदम् ।
गोमूत्रिका सर्ववृत्तैरन्ये बन्धास्त्वनुष्टुभा ।६२।
नामधेयं यदि न चेदमीषु कविकाव्ययोः ।
मित्रधेयानि तुष्यन्ति नामित्रः खिद्यते तथा ।६३।
बाणबाणासनव्योमखड्गमुद्गरशक्तयः ।
द्विचतुर्थत्रिशृङ्गटा दम्भोलिमुसलाङ्कुशाः ।६४।
पदं रथस्य नागस्य पुष्करिण्यसिपुत्रिका ।
एते बन्धास्तथा चान्ये एवं ज्ञेयाः स्वयं बुधैः ।६५।

चार अक्षरलाई केन्द्रमा राख्नुपर्दछ र त्यसको पहिलो अक्षरलाई पछिल्ला दुई अराहरूमा लैजानुपर्दछ । बाँकी दुई पदहरूलाई नेमिमा स्थापित गर्नुपर्दछ । तेस्रो अक्षरलाई चौथो पाउका अन्त्यमा र पहिला दुई जोडी वर्णहरूलाई तीन पाउका अन्त्यमा राख्नुपर्दछ। यदि दसौँ अक्षर जोडी भए त्यसलाई पहिलो अरामा राख्नुपर्दछ र छ अक्षरपछिल्ला अरामा राख्नुपर्दछ। ती दुई दुवै स्थानमा स्थापित हुन्छन्। यस किसिमले बृहच्चक्रको निर्माण हुन्छ । यो बृहच्चक्रका विषयमा भनिएको हो । अगाडिका दुई अराहरूमा क्रमशः एकएक पाउ लेख्नुपर्दछ, केन्द्रमा दसौँ अक्षर स्थापित गर्नुपर्दछ र चौथो चरणलाई नेमिमा लैजानुपर्दछ। श्लोकको आदि, अन्त्य र दसौँ अक्षर उस्तै हुनुपर्दछ। दोस्रो र चौथो चरणका आदि र अन्तिम अक्षर पनि उस्तै हुनुपर्दछ। पहिलो चरणको र चौथो चरणका पहिलो, चौथो र पाँचौँ वर्ण पनि उस्तै हुनुपर्दछ। दोस्रो चरणलाई उल्टो पारेर पढ्ने हो भने यदि तेस्रो चरण बन्दछ भने त्यसलाई पत्रका स्थानमा स्थापित गर्नुपर्दछ । त्यस्ता रचनाको नाम दण्डचक्राब्जबन्ध हो भन्ने बुझ्नुपर्दछ। पूर्वार्द्धमा दुवै चरणका दोस्रो अक्षर उस्तै हुनुपर्दछ। त्यसका साथै दोस्रो अक्षरका दृष्टिले पनि पूर्वार्द्ध र उत्तरार्द्धमा आपसी समानता रहनुपर्दछ। दोस्रो, छैटौँ र चौथो, पाँचौँ पनि एकअर्कासित मिल्ने खालका हुनुपर्दछ । उत्तरार्द्ध भागका सातौँ अक्षर पहिलो र चौथो चरणका उनै अक्षरहरूजस्तै भए भने ती समान रूप भएका चौथो र पाँचौँ अक्षरलाई क्रमैसँग योजना गर्नुपर्दछ। क्रमिक रूपमा पाउगत चौथो अक्षर जुन हुन्छन्, तिनीहरूलाई दलका अन्त्यमा पहिलेकै जसरी स्थापित गर्नुपर्दछ। मुरजबन्धमा पूर्वार्द्ध र उत्तरार्द्ध दुवैको अन्तिम र आदि अक्षर समान हुन्छन्। पाउको अर्द्ध भागमा जुन वर्ण रहेको हुन्छ त्यसलाई प्रतिलोमअनुलोमका क्रमले राख्नुपर्दछ । अन्तिम अक्षरलाई यस किसिमले गुँथ्नुपर्दछ कि त्यो नै चौथो चरणको पहिलो अक्षर हुनुपर्दछ। चौथो चरणको पहिलो अक्षरद्वारा नवौँ र सोह्रौँ अक्षरबाट पुटकका बीचबीचमा चारचार अक्षर संयोजित गरिन्छन्। यसो गर्दा त्यस श्लोकबन्धद्वारा ढोलकको आकृति स्पष्ट रूपमा बन्दछ। दोस्रो चक्र शार्दूलविक्रीडित छन्दले सम्पन्न हुन्छ। गोमूत्रिकाबन्ध सबै छन्दले बनाउन सकिन्छ। अरू सबै बन्धहरू अनुष्टुप् छन्दले नै बन्दछन्। यदि यी बन्धहरूमा कवि र काव्यको नाम राखिएको छैन भने मित्रभाव हुनेहरू खुसी हुन्छन् र शत्रु पनि खिन्न हुँदैनन्। बाण, धनुष, व्योम, खड्ग, मुद्गर, शक्ति, द्विशृङ्गाट, त्रिशृङ्गाट, चतुःशृङ्गाट, वज्र, मुसल, अङ्कुश, रथपद, नागपद, पुष्करिणी, असिपुत्रिका, यी सबैको आकृतिहरूमा चित्रबन्ध लेख्न सकिन्छ। यी र अरू पनि धेरै खालका चित्रबन्ध हुन सक्छन् र तिनलाई विद्वान् पुरुषहरू आफैँले जान्नुपर्दछ।४३–६५।

३४४. चतुश्चत्वारिंशदधिकत्रिशततमोऽध्यायः

अर्थालङ्कार

अग्निरुवाच

अलङ्करणमर्थानामर्थालङ्कार इष्यते ।
तं विना शब्दसौन्दर्य्यमपि नास्ति मनोहरम् ।१।
अर्थालङ्काररहिता विधवेव सरस्वती ।
स्वरूपमथ सादृश्यमुत्प्रेक्षातिशयावपि ।२।
विभावना विरोधश्च हेतुश्च सममष्टधा ।
स्वभाव एव भावानो स्वरूपमभिधीयते ।३।
निजमागन्तुकञ्चेति द्विविधं तदुदाहृतम् ।
सांसिद्धिकं निजं नैमित्तिकमागन्तुकं तथा ।४।
सादृश्यं धर्मसामान्यमुपमा रूपकं तथा ।
सहोक्त्यर्थान्तरन्यासाविति स्यात्तु चतुर्विधम् ।५।
उपमा नाम सा यस्यामुपमानोपमेययोः ।
सत्ता चान्तरसामान्ययोगित्वेऽपि विवक्षितम् ।६।
किञ्चिदादाय सारूप्यं लोकयात्रा प्रवर्त्तते ।
समासेनासमासेन सा द्विधा प्रतियोगिनः ।७।
विग्रहादभिधानस्य ससमासाऽन्यथोत्तरा ।
उपमाद्योतकपदेनोपमेयपदेन च ।८।
ताभ्याञ्च विग्रहात्त्रेधा ससमासान्तिमात्त्रिधा ।
विशिष्यमाणा उपमा भवन्त्यष्टादश स्फुटाः ।९।
यत्र साधारणो धर्मः कथ्यते गम्यतेऽपि वा ।
ते धर्मवस्तुप्राधान्याद्धर्मवस्तूपमे उभे ।१०।
तुल्यमेवोपमीयेते यत्रान्योन्येन धर्मिणौ ।
परस्परोपमा सा स्यात्प्रसिद्धेरन्यथा तयोः ।११।
विपरीतोपमा सा स्याद्व्यावृत्तेर्नियमोपमा ।
अन्यत्राप्यनुवृत्तेस्तु भवेदनियमोपमा ।१२।
समुच्चयोपमातोऽन्यधर्मबाहुल्यकीर्त्तनात् ।

अग्निदेव भन्दछन्– हे वसिष्ठ ! अर्थको सजावटलाई अर्थालङ्कार भन्दछन् । त्यसका अभावमा शब्दका सुन्दरताले पनि मनलाई आकर्षित गर्न सक्तैन । अर्थालङ्कार नभएको रचना विधवाजस्तै श्रृङ्गारहीन हुन्छ । अर्थालङ्कारका स्वरूप, सादृश्य, उत्प्रेक्षा, अतिशयोक्ति, विभावना, विरोध, हेतु र सम गरी जम्मा आठ किसिम छन् भन्ने मानिन्छ । पदार्थका स्वभावलाई स्वरूप भनिन्छ । त्यस स्वभावका पनि निज र आगन्तु गरी दुई भेद छन् भनिएको छ । स्वयं सिद्धलाई निज र निमित्तबाट उत्पन्नलाई आगन्तुक भनिन्छ । धर्म वा विशेषता उस्तै हुनुलाई सादृश्य भनिन्छ । त्यो पनि उपमा, रूपक, सहोक्ति र अर्थान्तरन्यासका भेदले चार किसिमको मानिएको छ । जसमा भेद र समानतासँगै उपमान र उपमेय पनि रहेका हुन्छन् त्यसैलाई उपमा भन्दछन् । किनभने जेजति भनिएको हुन्छ त्यसमा समानताको आश्रय लिएर नै अगाडि बढ्ने काम गरिएको हुन्छ । उपमान समास भएको र नभएको गरी दुई प्रकारको हुने हुँदा समाससहित र समासरहित गरी दुई प्रकारकै हुन्छ । घन इव श्यामः भन्ने पदमा समान भएकै कारण घनश्याम शब्द बन्दा वाचक वा तुलना गर्ने इव शब्द लोप भएका कारण यो समाससहित हो भन्न सकिन्छ । यसभन्दा भिन्न किसिमका उपमाहरू समासरहित हुन्छन् । कतै उपमा जनाउने इव आदि पदहरू भएको, कतै उपमेय भएको र कतै दुवै नभएको गरी समानसहितका उपमाका तीन भेद हुन्छन् र यस्तै किसिमले समासरहितका पनि तीनवटै भेद रहेका छन् । बिशेषण लागेको अवस्था हुँदा उपमाका अठार भेद हुन्छन् । जसमा सामान्य धर्मको कथन भएको जानिन्छ । उपमाको त्यस्तो भेद विशेषलाई धर्म अथवा वस्तुका प्रधानताका कारण धर्मोपमा र वस्तूपमा भनिन्छ । जसमा उपमान र उपमेयको प्रसिद्धिको अनुसार परस्परमा तुल्य उपमा दिइन्छ भने त्यो परस्परोपमा हो । प्रसिद्धिभन्दा भिन्न उपमान र उपमेयका बीच असमानता भएको उपमा दिइन्छ भने त्यसलाई विपरीतोपमा भन्ने गरिन्छ । जुन ठाउँमा एउटा वस्तुको मात्रै उपमा दिइन्छ र अन्य उपमानहरूलाई हटाइन्छ भने त्यस्तो अवस्थामा नियमोपमा हुन्छ । यदि उपमेयका गुण धर्म आदिलाई अन्य उपमानहरूले पनि आवृत्ति गरिन्छ भने त्यसलाई अनियमोपमा भन्दछन् । एकभन्दा धेरै धर्म वा विशेषताको उल्लेख भयो भने समुच्चयोपमा हुन्छ । अनेकौं गुण धर्मको समानता

बहोर्धर्मस्य साम्येऽपि वैलक्षण्यं विवक्षितम् ।१३।
यदुच्यतेऽतिरिक्तत्वं व्यतिरेकोपमा तु सा ।
यत्रोपमा स्याद्बहुभिः सदृशैः सा बहूपमा ।१४।
धर्माः प्रत्युपमानञ्चेदन्या मालोपमैव सा ।
उपमानविकारेण तुलना विक्रियोपमा ।१५।
त्रैलोक्यासम्भवि किमप्यारोप्या प्रतियोगिनि ।
कविनोपमीयते या प्रथते साद्भुतोपमा ।१६।
प्रतियोगिनमारोप्य तदभेदेन कीर्त्तनम् ।
उपमेयस्य सा मोहोपमाऽसौ भ्रान्तिमद्वचः ।१७।
उभयोर्धर्मिणोस्तथ्यानिश्चयात्संशयोपमा ।
उपमेयस्य संशष्य निश्चयान्निश्चयोपमा ।१८।
वाक्यार्थेनैव वाक्यार्थोपमा स्यादुपमानतः ।
आत्मनोपमानादुपमा साधारण्यतिशायिनी ।१९।
उपमेयं यदन्यस्य तदन्यस्योपमा मता ।
यद्युत्तरोत्तरं याति तदाऽसौ गगनोपमा ।२०।
प्रशंसा चैव निन्दा च कल्पिता सदृशी तथा ।
किञ्चिच्च सदृशी ज्ञेया उपमा पञ्चधा पुनः ।२१।
उपमानेन यत्तत्त्वमुपमेयस्य रूप्यते ।
गुणानां समतां दृष्ट्वा रूपकं नाम तद्विदुः ।२२।
उपमैव तिरोभूत भेदा रूपकमेव वा ।
सहोक्तिः सहभावेन कथनं तुल्यधर्मिणाम् ।२३।
भवेदर्थान्तरन्यासः सादृश्येनोत्तरेण सः ।
अन्यथोपस्थिता वृत्तिश्चेतनस्य तरस्य च ।२४।
अन्यथा मन्यते यत्र तामुत्प्रेक्षां प्रचक्षते ।
लोकसीमानिवृत्तस्य वस्तुधर्मस्य कीर्त्तनम् ।२५।
भवेदतिशयो नाम सम्भवासम्भवाद्द्विधा ।
गुणजातिक्रियादीनां यत्र वैकल्पदर्शनम् ।२६।
विशेषदर्शनायैव सा विशेषोक्तिरुच्यते ।
प्रसिद्धहेतुव्यावृत्त्या यत्किञ्चित्कारणान्तरम् ।२७।

भईकन पनि उपमानसित उपमेयको विलक्षणता व्यक्त भएर त्यसबाट अतिरिक्त विषयको कथन भएको छ भने त्यसलाई व्यतिरेकोपमा भनिएको छ। जहाँ धेरैवटा उपमानहरूले उपमा दिइन्छ त्यसलाई बहूपमा भन्ने मानिएको छ। यदि तिनीहरूमध्ये सबै उपमानहरू भिन्नभिन्न साधारण धर्मले युक्त छन् भने त्यस्तालाई मालोपमा भनिएको छ। उपमेयलाई उपमानको विकार बनाएर तुलना गरिन्छ भने त्यो विक्रियोपमा हुन्छ। यदि कविले तीनै लोकमा असम्भव हुने कुरालाई विशेषताका रूपमा खोजेर उपमा आरोपित गर्दछन् भने त्यो अद्भुतोपमा भन्ने गरिन्छ।१-१६।

उपमानलाई आरोपित गरेर त्यससँग अभिन्न हुने गरी जुन उपमेयको वर्णन गरिन्छ र त्यसबाट भ्रम परेको चर्चा हुन्छ त्यसलाई मोहोपमा भनिएको छ। दुईवटा धर्मीहरूको बीचमा एउटाको यथार्थ निश्चित भएन भने त्यसलाई संशयोपमा र पनि निश्चय भयो भने त्यो निश्चयोपमा हो। वाक्यार्थलाई नै उपमा बनाएर उसै वाक्यार्थले नै उपमा दिइयो भने त्यसलाई वाक्यार्थोपमा भन्दछन्। आफ्नो उपमानका दृष्टिले यो उपमा साधारणी र अतिशायिनी गरी दुई किमिसको हुन्छ। एउटाका लागि उपमेय जुन छ त्यही अर्काका लागि उपमान भएको छ भने अर्थात् एकअर्काका उपमान-उपमेय भएका छन् भने त्यसलाई अन्योन्योपमा भन्दछन्। यसै किसिमको क्रम यदि उत्तरोत्तर चल्दै गयो भने त्यसलाई गमनोपमा भनिएको छ। यसभन्दा बाहेक उपमाका अरू पनि पाँच भेदहरू छन् र तिनलाई प्रशस्त, निन्दा, कल्पिता, सदृशी र किञ्चित्सदृशी भनिएको छ। गुणहरूको समानता हेरेर उपमेयका जुन तत्त्व उपमानसँग भेद नगरीकन प्रतिपादन गरिन्छ त्यसलाई रूपक मानिएको छ। अथवा भेलाई पन्छाएको छ भने उपमा नै रूपक हुन्छ। समानताको विशेषता रहेका दुई पदार्थसँगै रहेको वर्णन गरिएको छ भने त्यसलाई सहोक्ति भन्ने गरिएको छ। पहिले वर्णन गरिएको वस्तुको समर्थनका लागि समान धर्म भएको वा भिन्न धर्म भएको वर्णनले अर्थलाई अर्कोतिर बहकाउँछ भने त्यसलाई नै अर्थान्तरन्यास भन्दछन्। जसमा चेतन वा अचेतन पदार्थलाई भिन्नै किसिमको हुँदा हुँदै पनि अझ भिन्न तरिकाले स्वीकार गरियो भने त्यसलाई उत्प्रेक्षा भन्दछन्। लौकिक सीमाभन्दा बाहिरको वस्तु धर्मलाई बढाईचढाईकन उल्लेख गरिन्छ भने त्यो नै अतिशयालङ्कार हो भनिन्छ। यसका सम्भवं र असम्भव गरी दुईवटा भेदहरू छन भनिन्छ। विशेष्य प्रदर्शन गर्नका लागि गुण, जाति, क्रिया आदिको पक्षमा कमजोर रहेको देखिन्छ अर्थात् कारण प्राप्त भईकन पनि कार्य नभएको देखाइन्छ भने त्यसलाई विशेषोक्ति भनिएको छ।

यत्र स्वाभाविकत्वं वा विभाव्यं सा विभावना।
सङ्गतीकरणं युक्त्या यदसङ्गच्छमानयोः ।२८।
विरोधपूर्वकत्वेन तद्विरोध इति स्मृतम्।
सिसाधयिषितार्थस्य हेतुर्भवति साधकः ।२९।
कारको ज्ञापक इति द्विधा सोऽप्युपजायते।
प्रवर्त्तते कारकाख्यः प्राक्पश्चात्कार्य्यजन्मनः ।३०।
पूर्वशेष इति ख्यातस्तयोरेव विशेषयोः।
कार्य्यकारणभावाद्वास्वभावाद्वा नियामकात् ।३१।
ज्ञापकाख्यस्य भेदोऽस्ति नदीपूरादिदर्शनात्।
अविनाभावनियमो ह्यविनाभावदर्शनात् ।३२।

प्रसिद्ध हेतुलाई दोहोऱ्याउँदै अन्य कुनै कारणलाई उद्भावना गरिएको वा सहजतापूर्वक स्वीकार गरिएको छ वा कुनै कारण नै नभईकन कार्य भएको मानिएको छ भने त्यस्तालाई विभावना भनिन्छ। एकापसमा मेल नखाने पदार्थहरूलाई नै पनि युक्तिपूर्वक विरोध नदेखाई सङ्गति गराइएको छ भने त्यो विरोधालङ्कार हुन्छ। सिद्धिको अभिलाषा राखिएको अर्थ प्रकट गराउनेलाई हेतु अलङ्कार भनिन्छ र त्यस हेतु अलङ्कारका पनि कारक र ज्ञापन गरी दुई भेद छन् भनिन्छ। यिनीहरूमध्ये कारण हेतु कार्यको उत्पत्तिभन्दा पहिले वा पछि पनि रहन सक्छ। त्यसलाई पूर्वशेष भनिएको छ र तिनै भेदहरूमा कार्य एवं कारणको भाव हुन्छ। अरू नै कारणले स्वाभाविक रूप अथवा अविनाभाव देखिएको भए पनि जुन नियम हुन्छ त्यो नियम नै ज्ञापक हेतुको भेद हो। नदीपूर आदि जस्ता कुराहरू नै ज्ञापक हेतुका उदाहरण देखिन्छन् ।१७-३२।

३४५. पञ्चचत्वारिंशदधिकत्रिशततमोऽध्यायः

शब्दार्थयोरलङ्काराः

अग्निरुवाच
शब्दार्थयोरलङ्कारो द्वावलङ्कुरुते समम्।
एकत्र निहितो हारः स्तनं ग्रीवामिव स्त्रियाः ।१।
प्रशस्तिः कान्तिरौचित्यं सङ्क्षेपो यावदर्थता।
अभिव्यक्तिरिति व्यक्तं षड् भेदास्तस्य जाग्रति ।२।
प्रशस्तिः परवन्मर्मद्रवीकरणकर्मणः।
वाचोयुक्तिर्द्विधा सा च प्रेमोक्तिस्तुतिभेदतः ।३।
प्रेमोक्तिस्तुतिपर्य्यायौ प्रियोक्तिर्गुणकीर्त्तने।
कान्तिः सर्वमनोरुच्यवाच्यवाचकसङ्गतिः ।४।
यथा वस्तु तथा रीतिर्यथा वृत्तिस्तथा रसः।
ऊर्जस्विमृदुसन्दर्भादौचित्यमुपजायते ।५।
सङ्क्षेपो वाचकैरल्पैर्बहोरर्थस्य सङ्ग्रहः।
अन्यूनाधिकता शब्दवस्तुनोर्यावदर्थता ।६।
प्रकटत्वमभिव्यक्तिः श्रुतिराक्षेप इत्यपि।
तस्या भेदौ श्रुतिस्तत्र शब्दं स्वार्थसमर्पणम् ।७।
भवेन्नैमित्तिकी पारिभाषिकी द्विविधैव सा।
सङ्केतः परिभाषेति ततः स्यात्पारिभाषिकी ।८।

अग्निदेव भन्दछन्– हे वसिष्ठ ! एउटै अङ्गमा लगाएका हारले सुन्दरीको घाँटी र स्तन बढाएझैँ शब्दार्थालङ्कारले शब्द र अर्थ दुवैलाई समान रुपले शोभित पार्छ। शब्दार्थालङ्कारका प्रशस्ति, कान्ति, औचित्य, सङ्क्षेप, यावदर्थता र अभिव्यक्ति गरी छवटा भेद काव्यमा देखा पर्दछन्। अर्काका मर्मस्थललाई पगाल्न सक्ने वाणीको कुशलतलाई प्रशस्ति भन्दछन्। त्यही प्रशस्ति पनि प्रेमको उक्ति र स्तुतिका भेदले दुई किसिमको हुन्छ भन्ने मानिएको छ। यी दुवै शब्दका पर्याय क्रमैसँग प्रियोक्ति र गुणकीर्तन हुन्छन्। वाच्य-वाचकको सर्वसम्मत र रुचिकर सङ्गतिलाई कान्ति भनिन्छ। यदि ओज र मधुरतासहितको सन्दर्भमा वस्तुअनुसारको रीति एवं वृत्ति र त्यसैअनुसारको रसको प्रयोग भयो भने औचित्यको उत्पत्ति हुन्छ। थोरै शब्दहरूको प्रयोगबाट धेरै अर्थहरू निस्कने सङ्ग्रहलाई सङ्क्षेप र शब्द एवं वस्तुअनुसार घटीबढी नपारीकन गरिएको प्रस्तुति यावदर्थता हुन्छ भनिएको छ। अर्थ प्रकट हुनुलाई नै अभिव्यक्ति भनिन्छ। त्यसका श्रुति र आक्षेप गरी दुई भेद छन्। शब्दले नै आफ्नो अर्थ प्रकट गर्नुलाई श्रुति भनिन्छ। श्रुतिका पनि नैमित्तिकी र पारिभाषिकी गरी दुई भेद छन्। सङ्केतलाई परिभाषा भनिन्छ। परिभाषाको सम्बन्ध भएकै कारण त्यो पारिभाषिक भएको हो। पारिभाषिकीलाई मुख्या र नैमित्तिकीलाई औपचारिकी भनिन्छ। त्यही औपचारिकीका

मुख्यौपचारिकी चेति सा च सा च द्विधाद्विधा।
स्वाभिधेयस्खलद् वृत्तिरमुख्यार्थस्य वाचकः ।९।
यया शब्दो निमित्तेन केनचित्सौपचारिकी।
सा च लाक्षणिकी गौणी लक्षणागुणयोगतः ।१०।
अभिधेयाविनाभूता प्रतीतिर्लक्षणोच्यते।
अभिधेयेन सम्बन्धात्सामीप्यात्समवायतः ।११।
वैपरीत्यात्क्रियायोगाल्लक्षणा पञ्चधा मता।
गौणी गुणानामानन्त्यादनन्ता तद्विवक्षया ।१२।
अन्यधर्मस्ततोऽन्यत्र लोकसीमानुरोधिना।
सम्यगाधीयते यत्र स समाधिरिह स्मृतः ।१३।
श्रुतेरलभ्यमानोऽर्थो यस्माद्भाति सचेतनः।
स आक्षेपो ध्वनिः स्याच्च ध्वनिना व्यज्यते यतः ।१४।
शब्देनार्थेन यत्रार्थः कृत्वा स्वयमुपार्जनम्।
प्रतिषेध इवेष्टस्य यो विशेषोऽभिधित्सया ।१५।
तमाक्षेपं ब्रुवन्त्यत्र स्तुतं स्तोत्रमिदं पुनः।
अधिकारादपेतस्य वस्तुनोऽन्यस्य या स्तुतिः ।१६।
यत्रोक्तं गम्यते नार्थस्तत्समानविशेषणम्।
सा समासोक्तिरुदिता सङ्क्षेपार्थतया बुधैः ।१७।
अपह्नुतिरपह्नुत्य किञ्चिदन्यार्थसूचनम्।
पर्य्यायोक्तं यदन्येन प्रकारेणाभिधीयते।
एषामेकं तमस्यैव समाख्या ध्वनिरित्यतः ।१८।

पनि दुई भेद छन्। प्रकट भएको शब्द नै अभिधा हो। अभिधा अर्थबाट स्खलित भएर कुनै अमुख्य अर्थ बोध गराउँछ भने त्यस्तो वृत्ति औपचारिकी हुन्छ। यिनै दुई भेद हुन्छन्। त्यसलाई लक्षणासँगको योगमा लाक्षिणिकी र गुणसँगको योगमा गौणी भनिन्छ। अभिधा अर्थसँग सम्बद्ध रहेर जसले अन्य अर्थ प्रतीत गराउँछ त्यो लक्षणा हो भनिन्छ। अभिधा अर्थसितको सम्बन्ध, सामीप्य, समवाय, वैपरीत्य र क्रियायोगले गर्दा लक्षणा पाँच किसिमको हुन्छ भन्ने मानिन्छ। अनन्त भएका र बयान पनि अनन्त हुनाले गौणीका भेद अनन्त हुन्छन्। लोकसीमा पालन गर्नमा तत्पर कविले जब अप्रस्तुत वस्तुको धर्मलाई प्रस्तुत वस्तुमाथि आरोपित गर्दछ भने त्यसलाई समाधि भनिन्छ। श्रुतिबाट प्राप्त नहुने अर्थ चैतन्ययुक्त भएर प्रकट भयो भने त्यो आक्षेप हो भनिएको छ। यसलाई नै ध्वनि पनि भन्दछन्। किनभने त्यो ध्वनिबाटै व्यक्त हुन्छ। यसमा ध्वनिको आश्रयबाट र शब्द एवं अर्थबाट स्वतः सङ्कलित अर्थ नै व्यक्त हुने गर्दछ। भन्न खोजिएको कुरो विशेष प्रकारले प्रस्ट्याउँदै त्यसमा अझै उत्कर्ष बोध गराउनका लागि बाधा परेजस्तो जुन कारणले लाग्दछ त्यसलाई आक्षेप भनिएको हो। प्रसङ्गभन्दा भिन्न वा अप्रकृत अथवा अप्रस्तुत अर्कै कुनै वस्तुको प्रशंसा गरिएको छ भने त्यसलाई अप्रस्तुतस्तोत्र भन्दछन्। एक खालको कुरो गरेको ठाउँमा त्यससँग विशेषता ठ्याक्कै मिलेको र अर्को अर्थ लागेको देखिन्छ भने त्यसलाई अर्थ सङ्क्षिप्त भएका कारण विद्वान्हरूले समासोक्ति भनेका छन्। वास्तविक अर्थ नभनीकन वा बहकाएर अर्कै खालको अर्थ सूचित गर्नु अपह्नुति हो। भन्नुपर्ने जुन कथनलाई अर्कै तरिकाले भनिन्छ वा सोझो नबोलेर घुमाईफिराईकन भनिन्छ भने त्यसलाई पर्यायोक्ति भन्दछन्। यिनीहरूमध्ये प्रत्येकवटाकै नाम ध्वनि हो ।१-१८।

३४६. षट्चत्वारिंशदधिकत्रिशततमोऽध्यायः

काव्यगुणविवेक

अग्निरुवाच
अलङ्कृतमपि प्रीत्यै न काव्यं निर्गुणं भवेत्।
वपुष्यललिते स्त्रीणां हारो भारायते परम् ।१।
न च वाच्यं गुणो दोषो भाव एव भविष्यति।
गुणाः श्लेषादयो दोषा गूढार्थाद्याः पृथक् कृताः ।२।
यः काव्ये महतीं छायामनुगृह्णात्यसौ गुणः।
सम्भवत्येष सामान्यो वैशेषिक इति द्विधा ।३।

अग्निदेव भन्दछन्– हे वसिष्ठ ! गुण नभएको काव्य अलङ्कारसहितको भए पनि यौवनको शोभा सकिएकी स्त्रीका लागि शरीरको हार पनि भारी भएझैँ सहृदयी पाठकका लागि रुचिकारक हुँदैन। यदि कसैले दोष नभएपछि गुण त आफैँ आइहाल्छ नि ! गुणको विवेचना गर्नु के आवश्यक छ र ? भन्छ भने त्यो भनाइ उचित होइन। किनभने श्लेष आदि गुणहरू र गूढार्थत्व आदि दोषहरू छुट्टाछुट्टै हुन् भनिएको छ। काव्यमा जसले महिमाशाली शोभा थपेर ल्याउँछ त्यसलाई

सर्वसाधारणीभूतः सामान्य इति मन्यते।
शब्दमर्थमुभौ प्राप्तः सामान्यो भवति त्रिधा ।४।
शब्दमाश्रयते काव्यं शरीरं यः स तद्गुणः।
श्लेषो लालित्यगाम्भीर्य्यसौकुमार्य्यमुदारता ।५।
सत्येव यौगिकी चेति गुणाः शब्दस्य सप्तधा।
सुश्लिष्टसन्निवेशत्वं शब्दानां श्लेषं उच्यते ।६।
गुणादेशादिना पूर्वं पदसम्बद्धमक्षरम्।
यत्र सन्धीयते नैव तल्लालित्यमुदाहृतम् ।७।
विशिष्टलक्षणोल्लेखलेख्यमुत्तानशब्दकम्।
गाम्भीर्य्यं कथयन्त्यार्य्यास्तिदेवान्येषु शब्दताम् ।८।
अनिष्टुराक्षरप्रायशब्दता सुकुमारता।
उत्तानपदतौदार्य्ययुतश्लाघ्यैर्विशेषणैः ।९।
ओजः समासभूयस्त्वमेतत्पद्यादिजीवितम्।
आब्रह्मस्तम्बपर्य्यन्तमोजसैकेन पौरुषम् ।१०।
उच्चमानस्य शब्देन येन केनापि वस्तुनः।
उत्कर्षमावहन्नर्थो गुण इत्यभिधीयते ।११।
माधुर्य्यं संविधानञ्च कोमलत्वमुदारता।
प्रौढिः सामयिकत्वञ्च तद्भेदाः षट् चकासति ।१२।
क्रोधेर्ष्याकारगाम्भीर्य्यान्माधुर्य्यं धैर्य्यगाहिता।
संविधानं परिकरः स्यादपेक्षितसिद्धये ।१३।
यत्काठिन्यादिनिर्मुक्तसन्निवेशविशिष्टता।
तिरस्कृत्यैव मृदुता भाति कोमलतेति सा ।१४।
लक्ष्यते स्थूललक्षत्वप्रवृत्तेर्यत्र लक्षणम्।
गुणस्य तदुदारत्वमाशयस्यातिसौष्ठवम् ।१५।
अभिप्रेतं प्रति यतो निर्वाहस्योपपादिकाः।
युक्तयो हेतुगर्भिण्यः प्रौढा प्रौढिरुदाहृता ।१६।
स्वतन्त्रस्यान्यतन्त्रस्य बाह्यान्तः समयोगतः।
तत्र व्युत्पत्तिरर्थस्य या सामयिकतेति सा ।१७।
शब्दार्थावुपकुर्वाणो नाम्नोभयगुणः स्मृतः।
तस्य प्रसाद सौभाग्यं यथासङ्ख्यं प्रशस्तता ।१८।
पाको राग इति प्राज्ञैः षट्प्रपञ्चविपञ्चिताः।
सुप्रसिद्धार्थपदता प्रसाद इति गीयते ।१९।

गुण भनिन्छ। सामान्य र वैशेषिक गरी यो दुई किसिमको हुन्छ। जुन गुण सर्वसाधारण हुन्छ त्यसलाई सामान्य भनिन्छ। सामान्य गुण शब्द, अर्थ र शब्दार्थ भन्ने अवस्थाहरूमा पुगेर तीन किसिमको हुन्छ। काव्यरूपी शरीरका शब्दमा जुन गुण आश्रित रहन्छ त्यो शब्द गुण हो भनिन्छ। शब्द गुणका श्लेष, लालित्य, गाम्भीर्य, सौकुमार्य, उदारता, ओज र यौगिकी गरी सात भेद रहेका छन्। शब्दहरूलाई संश्लिष्ट रूपमा गाँस्नु श्लेष हो। गुणादेश आदिका कारण पूर्वपदसित सम्बन्धित अक्षर सन्धिमा खापिँदैन भने लालित्य गुण मानिन्छ। विशिष्ट लक्षणद्वारा उच्च भावनाको अभिव्यक्ति भएको उल्लेखनीय शब्दसमूहलाई श्रेष्ठ पुरुषहरूले गाम्भीर्य भन्दछन्। अरुतिर त्यही नै उत्तान शब्दक वा शब्दत्व भन्ने नामहरूले प्रसिद्ध छ। जसमा कोमल अक्षरहरू र निष्ठुरतारहित अवस्थाको व्यापकता छ त्यस्ता शब्दसमूहलाई सौकुमार्य भन्ने विशेष गुण मानिएको छ। स्वीकारयोग्य विशेषणहरू भईकन उत्कृष्ट शब्दको प्रयोग छ भने औदार्य गुण मानिन्छ। समासहरू धेरै भएमा ओज गुण हुन्छ। गद्य वा पद्यमा रहेका काव्यको प्राण यही हो। ब्रह्मादेखि झारपातसम्मका जेजति प्राणी छन् ती सबैका पुरुषार्थको वयान ओज गुणकै विशिष्ट पदावलीले हुन्छ। जुनसुकै शब्दले बताइरहेको र वस्तुको उत्कर्षलाई धान्ने गुण नै अर्थ गुण हो भनिन्छ। माधुर्य, संविधान, कोमलता, उदारता, प्रौढि र सामयिकता गरी अर्थ गुणका छवटा भेदहरू छन्। क्रोध र ईर्ष्यामा पनि आकारलाई गम्भीर र धैर्य नै राख्ने गुण माधुर्य हो भनिन्छ। अपेक्षित कार्य सिद्ध गर्ने प्रयासलाई संविधान मानिएको छ। कठिनता आदि दोषहरू नभएको र कठोर गुण्ठनलाई हटाएर कोमल रूपमा प्रस्तुत हुने गुण कोमलता भन्ने नामले प्रसिद्ध छ। स्थूल लक्ष्य प्राप्तिका लागि प्रयास गर्ने लक्षण प्रकट भएमा र अत्यन्त सुन्दर रूपमा आशय प्रकट भएमा उदारता नामको गुण हुन्छ। इच्छित अर्थ निर्वाह गराउनका लागि भित्री रूपमा कारण रहेको युक्तिपूर्ण कथन प्रौढि हो। स्वतन्त्र वा परतन्त्र कार्यको बाह्य वा आन्तरिक संयोगका कारण अर्थ व्युत्पादन हुनेलाई सामयिकता भन्दछन्। शब्द र अर्थ दुवैलाई उच्च गराउने नै उभय गुण हो भनिन्छ। साहित्यका विद्वानहरूले यसलाइ प्रसाद, सौभाग्य, यथासङ्ख्य प्रशस्तता, पाक र राग गरी छ भेदमा विस्तार गरेका छन्। प्रसिद्ध अर्थ भएका शब्दहरूम गुँथिएको प्रसाद गुण हो भनिन्छ। व्यक्त भइसकेपछि कुनै गुण चरमचुलीमा पुगेको विद्वान्हरूले ठहर गर्दछन् भने त्यसलाइ

उत्कर्षवान्गुणः कश्चिद्यस्मिन्नुक्ते प्रतीयते ।
तत्सौभाग्यमुदारत्वं प्रवदन्ति मनीषिणः ।२०।
यथासङ्ख्यमनूद्देशः सामान्यमतिदिश्यते ।
समये वर्णनीयस्य दारुणस्यापि वस्तुनः ।२१।
अदारुणेन शब्देन प्राशस्त्यमुपवर्णनम् ।
उच्चैः परिणतिः कापि पाक इत्यभिधीयते ।२२।
मृद्वीकानारिकेलाम्बुपाकभेदाच्चतुर्विधः ।
आदावन्ते च सौरस्यं मृद्वीकापाक एव सः ।२३।
काव्येच्छया विशेषो यः स राग इति गीयते ।
अभ्यासोपहितः कान्तिं सहजामपि वर्त्तते ।२४।
हारिद्रश्चैव कौसुम्भो नीलीरागश्च स त्रिधा ।
वैशेषिकः परिज्ञेयो यः स्वलक्षणगोचरः ।२५।

सौभाग्य अथवा औदार्य भन्दछन् । वस्तुअनुसारको क्रमिक कथन यथासङ्ख्य हो भन्ने मानिन्छ । कठोर वस्तुलाई पनि समयअनुसार अदारुण(कोमल) शब्दले वर्णन गर्नु प्राशस्त्य हो भनिन्छ। कुनै पदार्थको उच्च परिणतिलाई पाक भन्दछन्। मृद्वीकापाक र नारिकेलाम्बुपाक भन्ने भेदहरूले पाक दुई प्रकारको छ। सुरु वा अन्त्य जहाँ भए पनि सरसता छ भने त्यो नै मृद्वीकापाक हो । काव्यमा छायाजस्तो शोभा प्रस्तुत भएको छ भने त्यसलाई राग भन्दछन्। अभ्यासमा ल्याइएका अवस्थामा यही रागले सहज कान्तिलाई पनि उछिन्दछ र उत्कर्ष ल्याउँछ। आफ्नै विशेष लक्षणका कारण अनुभूत हुन आउनेलाई वैशेषिक गुण हो भनेर जान्नुपर्दछ। यस्तो राग पनि हारिद्र राग, कौसुम्भ राग र नीली राग गरी तीन किसिमको हुन्छ। अब वैशेषिक गुणको परिचय दिऊँ। स्वयं लक्षणहरूद्वारा दृष्टिगोचर हुने अनन्य साधारण छ भने त्यसलाई वैशेषिक गुण भनेर जान्नुपर्छ।१-२५।

३४७. सप्तचत्वारिंशदधिकत्रिशततमोऽध्यायः

काव्यदोषविवेक

अग्निरुवाच
उद्वेगजनको दोषः सभ्यानां स च सप्तधा ।
वक्तृवाचकवाच्यानामेकद्वित्रिनियोगतः ।१।
तत्र वक्ता कविर्नाम प्रथते स च भेदतः ।
सन्दिहानोऽविनीतः सन्नज्ञो ज्ञाता चतुर्विधः ।२।
निमित्तपरिभाषायामर्थसंस्पर्शिवाचकम् ।
तद्भेदौ पदवाक्ये द्वे कथितं लक्षणं द्वयोः ।३।
असाधुत्वाप्रयुक्तत्वे द्वावेव पदनिग्रहौ ।
शब्दशास्त्रविरुद्धत्वमसाधुत्वं विदुर्बुधाः ।४।
व्युत्पन्नैरनिबद्धत्वमप्रयुक्तत्वमुच्यते ।
छान्दसत्वमविस्पष्टत्वं च कष्टत्वमेव च ।५।
तदसामयिकत्वं च ग्राम्यत्वञ्चेति पञ्चधा ।
छान्दसत्वं न भाषायामविस्पष्टमबोधतः ।६।
गूढार्थता विपर्य्यस्तार्थता संशयितार्थता ।

अग्निदेव भन्दछन्– हे वसिष्ठ ! दृश्य र श्रव्य काव्यहरूमा दोष छ भने सहृदयी सभ्यहरूका लागि त्यो खिन्न पार्ने खालको हुन्छ । वक्ता, वाचक र वाच्य यिनीहरूमध्ये एक एकको दुई दुईको र तीन तीनको सम्बन्धका आधारमा (वक्तृनियुक्त, वाचकनियुक्त, वाच्यनियुक्त, वक्तृवाचकनियुक्त, वाचकवाच्यनियुक्त, वक्तृवाच्यनियुक्त र वक्तृवाचकवाच्यनियुक्तले) काव्यदोष सात प्रकारको हुन्छ । यिनीहरूमा वक्ता भनेर कविलाई मानिन्छ र त्यसका सन्दिहान, अविनीत, अज्ञ र ज्ञाता गरी चार भेद छन्। निमित्त र परिभाषा अनुसार अर्थबोध गराउने शब्दलाई वाचक भनिन्छ। पद र वाक्य गरी त्यसका दुई भेद छन्। यी दुवैका लक्षणको वर्णन पहिले नै भएको छ। असाधुत्व र अप्रयुक्त गरी पददोष दुई किसिमको हुन्छ। व्याकरण विरोधी शब्दमा रहेको दोषलाई विद्वान्हरूले असाधुत्व दोष मानेका छन् । काव्यको व्युत्पत्तिका कारण सम्पन्न भएका विद्वान्हरूले कतै उल्लेख नगरेको प्रयोगलाई अप्रयुक्त दोष भन्ने गरिन्छ । अप्रयुक्त दोषका छान्दसत्व, अविस्पष्टत्व, कष्टत्व, असामार्थकत्व र ग्राम्यत्व गरी पाँच प्रकारका भेद छन् । लोकभोषामा प्रयोग नै नहुने छान्दसत्व र बुझ्नै नसकिने खालको अविस्पष्टत्व दोष भनिएका छन्।

अविस्पष्टार्थता भेदास्तत्र गूढार्थतेति सा ।७।
यत्रार्थो दुःखसंवेदो विपर्य्यस्तार्थता पुनः ।
विवक्षितान्यशब्दार्थप्रतिपत्तिर्मलीमसा ।८।
अन्यार्थत्वासमर्थत्वे एतामेवोपसर्पतः ।
सन्दिह्यमानवाच्यत्वमाहुः संशयितार्थताम् ।९।
दोषत्वमनुबध्नाति सज्जनोद्वेजनादृते ।
असुखोच्चार्य्यमाणत्वं कष्टत्वं समयाच्युतिः ।१०।
असामयिकता नेयामेताञ्च मुनयो जगुः ।
ग्राम्यता तु जघन्यार्थप्रतिपत्तिः खलीकृता ।११।
वक्तव्यग्राम्यवाच्यस्य वचनात्स्मरणादपि ।
तद्वाचकपदेनाभिसाम्याद्भवति सा त्रिधा ।१२।
दोषः साधारणः प्रातिस्विको ऽर्थस्य स तु द्विधा ।
अनेकभागुपालम्भः साधारण इति स्मृतः ।१३।
क्रियाकारकयोर्भ्रंशो विसन्धिः पुनरुक्तता ।
व्यस्तसम्बन्धता चेति पञ्च साधारणा मताः ।१४।
अक्रियत्वं क्रियाभ्रंशो भ्रष्टकारकता पुनः ।
कर्त्रादिकारकाभावो विसन्धिः सन्धिदूषणम् ।१५।
विगतो वा विरुद्धो वा सन्धिः स भवति द्विधा ।
सन्धेर्विरुद्धता कष्टपादादर्थान्तरागमात् ।१६।
पुनरुक्तत्वमाभीक्ष्ण्यादभिधानं द्विधैव तत् ।
अर्थावृत्तिः पदावृत्तिरर्थावृत्तिरपि द्विधा ।१७।
प्रयुक्तवरशब्देन तथा शब्दान्तरेण च ।
नावर्त्तते पदावृत्तौ वाच्यमावर्त्तते पदम् ।१८।
व्यस्तसम्बन्धता सुष्ठु सम्बन्धो व्यवधानतः ।
सम्बन्धान्तरनिर्भासात्सम्बन्धान्तरजन्मनः ।१९।
अभावे ऽपि तयोरन्तर्व्यवधानात्त्रिधैव सा ।
अन्तरा पदवाक्याभ्यां प्रतिभेदं पुनर्द्विधा ।२०।
वाच्यमर्थार्थ्यमानत्वात्तदद्विधा पदवाक्ययोः ।
व्युत्पादितं पूर्ववाच्यं व्युत्पाद्यञ्चेति भिद्यते ।२१।
इष्टव्याघातकारित्वं हेतोः स्यादसमर्थता ।

अविस्पष्टका निम्नलिखित—गूढार्थता, विपर्यस्तार्थता र संशायितार्थता भेद पाइन्छन् । अर्थलाई धेरै कठिनतापूर्वक ग्रहण गर्न सकिने गूढार्थता दोष हो । भन्न खोजेको भन्दा भिन्न अर्थ निस्कने गरी दूषित शब्दार्थको प्रयोग छ भने विपर्यस्तार्थता भन्ने दोष लाग्छ । अन्यार्थत्व र असमर्थत्व यी दुई दोषहरू पनि विपर्यस्तार्थतालाई नै पछ्याउँछन् । जसमा अर्थ शङ्कास्पद हुन्छ त्यसलाई संशयितार्थता भन्दछन् । सहृदयी पाठकका लागि यो उद्वेग उत्पन्न गराउने भएन भने दोष मानिँदैन । सजिलैसँग उच्चारण हुन नसक्नुलाई कष्टत्व दोष मानिन्छ । जुन रचना कविले निर्धारण गरेको समयको सीमा नाघेको हुन्छ त्यसमा असामयिकता दोष हुन्छ भन्ने मानिन्छ। त्यही असामयिकतालाई नै मुनिहरू नेया पनि भन्दछन् । निकृष्ट र दूषित अर्थको बोध हुने काव्यमा ग्राम्यता दोष हुन्छ। निन्दनीय ग्राम्य अर्थका कथनले त्यस्तो सम्झना र त्यसका वाचक पदहरूको समानता रहँदा यी तीन अवस्थामा ग्राम्य दोष तीन किसिमको हुन्छ । अर्थ दोष, साधारण र प्रातिस्वितक गरी जम्मा दुई प्रकारको हुन्छ। जुन दोष अनेकौं ठाउँमा हुन सक्छ त्यसलाई साधारण मानिएको छ । क्रियाभ्रंश, कारकभ्रंश, विसन्धि, पुनरुक्ति र व्यस्तसम्बन्धताको भेदले साधारण दोष पाँच किसिमको हुन्छ। क्रियाविहीनलाई क्रियाभ्रंश, कारकको अभावमा कारकभंश र सन्धिहरूमा दोष हुनुलाई विसन्धि भनिएको छ। अभाव र विरुद्ध सन्धि गरी विसन्धि दोष दुई किसिमको हुन्छ। विरुद्ध पद र अर्थ प्रकट गरायो भने विरुद्ध सन्धिलाई दुःखदायी मानिन्छ। बारम्बार कथन दोहोरियो भने पुनरुक्तत्व दोष हुन्छ भनिन्छ। त्यो पनि अर्थावृत्ति र पदावृत्ति गरी दुई किसिमको हुन्छ। अर्थावृत्ति पनि दुई किसिमको नै हुन्छ। काव्यमा प्रयोग भएको वा बताइएका शब्दद्वारा एवं अर्को शब्दद्वारा नै पनि पदावृत्ति हुँदा अर्थको आवृत्ति हुँदैन, केवल पदको मात्रै आवृत्ति हुन्छ। जहाँ व्यवधानको सम्बन्ध शक्तिशाली हुन्छ त्यस ठाउँमा व्यस्त सम्बन्धता भन्ने दोष हुन्छ । सम्बन्धको अन्तर भएको देखिएमा, सम्बन्धको अन्तरबाट उत्पन्न हुँदा वा यी दुवैका अभावमा पनि आन्तरिक व्यवधानले पनि क्रमशः यिनै तीन प्रकारको व्यस्त सम्बन्धता भन्ने दोष हुन्छ । बीचमा पद वा वाक्यले छेकेका कारण उक्त भेदहरूकै पनि सबै अरू दुईदुई भेद हुन्छन् । पद र वाक्यमा अर्थ र अर्थ्यमानका भेदले गर्दा वाक्यार्थका दुईवटा भेद हुन्छन् । पदगत वाच्य पनि व्युत्पादित र व्युत्पाद्य गरी दुई भेद भएको हुन्छ भन्ने मानिएको छ ।१–२१।

यदि अभीष्ट सिद्धिका लागि हेतुले बाधा पार्‍यो भने त्यो पनि दोष नै हो भनेर मान्नुपर्दछ । यस्तो हेतु दोष असमर्थत्व,

असिद्धत्वं विरुद्धत्वमनैकान्तिकता तथा ।२२।
एवं सत्प्रतिपक्षत्वं कालातीतत्वसङ्करः ।
पक्षे सपक्षे नास्तित्वं विपक्षेऽस्तित्वमेव तत् ।२३।
काव्येषु पारिषद्यानां न भवेदप्यरुन्तुदम् ।
एकादश निरर्थत्वं दुष्करादौ न दुष्यति ।२४।
दुःखीकरोति दोषज्ञान्गूढार्थत्वं न दुष्करे ।
न ग्राम्यतोद्वेगकारी प्रसिद्धेर्लोकशास्त्रयोः ।२५।
क्रियाभ्रंशेन लक्ष्मास्ति क्रियाध्याहारयोगतः ।
भ्रष्टकारकताक्षेपबलाध्याहृतकारके ।२६।
प्रगृह्ये गृह्यते नैव क्षतं विगतसन्धिना ।
कष्टपाठाद्विसन्धित्वं दुर्वचादौ न दुर्भगम् ।२७।
अनुप्रासे पदावृत्तिर्व्यस्तसम्बन्धता शुभा ।
नार्थसंग्रहणे दोषो व्युत्क्रमाद्यैर्न लिप्यते ।२८।
विभक्तिसंज्ञालिङ्गानां यत्रोद्वेगो न धीमताम् ।
सङ्ख्यायास्तत्र भिन्नत्वमुपमानोपमेययोः ।२९।
अनेकस्य तथैकेन बहुनां बहुभिः शुभा ।
कविनां समुदाचारः समयो नाम गीयते ।३०।
सामान्यश्च विशिष्टश्च धर्मवद्भवति द्विधा ।
सिद्धसैद्धान्तिकानाश्च कवीनाञ्चाविवादतः ।३१।
य प्रसिध्यति सामान्य इत्यसौ समयो मतः ।
सर्वे सिद्धान्तिका येन सञ्चरन्ति निरत्ययम् ।३२।
कियन्त एव वा येन सामान्यस्तेन स द्विधा ।
छेदसिद्धान्ततोऽन्यः स्यात्केषाञ्चिद्भ्रान्तितो यथा ।३३।
तर्कज्ञानं मुनेः कस्य कस्यचित्क्षणभङ्गिका ।
भूतचैतन्यता कस्य ज्ञानस्य सुप्रकाशता ।३४।
प्रज्ञातस्थूलता शब्दानेकान्तत्वं तथार्हतः ।
शैववैष्णवशाक्तेयसौरसिद्धान्तिनां मतिः ।३५।
जगतः कारणं ब्रह्म साङ्ख्यानां सप्रधानकम् ।
अस्मिन्सरस्वतीलोके सञ्चरन्तः परस्परम् ।३६।
बध्नन्ति व्यतिपश्यन्तो यद्विशिष्टः स उच्यते ।

असिद्धत्व, विरुद्धत्व, अनेकान्तिकता, सत्प्रतिपक्षत्व, कालातीतत्त्व, सङ्कर, विपक्षमा अभाव, सपक्षमा अभाव, विपक्षमा अस्तित्व र एघारौँ निरर्थकता गरी जम्मा एघार खालको हुन्छ । यस्ता इष्टमा हानि पार्ने दोषले काव्यमा, नाटकमा र सहृदय सभासदहरूमा मार्मिक पीडा उत्पन्न गराउँछन् । निरर्थकत्व दोषलाई दुष्कर चित्रबन्ध आदि काव्यहरूमा दूषित मानिँदैन । पहिले बताइएको गूढार्थत्व दोष पनि दुष्कर चित्रबन्ध आदिमा विद्वान्हरूका लागि दुःखप्रद भएझैँ लाग्दैन । लोकमा र शास्त्रमा समर्थन पाएको छ भने ग्राम्य दोष पनि दुःखदायी हुँदैन । क्रियाभ्रंशमा पनि क्रियाको अध्याहार गरेर सम्बन्ध गाँस्न सकेमा त्यो दोष रहँदैन । यसै गरी भ्रष्टकारकता दोष पनि आक्षेप गरेर कारक राख्न सकियो भने रहिरहँदैन । जुन ठाउँमा प्रगृह्य संज्ञा भएका कारण प्रकृति भाव गराउन सकिन्छ त्यहाँ विसन्धित्व दोष हटाउन पाइन्छ । सन्धि गर्दा उच्चारणमा असुविधा पर्छ भने त्यस्ता ठाउँमा सन्धि नगर्दा विसन्धित्व दोष लाग्दैन । अनुप्रास अलङ्कारलाई संयोजन गर्नका लागि पदहरूको आवृत्त भएको छ भने त्यस्तो व्यस्त सम्बन्धता शुभ हो र त्यो दोष नभई गुण हुन्छ । अर्थ सङ्ग्रहमा अर्थको आवृत्ति दोषकारक हुँदैन र त्यो क्रम नाघेको दोषी पनि रहँदैन । उपमान र उपमेयका बीच विभक्ति, लिङ्ग र वचनबाट पनि विद्वान्हरूलाई उद्वेगको अनुभव नभएसम्म दोषकारक मानिँदैन । उद्वेग वा खिन्न पार्दैनन् भने दोष भनेर मानिएका अरू नै पनि दोष हुँदैनन् । अनेकलाई एकले र धेरैलाई धेरैले नै दिएको उपमा शुभ मानिन्छ । कविहरूका परम्पराले अनुमोदन गरेको सदाचार नै समय हो । त्यस्तै समयद्वारा समस्त सिद्धान्तवादीहरू निर्बाध गतिमा हिँड्छन् र त्यसै समयका नियममा कतिपय सिद्धान्तवादी हिँड्छन् । यस प्रकार सामान्यतया समय पनि दुई भेदले दुई भागमा विभक्त हुन्छ। यस्तो कसैले सिद्धान्तको आश्रय लिँदा र कसैले भ्रान्तिमा पर्दा उत्पन्न भएको हुन्छ । कुनै मुनिका सिद्धान्तको आधार तर्क हुन्छ भने कसैको मत क्षणिक विज्ञानवादमा अडिएको हुन्छ। कसैको मतअनुसार पञ्चमहाभूतको सङ्घातका कारण शरीरमा चेतना आउँछ भने कोही स्वतः प्रकाशित ज्ञानलाई नै चेतनाको रूप मान्दछन् कोही प्रज्ञात स्थूलतावादी छन् र कोही शब्दानेकान्तवादी छन् । शैव, वैष्णव, शाक्त र सौर सिद्धान्तलाई मान्नेहरूका विचारमा यस संसारको कारण ब्रह्म हो तर साङ्ख्यवादीहरू प्रधानतत्त्व प्रकृतिलाई नै यस दृश्य संसारको कारण मान्दछन् । यसै वाणीलोकमा विचरण गर्दै, एकअर्काभन्दा फरक दृष्टिकोणका कारण विपरीत प्रकारमा युक्तिहरूद्वारा एकअर्कालाई आबद्ध गर्दछन् । उनीहरूको

परिग्रहादप्यसतां सतामेवापरिग्रहात् ।३७।
भिद्यमानस्य तस्यायं द्वैविध्यमुपगीयते ।
प्रत्यक्षादिप्रमाणैर्यद्बाधितं तदसद्विदुः ।३८।
कविभिस्तत्प्रतिग्राह्यं ज्ञानस्य द्योतमानता ।
यदेवार्थक्रियाकारि तदेव परमार्थसत् ।३९।
अज्ञानाज्ज्ञानतस्त्वेकं ब्रह्मैव परमार्थसत् ।
विष्णुः स्वर्गादिहेतुः स शब्दालङ्काररूपवान् ।
अपरा च परा विद्या तां ज्ञात्वा मुच्यते भवात् ।४०।

त्यही मत वा मार्गको विभिन्नता नै विशिष्ट समय हो भनिएको छ । यो विशिष्ट समय नै पनि असत्लाई ग्रहण र सत्लाई परित्याग गरेका कारण दुई भागमा विभक्त हुन्छ । प्रत्यक्ष आदि प्रमाणहरूमा आबद्ध भएका मतलाई असत् मान्दछन् । जहाँ ज्ञानको प्रकाश हुन्छ त्यही मत कविहरूले ग्रहण गर्नु पर्ने हो । जसले सार्थक क्रियामा संलग्न गराउँछ त्यही नै परमार्थ सत् हो । अज्ञान वर ज्ञानभन्दा पर जुन एकमात्र ब्रह्म छ त्यही जान्न योग्य परमार्थ सत् हो । त्यही नै सृष्टि, पालन र संहारको कारण स्वरूप विष्णु हो, त्यही शब्द र अलङ्कारको रूप हो । त्यही नै अपरा र परा विद्या हो । त्यसैलाई जानेपछि मानिस संसारको बन्धनबाट मुक्त हुन्छ ।२२–४०।

३४८. अष्टचत्वारिंशदधिकत्रिशततमोऽध्यायः

एकाक्षरकोश

अग्निरुवाच
एकाक्षराभिधानं च मातृकान्तं वदामि ते ।
अ विष्णुः प्रतिषेधः स्यादा पितामहवाक्ययोः ।१।
सीमायामथाव्ययं आ भवेत्सन्क्रोधपीडयोः ।
इः कामे रतिलक्ष्म्योरी उः शिवे रक्षकाद्य ऊः ।२।
ऋ शब्दे चादितौ ॠ स्याल्लृ ॡ ते वै दितौ गुहे ।
ए देवी ऐ योगिनी स्यादो ब्रह्मा औ महेश्वरः ।३।
अङ्कामः अः प्रशस्तः स्यात्को ब्रह्मादौ कु कुत्सिते ।
खं शून्येन्द्रियं खं गो गन्धर्वे च विनायके ।४।
गं गीते गो गायने स्याद् घो घण्टाकिङ्किणीमुखे ।
ताडने ङश्च विषये स्पृहायाञ्चैव भैरवे ।५।
चो दुर्जने निर्मले छश्छेदे जिर्जयने तथा ।
जं गीते झः प्रशस्ते स्याद्बले ञो गायने च टः ।६।
ठश्चन्द्रमण्डले शून्ये शिवे चोद्बन्धने मतः ।
डश्च रुद्रे ध्वनौ त्रासे ढक्कायां ढो ध्वनौ मतः ।७।
णो निष्कर्षे निश्चये च तश्चौरे क्रोडपुच्छके ।
भक्षणे थश्छेदने दो धारणे शोभने मतः ।८।

अग्निदेव भन्दछन्— अब म तिमिलाई एकाक्षरी अभिधान तथा मातृकाहरूका नाम र मन्त्रका विषयमा भन्दछु । सुन, अ भगवान् विष्णुको नाम हो । अ निषेध अर्थमा पनि आउँछ । आ ब्रह्मालाई चिनाउने हो । वाक्यको प्रयोगमा पनि त्यसलाई उपयोग गरिन्छ । आ अव्यय पद सीमा अर्थमा पनि लाग्दछ । क्रोध र पीडा अर्थमा पनि त्यसको प्रयोग हुन्छ । इ कामका अर्थमा प्रयोग हुन्छ । ई रति र लक्ष्मीका अर्थमा आउँछ । उ शिवको सूचक हो । ऊ रक्षक भन्ने अर्थमा आउँछ । ऋ शब्दको बोधक हो । ॠ अदितिका अर्थमा लाग्दछ । लृ र ॡ यी दुवै अक्षर दिति र कुमार कार्तिकेयको अर्थ दिने हुन् । ए को अर्थ देवी हो । ऐ योगिनीको वाचक हो । ओ ब्रह्माका अर्थ र औ महादेवका अर्थ जानकारी गराउने हुन् । अं को प्रयोग काम अर्थमा हुन्छ । अः को अर्थ प्रशंसित वा उत्तम हुन्छ । क ब्रह्मा आदिका अर्थमा प्रयोग हुन्छ । कु निन्दित वा कुत्सित भन्ने अर्थमा लाग्छ । खं भन्ने पद शून्य, इन्द्रिय र मुख अर्थमा आउँछ । ग अक्षर पुंलिङ्गी भएमा गणेश, गन्धर्व र गायक भन्ने अर्थमा आउँछ । नपुंसक लिङ्गमा ग को अर्थ गीत हुन्छ । घ अक्षर घण्टा र करधनीको अघिल्लो फुर्काको अर्थमा आउँछ । कुट्ने अर्थमा पनि घ आउँछ । ङ अक्षर विषय, स्पृहा र भैरवलाई जनाउने हुन्छ । च दुर्जन र निर्मल अर्थमा प्रयोग हुन्छ । छ को अर्थ छिनाउने हो । जि जिल्ने अर्थमा हुन्छ । ज पदले गीतको अर्थ दिन्छ । झ को अर्थ प्रशंसित, ञ को अर्थ बल र ट को अर्थ गायन हो । ठ को अर्थ चन्द्रमण्डल, शून्य,

धो धातरि च धूस्तूरे नो वृन्द सुगते तथा ।
प उपवने विख्यातः पश्च झञ्झानिले मतः ।९।
फुः फूत्कारे निष्फले च बिः पक्षी भं च तारके ।
मा श्रीर्मानं च माता स्याद्यागे यो यातृवीरणे ।१०।
रो वह्नौ बलशक्रे च लो विधातरि ईरितः ।
विश्लेषणे वो वरुणे शयने शश्च शं सुखे ।११।
षः श्रेष्ठे सः परोक्षे च सा लक्ष्मीः सं कचे मतः ।
धारणे हस्तथा रुद्रे क्षः क्षत्रे चाक्षरे मतः ।१२।
क्षो नृसिंहे हरौ तद्वत्क्षेत्रपालकयोरपि ।
मन्त्र एकाक्षरो देवो भुक्तिमुक्तिप्रदायकः ।१३।
है हयशिरसे नमः सर्वविद्याप्रदो मनुः ।
अकाराद्यास्तथा मन्त्रा मातृकामन्त्र उत्तमः ।१४।
एकपद्मेऽर्चयेदेतान्नव दुर्गाश्च पूजयेत् ।
भगवती कात्यायनी कौशिकी चाथ चण्डिका ।१५।
प्रचण्डा सुरनायिका उग्रा पार्वती दुर्गया ओं चण्डिकायै विद्महे भगवत्यै धीमहि तन्नो दुर्गा प्रचोदयात् क्रमादि तु षडङ्गं स्याद्गणो गुरुर्गुरुः क्रमात् ।१६।
अजितापराजिता चाथ जया च विजया ततः ।
कात्यायनी भद्रकाली मङ्गला सिद्धिरेवती ।१७।
सिद्धादिबटुकाः पूज्या हेतुकश्च कपालिकः ।
एकपादो भीमरूपो दिक्पालान्मध्यतो नव ।१८।
ह्रीं दुर्गेदुर्गे रक्षणि स्वाहा मन्त्रार्थसिद्धये ।
गौरी पूज्या च धर्माद्याः स्कन्दाद्याः शक्तयो यजेत् ।१९।
प्रज्ञा ज्ञाना क्रिया वाचा वागीशी ज्वालिनी तथा ।
कामिनी काममाला च इन्द्राद्याः शक्तिपूजनम् ।२०।
ओं गं स्वाहा मूलमन्त्रोऽयं गं वा गणपतये नमः ।
षडङ्गो रक्तशुक्लश्च दन्ताक्षपरशूत्कटः ।२१।
समोदकोऽथ गन्धादिगन्धोल्कायेति च क्रमात् ।
गजो महागणपतिर्महोल्कः पूज्य एव च ।२२।
कूष्माण्डाय एकदन्तत्रिपुरान्तकाय श्यामदन्तविकटहरहासाय

शिव, उदबन्धन हुन्छ। ड को अर्थ अक्षर, रुद्र, ध्वनि एवं त्रास भन्ने लाग्दछ । डमरु र त्यसको आवाजका अर्थमा ढ अक्षर प्रयोग हुन्छ । ण निर्णय र निश्चय भन्ने अर्थमा आउँछ । त को अर्थ चोर, तस्कर र सुँगुर भन्ने हुन्छ। थ खाने अर्थमा र द छेदन, धारण र शोभन भन्ने अर्थमा आउँछ। ध धाता, धतुरोका अर्थमा प्रयोग हुन आउँछ। न को अर्थ समूह र बुद्धिमान् हो। प बगैँचा र पूः आँधीका अर्थमा आउँछन् । फु फुको र निष्फल हुने अर्थमा आउँछ। बि पक्षी र म तारा भन्ने अर्थमा बोधक हुन्छन्। मा को अर्थ लक्ष्मी, मान र माता हुन्छन् । य योग, यात्री, दया एवं ईरिण नामको वृक्षका अर्थमा आउँछ । र को अर्थ अग्नि, बल र इन्द्र हुन्छन् । ल विधाता, व विश्लेषण र वरुण तथा श शयन एवं सुख भन्ने अर्थमा आउँछ । ष को अर्थ श्रेष्ठ, स को परोक्ष, सा को लक्ष्मी, स को केश, ह को धारण तथा रुद्र र क्ष को क्षेत्र, अक्षर, नृसिंह, हरि तथा क्षेत्रको पालक हुन्छ। एकाक्षरी मन्त्र देवताको रूप हुन्छ र त्यसले भोग एवं मोक्ष दिन्छ। क्षौं हयशिरसे नमः यो सबै खालका विद्या दिने मन्त्र हो। अकार आदि नौ अक्षरहरू पनि मन्त्र नै हुन्। तिनीहरूलाई उत्तम मातृका मन्त्र भनिन्छ। यी मन्त्रहरूलाई एउटा कमलका दलमा स्थापित गरेर पूजा गर्नु पर्दछ। यिनीहरूमैं नौ दुर्गाहरूको पनि पूजा गरिन्छ। भगवती, कात्यायनी, कौशिकी, चण्डिका, प्रचण्डा, सुरनायिका, उग्रा, पार्वती तथा दुर्गाको पूजा गर्नुपर्दछ। ओं चण्डिकायै विद्महे भगवत्यै धीमहि तन्नो दुर्गा प्रचोदयात् यो दुर्गामन्त्र हो। षडङ्ग आदिको क्रमले नै पूजा गर्नु उचित हुन्छ। अजिता, अपराजिता, जया, विजया, कात्यायनी, भद्रकाली, मङ्गला, सिद्धि, रेवती, सिद्ध आदि वटुक तथा एकपाद, भीमरूप, हेतुक, कापालिकको पूज गर्नुपर्दछ। बीच भागमा नौ दिक्पालहरूको पूजा गर्नुपर्दछ। मन्त्रको अर्थ सिद्धिका लागि ह्रीं दुर्गे रक्षिणि स्वाहा भन्ने मन्त्रको जप गर्नुपर्दछ । गौरीको पूजा गर्नुपर्दछ र धर्म, शक्ति आदिको एवं स्कन्दको उपासना गर्नुपर्दछ। प्रज्ञा, ज्ञानक्रिया, वाचा, वागीशी, ज्वालिनी, वामा, ज्येष्ठा, रौद्रा, गौरी, ह्री तथा पुरस्सरा देवीलाई ह्रीं सः महागौरी रुद्रदयिते स्वाहा भन्ने मन्त्रले महागौरी, ज्ञानशक्ति, क्रियाशक्ति, सुभगा, ललिता, कामिनी, काममाला र इन्द्रादि शक्तिहरूको पूजा पनि एकाक्षरी मन्त्रले नै हुन्छ । गणेश पूजाका लागि ओं गं स्वाहा भन्ने मूल मन्त्र हो अथवा गं गणपतये नमः भन्नेले पनि उनको पुजा हुन्छ। रक्त, शुक्ल, दन्त, नेत्र, परशु र मोदक यी षडङ्ग हुन् भनिएको छ। गन्धोल्काय नमः भन्ने मन्त्रले क्रमैसँग गन्ध आदि चढाउनुपर्दछ । महागणपति र

एकदन्तत्रिपुरान्तकाय श्यामदन्तविकटहरहासाय लम्बनासाननाय पद्मदंष्ट्राय मेघोल्काय धूमोल्काय वक्रतुण्डाय विघ्नेश्वराय विकटोत्कटाय गजेन्द्रगमनाय भुजगेन्द्रहाराय शशाङ्कधराय गणाधिपतये स्वाहा एतैर्मनुभिः स्वाहान्तैः पूज्यः तिलहोमादिनार्थभाक् काद्यैर्वा बीजसंयुक्तैस्तैराद्यैश्च नमोऽन्तकैः ।२३।
मन्त्राः पृथक्पृथग्वा स्युर्द्विरेफद्विर्मुखाक्षिणः ।
कात्यायनं स्कन्द आह यत्तद्व्याकरणं वदे ।२४।

महोल्क पूजाका लागि योग्य छन् । कूष्माण्डाय, एकदन्ताय, त्रिपुरान्तकाय, श्यामदन्तविकटहरहासाय, लम्बनासाननाय, पद्मदंष्ट्राय, मेघोल्काय, धूमोल्काय, वक्रतुण्डाय, विघ्नेश्वराय, विकटोत्किटाय, गजेन्द्रगमनाय, भुजगेन्द्रहाराय, शशाङ्कधराय, गणाधिपतये स्वाहा भन्ने मन्त्रहरूले सुरुमा क आदि एकाक्षरी बीज मन्त्र लगाउँदै र अन्त्यमा नमः एवं स्वाहा शब्द जोड्दै प्रयोग गर्नुपर्दछ । त्यसपछि यिनै मन्त्रहरूद्वारा तिलको होम आदि गरेर मन्त्रको अर्थ स्वरूप देवताको पूजा गर्नुपर्दछ । अथवा द्विरेफ, द्विमुख एवं द्व्यक्ष आदि छुट्टाछुट्टै मन्त्र पनि हुन सक्छन् । यसपछि कुमार कार्तिकेयले कात्यायनलाई जुन व्याकरणको उपदेश दिए त्यो बताउँछु ।१-२४।

३४९. ऊनपञ्चाशदधिकत्रिशततमोऽध्यायः

कौमारव्याकरण

स्कन्द उवाच

वक्ष्ये व्याकरणं सारं सिद्धशब्दस्वरूपकम् ।

कात्यायनविबोधाय बालानां बोधनाय च ।१।

प्रत्याहारादिकाः संज्ञाः शास्त्रसंव्यवहारगाः अइउण् ऋऌक् एओङ् ऐऔच् हयवरट् लण् ञमङणनम् झभञ् घढधष् जबगडदश् खफछठथचटतव् कपय् शषसर् हल् इति प्रत्याहारः उपदेश इद्धलन्तं भवेदजनुनासिकः ।२।

आदिवर्णो गृह्यमाणोऽप्यन्त्येनेता सहैव तु ।

तयोर्मध्यगतानां स्याद् ग्राहकः स्वस्य तद्यथा ।३।

अण् एङ् अट् यङ् छव् झम् भष् अक् इक् अण् इण् यण् परेण णकारेण । अम् यम् ङम् अच् इच् ऐच् अय् मय् झय् खय् जव् झव् खव् शव् अश् हश् वश् भश् अल् हल् बल् रल् झल् शल् इति प्रत्याहाराः ।४।

कार्तिकेयले भने— हे कात्यायन ! अब म बालकको ज्ञानका लागि व्याकरणको सार बताउन लागेको छु सुन । सबैभन्दा पहिले प्रत्याहार आदि संज्ञाहरू बताइनेछ छ र तिनीहरू नै व्यारकणको प्रक्रियामा प्रयोग हुनेछन् । अइउण् ऋऌक् एओङ् ऐऔच् हयवरट् लण् यमङणनम् झभञ् घढधष् जबगडदश् खफछठथचटतव् कपय् शषसर् हल् यी महेश्वर सूत्र एवं अक्षर समाम्नाय हुन् भनिएको छ । यिनीहरूबाट नै अण् आदि प्रत्याहार बनेका हुन्छन् । उपदेश अवस्थाको अन्तिम हल् र अनुनासिक अच् को इत् संज्ञा हुन्छ । अन्तिम इत् संज्ञा भएका वर्णसँगै ग्रहण गरिने पहिलो वर्णले अन्तिम हल् वर्णका बीचमा रहेका र स्वयंलाई पनि ग्रहण गराउँछ । यसैलाई प्रत्याहार भन्दछन् । यो कुरो तल उल् लेख भएका उदाहरणहरूले स्पष्ट हुन्छ । अण् एङ् अट् यय् छव् झष् भष् अक् इक् उक् अण् इण् यण् यी तीनवटा ण् पछिल्लो अर्थात् लण् सूत्रमा भएका णकारले बनेका हुन्छन् । अम् यम् ङम् अच् इच् एच् ऐच् अय् मय् झय् खय् जश् झर् खर् चर् यर् शर् अश् हश् वश् झश् अल् हल् वल् रल् झल् शल् यी सबै नै प्रत्याहार हुन् ।१-४।

३५०. पञ्चाशदधिकत्रिशततमोऽध्यायः

सन्धिसिद्धरूप

स्कन्द उवाच

वक्ष्ये सन्धिसिद्धरूपं स्वरसन्धिमथादितः।
दण्डाग्रं सागता दधीदं नदीहते मधूदकम् ।१।
पितृषभः लृकारश्च तवेदं सकलोदकम्।
अर्धर्च्चोऽयं तवल्कारः सैषा सैन्द्री तवौदनम् ।२।
खट्वौघोऽभवदित्येवं व्युसुधीर्वस्वलङ्लृतम्।
पित्रर्थोपवनं दात्री नायको लावको नयः ।३।
त इह तयिहेत्यादितेऽत्र योऽत्र जलेऽकजम्।
प्रकृतिं नो अहो एहि अ अवेहि इ इन्द्रकम् ।४।
उ उत्तिष्ठ कवी एतौ वायू एतौ वने इमे।
अमी एते यज्ञभूते एहि देव इमन्नय ।५।
वक्ष्ये सन्धिं व्यञ्जनानां वाग्यतोऽजेकमातृकः।
षडेते तदिमे वादि वाङ्नीतिः षण्मुखादिकम् ।६।
वाङ्मनसं वाग्भावादिर्वाक्श्लक्ष्णं तच्छरीरकम्।
तल्लुनाति तच्चरेच्च क्रुङ्ङास्ते च सुगण्णिह ।७।
भवांश्चरन् भवांश्छात्रो भवांष्टीका भवांष्ठकः।
भवांस्तीर्थं भवांस्थेयान् भवाँल्लेखा भवाञ्जयः ।८।
भवाञ्छेते भवाञ्चशेते भवाञ्शेते भवाण्डीनः।
त्वम्भर्त्ता त्वङ्करिष्यादिः सन्धिर्ज्ञेयो विसर्गतः ।९।
कश्छिद्यात् कश्चरेत् कष्टः कष्ठः कस्थश्च कश्चलेत्।
कःखनेत कःकरोति स्म कःपठेत् ःफलेत वा ।१०।
कश्श्वशुरः कः श्वशुरः कस्सावरः कः सावरः।
कः फलेत कः शायिता कोऽत्र योधः क उत्तमः ।११।
देवा एते भो इह सोदरा यान्ति भगो व्रज।
सुपूः सुदूरात्रिरत्र वायुर्याति पुनर्न हि ।१२।
पुनरेति स यातीह एष याति क ईश्वरः।
ज्योतीरूपं तवच्छत्रं म्लेच्छधीश्छिद्रमच्छिदत् ।१३।

कार्तिकेयले भने– हे कात्यायन ! अब म सन्धिका सिद्ध रूपहरूको वर्णन गर्दछु। पहिले स्वरसन्धिका विषयमा भनिनेछ। दण्डाग्राम, साऽऽगता, दधीदम्, नदीहते, मधूदकम्, पितृषभः, लृकारः, तवेदम्, सकलोदकम्, अर्धर्चोऽयम्, तवल्कारः, सैषा, सैन्द्री, तवौदनम्, खट्वौघोऽभवत्, इत्येवम्, व्युसुधीः, वस्वलङ्कृतम्, पित्रर्थोपवनम्, दात्री, नायकः, लावकः, नयः, त इह, तयिह इत्यादि । तेऽत्र, योऽत्र, जलेऽकजम्। जहाँ सन्धि नभएर प्रकृत रूप नै रहन्छ त्यसलाई प्रकृतिभाव भन्दछन्। त्यसका उदाहरणहरू नो अहो, ऐहि, अ अवेहि, इ इन्द्रकम्, उ उत्तिष्ठ, कवी एतौ, वायु एतौ, वने इमे, अमी एते, यज्ञभूते एहि देव इमं नय आदि हुन्। अब व्यञ्जन सन्धिको वर्णन गर्दछु। वाग्यतः, अजेकमातृकः, षडेते, तदिमे, अबादि, वाङ्नीतिः, षण्मुखः, वाङ्मनसम् इत्यादि हुन् । वाग्भावादिः, वाक्श्लक्ष्णम्, तच्छरीरकम्, तल्लुनाति, तच्चरेत्, क्रुङ्ङास्ते, सुगण्णिह, भवांश्चरन्, भवांश्छात्रः, भवांष्टीका, भवांष्ठकः, भवांस्तीर्थम्, भवांस्थेत्याह भवाँल्लेखा, भवाञ्जयः, भवाञ्छेते, भवाञ्चशेते, भवाञ्शेते, भवाण्डीनः, सम्भर्त्ता, त्वङ्करिष्यसि इत्यादि । त्यसभन्दा पछिका पदावलीहरूमा विसर्ग सन्धि हुन्छ भन्ने जान्नुपर्दछ । कश्छिन्द्यात्, कश्चरेत्, कष्टः, कष्ठः, कश्चलेत्, कः खनेत्, कः करोति, कः पठेत्, कः फलेत्, कश्श्वशुरः, कः श्वशुरः, कस्स्वरः, कः स्वरः कः फलेत्, कः शयिता, कोऽत्रयोधः, क उत्तमः देवाएते, भो इह, स्वदेवा यान्ति, भगो व्रन सु पूः, सुदूरात्रिरत्र, वायुर्याति, पुनर्नहि, पुना राति, स यातीह, सैष याति, क ईश्वरः ज्योतीरूपम्, तवच्छत्रम्, म्लेच्छ धीः, छिद्रमाच्छिदत् ।१–१३।

३५१. एकपञ्चाशदधिकत्रिशततमोऽध्यायः

सुब्विभक्तिसिद्धरूप

स्कन्द उवाच
विभक्तिसिद्धरूपं च कात्यायन वदामि ते ।
द्वे विभक्ति सुप्तिङश्च सुपः सप्त विभक्तयः ।१।
सुऔजसिति प्रथमा अमौट्शसो द्वितीया ।
टाभ्यांभिसिति तृतीया ङेभ्यांभ्यसश्चतुर्थ्यपि ।२।
ङसिभ्यांभ्यसः पञ्चमी स्यात् ङसोसामिति षष्ठ्यपि ।
ङिओत्सुबिति सप्तमी स्यात्स्युः प्रातिपदिकात्पराः ।३।
द्विविधं प्रातिपदिकं ह्यजन्तञ्च हलन्तकम् ।
प्रत्येकं त्रिविधं तत्स्यात्पुमांस्त्री च नपुंसकम् ।४।
दर्श्यन्ते नायकास्तेषामनुक्तानां च वीर्य्यतः ।
वृक्षः सर्वोऽथ पूर्वश्च प्रथमश्च द्वितीयकः ।५।
तृतीयः खण्डपा वह्निः सखा पतिरहर्पतिः ।
पटुर्ना ग्रामणीन्द्रश्च खलपूर्मित्रभूः स्वभूः ।६।
सुश्रीः सुधीः पिता भ्राता ना कर्त्ता क्रोष्टुनप्तृकौ ।
सुरा रा गौस्तथा द्यौर्ग्लौः स्वरान्ताः पुंसि नायकाः ।७।
सुवाक्त्वक्पृषत्सम्राट् जन्मभाक् च सुराडपि ।
आपो मरुद्भवन्दीव्यन्भवांश्च मधवान्पिबन् ।८।
भगवानघवानर्वावह्निमत्सर्ववित्सुपृत् ।
सुसोमा कुण्डी राजा च श्वा युवा मघवा तथा ।९।
पूषा सुकर्मा यज्वा च सुवर्मा च सुधर्मणा ।
अर्य्यमा वृत्रहा पन्थाः सुककुदादिपञ्च च ।१०।
प्रशान्सुतांश्च पञ्चाद्याः सुगीः सुराः सुपूरपि ।
चन्द्रमाः सुवचाः श्रेयान्विद्वांश्चोशनसा सह ।११।
पेचिवान्गौरवानड्वान्गोधुङ्मित्रद्रुहौ श्वलिट् ।
स्त्रियां जाया जरा बाला एडका सह वृद्धया ।१२।
क्षत्रिया बहुराजा च बहुदामाऽथ बालिका ।
माया कौमुदगन्धा च सर्वा पूर्वा सहान्यया ।१३।
द्वितीया च तृतीया च बुद्धिः स्त्री श्रीर्नदी सुधीः ।
भवन्ती चैव दीव्यन्ती भाती भान्ती च यान्त्यपि ।१४।
शृण्वती तुदती कर्त्री तुदन्ती कुर्वती मही ।
रुन्धती क्रीडती दान्ती पालयन्ती सुराण्यपि ।१५।
गौरी पुत्रवती नीश्च वधूर्देवतया भुवा ।
तिस्रो द्वे कति वर्षाभूः स्वसा माता वरा च गौः ।१६।
नौर्वाक्त्वक्प्राच्यवाचीति तिरश्ची समुदीच्यपि ।
शरद्विद्युत्सरिद्योषिदग्निवित्सस्पदा दृषत् ।१७।
यैषा सा वेदवित्संविद्बह्वी राज्ञी त्वया मया ।
सीमा पञ्चादयो राजी धूः पूश्चैव दिशा गिरा ।१८।
चतस्रो विदुषी चैव केयं दिग्दृक्च तादृशी ।
असौ स्त्रियां नायकाश्च नायकाश्च नपुंसके ।१९।

स्कन्द भन्दछन्– हे कात्यायन ! अब म तिम्रा अगाडि विभक्तिका सिद्ध रूपहरूको वर्णन गर्दछु। विभक्ति सुप् र तिङ् गरी दुई खालका हुन्छन्। सुप् विभक्ति सातवटा छन्। सु औ जस यति प्रथमा विभक्ति हुन्। अम् औट् शस् यी द्वितीया, टा भ्याम् भिस् यति तृतीया, ङे भ्याम् भ्यस् यति चतुर्थी, ङसि भ्याम्, भ्यस् यी पञ्चमी, ङस् ओस् आम् यी षष्ठी, ङि ओस् सुप् यति सप्तमी विभक्ति हुन्। यी सातैवटा विभक्ति प्रातिपदिक संज्ञा भएका शब्दभन्दा पर्तिर प्रयोग हुन्छन्। प्रातिपदिक अजन्त र हलन्त गरी दुई किसिमका हुन्छन्। यिनीहरू सबै नै पुँलिङ्ग, स्त्रीलिङ्ग र नपुंसक लिङ्गका भेदले तीनतीन किसिमका हुन्छन्। ती पुँलिङ्ग आदि शब्दहरूका मुख्य शब्दको यहाँ दिग्दर्शन गराइएको छ। जुन शब्दहरूका रूप भनिएका छैनन् ती शब्दहरूका सशक्त नायक यहाँ भनिएका वृक्ष आदि शब्दहरू हुन्। वृक्ष शब्दले रुखको अर्थ दिन्छ। यो अकारान्त पुँलिङ्ग शब्द हो। यसका सात विभक्तिहरूमा र सम्बोधनमा एकवचन, द्विवचन र बहुवचनका भेदले जम्मा गरी चौबीसवटा रूप हुन्छन्। ती सबैलाई यहाँ उल्लेख गरिएको छ। वृक्षः वृक्षौ वृक्षाः वृक्षम् वृक्षौ वृक्षान् वृक्षेण वृक्षाभ्याम् वृक्षैः वृक्षाय वृक्षाभ्याम् वृक्षेभ्यः वृक्षात्, वृक्षाभ्याम् वृक्षेभ्यः वृक्षस्य वृक्षयोः वृक्षाणाम् वृक्षे वृक्षयोः वृक्षेषु हे वृक्ष हे वृक्षौ हे वृक्षाः यसै किसिमले राम, देव, इन्द्र, वरुण, भव आदि शब्दहरूका रूप पनि जान्नुपर्दछ। देव आदि शब्दहरूका तृतीयाको एकवचनमा देवेन तथा षष्ठीको बहुवचनमा देवानाम् इत्यादि रूप हुन्छन्। त्यहाँ न का स्थानमा ण हुँदैन। रेफ र षकारभन्दा पछि आउने न का ठाउँमा मात्रै ण हुन्छ।

अकारान्त शब्दमा सर्वनामहरू भएमा तिनीहरूका रूपमा केही भिन्नता हुन्छ। त्यस भिन्नताको परिचय दिनका लागि सर्वनामको पहिलो वा नायकका रूपमा सर्व शब्दलाई लिएर त्यसैको रूप यहाँ दिइएको छ र त्यसै गरी अरू सर्वनामहरूका पनि रूप चल्दछन् । सर्वः सर्वौ सर्वे सर्वम् सर्वौ सर्वान् सर्वेण सर्वाभ्याम् सर्वैः सर्वस्मै सर्वाभ्याम् सर्वेभ्यः सर्वस्मात् सर्वाभ्याम् सर्वेभ्यः सर्वस्य सर्वयोः सर्वेषाम् सर्वस्मिन् सर्वयोः सर्वेषु हे सर्व हे सर्वौ हे सर्वे । साधारण अकारान्त शब्दको भन्दा सर्वनाम शब्दको रूप पाँच ठाउँमा फरक परेको देखिन्छ। यसपछि पूर्व शब्द आउँछ। त्यो सर्वनाम शब्द भईकन पनि अरू सर्वनामभन्दा केही फरक खालका रूप भएको हुन्छ। पूर्व, पर, अवर, दक्षिण, उत्तर, अपर, अधर यी व्यवस्था र असंज्ञाका अर्थमा सर्वनाम हुन्छन्। स्व र अन्तर शब्द पनि अर्थ विशेषमा नै मात्रै सर्वनाम हुन्छन् । त्यसैले त्यसभन्दा भिन्न अवस्थामा सर्वनामबाहेकको जस्तै रूप लिएका हुन्छन् । यी पूर्व आदि शब्दका प्रथमाको बहुवचनमा र पञ्चमी तथा सप्तमीको एकवचनका रूपहरू विकल्पले सर्वनामकै सरह हुन्छन् । त्यसैले अर्को पक्षमा तिनका सर्वनामभिन्न रूप पनि हुन्छन् । पूर्वे पूर्वाः, परे पराः इत्यादि । पूर्वस्मात् पूर्वात्, पूर्वस्मिन् पूर्वे इत्यादि । प्रथम, द्वितीय र तृतीय यी शब्दहरू सर्वनाम होइनन् तापनि प्रथम शब्दका बहुवचनमा प्रथमे प्रथमाः भन्ने रूप हुन्छन् । चरम आदि शब्दहरूका लागि पनि यस्तै कुरो लागु हुन्छ। द्वितीय र तृतीय शब्दहरू चतुर्थी, पञ्चमी र सप्तमीका एकवचनमा विकल्पले सर्वनामसरह रूप लिएका हुन्छन् । द्वितीयस्मै द्वितीयाय, तृतीयस्मै तृतीयाय इत्यादि । अरू रूप सबै वृक्ष शब्दकै जस्तै हुन् । अब आकारान्त शब्दका रूपको कुरो गरिन्छ । खड्गपाः खड्गं पातीति खड्गपाः अर्थात् खड्को रक्षक। यसको रूप यसरी बुझ्नुपर्दछ। खड्गपाः खड्गपौ खड्गपाः खड्गपाम् खड्गपौ खड्गपः खड्गपा खड्गपाभ्याम् खड्गपाभिः खड्गपे खड्गपाभ्याम् खड्गपाभ्यः खड्गपः खड्गपाभ्याम् खड्गपाभ्यः खड्गपः खड्गपोः खड्गपाम् खड्गपि खड्गपोः खड्गपासु हे खड्गपाः हे खड्गपौ हे खड्गपाः । यसै गरी विश्वपा, गोपा कीलालपा आदि शब्दहरूका रूप बनेका हुन्छन् । वह्नि शब्दको रूप प्रस्तुत गरिन्छ । वह्निः वह्नी वह्नयः वह्निम् वह्नि वह्नीन् वह्निना वह्निभ्याम् वह्निभिः वह्नये वह्निभ्याम् वह्निभ्यः वह्नेः वह्निभ्याम् वह्निभ्यः वह्नेः वह्न्योः वह्नीनाम् वह्नौ वह्न्योः वह्निषु हे वह्ने हे वह्नी हे वह्नयः । वह्निको अर्थ अग्नि हो। यसै गरी अग्नि, रवि, कवि, गिरि, पवि इत्यादि शब्दका रूपहरू चल्दछन् । इकारान्त शब्दमा सखि र पति शब्दका रूपमा केही फरक रहेका हुन्छन्। जस्तै सखा सखायौ सखाय सखायम् सखायौ सखीन्। तृतीयाका एकवचनमा सख्या चतुर्थीका एकवचनमा सख्ये पञ्चमी र षष्ठीका एकवचनमा सख्युः र सप्तमीको एकवचनमा सख्यौ रूप हुन्छन् । बाँकी सबै रूपहरू वह्नि शब्दका जस्तै हुन् । पति शब्दको प्रथमा र द्वितीया विभक्तिमा वह्निजस्तै रूप हुन्छन् र बाँकी विभक्तिहरूमा सखि शब्दको जस्तै रूप चल्दछन् । अहर्पति शब्दको अर्थ सूर्य हो । यहाँ पति शब्द समाससमा गाँसिएको छ। समाससमा त्यसको रूप वह्नि शब्दकै जस्तो हुन्छ। पहिले उकारान्त पटु शब्दको रूप दिइन्छ। पटुको अर्थ निपुण वा कुशल भन्ने हो। पटुः पटू पटवः पटुम् पटू पटून् पटुना पटुभ्याम् पटुभिः पटवे पटुभ्याम् पटुभ्यः पटोः पटुभ्याम् पटुभ्यः पटोः पट्वोः पटूनाम् पटौ पट्वोः पटुषु हे पटो हे पटू हे पटवः । यसै गरी भानु, शम्भु, विष्णु आदि शब्दहरूको पनि रूप जान्नुपर्दछ। दीर्घ ईकारान्त ग्रामणी शब्द हुन्छ। त्यसको अर्थ गाउँको मुखिया भन्ने हो । यसको रूप यस किसिमले चलेको हुन्छ ग्रामणीः ग्रामण्यौ ग्रामण्यः ग्रामणीम् ग्रामण्यौ ग्रामण्यः ग्रामण्या ग्रामणीभ्याम् ग्रामणीभिः ग्रामण्ये ग्रामणीभ्याम् ग्रामणीभ्यः ग्रामण्यः ग्रामणीभ्याम् ग्रामणीभ्यः ग्रामण्यः ग्रामण्योः ग्रामण्याम् ग्रामण्याम् ग्रामण्योः ग्रामणीषु । यसै गरी प्रधी आदि शब्दहरूको पनि रूप जान्नुपर्दछ। दीर्घ ऊकारान्त दृन्भू शब्द छ। त्यसका अर्थ राजा, वज्र, सूर्य, सर्प र चक्र हुन्छन्। त्यसका रूप दृन्भूः दृन्भ्वौ दृन्भ्वः इत्यादि हुन्। खलपूः खलो वा ठाउँलाई सफासुग्घर गराउने त्यसको अर्थ हो । यसका रूप खलपूः खलप्वौ खलप्वः इत्यादि हुन्छन् । मित्रभू मित्रबाट उत्पन्न भएको यसको रूप मित्रभूः मित्रभुवौ मित्रभुवः इत्यादि हुन्। स्वभूको अर्थ स्वयम्भू अर्थात् आफैँ उत्पन्न भएको भन्ने हो। यसका रूप स्वभू स्वभुवौ स्वभुवः इत्यादि हुन्छन्। सुश्रीको अर्थ सुन्दर शोभाले सम्पन्न भन्ने हो। यसका रूपहरू सुश्रीः सुश्रियौ सुश्रियः इत्यादि हुन्छन्। सुधीः को अर्थ उत्तम बुद्धि भएको विद्वान हो। यसका रूप सुधीः सुधियौ सुधियः इत्यादि हुन्। पुँलिङ्गी पितृ र भ्रातृ शब्दका रूप अब दिइन्छन्। पितृको अर्थ पिता र भ्रातृको अर्थ दाजुभाइ हो। पितृ शब्दका रूप यस्ता हुन्छन् पिता पितरौ पितरः पितरम् पितरौ पितॄन् पित्रा पितृभ्याम् पितृभ्यः पित्रे पितृभ्याम् पितृभ्यः पितुः पितृभ्याम् पितृभ्यः पितुः पित्रोः पितॄणाम् पितरि पित्रोः पितृषु हे पितः पितरौ हे पितरः । यसै गरी भ्रातृ र जामातृ शब्दका पनि रूप हुन्छन् । नृ शब्द नर वा मानिसको वाचक हो । यसका रूपहरू ना नरौ नरः र अरू पितृकै जस्ता हुन्छन्। केवल षष्ठीको बहुवचनमा नृणाम् र नॄणाम् गरी दुई रूप हुन्छन्। कर्तृ शब्दको अर्थ गर्ने हो । यो तृच् अन्त्यमा भएको शब्द हो । यसका दुई विभक्तिमा कर्ता कर्तारौ कर्तारः कर्तारम् कर्तारौ कर्तॄन् हुन्छन् र बाँकी पितृ शब्दकै जस्ता रूप चल्दछन् । क्रोष्टु शब्द स्यालको अर्थ दिने हो । क्रोष्टु विकल्पले क्रोष्टृ शब्दका रूपमा प्रयोग हुन्छ। त्यस अवस्थामा यसका रूप कर्तृ शब्दकै सरह हुन्छन्। क्रोष्टुका रूपमा यसलाई लिने हो भने पनि पटु शब्दकै जस्ता यसका रूप चल्दछन्। नप्तृ शब्दले नाति भन्ने अर्थ दिन्छ। यसका रूप कर्तृ शब्दकै जस्ता हुन्छन् । सुरै शब्दको अर्थ उत्तम प्रकारको धन भएको भन्ने हो। रै शब्दको अर्थ नै धन हो। यो ऐकारान्त पुँलिङ्ग हो। यी दुवैका रूप एकै खालका हुन्छन्। सुराः

सुरायौ सुरायः सुरायम् सुरायौ सुरायः सुराया सुराभ्याम् सुराभिः इत्यादि । रै राः रायौ रायः इत्यादि । हलादि विभक्तिहरूमा रै का ठाउँमा रा हुन्छ। ओकारान्त गो शब्दमा विचार गरौँ । गो को अर्थ साँढे वा गोरु हो । यसका रूप गौः गावौ गावः गाम् गावौ गाः इत्यादि हुन्छन् । औकारान्त पुँलिङ्ग द्यौ शब्द छ। त्यसको अर्थ आकाश हो र ग्लौ को अर्थ चन्द्रमा हो । यिनीहरूका रूप द्यौः द्यावौ द्यावः इत्यादि र ग्लौ ग्लावौ ग्लावः इत्यादि हुन्छन् । यी पुँलिङ्गमा स्वरान्त नायक शब्द हुन् भनिएको छ। हलन्त शब्दमा सुवाक्को अर्थ राम्रो बोली भएको र सुत्वक्को अर्थ राम्रो छाला भएको भन्ने हुन्छ । पृषत्ले पानीका थोपा, सम्राट्ले चक्रवर्ती राजा, जन्मभाक्ले जन्म ग्रहण गर्ने, सुराट्ले असल राजा अयम्ले यो मरुत्ले वायु भवत्ले भइरहेको, दीव्यन्ले क्रीडा गर्दै रहेको, भवान्ले तपाईं, मघवान्ले इन्द्र, पिबन्ले पिउँदै गरेको, भगवान्ले ऐश्वर्यशाली, अघवान्ले पापी, अर्वाले अश्व, वह्निमान्ले अग्नि भएको, सर्ववित्ले सबै जान्ने, सुपृत्ले राम्ररी पाल्ने, सुसीमाले उत्तम सीमा भएको, कुण्डीले कुण्डधारी शिव एवं राजा, श्वाले कुकुर, युवाले तरुण, मघवाले इन्द्र, पूषाले सूर्य, सुकर्माले उत्तम कर्म गर्ने, यज्वाले यज्ञकर्ता सवर्माले राम्रो कवच लगाएको, सुधर्माले राम्रो धर्म भएको, अर्यमाले सूर्य, वृत्रहाले इन्द्र, पन्थाःले मार्ग, सुककुप्ले स्वच्छ दिशा भएको समय, अष्टले आठ, पञ्चले पाँच, प्रशान्ले पूर्ण रूपमा शान्त, सुद्यौःले सुन्दर आकाश भएको समय, सुभ्राट्ले विशेष शोभायमान, सुपूः सुन्दर नगर भएको देश, चन्द्रमा, सुवचाः, श्रेयान्, विद्वान् र उशनाले शुक्राचार्य, पेचिवान्ले पहिले पकाउने काम गरेको, अनड्वान्ले गाडा तान्ने गोरु, गोधक्ले गाई दुहुने, मित्रध्रुक्ले मित्रद्रोही, मुक्ले विवेकशून्य र लिट्ले चाट्ने भन्ने अर्थ आउँछन् र प्राञ्च शब्दको प्राङ् प्राञ्चौ प्राञ्च तथा प्रत्यङ् इत्यादि रूप चल्दछन् । हलन्त पुँलिङ्गका यिनीहरू नै प्रमुख शब्दहरू हुन् । अब स्त्रीलिङ्गका प्रमुख शब्दहरूलाई उपस्थित गरिँदै छ। जाया, जरा, बाला, एडका, वृद्धा, क्षत्रिया, बहुराजा, बहुदा, मा, बहुदामा, बालिका, माया, कौमुदगन्धा, सर्वा, पूर्वा, अन्या, द्वितीया, तृतीया, बुद्धिः, स्त्री, श्री, नदी, सुधी, भवन्ती, दीव्यन्ती, भाती, भान्ती, यान्ती, शृण्वन्ती, तुदती, तुदन्ती, कर्त्री, कुर्वती, मही, रुन्धती, क्रीडन्ती, दान्ती, पालयन्ती, सुवाणी, गौरी, पुत्रवती, नौः, वधू, देवता, भू, तिस्र, द्वे, कति, वर्षाभूः, स्वसा, माता, अवरा, गौः, द्यौ, वाक्, त्वक्, प्राची, अवाची, तिरश्ची, उदीची, शरद्, विद्युत्, सरित्, योषित्, दृषत्, या, एषा, सा, वेदवित्, संविद्, बह्वी, राज्ञी, त्वया, मया, सीमा, पञ्च आदि नकारान्त संख्याबोधक शब्द, राका, धूः, पूः, दिशा, गिरा, चतस्रः, विदुषी, का, इयम्, दिक्, दृक्, तादृक् र असौ यी स्त्रीलिङ्गका नायक शब्द हुन् । अब नपुंसक लिङ्गका नायक शब्दहरू बताइनेछन् ।१-१९।

कुण्डं सर्वं सोमपञ्च दधि वारि खलप्वथ ।
मधु त्रपु कर्त्तृ भर्त्तृ अतिभर्तृ पयः पुरः ।२०।
प्राक्प्रत्यक् च तिर्य्यगुदग्जगज्जाग्रत्तता शकृत् ।
सुसम्पच्च सुदण्डीह अहः किञ्चेदमित्यपि ।२१।
षट् सर्पिः श्रेयश्चत्वारि अदोऽन्ये हीदृशाः परे ।
एतेभ्यः प्रथमादयश्च स्युः प्रातिपादिकात्पराः ।२२।
धातुप्रत्ययहीनं यत्स्यात्प्रातिपदिकन्तु तत् ।
प्रातिपदिकात्स्वलिङ्गार्थवचने प्रथमा भवेत् ।२३।
सम्बोधने च प्रथमा उक्ते कर्मणि कर्त्तरि ।
कर्म यत्क्रियते तत्स्याद्द्वितीया कर्मणि स्मृता ।२४।
क्रियते येन करणं कर्त्ता यश्च करोति सः ।
अनुक्ते तिङकृत्तद्धितैस्तृतीया करणे भवेत् ।२५।
कारके कर्त्तरि च सा सम्प्रदाने चतुर्थ्यपि ।
यस्मै दित्सां धारयते सम्प्रदानं तदीरितम् ।२६।
अपादानं यतोऽदेति आदत्ते च भयं यतः ।
अपादाने पञ्चमी स्यात्स्वस्वाम्यादौ च षष्ट्यपि ।२७।
आधारो योऽधिकरणं विभक्तिस्तत्र सप्तमी ।
एकार्थे चैकवचनं द्व्यर्थे द्विवचनं भवेत् ।२८।
बहुषु बहुवचनं सिद्धरूपाण्यथो वदे ।
वृक्षः सूर्य्योऽम्बु वाहोऽर्को हे रवे हे द्विजातयः ।२९।
विप्रौ गजान्महेन्द्रेण यमाभ्यामनलैः कृतम् ।
रामाय मुनिवर्य्याभ्यां केभ्यो धर्माद्धरौ रति ।३०।
शराभ्यां पुस्तकेभ्यश्च अर्थस्येश्वरयोर्गतिः ।
बालानां सज्जने प्रीतिर्हंसयोः कमलेषु च ।३१।
एवं काममहेशाद्याः शब्दा ज्ञेयाश्च वृक्षवत् ।
सर्वे विश्वे च सर्वस्मै सर्वस्मात्कतरो मतः ।३२।
सर्वेषां स्वं च विश्वस्मिन् शेषं रूपञ्च वृक्षवत् ।
एवञ्चोभयकतरकतमान्यतरादयः ।३३।
पूर्वे पूर्वाश्च पूर्वस्मै पूर्वस्मात्सुसमागतः ।
पूर्वे बुद्धिश्च पूर्वस्मिञ्छेषरूपन्तु सर्ववत् ।३४।
एवं परावराद्याश्च दक्षिणोत्तरकान्तराः ।
अपराश्चाधरो नेमाः प्रथमाः प्रथमेऽर्कवत् ।३५।

कुण्डम् यो नपुंसक लिङ्गी शब्द कुण्ड भन्ने अकारान्त शब्दको प्रथमा विभक्तिको एकवचनको रूप हो । यसका पहिला दुईवटा विभक्तिहरूमा क्रमशः एकवचन, द्विवचन र बहुवचनका रूप कुण्डम्, कुण्डे कुण्डानि भनेर जानुपर्दछ र तृतीया आदिका

रूपहरू पुँलिङ्गकै जस्ता कुण्डेन कुण्डाभ्याम् कुण्डैः आदि हुन्छन् भनेर जान्नुपर्दछ र सम्बोधनमा हे कुण्ड हे कुण्डे हे कुण्डानि हुन्छन्। कुण्डम्को अर्थ पानी भरिएको गहिरो खाल्डो हो। यो नदी र तलाउहरूमा हुने गर्दछ। माटाका ठूला र गहिरा विशेष खालका भाँडाहरूलाई पनि कुण्ड नै भनिन्छ। त्यसैलाई सम्झिएर कुण्डभरि दुध दिने गाईलाई कुण्डोध्नी भन्दछन्। सर्वम् भन्ने सर्व शब्दको एकवचनको रूप हो। यसको अर्थ सम्पूर्ण वा सबै भन्ने हुन्छ। यसका प्रथमा र द्वितीया विभक्तिमा नपुंसक लिङ्गसम्बन्धी रूप सर्वम् सर्वे सर्वाणि भन्ने हुन्छन् र बाँकी सबै पुँलिङ्गकै जस्ता हुन्छन्। सोमपम् भन्ने शब्दको अर्थ सोमपान गर्ने कुल हो। यसका पनि पहिला दुई विभक्तिमा सोमपम् सोमपे सोमपानि इत्यादि रूप नै हुन्छन् र बाँकी पुँलिङ्गकै जस्तै रूप चल्दछन्। दधि र वारि शब्दले दही र पानीको अर्थ क्रमशः दिएका छन्। यी सधैँ नै नपुंसक लिङ्गका हुन्छन्। त्यसैले यिनीहरूका सबै रूप नै यहाँ उद्धृत गरिएका छन्। प्रथमा र द्वितीया विभक्तिमा दधि दधिनी दधीनि हुन्छन् भने तृतीयादेखि क्रमशः दध्ना दधिभ्याम् दधिभ्यः दध्ने दधिभ्याम् दधिभ्यः दध्नः दधिभ्याम् दधिभ्यः दध्नः दध्नोः दध्नाम् दध्नि(दधनि) दध्नोः दधिषु हुन्छन् र वारि शब्दका सातै विभक्तिका रूपहरू यसै किसिमले जान्नुपर्दछ। खलपुको अर्थ खलो सफा पार्ने साधन, खुरपा आदि हुन्छ। यसका रूप विशेष्यको अनुसार नै स्त्रीलिङ्ग र नपुंसक लिङ्गमा पनि हुन्छन्। यहाँ नपुंसक लिङ्गमा यसका रूपहरू उद्धृत गरिएका छन्। प्रथमा र द्वितीया खलपु खलपुनी खलपूनि तृतीयादेखि क्रमशः खलप्वा खलपुना खलपूभ्याम् खलपूभिः खलप्वे(खलपुने) खलपूभ्याम् खलपूभ्यः इत्यादि हुन्छन्। मधु शब्दले महको अर्थ दिन्छ र मदिरा पनि जनाउँछ। यसका रूप प्रथमा र द्वितीयामा मधु मधुनी मधूनी तृतीयादेखि मधुना मधुभ्याम् मधुभिः मधुने मधुभ्याम् मधुभ्यः मधुनः मधुभ्याम् मधुभ्यः मधुनः मधुनोः मधूनाम् मधुनि मधुनोः मधुषु र सम्बोधनमा हे मधो हे मधु हे मधुनी (मधुनि) यस किसिमले जान्नुपर्दछ। त्रपु शब्द राङको सूचक हो। यसका पहिला दुईवटा विभक्तिमा त्रपु त्रपुणी त्रपूणि भन्ने रूप हुन्छन् र बाँकी मधुको जस्तै हुन्छन्। कर्तृ काम गर्ने र भर्तृ भरणपोषण गर्ने भन्ने अर्थमा आउँछन्। अतिभर्तृ भनेको भरणपोषण गर्नेलाई पनि जित्ने हो। यी तीनवटै शब्दका रूप कर्तृ कर्तृणी कर्तृणि र त्यस्तै हुन्छन्। तृतीया आदि विभक्तिमा जुन अच् आदि प्रत्यय हुन्छन् तिनमा कर्त्रा कर्तृणा जस्ता दुईदुई रूप बनेका हुन्छन्। पयस् शब्द पानीको वाचक हो। यसका रूप पयः पयसी पयांसि जस्ता हुन्छन्। तृतीया आदिमा पयसा पयोभ्याम् पयोभिः इत्यादि हुन्छन्। पुरस् भन्ने शब्द सकारान्त अव्यय हो। अव्ययको कुनै पनि रूप चल्दैन। किनभने अव्ययको लक्षण नै सदृशं त्रिषु लिङ्गेषु सर्वासु च विभक्तिषु वचनेषु च सर्वेषु यन्न व्येति तदव्ययम् भन्ने अर्थात् रूप नचल्ने हुन्छ। प्राक्, प्रत्यक्, तिर्यक् उदक् यी शब्दहरूका पहिला दुई विभक्तिमा प्राक् प्राची प्राञ्चि जस्ता रूप हुन्छन् भन्ने बुझ्नुपर्दछ। यी गति अर्थमा प्रयोग हुने अञ्च शब्दहरू प्राङ् प्राञ्ची प्राञ्चि इत्यादि रूप हुन्छन्। जगत् शब्द संसारको वाचक हो। यसका रूपहरू जगत् जगती जगन्ति इत्यादि चल्दछन्। जाग्रत् शब्दको अर्थ सजग रहने हो। यसका रूपहरू जाग्रत् जाग्रती जाग्रन्ति, जाग्रति इत्यादि हुन्छन्। शकृत् शब्दले विष्ठा वा मलको अर्थ बोध गराउँछ। यसका रूप शकृत् शकृती शकृन्ति (शकानि) इत्यादि हुन्छन्। तृतीया आदिमा शक्ना, शकृता इत्यादि रूप हुन्छन्। जसका कुलमा अत्यन्त राम्रो सम्पत्ति छ त्यसलाई सुसम्पत् भन्दछन्। पहिला दुई विभक्तिमा यसका रूप सुसम्पत् (सुसम्पद्) सुसम्पदी सुसम्पन्ति हुन्छन्। सुन्दर डन्डीहरूले बनेको मन्दिर या आयतनलाई सुदण्डि भनिन्छ। सुदण्डिन् शब्दका रूप सुदण्डि सुदण्डिनी सुदण्डीनि हुन्छन् र बाँकी पुँलिङ्गजस्तै हुन्छन्। इह शब्द अव्यय हो। अहन् शब्द दिनको अर्थ लगाउने हो। पहिला दुई विभक्तिहरूमा यसका रूप अहः अहनी अह्नी (अहानि) भन्ने किसिमले चल्दछन्। किम् शब्द प्रश्नवाचक सर्वनाम हो। यसका रूप तीनवटै लिङ्गमा चल्दछन्। नपुंसक लिङ्गका प्रथमा र द्वितीया विभक्तिमा किम् के कानि भन्ने रूप हुन्छन् र बाँकी पुँलिङ्गकै जस्ता रूपहरू हुन्छन्। इदम्को अर्थ यो हुन्छ। यसका नपुंसक लिङ्गमा इदम् इमे इमानि भन्ने रूप हुन्छन्। तृतीया र त्यसपछिका विभक्तिहरूमा पुँलिङ्गकै जस्ता रूपहरू हुन्छन् भनेर जान्नुपर्दछ। ष् शब्द सङ्ख्यावाचक छ भन्ने अर्थ दिने र बहुवचनान्त हो। यसका तीनवटै लिङ्गका विभक्तिहरूमा क्रमशः षट् षट् षड्भिः षड्भ्यः षड्भ्यः षण्णाम् षट्सु भन्ने एकै खालका रूप हुन्छन्। सर्पिष् शब्दले घिउको अर्थ दिन्छ। यसका रूपहरू सर्पिः सर्पिषी सर्पींषि सर्पिषा सर्पिर्भ्याम् सर्पिर्भिः भन्ने खालका हुन्छन् भनी जान्नुपर्दछ। श्रेयस् शब्दले कल्याणको अर्थ लगाउँछ। त्यसका रूप श्रेयः श्रेयसी श्रेयांसि इत्यादि हुन्छन्। तृतीया आदिमा पयस् शब्दकै जस्ता रूपहरू चल्दछन् भनी जानौँ। सङ्ख्या जनाउने चतुर् शब्द नित्य बहुवचनान्त हो। नपुंसक लिङ्गमा त्यसका रूप क्रमशः चत्वारि चत्वारि चतुर्भिः चतुर्भ्यः चतुर्भ्यः चतुर्णाम् चतुर्षु हुन्छन्। षट् शब्द यो वा त्यो अर्थ जनाउने सर्वनाम हो। नपुंसक लिङ्गमा पहिला दुई विभक्तिहरूमा यसका रूप अदः अमू अमूनि हुन्छन् र बाँकी रूपहरू पुँलिङ्गकै जस्ता हुन्छन् भनी जानौँ। यिनीहरूभन्दा बाहेक जुन अन्यान्य शब्दहरू हुन्छन् तिनीहरूका रूप पनि यिनै पहिले भनिएका शब्दहरूकै जस्ता हुन्छन्। यी शब्दहरूलाई प्रातिपदिक भन्ने नाम दिइएको छ। प्रातिपदिकभन्दा पर्तिर नै प्रथमा आदि विभक्तिहरू लागेका हुन्छन्। प्रातिपदिक धातु, प्रत्यय र प्रत्ययान्तभन्दा भिन्न एवं अर्थसहितको हुन्छ। प्रातिपदिकले लिङ्ग र वचनको मात्रा बोध गराउनका लागि प्रथमा विभक्तिको प्रयोग गरिएको हुन्छ।

सम्बोधनमा र त्यो कार्य गर्ने कर्तालाई जनाउनका लागि पनि प्रथमा विभक्ति नै लगाइएको हुन्छ। जे गरिएको हुन्छ त्यसको नाम कर्म हो। कर्ममा द्वितीया विभक्ति लागेको हुन्छ। जसका सहायताले कर्म गरिन्छ त्यसलाई करण भन्दछन् र जो कार्य गर्दछ त्यसलाई कर्ता भन्दछन्। तिङ्, कृत्, तद्धित प्रत्ययहरू र समासले व्यक्त नगरेको कर्तामा पनि तृतीया विभक्ति नै लागेको हुन्छ। व्रजं नेतव्या गावः कृष्णेन भनेभैँ कुनै पनि कारक रहेका अवस्थामा कर्तालाई समेत तृतीया विभक्ति लगाइएको हुन्छ। सम्प्रदानमा चतुर्थी विभक्ति लागेको हुन्छ। जसलाई केही दिने इच्छा गरिन्छ त्यसलाई सम्प्रदान भनिएको छ। जसबाट केही छुट्टिन्छ अथवा जसबाट केही लिइन्छ वा ग्रहण गरिन्छ र जसबाट डराइन्छ त्यसको संज्ञा अपादान हुन्छ। अपादानमा पञ्चमी विभक्ति लागेको हुन्छ। जहाँ आफ्नो स्वामित्व वा जन्यजनक भाव आदि सम्बन्धको बोध हुन्छ त्यहाँ षष्ठी विभक्तिको प्रयोग हुन्छ। जो आधार हो त्यसलाई अधिकरण भन्दछन्। अधिकरणमा सप्तमी विभक्तिको प्रयोग हुन्छ। जहाँ एक भन्ने अर्थ जानिएको हुन्छ त्यहाँ एकवचन र जहाँ दुईवटाको कथन हुन्छ त्यहाँ द्विवचनको प्रयोग गर्नुपर्दछ। धेरैको चर्चा भएको छ भने बहुवचनको प्रयोग हुन्छ। अब शब्दहरूका सिद्ध रूपहरू भन्दछु। वृक्षः सूर्यः अम्बुवाहः अर्कः हे खें हे द्विजातयः। विप्रौ विप्र शब्दको प्रथमाको द्विवचन। गजान् गज शब्दको द्वितीयाको बहुवचन। महेन्द्रेण महेन्द्र शब्दको तृतीयाको एकवचन। यमाभ्याम् यम शब्दको तृतीयाको द्विवचन। अनिलैः अनिल शब्दको तृतीयाको बहुवचन। कृतम् कृत शब्दको नपुंसक लिङ्गको प्रथमाको एकवचन। रामाय राम शब्दको चतुर्थीको एकवचन। मुनिवर्याभ्याम् मुनिवर्य शब्दको तृतीयाको द्विवचन। केभ्यः किम् शब्दको चतुर्थीको बहुवचन। धर्मात् धर्म शब्दको पञ्चमीको एकवचन। हरौ हरि शब्दको सप्तमीको एकवचन। रतिः रति शब्दको प्रथमाको एकवचन। शराभ्याम् शर शब्दको पञ्चमीको द्विवचन। पुस्तकेभ्यः पुस्तक शब्दको पञ्चमीको बहुवचन। अर्थस्य अर्थ शब्दको षष्ठीको एकवचन। ईश्वरयोः ईश्वर शब्दको षष्ठीको द्विवचन। गतिः गति शब्दको प्रथमाको एकवचन। बालानाम् बाल शब्दको षष्ठीको बहुवचन। सज्जने सज्जन शब्दको सप्तमीको एकवचन। प्रीतिः प्रीति शब्दको प्रथमाको एकवचन। हंसयोः हंस शब्दको सप्तमीको द्विवचन। कमलेषु कमल शब्दको सप्तमीको बहुवचन। बालकहरूको सज्जनमा प्रीति हुन्छ र हंसका जोडी कमलहरूमा (हुन्छन्) भन्ने एकतीसौँ श्लोकको उत्तरार्द्धको वाक्यको अर्थ हो। यसै गरी काम, महेश आदि शब्दहरू पनि वृक्ष शब्दजस्तै हुन् भनी जान्नुपर्दछ। सर्वे, विश्वे यी दुवैको अर्थ सबै भन्ने हो। यी प्रथमा विभक्तिका बहुवचनका रूप हुन्। सर्वस्मै सर्वस्मात् यी सर्व शब्दका क्रमशः चतुर्थी र पञ्चमी विभक्तिका एकवचनका रूप हुन्। कतरो मतः अर्थात् दुईमध्ये को मान्छ भन्ने यस वाक्यमा कतर शब्दको प्रथमाको एकवचनको सिद्ध रूप दिइएको छ। कतर शब्द सर्वनाम हो र सर्व शब्दकै जस्ता त्यसका रूप चल्दछन्। सर्वेषाम् षष्ठीको बहुवचन हो। स्वं च अर्थात् स्व शब्दको पनि सर्व शब्दकै जस्ता रूप हुन्छन्। विश्वस्मिन् विश्व शब्दको सप्तमीको एकवचनको रूप हो। बाँकी सबै सर्व शब्दका जस्तै रूप चल्दछन्। यसै गरी उभय, कतर, कतम र अन्यतर आदि शब्दका रूपहरू पनि उस्तै हुन्छन्। पूर्वे पूर्वाः यी पूर्व शब्दका प्रथमाका बहुवचनका रूपहरू हुन्। प्रथमाका बहुवचनमा पूर्व आदि शब्दहरूलाई वैकल्पिक रूपले सर्वनाम मानिन्छ र सर्वनाम मानिएका पक्षमा पूर्वे र सर्वनाम नमानिएका पक्षमा पूर्वाः रूप सिद्ध हुन्छन्। पूर्वस्मै पूर्व शब्दको चतुर्थीको एकवचनको रूप हो। पूर्वस्मात् सुसमागतः भन्ने वाक्यमा पूर्वबाट आयो भन्दा पूर्व शब्दको पञ्चमी विभक्तिमा एकवचनको रूप प्रयोग भएको छ। पूर्वे बुद्धिश्च पूर्वस्मिन् भन्दा पूर्वमा बुद्धि भन्ने अर्थ हुन्छ। यहाँ पूर्व शब्दको सप्तमीको एकवचनमा दुईवटा रूप प्रयुक्त भएका हुन्छन्। पूर्व आदि नौवटा शब्दहरूमा पञ्चमी र सप्तमीका एकवचन अर्थात् ङसि र ङिका स्थानमा विकल्पले स्मात् र स्मिन् आदेश हुन्छन्। त्यसो भएका अवस्थामा पूर्वस्मात् र पूर्वस्मिन् भन्ने रूप बनेका हुन्छन्। त्यसो नभएका अवस्थामा राम शब्दकै जस्ता रूपहरू चल्दछन् भनेर जान्नुपर्दछ। यसै गरी पर, अवर, दक्षिण, उत्तर, अन्तर, अपर, अधर र नेम शब्दका रूप पनि चिन्नुपर्दछ। प्रथमे प्रथमाः यी प्रथम शब्दका प्रथमाका बहुवचनका रूप हुन्। यसका बाँकी रूप अर्क शब्दका जस्तै हुन्छन् भनी जान्नुपर्दछ।२०-३५।

एवं चरमाश्च तया अल्पार्द्धा नेम आदयः।
द्वितीयस्मै द्वितीयाय द्वितीयस्माद्द्वितीयकात्।३६।
द्वितीयस्मिन्द्वितीये च तृतीयश्च तथाऽर्कवत्।
सोमपाः सोमपौ ज्ञेयौ सोमपाः सोमपां व्रज।३७।
कीलालपौ सोमपश्च सोमपात्सोमपे दद।
सोमपाभ्यां सोमपाभ्यः सोमपः सोमपौ कुलम्।३८।
एवं कीलालपाद्याः स्युः कविरग्निस्तथाऽरयः।
हे कवे कविमग्नी तान्हरीन्सात्यकिना हृतम्।३९।
रविभ्यां रविभिर्देहि वह्नये यः समागतः।
अग्नेरग्न्योस्तथाग्नीनां कवौ कव्योः कविष्वऽथ।४०।
एवं सुसृतिरभ्रान्तिः सुकीर्त्तिः सुधृतिस्तथा।
सखा सखायौ सखायः हे सखे वज्र सत्पतिम्।४१।
सखायं च सखायौ च सखीन्सख्या गतो दद।
सख्ये सख्युश्च सख्युश्च सख्योः शेषः कवेरिव।४२।

पत्या पत्ये च पत्युश्च पत्युः पत्योस्तथाऽग्निवत् ।
द्वौद्वौ द्वाभ्यां द्वाभ्यां द्वित्वाद्यर्थे द्वयोर्द्वयोः ।४३।
त्रयस्त्रींश्च त्रिभिस्त्रिभ्यस्त्रयाणां च त्रिषु क्रमात् ।
कविवत्कतिकतीति शेषं बहुवचनं स्मृतम् ।४४।
नीर्नियौ च नियो हे नीः नियं नियौ नियो निया ।
नीभ्यां नीभिर्नियो नीभ्यः नियां नियि नियोस्तथा ।४५।
सुश्रीः सुधीः प्रभृतयो ग्रामणीः पूजयेद्धरिम् ।
ग्रामण्यौ ग्रामण्यो ग्रामण्यं ग्रामण्या ग्रामणीभिः ।४६।
ग्रामण्योर्ग्रामण्यामेवं सेनानीप्रमुखा सुभूः ।
सुभुवौ च स्वयम्भुवः स्वयम्भुं च स्वयम्भवः ।४७।
स्वयम्भुवा स्वयम्भुवि एवं प्रतिभुवादयः ।
खलपूः खलप्वौ श्रेष्ठौ खलप्वञ्च खलप्वि च ।४८।
एवं शरपूमुखाः स्युः क्रोष्टा क्रोष्टार ईरिताः ।
क्रोष्टूंश्च कोष्टुना क्रोष्ट्रा क्रोष्टूनां क्रोष्टरीदृशम् ।४९।
पिता पितरौ पितरः हे पितः पितरौ शुभौ ।
पितृन् पितुः पितुः पित्रोः पितृणां पितरीदृशम् ।५०।
एवं भ्राता च जामातृमुखौ नृणां नृणां तथा ।
कर्त्ता कर्त्तारौ कर्तृश्च कर्तृणां कर्त्तरीदृशम् ।५१।
पितृवच्चैवमुद्गाता स्वसा नप्त्रादयः स्मृताः ।
सुरा सुरायौ सुरायः सुरायं च सुराय्यपि ।५२।
गौः गावौ गां गा गवा च गोर्गवोश्च गवां गवि ।
एवं द्यौर्ग्लौश्चापि तथा स्वरान्ताः पुंसि नायकाः ।५३।

यसै गरी चरम शब्द तयप् प्रत्यय लागेका शब्द र अल्प अर्ध नेम आदि शब्दका रूपहरू पनि बनेका हुन्छन् । यहाँ चरम र कतिपय आदि शब्दहरूका रूप प्रथम शब्दका जस्तै र नेम आदि शब्दका बाँकी रूप सर्व शब्दका जस्तै हुन्छन् भन्ने अन्तर रहेको हुन्छ । अन्तिममा तीय गाँसिएका द्वितीय तृतीय जस्ता शब्दहरूका चतुर्थी, पञ्चमी र सप्तमी विभक्तिका एकवचनहरूमा वैकल्पिक रूप क्रमशः सर्व शब्दका जस्तै द्वितीयस्मै द्वितीयाय द्वितीयस्मात् द्वितीयात् द्वितीयस्मिन् द्वितीये हुन्छन् । यसै गरी तृतीय शब्दमा पनि जान्नुपर्दछ । यी दुवै शब्दका बाँकी रूपहरू अर्क शब्दका जस्तै हुन्छन् । अब सोमपा शब्दका सिद्ध रूपहरूलाई हेरौं । सोमपाः सोमपौ सोमपाः सोमपाम् सोमपौ सोमपः सोमपा सोमपाभ्याम् सोमपाभिः सोमपे सोमपाभ्याम् सोमपाभ्यः सोमपः सोमपाभ्याम् सोमपाभ्यः सोमपः सोमपोः सोमपाम् सोमपि सोमपोः सोमपासु । सोमपा शब्दकै जस्ता रूप कीलालपा आदि शब्दका पनि हुन्छन् । अब कवि अग्नि अरि हरि सात्यकि रवि वह्नि आदि कतिपय शब्दका सिद्ध रूप देखाइन्छन् । कविः कवि शब्दको प्रथमाको एकवचन । अग्निः अग्नि शब्दको प्रथमाको एकवचन । अरयः अरि शब्दको प्रथमाको बहुवचन । हे कवे कवि शब्दको सम्बोधनको एकवचन । कविम् कवि शब्दको द्वितीयाको एकवचन । अग्नी अग्नि शब्दको द्वितीयाको द्विवचन । हरीन् हरि शब्दको द्वितीयाको बहुवचन । सात्यकिना सात्यकि शब्दको तृतीयाको एकवचन । रविभ्याम् रवि शब्दको तृतीयाको द्विवचन । रविभिः रवि शब्दको तृतीयाको बहुवचन । वह्नये वह्नि शब्दको चतुर्थीको एकवचन । अग्नेः अग्नि शब्दको षष्ठीको एकवचन । अग्न्योः अग्नि शब्दको षष्ठीको द्विवचन । अग्नीनाम् अग्नि शब्दको षष्ठीको बहुवचन । कवौ कवि शब्दको सप्तमीको एकवचन । कव्योः कवि शब्दको सप्तमीको द्विवचन । कविषु कवि शब्दको सप्तमीको बहुवचन । यस्तै खालका सुसृति, अभ्रान्ति, सुकीर्ति र सुधृति आदि शब्दहरूका पनि रूप जान्नुपर्दछ । यहाँ यी सबैका प्रथमाको एकवचन रूप दिइएका छन् । सुसृतिः अभ्रान्तिः सुकीर्तिः सुधृतिः । अब सखि शब्दका रूप दिइन्छन् । सखा सखायौ सखायः प्रथमा । हे सखे सम्बोधन । सखायम् सखायौ सखीन् द्वितीया । सख्या तृतीया । सख्ये चतुर्थी । सख्युः पञ्चमी । सख्युः सख्योः सखीनाम् षष्ठी । सख्यौ सख्योः सखिषु सप्तमी बाँकी कवि शब्दका जस्तै रूप हुन्छन् । पत्या पति शब्दको तृतीयाको एकवचन । पत्ये चतुर्थीको एकवचन । पत्युः पञ्चमीको एकवचन । पत्युः षष्ठीको एकवचन । पत्योः षष्ठी द्विवचन । पत्यौ सप्तमीको एकवचन । पति शब्दका बाँकी रूपहरू अग्नि शब्दका जस्तै हुन्छन् । अब द्वि शब्दका पुँलिङ्गका रूपहरू दिइन्छन् । दुई सङ्ख्या जनाउने यो नित्य द्विवचनान्त शब्द हुनाले क्रमशः सात विभक्तिमा द्वौ द्वौ द्वाभ्याम् द्वाभ्याम् द्वाभ्याम् द्वयोः द्वयोः रूपहरू हुन्छन् । अब तीन सङ्ख्या जनाउने नित्य बहुवचनमा आउने पुलिङ्गी त्रि शब्दका रूप दिइन्छन् । त्रयः त्रीन् त्रिभिः त्रिभ्यः त्रिभ्यः त्रयाणाम् त्रिषु क्रमशः सातै विभक्तिका रूप यिनै हुन् । अब कति शब्दका रूप दिइन्छन् । कति प्रथमा । कति द्वितीया । बाँकी सबै कवि शब्दका जस्तै रूप हुन्छन् । यो नित्य बहुवचनको शब्द हो । अब नेताका अर्थमा प्रयोग हुने नी शब्दका रूपहरू उल्लेख गरिन्छन् । प्रथमादि क्रमशः नीः नियौ नियः नियम् नियौ नियः निया नीभ्याम् नीभिः निये नीभ्याम् नीभ्यः नियः नीभ्याम् नीभ्यः नियः नियोः नियाम् नियि नियोः नीषु सम्बोधन हे नीः हे नियौ हे नियः । सुश्रीः सुश्री शब्दको प्रथमाको एकवचनको रूप हो । यसै गरी सुधी आदि शब्दका रूपहरू जान्नुपर्दछ । ग्रामणीः पूजयेद्धरिम् अर्थात् गाउँका मुखियाले हरिको पूजा गरोस् वाक्य छ । यसमा भएको ग्रामणी शब्दका रूप यसरी जानौं ग्रामणीः ग्रामण्यौ ग्रामण्यः ग्रामण्यम् ग्रामण्यौ ग्रामण्यः ग्रामण्या ग्रामणीभ्याम् ग्रामणीभिः ग्रामण्ये

ग्रामणीभ्याम् ग्रामणीभ्यः ग्रामण्यः ग्रामणीभ्याम् ग्रामणीभ्यः ग्रामण्यः ग्रामण्योः ग्रामण्याम् ग्रामण्याम् ग्रामण्योः ग्रामणीषु । यसै गरी सेनानी आदि शब्दका रूपहरू जान्नुपर्दछ। सुभू शब्दका रूप सुभूः सुभुवौ इत्यादि हुन्छन्। स्वयम्भू शब्दका रूप स्वयम्भुः स्वयम्भुवौ स्वयम्भुवः स्वयम्भुवम् स्वयम्भुवौ स्वयम्भुवः स्वयम्भुवा आदि हुँदै सप्तमीको एकवचनमा स्वयम्भुवि हुन्छ। बाँकी सबै सुभू शब्दकै जस्तै हुन्छन्। यसै किसिमले प्रतिभू आदि शब्दहरूका रूप पनि जान्नुपर्दछ। खलपू शब्दका रूप खलपूः खलप्वौ खलप्वः खलप्वम् आदि हुन्। सप्तमीका एकवचनमा खलप्वि हुन्छ। यसै गरी शरपू आदि शब्दका रूप पनि जान्नुपर्दछ। क्रोष्टु शब्दका क्रमैसँगका पाँच रूप क्रोष्टा क्रोष्टारौ क्रोष्टारः क्रोष्टारम् क्रोष्टारौ हुन्। द्वितीयाको बहुवचनमा क्रोष्टून् भन्ने रूप बन्छ। तृतीया आदिका स्वर आदि प्रत्ययमा एउटा क्रोष्टु शब्दको र अर्को क्रोष्टृ शब्दको गरी दुईदुईवटा रूप चल्दछन्। त्यसो हुँदा क्रोष्टुना क्रोष्ट्रा क्रोष्टवे क्रोष्ट्रे क्रोष्टोः क्रोष्टुः आदि बनेका हुन्छन्। षष्ठीको बहुवचनमा दुवैतिर एउटै क्रोष्टूनाम् भन्ने रूप सिद्ध हुन्छ र सप्तमीको एकवचनमा क्रोष्टौ क्रोष्टरि यस्ता रूप हुन्छन्। हलादि विभक्तिमा यसका रूप शम्भु आदि शब्दकै जस्ता हुन्छन्। पितृ शब्दका रूप पिता पितरौ पितरः पितरम् पितरौ पितॄन् पित्रा पितृभ्याम् पितृभिः पित्रे पितृभ्याम् पितृभ्यः पितुः पितृभ्याम् पितृभ्यः पितुः पित्रोः पितॄणाम् पितरि पित्रोः पितृषु हुन्छन्। यसै किसिमले भ्रातृ र जामातृ आदि शब्दहरूका रूप पनि हुन्छन् भनी जान्नुपर्दछ। भ्राता भ्रातरौ भ्रातरः जामाता जामातरौ जामातरः इत्यादि। नृ शब्दका रूपहरू पनि पितृ शब्दकै जसरी चल्दछन्। केवल षष्ठीका बहुवचनमा मात्रै त्यसका नृणाम् नॄणाम् जस्ता दुई रूप हुन्छन्। कर्तृ शब्दका प्रारम्भिक पाँच रूप यस किसिमका हुन्छन् कर्त्ता कर्त्तारौ कर्त्तारः कर्त्तारम् कर्त्तारौ। द्वितीयाका बहुवचनमा कर्तॄन्, षष्ठीका बहुवचनमा कर्त्तॄणाम् र सप्तमीका एकवचनमा कर्त्तरि भन्ने रूप चल्दछन्। बाँकी सबै रूप पितृ शब्दकै जस्ता हुन्छन् भनी जान्नुपर्दछ। यसै गरी उद्गातृ, स्वसृ र नप्तृ आदि शब्दहरूका रूप हुन्छन्। उद्गाता उद्गातारौ उद्गातारः स्वसा स्वसारौ स्वसारः नप्ता नप्तारौ नप्तारः इत्यादि। बाँकी सबै रूपहरू कर्तृजस्तै हुन्छन्। स्वसृ शब्दको द्वितीयाका बहुवचनमा स्वसॄः रूप हुन्छ। सुरै शब्दका रूप सुराः सुरायौ सुरायः इत्यादि हुन्छन्। षष्ठीका बहुवचनमा सुरायाम् र सप्तमीका एकवचनमा सुरायि रूप हुन्छन्। गो शब्दका रूपहरू गौः गावौ गावः गाम् गावौ गाः गवा गोभ्याम् गोभिः इत्यादि हुन्छन्। षष्ठीमा गोः गवोः गवाम् र सप्तमी गवि गवोः गोषु भन्ने हुन्छन्। यसै किसिमले द्यौ र ग्लौ शब्दका रूपहरू जान्नुपर्दछ। यी स्वरान्त शब्द पुलिङ्गमा प्रमुख हुन्।३६–५३।

सुवाक्सुवाचौ सुवाचा सुवाग्भ्यां च सुवाक्ष्वपि ।
एवं दिक्प्रमुखाः प्राङ्च प्राञ्चौ प्राञ्चश्च भो व्रज ।५४।
प्राग्भ्यां प्राग्भिः प्राचां च प्राचि च प्राङ्षु प्राङ्क्ष्वपि ।
एवं ह्युदङुदीची वा सम्यङ् प्रत्यक् समीच्यपि ।५५।
तिर्य्यङ् तिरश्चः सध्र्यङ् च विष्वद्र्यङ् पूर्ववत्स्मृताः ।
अदद्र्यङ्दमुयगं स्यात्तथामुमुयङीरितः ।५६।
अदद्र्यञ्चो ह्यमुद्रीचः अदद्र्यग्भ्याञ्च पूर्ववत् ।
तत्त्वतृट् तत्त्वतृषौ च तत्त्वतृड्भ्यां समागतः ।५७।
तत्त्वतृषि तत्त्वतृट्सु एवं काष्ठतडादयः ।
भिषक् भिषग्भ्यां भिषजि जन्मभागादयस्तथा ।५८।
मरुन्मरुद्भ्यां मरुति एवं शत्रुजिदादयः ।
भवान्भवन्तौ भवतां भवंश्चैव भवत्यपि ।५९।
महान्महान्तौ महतामेवं भगवदादयः ।
एवं मघवान्मघवन्तौ अग्निचिच्चाग्निचित्यपि ।६०।
अग्निचित्स्वेवमेवानयद्वेदवित्तत्त्वविर्त्स्वपि ।
वेदविदामेवमन्यद्यः समस्तेन सर्ववित् ।६१।
राजा राजानौ राज्ञः राज्ञि राजनि राजन् ।
यज्वा यज्वानस्तद्वत्करी दण्डी च दण्डिनी ।६२।
पन्थाः पन्थानौ च पथः पथिभ्यां पथि चेदृशम् ।
मन्था ऋभुक्षाः पथ्याद्याः पञ्चपञ्च च पञ्चभिः ।६३।
प्रतान्प्रतानौ प्रतान्भ्यां हे प्रतांश्च सुशर्मणः ।
आपः अपः अद्भिरप्येवं प्रशांश्चैव प्रशाम्यपि ।६४।
कः केन सर्ववत्केषु अयं चेमे इमान्न यः ।
अनेन चाभ्यामेभिश्च अस्मै चेभ्यः स्वमस्य च ।६५।
अनयोरेषामेषु स्याच्चत्वारश्चतुरस्तथा ।
चतुर्णाञ्च चतुर्ष्वस्ति सुगीः श्रेष्ठः सुगीर्ष्वपि ।६६।
सुद्यौः सुदिवौ सुद्युभ्यां विड् विशौ विट्सु यादृशः ।
यादृग्भ्याञ्चैव विड्भ्यां च षट्षट् षण्णां च षट्स्वपि ।६७।
सुवचाः सुवचसा च सुवचोभ्यामथेदृशम् ।
हे सुवचो हे उषनन्नुशना वोशनस्यपि ।६८।
पुरदंशा अनेहा हे विद्वन् विद्वांश्च उत्तमाः ।
विदुषे नमो विद्वद्भ्यां विद्वत्सु च बभूविवान् ।६९।
एवं च पेचिवाञ्श्रेयाञ्श्रेयांसौ श्रेयसस्तथा ।
असौ अमू अमी श्रेष्ठा अमुं अमूनिहामुना ।७०।

अमीभिरमुष्मै वामुष्मादमुष्य वाऽमुयोस्तथा ।
अमीषाममुष्मिन्नित्येवं गोधुक् गोधुग्भिरागतः ।७१।
गोधुक्ष्वित्येवमन्येऽपि मित्रद्रुहो मित्रद्रुहा ।
मित्रध्रुग्भ्यां मित्रध्रुग्भिरेवं चित्तद्रुहादयः ।७२।
स्वलिट् स्वलिड्भ्यां स्वलिहि अनड्वाननडुत्सु च ।
अजन्ताश्च हलन्ताश्च पुंस्यथोऽथ स्त्रियां वदे ।७३।

सुवाच् शब्दका रूप सुवाक् (सुवाग्) सुवाचौ सुवाचः सुवाचम् सुवाचौ सुवाचः सुवाचा सुवाग्भ्याम् सुवाग्भिः इत्यादि र सप्तमीको बहुवचनमा सुवाक्षु हुन्छन् । यसै गरी दिश् आदि शब्दका रूप पनि यस्तै हुन्छन् । प्राञ्च शब्दका रूप प्राङ् प्राञ्चौ प्राञ्चः हुन्छ । भो प्राञ्चं व्रज भन्ने वाक्यमा प्राञ्चम् भन्ने यो द्वितीया विभक्तिको एकवचनको रूप हो । प्राचा प्राग्भ्याम् प्राग्भिः षष्ठीका बहुवचनमा प्राचाम् रूप हुन्छ सप्तमीका एकवचनमा प्राचि द्विवचनमा प्राचोः र बहुवचनमा प्राक्षु हुन्छन् । पूजा अर्थमा प्राञ्च शब्दका सप्तमीका बहुवचनमा प्राङ्षु प्राङ्क्षु हुन्छन् । यसै गरी उदङ् उदञ्चौ उदञ्चः इत्यादि र स्त्रीलिङ्गमा उदीची हुन्छन् । सम्यङ् सम्यञ्चौ सम्यञ्चः स्त्रीलिङ्गमा समीची हुन्छ । प्रत्यङ् प्रत्यञ्चौ प्रत्यञ्चः स्त्रीलिङ्गमा प्रतीची हुन्छ । यी सबै शब्दको शस् आदि विभक्तिहरूमा यसै किसिमका रूपहरू हुन्छन् भन्ने जान्नुपर्दछ। उदीचः उदीचा समीचः समीचा प्रतीचः प्रतीचा इत्यादि । तिर्यङ् तिरश्चः सध्र्यङ् सध्रीचः विश्वद्र्यङ् विश्वद्रीचः इत्यादि रूपहरू पनि पूर्ववत् बन्दछन् । अमुम् अञ्चति यस विग्रहमा असुमुयङ् अदमुयङ् अदद्र्यङ् यी तीन रूप प्रथमाका एकवचनमा हुन्छन् र द्वितीयाका बहुवचनमा अमुमुईचः तथा अमुद्रीचः भन्ने रूपहरू हुन्छन् । भ्याम् विभक्तिमा पूर्ववत् रूप हुन्छन् । अदद्र्यग्भ्याम् रूपको सिद्धि हुन्छ । तत्त्वतृट् तत्त्वतृड् तत्त्वतृषौ तत्त्वतृषः इत्यादि रूपहरू हुन्छन् । तृतीया आदिका द्विवचनमा तत्त्वतृड्भ्याम् बन्दछन् । तत्त्वतृड्भ्याम् समागतः भन्ने हुन्छ । सप्तमीका एकवचनमा तत्त्वतृषि र बहुवचनमा तत्त्वतृट्सु यस्ता रूप हुन्छन् । यसै गरी काष्ठतड् आदि रूप हुन्छन् । काष्ठतट् काष्ठतड् काष्ठतक्षौ काष्ठतक्षः इत्यादि । भिषज् शब्दका रूप भिषक् भिषग् भिषजौ भिषजः इत्यादि हुन्छन् । तृतीयाका द्विवचनमा भिषग्भ्याम् र सप्तमीका एकवचनमा भिषजि रूप हुन्छन् । यसै गरी जन्मभाक् आदिका विषयमा पनि जान्नुपर्दछ । जन्मभाक् जन्मभाग् जन्मभाजौ जन्मभाजः इत्यादि रूप हुन्छन् । मरुत् शब्दका रूप पनि यस्तै किसिमले जान्नुपर्दछ । मरुत् मरुद् मरुतौ मरुतः मरुद्भ्याम् मरुति इत्यादि । यसै गरी शत्रुजित् आदि शब्दका पनि रूपहरू हुन्छन् । पूजनीय व्यक्तिका लागि प्रयोग हुने भवत् शब्दका रूप यस्तै किसिमका हुन्छन् । भवान् भवन्तौ भवन्तः इत्यादि षष्ठीका बहुवचनमा भवताम् भन्ने रूप बन्दछ । भू धातुबाट बन्ने शतृ प्रत्यय लागेको भवत् शब्दका रूप भवन् भवन्तौ भवन्तः इत्यादि हुन्छन् । स्त्रीलिङ्गमा भवन्ती रूप बन्दछ । महत् शब्दका रूपहरू महान् महान्तौ महान्तः महती इत्यादि हुन्छन् । भगवत् आदि शब्दका रूप पनि भवत् शब्दै जस्तो गरी भगवान् भगवन्तौ भगवन्तः इत्यादि नै हुन्छन् । यसै गरी मघवत् शब्दका रूप पनि मघवत् मघवन्तौ मघवन्तः हुन्छन् भनी जान्नुपर्दछ । अग्निचित् शब्दका रूप अग्निचित् अग्निचिद् अग्निचितौ अग्निचितः इत्यादि हुन्छन् । सप्तमीको एकवचनमा अग्निचित्सु भन्ने रूप बन्दछ । यसै गरी अन्यान्य तत्त्ववित् वेदवित् तथा सर्ववित् शब्दहरूका पनि रूप हुन्छन् । राजन् शब्दका सिद्ध रूपहरू राजा राजानौ राजानः राजानम् राजानौ राज्ञः राज्ञा राजभ्याम् राजभिः इत्यादि हुन्छन् भनी जान्नुपर्दछ । सप्तमीका एकवचनमा राज्ञि र राजनि भन्ने दुई रूप हुन्छन् । सम्बोधनमा हे राजन् इत्यादि हुन्छ । यज्वन् शब्दका यज्वा यज्वानौ यज्वानः इत्यादि रूप हुन्छन् । करिन् र दण्डिन् जस्ता इन् अन्त्यमा भएका शब्दका रूप करी करिणौ करिणः दण्डी दण्डिनौ दण्डिनः हुन्छन् । पथिन् शब्दका सिद्ध रूप पन्थाः पन्थानौ पन्थानः पन्थानम् पन्थानौ पथः पथा पथिभ्याम् पथिभिः इत्यादि हुन्छन् । सप्तमीका एकवचनमा पथि भन्ने रूप हुन्छ । यसै गरी मथिन् शब्दका पनि मन्थाः मन्थानौ मन्थानः जस्ता रूपहरू जान्नुपर्दछ । ऋभुक्षाः ऋभुक्षाणौ ऋभुक्षाणः इत्यादि गरी पथ्यादिमा पथिन् मथिन् र ऋभुक्षन् शब्द आउँछन् । पाँच सङ्ख्या जनाउने पञ्चन् शब्द नित्य बहुवचनको हुन्छ । त्यसका रूप पञ्च पञ्च पञ्चभिः पञ्चभ्यः पञ्चभ्यः पञ्चानाम् पञ्चसु हुन्छन् । प्रतान् शब्दका रूप प्रतान् प्रतानौ प्रतानः इत्यादि हुन्छन् । तृतीयाहरूका द्विवचनमा प्रतान्भ्याम् रूप हुन्छन् । सम्बोधनमा हे प्रतान् हुन्छ । सुशर्मन् शब्दका रूप सुशर्मा सुशर्माणौ सुशर्माणः इत्यादि हुन्छन् । शस् ङसि ङस् यी विभक्तिहरूमा सुशर्मणः रूप हुन्छ । अप् शब्द नित्य बहुवचनान्त र स्त्रीलिङ्गी हो । यसका रूपहरू प्रथमा आपः द्वितीया अपः तृतीया अद्भिः चतुर्थी पञ्चमी अद्भ्यः षष्ठी अपाम् सप्तमी अप्सु हुन्छन् । प्रशाम् शब्दका रूप प्रशान् प्रशामौ प्रशामः इत्यादि हुन्छन् । सप्तमीका एकवचनमा प्रशामि रूप हुन्छ । किम् शब्दका रूप क्रमशः कः कौ के कम् कौ कान् केन काभ्याम् कैः इत्यादि हुन्छन् र सप्तमी बहुवचनमा केषु हुन्छ । बाँकी सर्व शब्दको जस्तै । इदम् शब्दका रूपहरू अयम् इमौ इमे इमम् इमौ इमान् अनेन आभ्याम् एभिः अस्मै आभ्याम् एभ्यः अस्मात् आभ्याम् एभ्यः अस्य अनयोः एषाम् अस्मिन् अनयोः एषु हुन्छन् । चतुर् शब्द नित्य बहुवचनान्त । पुँलिङ्गमा यसका रूप चत्वारः चतुरः चतुर्भिः चतुर्भ्यः चतुर्णाम् चतुर्षु हुन्छन् । वाणी राम्रो भएका पुरुषलाई श्रेष्ठ मानिन्छ । त्यसलाई सुगीः भन्दछन् । यो सुगिर् शब्दको प्रथमाको एकवचनको रूप हो । सप्तमीका एकवचनमा सुगिरि रूप बनेको हुन्छ । सुदिव् शब्दको रूप सुद्यौः सुदिवौ सुदिवः भएर चलेका हुन्छन् ।

तृतीया आदिका द्विवचनमा सुद्युभ्याम् रूप हुन्छ। विश् शब्दको रूप विट्विड् विशौ विशः विट्भ्याम् इत्यादि हुन्छन्। सप्तमीका बहुवचनमा विट्सु रूप हुन्छ। यादृश् शब्दका रूप यादृक् यादृग् यादृशौ यादृशः यादृशा यादृग्भ्याम् इत्यादि हुन्छन्। षट् शब्द नित्य बहुवचनान्त हुन्छ। यसको प्रथमा र द्वितीया षट् षड् तृतीया षड्भिः चतुर्थी पञ्चमी षड्भ्यः षष्ठी षण्णाम् सप्तमी षट्सु हुन्छन्। सुवचस् शब्दका रूप सुवचाः सुवचसौ सुवचसः सुवचसम् सुवचसौ सुवचसः सुवचसा सुवचोभ्याम् सुवचोभिः इत्यादि हुन्छन् र सम्बोधनमा हे सुवचः हुन्छ। उशनस् शब्दका रूप उशना उशनसौ उशनसः हे उशनः इत्यादि हुन्छन्। सप्तमीका एकवचनमा उशनसि रूप बनेको हुन्छ। पुरुदंशस् र अनेहस् शब्दका रूप पनि यसै किसिमका हुन्छन्। पुरुदंशा पुरुदंशौ पुरुदंशसः अनेहा अनेहसौ अनेहसः इत्यादि विद्वस् शब्दका रूपहरू विद्वान् विद्वांसौ विद्वांसः हे विद्वन् इत्यादि हुन्छन्। चतुर्थी विभक्तिका एकवचनमा विदुषे रूप हुन्छ। द्विवचनमा विद्वद्भ्याम् र सप्तमीका बहुवचनमा विद्वत्सु रूप बनेको हुन्छ। बभूविवस् शब्दको रूप बभूविवान् बभूविवांसौ बभूविवांसः इत्यादि जान्नुपर्दछ। यसै गरी पेचिवान् पेचिवांसौ पेचिवांसः श्रेयान् श्रेयांसौ श्रेयांसः इत्यादि रूप जान्नुपर्दछ। श्रेयस् शब्दका द्वितीयाका बहुवचनमा श्रेयसः रूप हुन्छ। अब अदस् शब्दका पुँलिङ्गमा असौ अमू अमी अमुम् अमू अमून् अमुना अमुभ्याम् अमीभिः अमुष्मै अमूभ्याम् अमीभ्यः अमुष्मात् अमूभ्याम् अमीभ्यः अमुष्य अमुयोः अमीषाम् अमुष्मिन् अमुयोः अमीषु भन्ने रूप हुन्छन् भन्ने बताइयो। गोदुह् शब्दका रूप गोधुक् गोधुग् गोदुहौ गोदुहः गोधुक्षु इत्यादि हुन्छन्। यसै गरी दुह् आदि अन्य शब्दहरूबाट पनि रूप जान्नुपर्दछ। मित्रद्रुह शब्दका रूप यस प्रकार हुन्छन् भनी जान्नुपर्दछ। मित्रध्रुक् मित्रध्रुग् मित्रध्रुट् मित्रध्रुड् मित्रद्रुहौ मित्रद्रुहः मित्रद्रुहा मित्रध्रुग्भ्याम् मित्रध्रुड्भ्याम् मित्रध्रुग्भिः मित्रध्रुड्भिः इत्यादि। यसै गरी चित्रद्रुह् आदि शब्दहरूका पनि रूप जान्नुपर्दछ। स्वलिह् शब्दका रूप स्वलिट् स्वलिड् स्वलिहौ स्वलिहः स्वलिहा स्वलिड्भ्याम् इत्यादि हुन्छन्। सप्तमीका एकवचनमा स्वलिहि रूप हुन्छ। अनुडुह् शब्दका रूप अनड्वान् अनड्वाहौ अनड्वाहः अनड्वाहम् अनड्वाहौ अनुडुहः अनडुहा अनडुद्भ्याम् अनडुद्भिः र सप्तमीका बहुवचनमा अनडुत्सु, सम्बोधनमा हे अनड्वन् रूप हुन्छन्। अजन्त र हलन्त शब्द पुँलिङ्गमा बताइयो। अब स्त्रीलिङ्गमा बताइनेछ।५४-७३।

३५२. द्विपञ्चाशदधिकत्रिशततमोऽध्यायः

स्त्रीलिङ्गशब्दसिद्धरूप

स्कन्द उवाच

रमा रमे रमाः सुभा रमां रमे रमास्तथा।
रमया च रमाभ्यां च रमाभिः कृतमव्ययम्।१।
रमायै च रमाभ्यां च रमायां रमयोः शुभम्।
रमाणां च रमायां च रमास्वेवं कलादयः।२।
जरा जरसौ जर इति जरसश्च जरा जराम्।
जरसं च जरास्वेवं सर्वा सर्वे च सर्वया।३।
सर्वस्यै देहि सर्वस्याः सर्वस्याः सर्वयोस्तथा।
शेषं रमावद्रूपं स्याद् द्वेद्वे ये तिस्रश्च तिसृणाम्।४।
बुद्धीर्बुद्ध्या बुद्धये च बुद्ध्यै बुद्धेश्च हे मते।
कविवत् स्यान्मुनीनां च नदी नद्यौ नदीं नदीः।५।
नद्या नदीभिर्नद्यै च नद्यां चैव नदीषु च।
कुमारी जम्भणीयेवं श्रीः श्रियौ च श्रियः श्रिया।६।
श्रियै श्रिये स्त्रीं स्त्रियञ्च स्त्रीश्च स्त्रियः स्त्रिया स्त्रियै।
स्त्रियाः स्त्रीणां स्त्रीयां च ग्रामण्यां धेन्वै च धेनवे।७।
जम्बूर्जम्ब्वौ च जम्बूश्च जम्बूनां च फलं पिब।
वर्षाभ्वौ च पुनर्भ्वौ च मातृर्वापि च गौश्च नौः।८।
वाग्वाचा वाग्भिश्च वाक्षु स्रग्भ्यां स्रजि स्रजोस्तथा।
विद्वद्भ्याञ्चैव विद्वत्सु भवती स्याद्भवन्त्यपि।९।
दीव्यन्ती भाती भान्ती च तुदन्ती च तुदत्यपि।
रुदती रुन्धती देवी गृह्णती चोरयन्त्यपि।१०।
दृषत् दृषद्भ्यां दृषदि विशेषविदुषी कृतिः।
समित्समिद्भ्यां समिधि सीमा सीम्नि च सीमनि।११।
दामनीभ्यां ककुद्भ्यां च केयमाभ्यां तथासु च।
गीर्भ्याञ्चैव गिरा गीर्षु सुभूः सुपूः पुरा पुरि।१२।
द्यौर्द्युभ्यां दिवि द्युषु तादृश्या तादृशी दिशः।
यादृश्यां यादृशी तद्वत्सुवचोभ्यां सुवचः स्वपि।
असौ चामुममू चामूरमूभिरमुयाऽमुयोः।१३।

कार्तिकेयले भने- आकारान्त स्त्रीलिङ्ग रमा शब्दका रूप रमा रमे रमाः रमाम् रमे रमाः रमया रमाभ्याम् रमाभिः रमायै रमाभ्याम् रमायाः रमयोः रमाणाम् रमायाम् रमयोः समासु हुन्छन् र यसै गरी कला आदि शब्दका पनि हुन्छन् । आकारान्त जरा शब्दका केही फरक पर्दछन् । प्रथमा एकवचनमा जरा, प्रथमा द्वितीया द्विवचनमा जरसौ (जरे) प्रथमा द्वितीया बहुवचनमा जरसः (जराः) द्वितीया एकवचनमा जरसम् (जराम्) सप्तमी बहुवचनमा जरासु हुन्छ । अब सर्वा शब्दका रूप भनिन्छ । सर्वा सर्वे सर्वाः सर्वाम् सर्वे सर्वाः तृतीयाको एकवचनमा सर्वया चतुर्थीको एकवचनमा सर्वस्यै पञ्चमी षष्ठीको एकवचनमा सर्वस्याः षष्ठी सप्तमीको द्विवचनमा सर्वयोः हुन्छन् र बाँकी रमा शब्दका जस्तै रूप चल्छन् । स्त्रीलिङ्गमा नित्य द्विवचनान्त हुने द्वि शब्दका रूप प्रथमा र द्वितीयामा द्वे नै हुन्छ । त्रिः शब्दका रूप प्रथमा द्वितीयामा तिस्रः र षष्ठीको बहुवचनमा तिसृणाम् हुन्छ । बुद्धि शब्दका रूप प्रथमाको एकवचनमा बुद्धिः तृतीया एकवचनमा बुद्ध्या चतुर्थी एकवचनमा बुद्धये (बुद्ध्यै) पञ्चमी षष्ठी एकवचन बुद्धेः हुन्छन् । मति शब्दको सम्बोधनको एकवचनमा हे मते हुन्छ । मुनीनाम् भन्ने रूप मुनि शब्दको षष्ठीको बहुवचन हो र बाँकी सबै कवि शब्दका जस्तै रूपहरू हुन्छन् । नदी शब्दका रूप प्रथमा एकवचनमा नदी प्रथमा द्विवचनमा नद्यौ द्वितीया एकवचनमा नदीम् द्वितीया बहुवचनमा नदीः तृतीया एकवचनमा नद्या तृतीया बहुवचनमा नदीभिः चतुर्थी एकवचनमा नद्यै सप्तमी एकवचनमा नद्याम् सप्तमी बहुवचनमा नदीषु हुन्छन् । यसै गरी कुमारी जृम्भणी शब्दका रूप चल्दछन् । श्री शब्दका रूप भिन्न हुन्छन् । प्रथमाको एकवचन श्रीः प्रथमा द्विवचन श्रियौ प्रथमा द्वितीयको बहुवचन श्रियः तृतीयको एकवचन श्रिया चतुर्थीको एकवचनमा श्रियै (श्रिये) हुन्छन् । स्त्री शब्दका द्वितीयाको एकवचनमा स्त्रिम् (स्त्रियम्) द्वितीयाको बहुवचनमा स्त्रीः (स्त्रियः) तृतीयाको एकवचनमा स्त्रिया चतुर्थीको एकवचनमा स्त्रियै पञ्चमी षष्ठीको एकवचनमा स्त्रियाः षष्ठीको बहुवचनमा स्त्रीणाम् र सप्तमीको एकवचनमा स्त्रियाम् हुन्छन् । स्त्रीलिङ्गी ग्रामणी शब्दको सप्तमीको एकवचनमा ग्रामण्याम् र धेनु शब्दको चतुर्थीको एकवचनमा धेन्वै (धेनवे) रूप हुन्छन् । जम्बु शब्दका रूप प्रथमाको एकवचनमा जम्बूः प्रथमा र द्वितीयाका द्विवचनमा जम्ब्वौ द्वितीयाका बहुवचनमा जम्बूः षष्ठीका बहुवचनमा जम्बूनाम् हुन्छन् । वर्षाभू पुनर्भू आदि कतिपय शब्दहरूका रूप प्रथमा र द्वितीयाका द्विवचनमा वर्षाभ्वौ पुनर्भ्वौ हुन्छन् । मातृ शब्दको प्रथमा द्वितीयाका द्विवचनमा मातृः गो शब्दको प्रथमाको एकवचनमा गौः त्यस्तै नौः हुन्छन् । वाच् शब्दका प्रथमाका एकवचनका रूपहरू वाक् वाग् हुन्छन् । तृतीया एकवचनमा वाग्भिः सप्तमी बहुवचनमा वाक्षु हुन्छन् । पुष्पमालाको अर्थ लाग्ने स्रज् शब्दको तृतीया, चतुर्थी र पञ्चमी द्विवचनका रूप स्रग्भ्याम् सप्तमी एकवचनमा स्रजि र षष्ठी सप्तमीका द्विवचनमा स्रजोः हुन्छन् । लतावाचक वीरुध् शब्दका तृतीया, चतुर्थी र पञ्चमी द्विवचनका रूप वीरुद्भ्याम् र सप्तमी बहुवचनमा वीरुत्सु हुन्छ । स्त्रीलिङ्गमा भवत् शब्दमा उकार अनुबन्ध लोप हुँदा भवती हुन्छ र ऋकार अनुबन्ध लोप हुँदा भवन्ती हुन्छ । स्त्रीलिङ्गी दीव्यत् शब्दको प्रथमाको एकवचनको रूप दीव्यन्ती हुन्छ । स्त्रीलिङ्गमै भात् शब्दको प्रथमाको एकवचनमा भाती र भान्ती यी दुई रूप हुन्छन् । स्त्रीलिङ्गी तुदत् शब्दका पनि प्रथमाका एकवचनमा तुदती र तुदन्ती रूप बन्छन् । रुदत् शब्दका स्त्रीलिङ्गमा प्रथमाको एकवचनमा रुदत् शब्दको रुदती रुन्धत् शब्दको रुन्धती गृह्णत् शब्दको गृह्णती र चोरयत् शब्दको चोरयन्ती रूप बन्छन् । दृषद् शब्दको रूप प्रथमाको एकवचनमा दृषद् नै हुन्छ । तृतीया, चतुर्थी र पञ्चमीको द्विवचनमा दृषद्भ्याम् सप्तमीको एकवचनमा दृषदि हुन्छ । कृति शब्दको प्रथमाको एकवचनको रूप कृतिः हुन्छ । समिध् शब्दको प्रथमा एकवचनमा समित् समिद् हुन्छ भने तृतीया, चतुर्थी र पञ्चमीको द्विवचनमा समिद्भ्याम् हुन्छ । सीमन् शब्दको प्रथमाको एकवचनमा सीमा रूप हुन्छ । सप्तमी एकवचनमा सीम्नी सीमनि दुई रूप हुन्छन् । दामनी शब्दको तृतीया, चतुर्थी र पञ्चमीका द्विवचनमा दामनीभ्याम् हुन्छ । ककुभ् शब्दको तिनै ठाउँहरूमा ककुब्भ्याम् रूप बन्छ । किम् शब्दको प्रथमा एकवचनमा का हुन्छ इदम् शब्दको त्यही इयम् बन्छ । त्यसैको तृतीया, चतुर्थी र पञ्चमीको द्विवचनमा आभ्याम् हुन्छ । इदम् शब्दको सप्तमी बहुवचनमा आसु हुन्छ । गिर् शब्दको तृतीया, चतुर्थी र पञ्चमीमा गीर्भ्याम् हुन्छ । सप्तमीको बहुवचनमा गीर्षु रूप बन्छ । प्रथमाको एकवचनमा सुभ्रूः र सुपूः शब्द पनि सिद्ध हुन्छन् । पुर् शब्दको तृतीयाका एकवचनमा पुरा र सप्तमीका एकवचनमा पुरि रूप बनेका हुन्छन् । दिव् शब्दको प्रथमाको एकवचनको रूप द्यौः हुन्छ भने तृतीया, चतुर्थी र पञ्चमी द्विवचनको रूप द्युभ्याम् हुन्छ । दिवि शब्दको सप्तमी एकवचनमा द्युषु रूप बन्छ । तादृशी शब्दको तृतीया एकवचनमा तादृश्या र प्रथमाको एकवचनमा तादृशी रूप बनेका हुन्छन् । दिश् शब्दका रूप दिक् दिग् दिशौ दिशः इत्यादि हुन्छन् । यादृशी शब्दका प्रथमा एकवचनमा यादृशी नै र सप्तमीको एकवचनमा यादृश्याम् रूप बन्छन् । सुवचस् शब्दका तृतीया, चतुर्थी र पञ्चमीमा सुवचोभ्याम् हुन्छ भने सप्तमीको एकवचनमा सुवचस्सु रूप बन्छ । स्त्रीलिङ्गमा अदस् शब्दका प्रथमा एकवचनमा असौ प्रथमा द्वितीयाको द्विवचनमा अमू द्वितीयाको एकवचनमा अमूम् तृतीया एकवचनमा प्रथमा द्वितीयाको बहुवचनमा अमूः तृतीयाको बहुवचनमा अमूभिः तृतीयाको एकवचनमा अमूया र षष्ठी सप्तमीको द्विवचनमा अमुयोः रूप बन्छन् ।१–१३।

३५३. त्रिपञ्चाशदधिकत्रिशततमोऽध्यायः

नपुंसकशब्दसिद्धरूप

स्कन्द उवाच

नपुंसके किं के कानि किं के कानि ततो जलम् ।
सर्वं सर्वे च पूर्वाद्याः सोमपं सोमपानि च ।१।
ग्रामणि ग्रामणिनी च ग्रामाणि ग्रामणिन्यपि ।
वारि वारिणी वारीणि वारिणां वारिणीदृशम् ।२।
शुचये शुचिने देहि मृदुने मृदवे तथा ।
त्रपु त्रपुणि त्रपूणां च खलपूनि खलप्वि च ।३।
कर्त्रा च कर्तृणे कर्त्रे अतिव्र्यतिरिणां तथा ।
अभिन्यभिनिनी चैव सुवचांसि सुवाक्षु च ।४।
यद्यत्त्विमे तत्कर्माणि इदं चेमे त्विमानि च ।
ईदृक् त्वदोऽमुनी अमूनि अमुना स्यादमीषु च ।५।
अहमावां वयं मां वै आवामस्मान्मया कृतम् ।
आवाभ्यां च तथास्माभिर्मह्यमस्मभ्यमेव च ।६।
मदावाभ्यां मदस्मच्च पुत्रोऽयं मम चावयोः ।
अस्माकमपि चास्मासु त्वं युवां यूयमीजिरे ।७।
त्वां युवां च युष्मांश्च त्वया युष्माभिरीरितम् ।
तुभ्यं युवाभ्यां युष्मभ्यं त्वत् युवाभ्यां च युष्मत् ।८।
तव युवयोर्युष्माकं त्वयि युष्मासु भारती ।
उपलक्षणमत्रैव अज्झलन्ताश्च ते स्मृताः ।९।

कार्तिकेयले भने— नपुंसक लिङ्गमा किम् शब्दका प्रथमा र द्वितीयामा किम् के कानि रूप हुन्छन् र बाँकी रूप सबै पुलिङ्गका जस्तै हुन्छन् । जलम् र सर्वम् प्रथमाको एकवचन हुन् पूर्व पर अवर दक्षिण उत्तर अपर अधर स्व र अन्तर यी सबै शब्दका रूप यसै किसिमका हुन्छन् । सोमपा शब्दका सोमपम् प्रथमा र द्वितीयाका एकवचनका, सोमपानि प्रथमा र द्वितीयाका बहुवचनका रूप हुन् । ग्रामणी शब्दको नपुंसक लिङ्गमा प्रथमा र द्वितीयाका एकवचनमा ग्रामणि रूप हुन्छ । प्रथमा र द्वितीयाको द्विवचनमा ग्रामणिनी एवं प्रथमा र द्वितीयाको बहुवचनमा ग्रामणीनि रूप हुन्छन् । वारि शब्दका रूप पनि वारि वारिणी वारीणि यस्तै खालका हुन्छन् । वारीणाम् षष्ठीको बहुवचनमा र वारिणि सप्तमीको एकवचनमा हुन्छन् । शुचि र मृदु शब्दका क्रमशः चतुर्थीका एकवचनमा शुचये(शुचिने) र मृदुने(मृदवे) रूप हुन्छन् । त्रपु शब्दका प्रथमा द्वितीयाका एकवचनमा त्रपु तिनैका द्विवचनमा त्रपुणी हुन्छ र षष्ठीको बहुवचनमा त्रपूणाम् हुन्छ । नपुंसक लिङ्गी खलपू शब्दका सप्तमीको एकवचनमा खलपुनि र खलप्वि दुवै रूप बन्छन् । कर्तृ शब्दको तृतीया एकवचनमा कर्त्रा (कर्तृणा) र चतुर्थी एकवचनमा कर्तृणे (कर्त्रे) बन्दछन् । अतिरि शब्दका प्रथमा र द्वितीयाका एकवचनमा अतिरि हुन्छ र तिनैको द्विवचनमा अतिरिणी रूप हुन्छन् । अभिनि शब्दका प्रथमा द्वितीयाका एकवचनमा अभिनि र तिनैको द्विवचनमा अभिनिनी रूप हुन्छन् । सुवचस् शब्दको प्रथमा बहुवचनमा सुवचांसि रूप बन्छ । सुवाच् शब्दको सप्तमी बहुवचनमा सुवाक्षु रूप बन्छ । यत् र तत् शब्दका प्रथमा र द्वितीयाका एकवचनमा क्रमशः यत् (यद्) तत् (तद्) रूप बन्छन् । कर्म शब्दका प्रथमा र द्वितीयाका बहुवचनमा कर्माणि हुन्छ र इदम् शब्दको प्रथमा र द्वितीया विभक्तिका तीनवटै वचनमा क्रमशः इदम् इमे इमानि रूप चल्दछन् । ईदृश् शब्दका प्रथमा र द्वितीयाका एकवचनमा इदृक् (इदृग्) रूप बन्दछन् । अदस् शब्दको प्रथमा द्वितीया विभक्तिका तीनवटै वचनहरूमा क्रमशः अदः अमुनी अमूनि रूप हुन्छन् । तृतीयाको एकवचन अमुना हो र अमीषु सप्तमीको बहुवचन हो । अस्मद् शब्दका सबै विभक्तिका वचनअनुसार क्रमशः अहम् आवाम् वयम् माम् आवाम् अस्मान् मया आवाभ्याम् अस्माभिः मह्यम् आवाभ्याम् अस्मभ्यम् मत् आवाभ्याम् अस्मत् मम आवयोः अस्माकम् मयि आवयोः अस्मासु रूप हुन्छन् । त्यसै गरी युष्मद् शब्दका पनि त्वम् युवाम् यूयम् त्वाम् युवाम् युष्मान् त्वया युवाभ्याम् युष्माभिः तुभ्यम् युवाभ्याम् युष्मभ्यम् त्वत् युवाभ्याम् युष्मत् तव युवयोः युष्माकम् त्वयि युवयोः युष्मासु रूप हुन्छन् । यहाँ यस प्रकारले अजन्त र हलन्त नपुंसक लिङ्गका शब्दको दिग्दर्शन गराइयो ।१–९।

३५४. चतुर्पञ्चाशदधिकत्रिशततमोऽध्यायः

कारक

स्कन्द उवाच

कारकं सम्प्रवक्ष्यामि विभक्त्यर्थसमन्वितम् ।
ग्रामोऽस्ति हे महार्केह नौमि विष्णुं श्रिया सह ।१।
स्वतन्त्रः कर्त्ता विद्यानां कृतिनः समुपासते ।
हेतुकर्त्ता लम्भयते हितं वै कर्मकर्त्तरि ।२।
स्वयं भिद्येत्प्राकृतधीः स्वयं च छिद्यते तरुः ।
कर्त्ताऽभिहित उत्तमः कर्त्ताऽनभिहितोऽधमः ।३।
कर्त्ताऽनभिहितो धर्मः शिष्ये व्याख्यायते यया ।
कर्त्ता पञ्चविधः प्रोक्तः कर्म सप्तविधं शृणु ।४।
ईप्सितं कर्म च यथा श्रद्दधाति हरिं यतिः ।
अनीप्सितं कर्म यथा अहिं लङ्घयते भृशम् ।५।
नैवेप्सितं नानीप्सितं दुग्धं सम्भक्षयन्व्रजः ।
भक्षयेदप्यकथितं गोपालो दोग्धि गां पयः ।६।
कर्तृकर्माऽथ गमयेच्छिष्यं ग्रामं गुरुर्यथा ।
कर्म चाभिहितं पूजा क्रियते वै श्रियै हरेः ।७।
कर्मानभिहितं स्तोत्रं हरेः कुर्य्यात्तु सर्वदम् ।
करणं द्विविधं प्रोक्तं बाह्यमाभ्यन्तरं तथा ।८।
चक्षुषा रूपं गृह्णाति बाह्यं दात्रेण तल्लुनेत् ।
सम्प्रदानं त्रिधा प्रोक्तं प्रेरकं ब्राह्मणाय गाम् ।९।
नरो ददाति नृपतये दासं तदनुमन्तृकम् ।
अनिराकर्तृकं भर्त्रे दद्यात्पुष्पाणि सज्जनः ।१०।
अपादानं द्विधा प्रोक्तं चलमश्वात्तु धावतः ।
पतितश्चाचलं ग्रामादागच्छति स वैष्णवः ।११।
चतुर्धा चाधिकरणं व्यापकं दध्नि वै घृतम् ।
तिलेषु तैलं देवार्थमौपश्लेषिकमुच्यते ।१२।
गृहेतिष्ठेत्कपिर्वृक्षे स्मृतं वैषयिकं यथा ।
जले मत्स्यो वने सिंहः स्मृतं सामीप्यकं यथा ।१३।
गङ्गायां घोषो वसति औपचारिकमीदृशम् ।
तृतीया वाथ वा षष्ठी स्मृताऽनभिहिते तथा ।१४।
विष्णुः सम्पूज्यते लोकैर्गन्तव्यं तेन तस्य वा ।
प्रथमाऽभिहितकर्तृकर्मणोः प्रणमेद्धरिम् ।१५।
हेतौ तृतीया चान्येन वसेद्वृक्षाय वै जलम् ।
चतुर्थी तादर्थ्येऽभिहिता पञ्चमी पर्य्युपाङ्मुखैः ।१६।
योगे वृष्टः परिग्रामाद्देवोऽयं बलवत्पुरा ।
पूर्वो ग्रामादृते विष्णोर्न मुक्तिरितरो हरेः ।१७।
पृथग्विनाद्यैस्तृतीया पञ्चमी च तथा भवेत् ।
पृथग्ग्रामाद्विहारेण विना श्रीश्च श्रिया श्रियः ।१८।
कर्मप्रवचनीयाख्यैर्द्वितीया योगतो भवेत् ।
अन्वर्जुनं च योद्धारो ह्यभितो ग्राममीरितम् ।१९।
नमःस्वाहास्वधास्वस्तिवषडाद्यैश्चतुर्थ्यपि ।
नमो देवाय ते स्वस्ति तुमर्थाद्भाववाचिनः ।२०।
पाकाय पक्तये याति तृतीया सहयोगके ।
हेत्वर्थे कुत्सितेऽङ्गे सा तृतीया च विशेषणे ।२१।
पिताऽगात्सह पुत्रेण काणोऽक्ष्णा गदया हरिः ।
अर्थेन निवसेद्भृत्यः काले भावे च सप्तमी ।२२।
विष्णौ नते भवेन्मुक्तिर्वसन्ते स गतो हरिम् ।
नृणां स्वामी नृषु स्वामी नृणामीशः सताम्पतिः ।२३।
नृणां साक्षी नृषु साक्षी गोषु नाथो गवाम्पतिः ।
गोषु सूतो गवां सूतो राज्ञां दायादकोऽस्विह ।२४।
अन्नस्य हेतोर्वसति षष्ठि स्मृत्यर्थकर्मणि ।
मातुः स्मरति गोप्तारं नित्यं स्यात् कर्तृकर्मणोः ।
अपां भेत्ता तव कृतिर्न निष्ठादिषु षष्ठ्यपि ।२५।

कार्तिकेयले भने— अब म विभक्त्यर्थसित सम्बन्धित कारकका विषयमा चर्चा गर्दछु। ग्रामोऽस्ति भनिएका ठाउँमा प्रातिपदिक मात्रै हुनाले प्रथमा विभक्ति भएको छ। विभक्त्यर्थमा प्रथमा विभक्ति लाग्ने विधान पहिले नै बताइसकिएको छ। हे महार्क ! यस वाक्यमा महार्क शब्दमा सम्बोधनसँग प्रथमा विभक्ति छ। सम्बोधनमा प्रथमा लाग्ने विधानका विषयमा पनि पहिले नै चर्चा गरियो। इह नौमि विष्णुं श्रिया सह यस वाक्यमा विष्णु शब्को संज्ञा कर्म भएको छ र द्वितीया कर्मणि स्मृता भन्ने पहिले भनिएको नियमअनुसार कर्ममा द्वितीया विभक्ति भएको छ। श्रिया सह भन्दा यहाँ श्री शब्दमा सहको योग भएका कारण तृतीया विभक्ति छ। सहार्थकको अर्थमा र सादृशार्थक भन्ने शब्दको संयोग भयो भने तृतीया विभक्ति हुन्छ भन्ने सर्वसम्मत छ। क्रियामा जसलाई स्वतन्त्र भएको बताइएको छ त्यो नै कर्ता वा स्वतन्त्र कर्ता हो। त्यसको प्रयोजक जो हुन्छ त्यसलाई प्रयोजक कर्ता वा हेतु कर्ता भनिन्छ। कर्म नै कर्ताका रूपमा उल्लेख भएका ठाउँमा कर्मकर्ता हुन्छ। यिनीहरूबाहेक पनि अभिहित कर्ता र अनभिहित कर्ता गरी अरू दुई खालका कर्ता हुन्छन्। अभिहित उत्तम र अनभिहित अधम हुन्छन् भनिएको छ। स्वतन्त्र कर्ताको उदाहरण कृतिनः तां विद्यां समुपासते हो। यहाँ विद्याको उपासनामा विद्वान्हरूको स्वतन्त्रता हुन्छ भनिएको छ। त्यसैले त्यो स्वतन्त्र कर्ता हो। चैत्रो मैत्रं हितं लम्भयते यस वाक्यमा चैत्र प्रयोजक कर्ता वा हेतु कर्ता हो। प्राकृतधीः स्वयं भिद्यते भन्ने वाक्यमा कर्म कर्ताको उदाहरण छ। तरुः स्वयं छिद्यते यहाँ रुख काट्नेको चर्चा छैन। जहाँ कार्यलाई अति सजिलो देखाउनका लागि कर्ताले गरेको कार्य देखाइँदैन त्यहाँ कर्म आदि अन्य कारक पनि कर्ताजस्तै हुन्छन् र क्रिया पनि त्यसै अनुसार रहन्छ। यस दृष्टिले यहाँ प्राकृतधीः र तरु पद कर्म कर्ताका रूपमा छन्। रामो गच्छतिमा कर्तालाई अर्थ्याउने गरी तिङन्तमा प्रत्यय लागेको छ त्यसैले रामः अभिहित कर्ताको उदाहरण हो। कर्ममा प्रत्यय भएका ठाउँमा कर्म उक्त वा अभिहित र कर्ता अनभिहित हुन्छ। त्यस्ता कर्ताको उदाहरण गुरुणा शिष्ये धर्मः व्याख्यायते भन्ने वाक्यलाई लिन सकिन्छ। यहाँ कर्मका रूपमा आउने धर्मम् हुनुपर्नेमा धर्मः भएकाले कर्ममा नै प्रथमा विभक्ति हुनुपर्ने नियम छ। अनभिहित कर्तामा पहिले बताइएको नियमअनुसार तृतीया विभक्ति हुन्छ। त्यसैले गुरुणा पदमा तृतीया विभक्ति लागेको हो। यस किसिमले कर्ताका पाँच किसिम बताइएको छ। अब सात किसिमका कर्मका विषयमा सुन। ईप्सित कर्म, अनीप्सित कर्म, ईप्सितानीप्सित कर्म, अकथित कर्म, कर्तृ कर्म, अभिहित कर्म र अनभिहित कर्म गरी जम्मा सात प्रकारका कर्महरू हुन्छन्। यतिः हरिं श्रद्दधाति भन्ने वाक्यमा कर्तालाई हरि अभीष्ट हुनाले हरि ईप्सित कर्म हो र हरि मा द्वितीया विभक्ति छ। अहिं लङ्घयते भृशम् भन्ने वाक्यमा नाघ्नेका लागि सर्प इच्छित वस्तु होइन। अर्काले नाघ्न लगाएको हुनाले अहिं अनीप्सित कर्म हो र त्यसमा द्वितीया विभक्ति छ। दुग्धं सम्भक्षयन् रजः भक्षयेत् यहाँ दुग्ध ईप्सित कर्म हो र रजः अनीप्सित कर्म हो। गोपालः गां पयः दोग्धि यहाँ गौ शब्द अपादान हो तर अपादानका रूपमा कथित नभएकाले अकथित भयो र द्वितीया विभक्ति भएको छ। प्रयोजक कर्ताकै प्रयोग भएका ठाउँमा प्रयोज्य कर्ता कर्मका रूपमा आउँछ कर्ता पनि कर्मका रूपमा हुन्छ। गुरुः शिष्यं ग्रामं गमयेत् यस वाक्यमा गाउँमा जाने कर्ता शिष्य नै हो तर गुरुले पठाएका कारण गुरुद्वारा प्रेरित भएकाले गुरु प्रयोजक कर्ता हो र प्रयोज्य कर्ता शिष्य नै कर्म भएको छ। श्रियै हरेः पूजा क्रियते यस वाक्यमा कर्मसम्बन्धी प्रत्यय पूजा शब्दमा भएका कारण पूजा अभिहित वा कर्म हो। हरेः सर्वदं स्तोत्रं कुर्यात् जस्तो वाक्यमा कर्तामा प्रत्यय भएका कारण कर्म उल्लेख हुँदैन भने त्यसलाई अनभिहित कर्म भनिन्छ। करण बाह्य र आभ्यन्तर गरी दुई प्रकारको हुन्छ। तृतीया करणे भवेत् भन्ने नियमअनुसार करणमा तृतीया विभक्ति लाग्छ। चक्षुषा रूपं गृह्णाति भन्ने वाक्यमा चक्षुष् शब्द आभ्यन्तर करण हो र यसमा तृतीया विभक्ति लागेको छ। दात्रेण तल्लुनेत् यस वाक्यमा दात्र बाह्य करण हो र त्यसमा तृतीया विभक्ति छ। प्रेरक, अनुमन्तृक र अनिराकर्तृक गरी सम्प्रदान तीन किसिमको छ। दानका लागि प्रेरित गर्ने प्रेरक, प्राप्त वस्तुलाई अनुमोदन गर्ने अनुमन्तृक र प्रेरक पनि होइन एवं अनुमोदनकर्ता पनि होइन तापनि निराकरण नगरीकन दिएको ग्रहण गर्दछ भने त्यो निराकर्तृक हो। सम्प्रदाने चतुर्थी भन्ने नियमअनुसार चतुर्थी विभक्ति लाग्छ। नरो ब्राह्मणाय गां ददाति भन्ने वाक्यको आशयमा ब्राह्मणले गाई दिनका लागि प्रेरित गर्ने हुँदा ब्राह्मण प्रेरक सम्प्रदान हो र चतुर्थी विभक्ति छ। नरो नृपतये दासं ददाति भन्ने वाक्यमा राजाले दिनका लागि प्रेरित नगरे पनि दास दिएको अनुमोदन गर्ने हुँदा नृपति शब्दको चतुर्थी विभक्ति, अनुमन्तृक सम्प्रदान कारक छ। सज्जनः भर्त्रे पुष्पाणि दद्यात् भन्ने वाक्यमा भर्ताले सज्जनलाई पुष्प दिएको ग्रहण गरेको छ र नदिएकोमा आपत्ति पनि छैन यस्तो अवस्थामा भर्त्रे शब्दमा आएको चतुर्थी विभक्ति अनिराकर्तृक सम्प्रदानको हो। चल र अचल गरी अपादान दुई किसिमको छ। अपादाने पञ्चमी स्यात् भन्ने नियमअनुसार त्यसमा पञ्चमी विभक्ति लाग्दछ। धावतः अश्वात् पतितः भन्दा यहाँ अश्व चलायमान छ र अश्व शब्दमा चल अपादान भएर पञ्चमी विभक्ति छ। स वैष्णवः ग्रामादायाति भन्ने वाक्यमा ग्राम अचल हो र त्यसमा अपादान जनाउने पञ्चमी विभक्ति लागेको छ। अभिव्यापक, औपश्लेषिक, वैषयिक र सामीप्यक गरी अधिकरण कारक चार किसिमको छ। दध्नि घृतम् र तिलेषु तैलम् भनेजस्तै वस्तुमा

व्यापक रहेको तत्त्वलाई आधार मानेर वस्तुलाई अधिव्यापक अधिकरण मानिन्छ। क्रमशः घृत र तैल व्यापक भएकाले दधि र तिल शब्दलाई अभिव्यापक अधिकरण भए र आधारो योऽधिकरणं विभक्तिस्तत्र सप्तमी भन्ने नियमअनुसार सप्तमी विभक्ति भएको हो। त्यसै गरी कपिर्गृहे तिष्ठेद् वृक्षे च तिष्ठेत् भन्दा गृह अथवा वृक्षमा कपि अडिएर बसेको हुन्छ। त्यस अवस्थामा गृह र वृक्ष शब्दमा औपश्लेषिक अधिकरण र सप्तमी विभक्ति भयो। विषयका रूपमा बनेको अधिकरणलाई वैषयिक भनिएको हो। जले मत्स्यः वने सिंहः भनिएका ठाउँमा जल र वन क्रमशः मत्स्य र सिंहका लागि विषय हुन्। त्यसैले ती दुवैमा वैषयिक अधिकरण एवं सप्तमी विभक्ति भयो। सामीप्यक अधिकरणका विषयमा भन्नुपर्दा गङ्गायां घोषो वसति भन्ने उदाहरण लिन सकिन्छ। गङ्गामा भनेको गङ्गाको नजिक भनेर बुझ्नुपर्दछ। त्यसैले यहाँ सामीप्यक अधिकरण र सप्तमी विभक्ति भएको छ। यस्ता औपचारिक वाक्य हुन् र यिनले लक्षणाको अर्थ दिएका हुन्छन्। त्यस्तै गौर्वाहिक भन्ने शब्दमा मुख्य शब्द गो हो र यसैको अर्थ बाधित भएर त्यस्तै खालको अर्को अर्थ व्यक्त भएको छ। यो पनि औपचारिक प्रयोग हो। अनभिहित कर्तामा तृतीया अथवा षष्ठी विभक्ति हुन्छ। विष्णुः सम्पूज्यते लोकैः भनिएका ठाउँमा कर्ममा प्रत्यय भएको छ। त्यसैले कर्म उक्त र कर्ता अनुक्त छ। त्यसो भएकै कारण अनुक्त कर्ता लोक शब्दमा तृतीया विभक्ति भएको हो। तेन गन्तव्यम् अथवा तस्य गन्तव्यम् यहाँ पनि माथिको नियमअनुसार नै तृतीया र षष्ठीको प्रयोग भएको छ। अभिहित कर्ता र कर्ममा विभक्ति हुन्छ। त्यसैले विष्णु शब्दमा प्रथमा विभक्ति लागेको छ। भक्तः हरिं प्रणमेत् भन्ने वाक्यमा कर्ता भक्त हो र यसमा अभिहित पनि हुनाले प्रथमा विभक्ति लागेको छ र हरि अनुक्त हुनाले त्यसमा द्वितीया विभक्ति लागेको हो। हेतुको अर्थमा तृतीया हुन्छ। त्यसैले अन्नेन वसेत् भन्ने वाक्यमा हेतुका रूपमा रहेको अन्न शब्दमा तृतीया छ। तादर्थ्यमा चतुर्थी लाग्छ। वृक्षाय जलम् भन्ने वाक्यमा जलको आवश्यकता वृक्षलाई हुने हुँदा तादर्थ्यप्रयुक्त चतुर्थी विभक्ति भएको हो। परि, उप, आङ् आदि उपसर्ग गाँसिदा पञ्चमी विभक्ति लाग्छ। परि ग्रामात् पुरा बलवत् वृष्टोऽयं देवः भन्ने वाक्यमा परि लागेको हुनाले ग्राम शब्दमा पञ्चमी भएको छ। दिशा जनाउने शब्द र ऋते आदि शब्दका योगमा पनि पञ्चमी विभक्ति नै हुन्छ। पूर्वो ग्रामात्, ऋते विष्णोः, न मुक्तिः इतरा हरेः यी वाक्यहरूमा पूर्व, ऋते र इतर शब्दको योगले ग्राम, विष्णु र हरि शब्दमा पञ्चमी विभक्ति भएको हो। पृथग् ग्रामात्, पृथग् विहारेण, विना श्रिया यी वाक्यहरूमा पृथग् को योग हुँदा ग्राम शब्दमा पञ्चमी र विहार शब्दमा तृतीयाको प्रयोग भएको छ भने विनाको योग हुँदा श्री शब्दमा द्वितीया भएको छ। अन्वर्जुनं योद्धारः भन्नेजस्ता वाक्यमा कर्मप्रवचनीय संज्ञा हुँदा अर्जुन शब्दमा द्वितीया हुन्छ। यसै किसिमले अभितः परितः आदिका योगमा पनि द्वितीया विभक्ति हुन्छ। अभितो ग्राममीरितम् भन्ने वाक्यमा अभितः शब्दका योगले ग्राम शब्दलाई द्वितीया भएको छ। नमः स्वस्ति स्वाहा स्वधा वषट् यिनीहरूका योगमा चतुर्थी विभक्ति हुन्छ। नमः देवाय, ते स्वस्ति इत्यादि अवस्थामा देव शब्द र युस्मद् (ते) शब्दलाई चतुर्थी भएको छ। तुमुन् प्रत्ययको अर्थ लाग्ने भाववाची शब्दलाई चतुर्थी विभक्ति हुन्छ। त्यसो हुँदा पाक र पक्ति शब्दमा पाकाय याति वा पक्तये याति जस्ता रूप बन्छन्। सहको अर्थ लाग्दा र अङ्गको विकृति जनाउने अर्थमा तृतीया विभक्ति हुन्छ। त्यस्तो अवस्थामा पिताऽगात् सह पुत्रेण हुन्छ। यसै गरी गदया हरिः भन्ने वाक्यमा सहित अर्थमा गदा रहेको हुनाले त्यसलाई तृतीया भएको छ। अक्ष्णा काणः यस वाक्यमा काणः भएको हुनाले अक्षि शब्दलाई तृतीया भएको हो। अर्थेन निवसेद् भृत्यः भन्ने वाक्यमा भृत्यलाई अर्थको आवश्यकता हुनाले त्यो नै हेतु हो र हेतुका कारण अर्थ शब्दमा तृतीया भएको हो। काल र भाव जनाउने अर्थमा सप्तमी विभक्ति लागेको हुन्छ। जस्तै विष्णौ नते भवेन्मुक्तिः यस वाक्यमा भगवान् विष्णुलाई नमस्कार गर्दा मुक्ति पाइन्छ भन्ने भाव भएकाले विष्णु शब्दलाई सप्तमी भएको हो। यसै गरी वसन्ते स गतो हरिम् भन्ने वाक्यमा समय वा वसन्त ऋतु कालवाचक हुँदा सप्तमी भएको छ। स्वामी, ईश, पति, साक्षी, सूत र दायाद अर्थमा षष्ठी र सप्तमी विभक्ति हुन्छ। जस्तै नृणां स्वामी एवं नृषु स्वामी। यहाँ स्वामी शब्दको योगले नृ शब्दलाई षष्ठी र सप्तमी भएको हो। त्यस्तै नृणामीशः सतां पतिः नृणां साक्षी, नृषु साक्षी गोषु नाथः, गवां पतिः, गोषु सुतः, गवां सुतः इत्यादि हुन्छन्। इह राज्ञां दायादकोऽस्तु भन्ने वाक्यमा दायाद अर्थमा राजन् शब्दलाई षष्ठी भएको छ। हेतुवाचक शब्दको प्रयोग हुँदा अन्नस्य हेतोर्वसति भनेझैँ षष्ठी विभक्ति हुन्छ। किनभने यहाँ वासको हेतु अन्न हो। मातुः स्मरति यस वाक्यमा स्मरणार्थक धातुको प्रयोग हुँदा कर्ममा षष्ठी विभक्ति छ। कृत् प्रत्ययको योगमा कर्ता र कर्म दुवैमा षष्ठी विभक्ति हुन्छ। अपां भेत्ता भन्ने यस वाक्यमा कृत् प्रत्ययान्त भेत्तृ धातु छ र त्यसको योग हुनाले अप् शब्दलाई षष्ठी भएको छ। यसै गरी तव कृतिः यहाँ कृति शब्द कृत् प्रत्ययान्त हो। त्यसैले युष्मद् शब्दको षष्ठीको रूप आएको छ। निष्ठा आदि जनाउने र क्त, क्तवतु, शतृ, शानच् उ, उक, तुमुन्, खलअर्थक तृन्, शानच, चानश् इत्यादिका योगमा षष्ठी विभक्ति हुँदैन।१-२५।

३५५. पञ्चपञ्चाशदधिकत्रिशततमोऽध्यायः

समास

स्कन्द उवाच

षोढा समासं वक्ष्यामि अष्टाविंशतिधा पुनः ।

नित्यानित्यविभागेन लुगलोपेन च द्विधा ।१।

कुम्भकारश्च नित्यः स्याद्धेमकारादिकस्तथा ।

राज्ञः पुमान्राजपुमान्न नित्योऽयञ्च समासकः ।२।

कष्टश्रितो लुक्समासः कण्ठेकालादिकस्त्वलुक् ।

स्यादष्टधा तत्पुरुषः प्रथमाद्यसुपा सह ।३।

प्रथमातत्पुरुषोऽयं पूर्वं कायस्य विग्रहे ।

पूर्वकायोऽपरकायो ह्यधरोत्तरकायकः ।४।

अर्द्धं कणायाार्द्धकणा भिक्षातूर्य्यमथेदृशम् ।

आपन्नजीविकस्तद्वद्द्वितीया चाधराश्रितः ।५।

वर्षम्भोग्यो वर्षभोग्यो धान्यार्थश्च तृतीयया ।

चतुर्थी स्याद्विष्णुबलिर्वृकभीतिश्च पञ्चमी ।६।

राज्ञः पुमान्राजपुमान्षष्ठी वृक्षफलं तथा ।

सप्तमी चाक्षशौण्डोऽयमहितो नञ्समासकः ।७।

कर्मधारयः सप्तधा नीलोत्पलमुखाः स्मृताः ।

विशेषणपूर्वपदो विशेष्योत्तरतस्तथा ।८।

वैयाकरणखसूचिः शीतोष्णं द्विपदं शुभम् ।

कार्तिकेयले भने– अब म छ प्रकारका समासको कुरो गर्दछु । त्यसपछि उपभेदले गर्दा समासका अट्ठाईस किसिमका हुन्छन् । त्यसो त नित्य र अनित्य गरी समासका दुई भेद हुन्छन् । लुक् र अलुक्को भेदले पनि समासका दुई भेद हुन्छन् । कुम्भकार र हेमकार नित्य समास हुन् । राज्ञः पुमान् बाट राजपुमान् बन्छ र यो षष्ठी तत्पुरुष समास स्वपदविग्रह हुने भएकाले अनित्य समास हो । कष्टश्रितः शब्द कष्टं श्रितः बाट भएको लुक् समास हो । किनभने कष्ट पदमा भएको द्वितीया विभक्ति यहाँ लोप भएको छ । कण्ठेकालः अलुक् समास हो । किनभने यसको विग्रह गर्दा कण्ठ शब्दमा लागेको सप्तमी विभक्ति समास गर्दा पनि लोप भएको छैन । प्रथमा आदि विभक्ति लागेका सुबन्त शब्दमा समास हुन्छ । पूर्वकायः यस शब्दमा पूर्वं कायस्य भन्ने किसिमले विग्रह गरियो भने यो प्रथमा तत्पुरुष समास हुन्छ । अपरकायः, अधरकायः, उत्तरकायः यस्तोमा कायस्य अपरम्, कायस्य अधरम्, कायस्य उत्तरम् भन्ने किसिमले विग्रह गर्दा यिनमा पनि प्रथमा तत्पुरुष नै भएको मानिएको छ । यसै गरी अर्द्धकणा भनिएका ठाउँमा अर्द्धम् कणायाः भन्ने विग्रह भयो भने पनि प्रथमा तत्पुरुष नै हुन्छ । तुर्यं भिक्षायाः भन्ने विग्रह भएका अवस्थामा भिक्षातुर्यम् वा तुर्यभिक्षा भयो भने षष्ठी तत्पुरुष समास हुन्छ । यस्तै किसिमले आपन्नो जीविकाम् विग्रह भएर बनेको आपन्नजीविकः द्वितीया तत्पुरुष हो र अर्को पक्षमा यसको रूप जीविकापन्न पनि बन्छ । माधवम् आश्रितः तथा वर्षं भोग्य भन्ने विग्रहबाट बनेका माधवाश्रितः र वर्षभोग्यः पनि द्वितीया तत्पुरुष हुन् । धान्येन अर्थः विग्रहबाट बनेको धान्यार्थः तृतीया समास हो । विष्णवे बलिः विग्रहबाट बनेको विष्णुबलिः चतुर्थी समास हो । वृकाद् भीतिः विग्रहबाट पञ्चमी तत्पुरुषको वृकभीतिः शब्द बन्छ । राज्ञः पुमान् तथा वृक्षस्य फलम् विग्रहमा षष्ठी तत्पुरुषका क्रमशः राजपुमान् र वृक्षफलम् बनेका छन् । अक्षे शौण्डः विग्रहबाट बनेको अक्षशौण्डः सप्तमी तत्पुरुष हो अहितः नञ् समास हो । नीलोत्पल आदि उदाहरण हुनेहरू सबै कर्मधारय समास हो त्यो सात किसिमको हुन्छ । विशेषणपूर्वपद कर्मधारयको उदाहरण नीलोत्पल हो । विशेष्योत्तरपद कर्मधारयको उदाहरण

उपमानपूर्वपदः शङ्खपाण्डुर इत्यपि ।९।
उपमानोत्तरपदः पुरुषव्याघ्र इत्यपि ।
सम्भावनापूर्वपदो गुणवृद्धिरितीदृशम् ।१०।
गुण इति वृद्धिर्वाच्या सुहृदेव सुबन्धुकः ।
अवधारणपूर्वपदो बहुव्रीहिश्च सप्तधा ।११।
द्विपदश्च बहुव्रीहिरारूढभवनो नरः ।
अर्चिताशेषपूर्वोऽयं बह्वङ्घ्रिः परिकीर्त्तितः ।१२।
एते विप्राश्चोपदशाः सङ्ख्योत्तरपदस्त्वयम् ।
सङ्ख्योभयपदो यद्वद्द्वित्राद्व्येकत्रयो नरः ।१३।
सहपूर्वपदोऽयं स्यात्समूलोद्धतकस्तरुः ।
व्यतिहारलक्षणाथः केशाकेशि नखानखि ।१४।
दिग्लक्ष्या स्याद्दक्षिणपूर्वा द्विगुराभाषितो द्विधा ।
एकवद्भावि द्विशृङ्गं पञ्चमूली त्वनेकधा ।१५।
द्वन्द्वः समासो द्विविधो हीतरेतरयोगकः ।
रुद्रविष्णू समाहारो भेरीपटहमीदृशम् ।१६।
द्विधाख्यातोऽव्ययीभावो नामपूर्वपदो यथा ।
शाकस्य मात्रा शाकप्रति यथाऽव्ययपूर्वकः ।१७।
उपकुम्भञ्चोपरथ्यं प्राधान्येन चतुर्विधः ।
उत्तरपदार्थमुख्यो द्वन्द्वश्चोभयमुख्यकः ।
[पू]र्वार्थेशोऽव्ययीभावो बहुव्रीहिश्च बाह्यगः ।१८।

वैयाकरणखसूचिः हो । विशेषणोभयपद कर्मधारयको उदाहरण शीतोष्ण हो। उपमानपूर्वपद कर्मधारयको उदाहरण शङ्खपाण्डुरः हो । उपमानोत्तरपद कर्मधारयको उदाहरण पुरुषव्याघ्रः हो । सम्भावनापूर्वपदको उदाहरण गुणवृद्धिः हो। अवधारणपूर्वपदको उदाहरण सुहृदेव सुबन्धुकः हो । यी सबै समासका नामसँगै अर्थ स्पष्ट छ। बहुव्रीहि समास पनि सात किसिमको नै छ। द्विपद, बहुपद, सङ्ख्योत्तरपद, सङ्ख्योभयपद, सहपूर्वपद, व्यतिहारलक्षणार्थ र दिग्लक्षणार्थ यी बहुव्रीहि समास किसिमहरू हुन् । आरूढभवनम् जस्तो दुईवटा पदको मात्रै समास हुने बहुव्रीहि नै द्विपद हो । अर्चिताशेषपूर्वः दुईभन्दा धेरै पदहरूको समास हुने बहुपद बहुव्रीहि हो । उपदशाः भन्ने समासमा सङ्ख्यावाची दश शब्द पछिल्लो पद हुनाले यो सङ्ख्योत्तरपद बहुव्रीहि हो । द्वित्रा यसमा द्वि र त्रि दुवै सङ्ख्यावाची पदहरूको समास भएको हुनाले यो सङ्ख्योभयपदी बहुव्रीहि हो। समूलोद्धृतकः यसको विग्रहको पहिलो पद सह छ। यसरी सह पदसँग बहुव्रीहि समास हुँदा सहपूर्वपदी हुन्छ। केशाकेशि, नखानखि जस्ता समस्त पदहरू व्यतिहारलक्षणाका उदाहरण हुन् । उत्तरपूर्वा यो दिग्लक्षणार्थ बहुव्रीहि समासको उदाहरण हो । यसमा उत्तर र पूर्व दुवै दिशावाचक शब्द हुन्। एकवद्भाव र अनेकधा द्विगु समास दुई किसिमको हुन्छ। पूर्वपदमा सङ्ख्या भएको द्विगु हो। यसलाई कर्मधारयकै एक भेद मानिएको छ। द्विशृङ्गम् र पञ्चमूली एकवद्भावका उदाहरण हुन् । अनेकधा वा अनेकवद्भावको उदाहरण सप्तर्षयः हो। संज्ञा नभएका कारण पञ्च ब्राह्मणाः मा समास हुँदैन। द्वन्द्व समास पनि इतरेतरयोगी र समाहारवान् गरी दुई किसिमकै हुन्छ। रुद्रविष्णु पहिलाको उदाहरण हो र यहाँ बेग्लाबेग्लै व्यक्तिको एकत्व छ। समाहारको उदाहरण भेरीपटहम् हो । यसमा एकै खालका बाजाहरूको समूहको समास छ । नामपूर्वपद र अव्ययपूर्वपद गरी अव्ययीभाव समास दुई खालको हुन्छ। शाकप्रति नामपूर्वपदको उदाहरण हो। उपकुमारम् वा उपरथ्यम् दोस्रो प्रकारको उदाहरण हो। समासलाई प्रायः उत्तरपदप्रधान तत्पुरुष, उभयपदप्रधान द्वन्द्व, पूर्वपदार्थप्रधान अव्ययीभाव र अन्य वा बाह्यपदार्थप्रधान बहुव्रीहि गरी चार भागमा बाँडिएको छ।१-१८।

३५६. षट्पञ्चाशदधिकत्रिशततमोऽध्यायः

तद्धित

स्कन्द उवाच

तद्धितं त्रिविधं वक्ष्ये सामान्या वृत्तिरीदृशी ।
ले व्यंसलो वत्सलः स्यादिलचि स्यात्तु फेनिलम् ।१।
लोमशः शे पामनो ने इलचि स्यात्तु पिच्छिलम् ।
अणि प्राज्ञ आर्चकः स्याद्दन्तादुरचि दन्तुरः ।२।
रे स्यान्मधुरं सुषिरं वे स्यात्केशर ईदृशः ।
हिरण्यं ये मालवो वे वलचि स्याद्रजस्वला ।३।
इनो धनी करी हस्ती धनिकं टिकनोरितम् ।
पयस्वी विनि मायावी ऊर्णायुर्युचि ईरितम् ।४।
वाग्मी मिनि आलचि स्याद्वाचालश्चाटचीरितम् ।
फलिनो बर्हिणः केकी वृन्दारकस्तथा कनि ।५।
आलुचि शीतन्न सहते शीतालुश्चालुरीदृशः ।
हिमालुरालुचि स्याच्च हिमं न सहते तथा ।६।
रूपं वातादुलचि स्याद्वातुलश्चानपत्यके ।
वसिष्ठः कौरवो वासः पाञ्चालः सोऽस्य वासकः ।७।
तत्र वासो माधुरः स्याद्वेत्त्यधीते च चान्द्रकः ।
व्युत्क्रमं वेत्ति क्रमकः नरश्चक्राम कौशकः ।८।
प्रियङ्गूणां भवं क्षेत्रं प्रैयङ्गवीनकं खञि ।
मौद्गीनं कौद्रवीणञ्च वैदेहश्चानपत्यके ।९।
इञि दाक्षिदोशरथिः कञि नारायणादिकम् ।
आश्वायनः स्वाच्च फञि यचि गार्ग्यश्च वात्स्यकः ।१०।
ढकि स्याद्वैनतेयादिश्चाटके रस्तथैरकि ।
ढ्रकि गौधेरको रूपं गौधारश्चारकीरितम् ।११।
क्षत्रियो घे कुलीनः खे ण्ये कौरव्यादयः स्मृताः ।
यति मूर्द्धन्यमुख्यादिः सुगन्धिरिति रूपकम् ।१२।
तारकादिभ्य इतचि नभस्तारकितादयः ।
अनङि स्याच्च कुण्डोध्नी पुष्पधन्वसुधन्वनी ।१३।
चञ्चुपि वित्तचञ्चुः स्याद्वित्तमस्य च शब्दके ।
चणपि स्यात्केशचणः रूपे स्यात्पटरूपकम् ।१४।
ईयसौ च पटीयान् स्यात्तरप्यक्षतरादिकम् ।
पचतितरां च तरपि तमप्यटतितमामपि ।१५।

कार्तिकेयले भने–हे कात्यायन ! अब तीन खालका तद्धित प्रत्ययका विषयमा भन्दछु । तद्धितका सामान्यावृत्ति तद्धित, अव्यय तद्धित र भाववाचक तद्धित गरी तीन किसिम छन् । सामान्यावृत्ति तद्धितमा अंस शब्दमा लच् प्रत्यय भयो भने अंसलः बन्छ र त्यसको अर्थ बलियो भन्ने हुन्छ । वत्स शब्दबाट लच् प्रत्यय हुँदा स्नेहवान् अर्थ लाग्ने वत्सलः बन्छ । फेन शब्दमा इलच् प्रत्यय भयो भने फिँज भएको पानी अर्थ लाग्ने फेनिलम् हुन्छ । लोमादिगणमा श प्रत्यय हुन्छ र भुत्ला भएको भन्ने अर्थ लाग्ने लोमशः बन्छ । पाम आदि शब्दमा न प्रत्यय हुन्छ र पामनः रूप बन्छ । कल्याण अर्थमा रहेको अङ्ग शब्दबाट न प्रत्यय हुँदा लक्ष्मणः रूप बन्छ । विकल्पले मतुप् प्रत्यय भयो भने पामवान् हुन्छ । पामन वा पामवान् को अर्थ चिलाउने हो । पिच्छ आदिमा इलच् प्रत्यय लागेका अवस्थामा पिच्छिलः पिच्छवान्, उरसिलः, उरस्वान् इत्यादि रूप बन्छन् । पिच्छिलको अर्थ प्वाँख भएको हो र बाटाको अर्थ लागेको छ भने चिप्लो भन्ने बुझ्नुपर्दछ । उरस्वान्को अर्थ मनस्वी हो । प्रज्ञा शब्दमा ण प्रत्यय गरियो भने प्राज्ञः भन्ने बुद्धिमान् अर्थको शब्द बन्छ । श्रद्धा र अर्चा शब्दबाट क्रमशः श्रद्धा भएको र अर्चा भएको अर्थ लाग्ने श्राद्धः र आर्चः रूप बन्छन् । स्त्रीलिङ्गमा प्राज्ञा रूप बनेको हुन्छ । ण प्रत्यय लागेको अवस्थामा अणन्तत्वमा प्रयोग हुने ङीप् हुँदैन । यद्यपि प्रकर्षेण जानातीति प्रज्ञः स एव प्रज्ञावान् तथा प्रज्ञ एव प्राज्ञः रूप बन्छ तापनि यसैबाट स्त्रीलिङ्गमा प्राज्ञी रूप बन्छ तर प्राज्ञा बन्दैन । वृत्ति शब्दबाट ण प्रत्यय भयो भने वार्तः अर्थात् वृत्ति भएको भन्ने शब्द बन्छ । वार्ता विद्या आदि यस्तै हुन् । लामा दाँत भएकालाई जनाउनका लागि दन्त शब्दबाट उरच् प्रत्यय हुन्छ र दन्तुरः रूप बन्छ । मधु र सुषि शब्दबाट र प्रत्यय भएपछि क्रमशः मधुरम् र सुषिरम् शब्द बन्छन् । केश, हिरण्य, मणि शब्दहरूबाट व प्रत्यय भएपछि क्रमशः केशवः, हिरण्यवः मणिवः यस्ता प्रयोग सिद्ध हुन्छन् । रजस् शब्दबाट वलच् प्रत्यय हुँदा रजस्वलम् पद सिद्ध हुन्छ । धन, कर र हस्त शब्दबाट इ प्रत्यय हुँदा क्रमशः धनी करी र हस्ती शब्द बन्छन् । धन शब्दबाट ठन् प्रत्यय हुँदा धनिकः रूप बन्छ । पयस् र माया शब्दमा विनि प्रत्यय लाग्दा पयस्वी र मायावी रूप बन्छन् । ऊर्णा शब्दबाट मतु अर्थ लाग्ने युस् प्रत्यय हुँदा ऊर्णायुः पद बन्छ । वाच् शब्दमा ग्मिनि प्रत्यय लाग्द

वाग्मी, आलच् लाग्दा वाचालः र आटच् लाग्दा वाचाटः रूप बन्छन्। फल र बर्ह शब्दमा इनच् प्रत्यय लाग्दा फलिनः र बर्हिणः बन्छन्। वृन्दसँग आरकन् प्रत्यय लाग्दा वृन्दारकः बन्छ। सहन गर्न नसक्ने अवस्था जनाउने गरी विग्रह भएका शीत र हिम शब्दमा आलुच् प्रत्यय लाग्दा शीतालुः र हिमालुः रूप बन्छन्। वात शब्दमा उलच् लाग्दा वातुलः रूप बन्छ। अपत्य अर्थमा अण् प्रत्यय भयो भने वसिष्ठस्यापत्यं पुमान् वासिष्ठः भनेझैँ कौरवः वासुदेवः जस्ता रूप बन्छन्। निवासको अर्थमा सप्तमी भएमा मथुराका बासिन्दा जनाउन अण् प्रत्यय हुँदा माथुरः रूप बन्छ। सोऽस्य वासः भनेअनुसार प्रथमा भए पनि वस् धातुमा अण् प्रत्यय हुँदा वासः नै रूप बन्छ। चान्द्रं व्याकरणमधीते तद् वेद वा इति चान्द्रः भन्ने विग्रहले सक्षमता जनाउने द्वितीयामा पनि अण् प्रत्यय नै हुन्छ। क्रम आदि शब्दमा अक आदेश हुने वुन् प्रत्यय हुँदा क्रमकः रूप बन्छ र त्यसरी नै पदकः, शिक्षकः, मीमांसकः इत्यादि पनि बन्छन्। त्यसरी नै कोश जान्ने वा पढ्ने कौशक हुन्छ। बाली उब्जाउने अर्थमा खेत जनाउने शब्दमा खञ् प्रत्यय लाग्छ। यसो हुँदा प्रियंगोर्भवनं क्षेत्रं प्रैयङ्गवीनम् भन्ने रूप बन्छ। यसको अर्थ प्रियङ्गु फलाउने खेत हो। यसै गरी मुद्गबाट मुगी र कोद्रवबाट कोदो उत्पत्ति हुने ठाउँका पनि क्रमशः मौद्गीन र कौद्रवीण नाम बन्दछन्। विदेहस्यापत्यम् भन्ने अर्थमा विदेहका पुत्र जनाउन विदेह शब्दमा अण् प्रत्यय भएर वैदेहः बन्छ। आकारान्त शब्दमा अण् प्रत्ययलाई बाधा गरेर इ प्रत्यय लाग्छ। त्यसो हुँदा आदिका स्वरको वृद्धि र अन्तिम स्वर लोप हुन्छ। यसो हुँदा दक्षस्यापत्यम् दाक्षिः तथा दशरथस्यापत्यम् दाशरथि रूप हुन्छन्। नड आदि शब्दहरूमा फक् प्रत्यय हुन्छ र त्यसका ठाउँमा आयन आदेश हुन्छ। त्यसो भएपछि नडस्य गोत्रापत्यं नाडायनः चरस्य गोत्रापत्यं चारायणः हुन्छन्। त्यसै गरी अश्वादिभ्यः फञ् सूत्रले फञ् प्रत्यय हुँदा अश्वस्य गोत्रापत्यं आश्वायनः रूप बन्छ। फञ् प्रत्यय गर्ने सूत्र लागेपछि कुञ्जादिमा पर्ने ब्रध्न, शङ्ख, शकट आदि शब्दबाट पनि शाङ्खायनः, शाकटायनः आदि रूप सिद्ध हुन्छन्। गर्ग, वत्स आदि गोत्रवाचक शब्दहरूमा यञ् प्रत्यय लागेपछि गार्ग्यः वात्स्यः इत्यादि रूप बन्छन्। स्त्रीभ्यो ढक् सूत्रको नियमअनुसार अपत्य अर्थमा स्त्रीलिङ्गमा ढक् प्रत्यय लाग्छ र त्यसका ठाउँमा एय हुन्छ। त्यसो भएकैले विनतायाः पुत्रः वैनतेयः हुन्छ। सुमित्रा आदि शब्द बाह्वादिगणमा रहेका छन्। त्यसैले ती शब्दहरूमा इञ् प्रत्यय लाग्छ र सौमित्रेयः नभएर सौमित्रिः बन्छ। चटका शब्दमा ऐरक् प्रत्यय लाग्छ। त्यसो भएपछि त्यसको पुत्र जनाउने शब्द चाटकैर हुन्छ। गोधा शब्दको पुत्र जनाउनुपर्दा ढ्रक् प्रत्यय लाग्छ र गोधेर रूप बन्छ। त्यसैमा आरक् प्रत्यय हुने पक्षमा गौधारः रूप बन्छ भन्ने व्यारकणीहरूले बताएका छन्। क्षत्र शब्दमा जातिबोधक घ प्रत्यय हुन्छ र त्यसका ठाउँमा इय हुनाले क्षत्रिय रूप बन्छ। अपत्य अर्थमा भने इञ् प्रत्यय नै लागेर क्षात्रिः रूप बन्छ। कुल शब्दमा ख प्रत्यय हुन्छ र त्यसका ठाउँमा ईन आदेश भएर कुलीनः पद सिद्ध हुन्छ। कुरु शब्दमा अपत्य अर्थमा ण्य प्रत्यय हुन्छ र आदिवृद्धिका साथ गुण एवं अव् आदेश भएर कौरव्यः इत्यादि रूप बन्छन्। शरीरवाचक शब्दबाट यत् प्रत्यय भएर मूर्धन्य, मुख्य आदि शब्द सिद्ध हुन्छन्। सुगन्धिः शोभनो गन्धो यस्य सः भन्ने लौकिक विग्रहअनुसार इ प्रत्यय लागेर सुगन्धिः रूप बन्छ। तारका आदि गणमा इतच् प्रत्यय हुन्छ र तारकितम् आदि रूप बन्छन्। कुण्डमिव ऊधो यस्याः सा भन्ने लौकिक विग्रहका आधारमा बहुव्रीहि समास भएर अनङ् प्रत्यय भएपछि त्यस प्रत्ययका ठाउँमा स्त्रीलिङ्गमा ङीष् आदेश हुन्छ र प्रक्रिया पूरा भएपछि कुण्डोध्नी रूप सिद्ध हुन्छ। पुष्पं धनुः यस्य स पुष्पधन्वा र सुष्ठु धनुर्यस्य स सुधन्वा भन्ने खालका शब्दहरू धनुषश्च भन्ने सूत्रका नियमले अनङ् प्रत्यय भएर सिद्ध हुन्छन्। वित्त, शब्द आदि शब्दहरूमा प्रसिद्ध अर्थ दिने चुञ्चुप् प्रत्यय भएर वित्तचुञ्चुः शब्दचुञ्चुः भन्ने रूप बन्छन्। यसै अर्थमा चणप् प्रत्यय पनि हुन्छ र केशचणः शब्द सिद्ध हुन्छ। प्रशंसित भन्ने अर्थ लाग्ने गरी रूप प्रत्यय लाग्दछ र पटुरूपः जस्तो पद सिद्ध हुन्छ। यो रूप प्रत्यय सुबन्त तिङन्त दुवैमा लाग्छ। त्यसैले प्रशस्तं पचति इति पचतिरूपम् भन्ने पनि बन्छ। अतिशय भन्ने अर्थ बोध गराउनका लागि तरप् तमप् इष्ठन् ईयसुन् प्रत्यय लाग्दछन्। तरप् र ईयसुन् यी दुईले दुईवटामध्ये एउटाको श्रेष्ठता व्यक्त गर्दछन् भने तमप् र इष्ठन् यी दुईले धेरैमध्येको श्रेष्ठता व्यक्त गरेका हुन्छन्। यसबाहेक यदि कुनै द्रव्यको श्रेष्ठता नबताउनुपर्ने हो भने तरप् र तमप् प्रत्ययभन्दा पर्तिर आम् किम् एदन्त शब्द, तिङन्त पद र अव्यय पद पनि रहेका हुन्छन्। पटु शब्दबाट ईयसुन् गर्ने हो भने पटीयान् हुन्छ। अक्षतर र पटु शब्दबाट तरप् प्रत्यय गर्ने हो भने क्रमशः अक्षतरः र पटुतरः रूप सिद्ध हुन्छन्। तिङन्तमा तरप् प्रत्यय गरेर आम् गर्ने हो भने पचतितराम् जस्तो र तमप् पछि आम् गर्ने हो भने अटतितमाम् जस्तो रूप हुन्छन्।१-१५।

मृद्वीतमा कल्पपि स्यादिन्द्रकल्पोऽर्ककल्पकः।
राजदेशीयो देशीये देश्ये देश्यादिरूपकम्।१६।
पटुजा जातीयो जातीये जानुमात्रं च मात्रचि।
ऊरुद्वयसो द्वयसचि ऊरुदघ्नं च दघ्नचि।१७।

तयटि स्यात्पञ्चतयः दौवारिकष्ठकीरितम्।
सामान्यवृत्तिरुक्ताथ अव्ययाख्यश्च तद्धितः।१८।
यस्माद्यतस्तसिलि च यत्र तत्र त्रलीरितम्।
अस्मिन् काले ह्यधुना स्यादिदानीञ्चैव दान्यपि।१९।

सर्वस्मिन् सर्वदा दा स्यात् तस्मिन्कालेर्हिलीरितम् ।
तर्हि होस्मिन् काल इह कर्हि कस्मिंश्च कालके ।२०।
यथा थालि थमि कथं पूर्वस्यां दिशि सञ्चयेत् ।
अस्ताति चैव पूर्वस्याः पूर्वादिग्रामणीयकाः ।२१।
पुरस्तात्सञ्चरेद्गच्छेत्सद्यस्तुल्येऽहनीरितम् ।
उति पूर्वाब्दे च परुत्पूर्वतरे परार्य्यपि ।२२।
ऐषमोऽस्मिन्संवत्सरे रूपं समसी चेरितम् ।
एद्यवौ परेद्यवि स्यात्परस्मिन्नहनीरितम् ।२३।
अद्यास्मिन्नहनि द्य स्यात्पूर्वेद्युश्च तथेद्युसि ।
दक्षिणस्यां दिशि वसेद्दक्षिणाद्दक्षिणाद्युभौ ।२४।
उत्तरस्यां दिशि वसेदुत्तरादुत्तराद्युभौ ।
उपरि वसेदुपरिष्टाद्भवेद्रिष्टाति ऊर्ध्वकात् ।२५।
उत्तरेण च पित्रोक्तमाचि च स्याच्च दक्षिणा ।
आहौ दक्षिणाहि वसेद्द्विप्रकारं द्विधा च धा ।२६।
ध्यमुञ्चैकध्यं कुरु त्वं द्वैधन्धमुञ्चि चेदृशम् ।
द्वौ प्रकारौ द्विधा धाचि आसुसुरतरं यथा ।२७।
निपातास्तद्धिताः प्रोक्तास्तद्धितो भाववाचकः ।
पटोर्भावः पटुत्वन्त्वे पटुता तलि चेरितम् ।२८।
प्रथिमा चेमनि पृथोः सौख्यं सुखात्ष्यञीरितम् ।
स्तेयं याति च स्तेनस्य ये सख्युः सख्यमीरितम् ।२९।
कपेर्भावश्च कापेयं सैन्यं पथ्यं यकीरितम् ।
आश्वं कौमारकं चाणि रूपं चाणि च यौवनम् ।
आचार्य्यकं कनि प्रोक्तमेवमन्येऽपि तद्धिताः ।३०।

केही अपुग भन्ने अर्थ बोध गराउनका लागि सुबन्त र तिङन्तमा कल्पप्, देश्य र देशीयर् प्रत्यय लाग्छन् । मृदुकल
इन्द्रकल्पः राजदेशीयः राजदेश्यः आदि रूप हुन्छन् । पटु शब्दमा जातीय प्रत्यय गर्ने हो भने पटुजातीय रूप बन्छ । यसव
अर्थ पटु किसिमको भन्ने हो । थल् प्रत्यय सम्पूर्ण प्रकारहरूकै बोधक हो तर जातीयर् प्रत्यय विशेष प्रकार भएकाको बोध
हुन्छ । सुबन्त शब्दमा तर्नुपर्ने पानीको परिमाण जनाउनका लागि द्वयसच् दध्नच् र मात्रच् प्रत्यय लाग्दछन् । त्यसो भएपा
जानुमात्रम् उरुद्वयसम् र उरुदध्नम् जस्ता प्रयोगहरू बन्छन् । अवयवहरूको बोध गराउने गरी पञ्चन् शब्दमा तयप् प्रत्यय ग
पञ्चतयम् बन्छ । द्वार रक्षा गर्ने अर्थमा पाले जनाउने शब्दमा ठक् प्रत्यय हुन्छ र त्यसका ठाउँमा इक आदेश भएर दौवारि
पद सिद्ध हुन्छ । यहाँसम्म तद्धितको सामान्यवृत्ति भनियो । अब अव्ययसंज्ञक तद्धित भनौँ । यस्माद् र तस्माद् मा तसिल् प्रत्
भएपछि यत् र तत् का ठाउँमा क्रमशः य र त भएर यतः र ततः रूप सिद्ध हुन्छन् । यी दुवै रूप अव्यय मानिन्छन् । तसि
प्रत्ययभन्दा पहिले त्रल् पनि आउँछ । यस अवस्थामा ती दुवै शब्दबाट क्रमशः यत्र र तत्र रूप सिद्ध हुन्छन् । अस्मिन् काले
लौकिक विग्रहमा अधुना प्रत्यय हुन्छ र अस्मिन् का ठाउँमा इश् आदेश भएर अनुबन्ध लोप भएपछि अधुना रूप बन्छ । य
अर्थमा दानीम् प्रत्यय पनि लाग्छ । इदम् का ठाउँमा इ हुन्छ र दानीम् प्रत्यय लागेपछि इदानीम् रूप सिद्ध हुन्छ । कालवाच
सर्व, यत् तत् कत् शब्दमा दा प्रत्यय लाग्छ र क्रमशः सर्वदा, यदा, तदा, कदा आदि रूप बन्छन् । त्यसै गरी र्हिल् प्रत्यय भ
व्याकरणिक कार्य पूरा भएपछि कर्हि तर्हि जस्ता रूप बन्छन् । इदम् शब्दमा इ आदेश र ह भएपछि इह रूप सिद्ध हुन्छ । कि
शब्दहरूमा प्रकारको योग हुँदा थाल् प्रत्यय हुन्छ र व्याकरणिक कार्यपछि यथा र तथा रूप बन्छन् । किम् शब्दमा थम् प्रत
हुन्छ र कथम् बन्छ । दिशा, देश, काल आदिमा परम्परित भएका शब्दहरूमा प्रथमा, पञ्चमी र सप्तमीमा अस्ताति प्रत्यय हु
र क्रमशः पूर्वा, पूर्वस्याः पूर्वस्याम् आदि रूप बन्छन् । पूर्व, अधर, अवर शब्दका ठाउँमा क्रमशः पुर, अध, अव आदेश हु
भएर अस्तातिका ठाउँमा असि भएपछि पुरस्तात् अधस्तात् अवस्तात् रूप सिद्ध हुन्छन् । समाने अहनि भन्ने अर्थमा समानको स
अहनिको द्यस् निपातित भएर सद्यः बनेको हो । पूर्वका ठाउँमा पर आदेश भएपछि परस्मिन्नहनि, परेद्यवि इत्यादि रूप बन्छन्
प्रत्यय लगाएपछि इदम् शब्दमा अ आदेश हुन्छ र अद्य रूप बन्छ । पहिले जनाउने पूर्व शब्दमा एद्युस् प्रत्यय हुन्छ र पुर्वेद्युः
बन्छ । दिशावाचक दक्षिण शब्दमा दक्षिणा दक्षिणाहि रूप बन्छन् । यिनीहरूको पहिलो शब्दमा आच् र अर्कोमा आहि प्र
हुन्छन् । उत्तर आदि दिशावाचक शब्दमा पनि दक्षिणतः दक्षिणात् जस्तै उत्तरतः उत्तरात् उत्तरस्याम् उत्तरा आदि रूप बन्छ
ऊर्ध्व शब्दमा उप आदेश भएर अस्ताति प्रत्ययका ठाउँमा रिल् वा रिष्टातिल् प्रत्यय भएपछि उपरि र उपरिष्टाद् रूप बन्छ
उत्तर शब्दमा एनप् प्रत्यय भयो भने उत्तरेण रूप बन्छ । आच् प्रत्यय लागेर दक्षिणा शब्द बनेको कुरो पहिले भइसक्यो । त्य
आहि लागेपछि दक्षिणाहि रूप बन्छ । सङ्ख्यावाचक शब्दमा प्रकार जनाउने धा प्रत्यय लाग्दछ र द्विधा, त्रिधा, चतुर्धा, पञ्
आदि बन्छन् । एक शब्दमा पहिले भनिएको धा प्रत्ययका ठाउँमा ध्यमुञ् हुन्छ र ऐकध्यम् बन्छ । यसै गरी धा को ठाउँमा

विकल्पले धमुञ् प्रत्यय भएर द्वैधम्, त्रैधम् आदि रूप हुन्छन्। धा लागेका ठाउँमा एधाच् प्रत्यय हुँदा द्वेधा, त्रेधा जस्ता रूप राम्ररी बन्छन्। यतिमा निपातसंज्ञक तद्धितका प्रत्ययको कुरो गरिसकियो अब भाववाचक तद्धितको कुरो गरौं। भाववाचक प्रत्यय त्व र तल् गरी दुईवटा छन्। प्रकृतिजन्य बोधमा हुने प्रकारलाई नै भाव भनिएको हो। पटु शब्दबाट पटोर्भावः भन्ने अर्थ आयो भने त्व प्रत्यय गर्दा पटुत्वम् रूप बन्छ र तल् प्रत्यय गर्ने हो भने पटुता हुन्छ। भारीपन अर्थ जनाउने पृथु आदि शब्दमा इमनिच् प्रत्यय लाग्यो भने प्रथिमा आदि शब्द सिद्ध हुन्छन्। सुख शब्दमा भावको अर्थ दिने गरी ष्यञ् प्रत्यय भयो भने सौख्यम् रूप बन्छ। स्तेन शब्दमा यत् प्रत्यय भयो भने स्तेय शब्द सिद्ध हुन्छ। सखि शब्दमा य प्रत्यय लागेपछि सख्यम् रूप सिद्ध हुन्छ भनिएको छ। कपि शब्दमा य प्रत्ययकै अर्थ दिने ढक् प्रत्यय लागेपछि कापेयम् पद बन्छ। सेना शब्दमा ष्यञ् प्रत्यय भएर सैन्यम् रूप बन्छ। पथिन् शबदबाट यत् प्रत्यय भयो भने पथ्यम् रूप हुन्छ। अश्व शब्दबाट अञ् प्रत्यय भएमा आश्वम् उष्ट्रबाट औष्ट्रम् कुमारबाट कौमारम् युवन् शब्दबाट यौवनम् बन्दछन्। आचार्य शब्दबाट कन् प्रत्यय हुँदा आचार्यकम् रूप बन्छ। यसै गरी अरू पनि धेरै खालका तद्धित प्रत्यय हुन्छन्।१६-३०।

३५७. सप्तपञ्चाशदधिकत्रिशततमोऽध्यायः

उणादिसिद्धरूप

कुमार उवाच

उणादयोऽभिधास्यन्ते प्रत्यया धातुतः परे।
उणि कारुश्च शिल्पी स्याज्जायुर्मायुश्च पित्तकम्।१।
गोमायुर्वायुर्वेदषु बहुलं स्युरुणादयः।
आयुः स्यादुश्च हेत्वाद्याः किंशारुर्धान्यशूकः।२।
कृकवाकुः कुक्कुटः स्याद्गुरुर्भर्ता मरुस्तथा।
शयुश्चाजगरो ज्ञेयः स हरायुधमुच्यते।३।
स्वरुर्द्वज्रं त्रपु सीसमसारं फल्गुरीरितम्।
गृध्रश्च क्नि किरचि मन्दिरं तिमिरं तमः।४।
इलचि सलिलं वारि कल्याणं भण्डिल स्मृतम्।
बुधो विद्वान्क्वसौ स्याच्च शिबिरं गुप्तसंस्थितिः।५।
ओतुर्बिडालश्च तुनि अभिधानादुणादयः।
कर्णः कामी च गृहभूर्वास्तुजैवातृकः स्मृतः।६।
अनडान्वहतेर्विनिः स्याज्जातौ जीवार्णवौषधम्।
नौ वह्निरिननि हरिणः मृगः कामी च भाजनम्।७।
कम्बोजो भाजनं भाण्डे सरण्डश्च चतुष्पदः।
तरुरेरण्डः सङ्घातो वरूडः साम निर्भरम्।८।
स्फारं प्रभूतं स्यान्नन्तप्रत्यये चीरबल्कलम्।
कातरो भीरुरुग्रस्तु प्रचण्डो जवसं तृणम्।९।
जगच्चैव तु भूर्लोको कृशानुर्ज्योतिरर्ककः।
वर्वरः कुटिलो धूर्त्तश्चत्वरं च चतुष्पथम्।१०।
चीवरं भिक्षुप्रावृतिरादित्यो मित्र ईरितः।
पुत्रः सूनुः पिता तातः पृदाकुर्व्याघ्रवृश्चिके।
गर्त्तोऽवटोऽथ भरतो नटोऽपरेऽप्युणादयः।११।

कार्तिकेयले भने– हे कात्यायन ! अब उणादि प्रत्ययका विषयमा भन्दछु। यी धातुभन्दा पर लागेका हुन्छन्। कृ आदि धातुबाट उण् प्रत्यय हुन्छ र करोतीति कारुः भन्नेजस्ता रूपहरू बन्दछन्। कृ धातुबाट उण् प्रत्यय लागेर अनुबन्ध लोप, वृद्धि एवं विभक्तिकार्य भएपछि यस्तो कारुः रूप सिद्ध हुन्छ। जि धातुमा उण् भयो भने जायुः रूप बन्छ र यसको अर्थ औषधि भन्ने लाग्दछ। यसको व्युत्पत्ति जयति रोगान् इति जायुः भन्ने हुन्छ। मि धातुबाट उण् प्रत्यय हुँदा मायुः रूप बन्छ। त्यसको अर्थ पित्त हो स्वदते रोचते इति स्वादुः भनेझैं स्वाद रुचाइनेलाई स्वादुः ले जनाउँछ। यसै गरी स्यालको अर्थ दिने गोमायुः उमेर वा जीवनको अर्थ दिने आयुः आदि शब्द सिद्ध हुन्छन्। आयुः स्वादुः हेतु आदि शब्दहरू पनि उणादिबाटै सिद्ध हुन्छन्। किंशारु शब्दको अर्थ धान्यशूक हो। किं अगाडि राखेर शृ सँग उ भएपछि यो शब्द बन्छ। कृकवाकुः को अर्थ कुखुरो हो। कृक अर्थात् गलोले बोल्ने हुँदा कृकवाकुः भनिन्छ। वच् धातुमा उणादि सूत्रले ञुण् प्रत्यय भएपछि चकार ककारमा बदलिन्छ र वृद्धि हुन्छ अनि यस्तो शब्दको निर्माण हुन्छ। भरणपोषण गर्ने भर्त्तालाई भरुः भनिन्छ। भृ धातुमा उणादि प्रत्यय भएर यो रूप बनेको छ।

पानी नभएको ठाउँलाई मरुः भन्दछन्। मृ धातुमा उणादि प्रत्यय लागेर गुण भएपछि यो रूप बन्छ। शी धातुमा उ प्रत्यय लागेर शयुः बन्छ र यसको अर्थ सुतिरहेको वा अजिगर हो। त्सरमा उ लागेर खड्गको म्यान भन्ने अर्थ दिने त्सरु शब्दको निर्माण हुन्छ। स्वर्यन्ते प्राणा अनेन भन्ने लौकिक विग्रहबाट उ प्रत्यय हुन्छ र गुण भएपछि स्वरुः भन्ने रूप बन्छ र वज्रको अर्थ दिन्छ। त्रप् सँग उ जोडिएर त्रपु शब्द बनेर सिसाको अर्थ दिन्छ। फल्ग उ भयो भने फल्गु रूप बन्छ, त्यसको अर्थ सारविनाको भन्ने हो। गृध् धातुबाट क्रन् प्रत्यय भएर गृध्र भन्ने रूप बन्छ र गिद्ध भन्ने अर्थ लाग्छ। मदि र तिमि मा किरिच् प्रत्यय लागेपछि क्रमशः मन्दिरम् र तिमिरम् शब्द बनेर घर र अँध्यारो भन्ने अर्थ दिन्छन्। षल् धातुबाट इलच् प्रत्यय लाग्यो भने सलिलम् भन्ने पानीको अर्थ लाग्ने शब्द बन्छ। कलिलम् अनिलः महिला इत्यादि रूप पनि बन्छन्। भण्डि शब्दमा इलच् प्रत्यय लागेर कल्याण र दूतको अर्थ लाग्ने भण्डिल शब्दको निर्माण हुन्छ। ज्ञानका अर्थमा लाग्ने विद् धातुबाट उणादिको क्वसु प्रत्यय लाग्यो र इत्संज्ञा एवं विभक्तिकार्य भयो भने ज्ञानी भनेर अर्थ लाग्ने विद्वान् शब्दको निर्माण हुन्छ। शीङ् धातुमा किरच् प्रत्यय भयो भने वुक् आगम हुन्छ र शी को ईकारलाई ह्रस्व गराएपछि शिविर शब्द बन्छ र यसले छाउनी भन्ने अर्थ लगाउँछ एवं अग्निपुराणले गुप्तस्थानलाई शिविर भनेको छ। अव् धातुमा तुङ् प्रत्यय भएर वकारका ठाउँमा ऊद् भयो भने ओतु शब्द बन्छ र बिरालो भन्ने अर्थ लाग्छ। कृ धातुमा न प्रत्यय गर्दै न का ठाउँमा ण आदेश भएपछि कर्ण शब्दको व्युत्पत्ति हुन्छ र कर्णको अर्थ कान अथवा कुन्तीले सूर्यबाट जन्माएको छोरो भन्ने हुन्छ। वस् धातुमा तुन् प्रत्यय, णित्व र वृद्धि भएपछि गृहभूमि भन्ने अर्थ लाग्ने गरी वास्तु शब्द बन्छ। जीव शब्दबाट आतृकन् प्रत्यय र वृद्धि भएर जैवातृक निर्माण हुँदै चन्द्रमा भन्ने अर्थ दिन्छ। अनः शकटं वहति भन्ने लौकिक विग्रहअनुसार वह धातुबाट क्विप् प्रत्यय भएर सकारका ठाउँमा डकार आदेश एवं वकारको सम्प्रसारण भएपछि अनडुह शब्द बन्छ। त्यसको सुबन्तमा अनड्वान् अनड्वाहौ इत्यादि रूप बन्छन्। जीव् धातुमा आतु प्रत्यय लागेर औषधिको अर्थ दिने जीवातु शब्द बन्छ। प्राप्त गर्ने वा पुऱ्याउने अर्थमा वह धातु हुन्छ र त्यसमा नित् प्रत्यय लागेपछि वह्निः शब्द निर्माण हुन्छ। हृ धातुमा इनच् प्रत्यय लागेपछि अनुबन्ध लोप आदिका कार्य भएर गुण एवं विभक्तिकार्य सम्पन्न हुँदा मृगको अर्थ लाग्ने हरिणः शब्द व्युत्पन्न हुन्छ। यही शब्द कामार्थी र पात्रविशेषलाई पनि लाग्छ। कृ आदि धातुहरूमा अण्डन् प्रत्यय लगाउँदा क्रमैसँग करण्डः सरण्डः भरण्डः वरण्डः यस्ता रूप सिद्ध हुन्छन्। करण्ड भनेको भाँडो र मेदिनीकोशले महलाई पनि अर्थ्याएको छ। सरण्ड शब्दले चारखुट्टे प्राणीलाई जनाउँछ। कुनै विद्वान् यसलाई पक्षी अर्थ लगाउँछन्। तृ धातुमा अण्डन् प्रत्यय लाग्दा तरण्ड पद सिद्ध हुन्छ तरण्ड भनेको काठको डुँगा हो र कोही माछा मार्ने बल्छीको डोरी हो भन्दछन्। वरण्ड शब्दले सामवेदलाई जनाउँछ भने कुनै विद्वान् यजुर्वेद र सामवेद दुवैलाई अर्थ लगाउँछन्। कसैका मतमा वरण्ड भनेको मुखसम्बन्धी रोग हो। वृद्धि अर्थमा लाग्ने स्फायि धातुमा रक् प्रत्यय भयो भने स्फार पद सिद्ध हुन्छ। त्यसको अर्थ धेरै भन्ने हो। मेदिनीकोशले स्फारको अर्थ विकट भन्ने लगाएको छ र करका वा करवा अथवा पानी भर्दा भाँडामा उठेको फिँजलाई पनि स्फार नै भनिएको छ। शुसिचिमीनां दीर्घश्च भन्ने सूत्रले क्रन् प्रत्यय र प्रत्ययको पहिलो स्वरलाई दीर्घ गरियो भने क्रमशः शूरः सीरं चीरं मीरः जस्ता शब्दहरू बन्छन्। चीर शब्दले गाईरूपी धन, वस्त्रविशेष र वल्कल भन्ने जनाउँछ। भी धातुमा क्रुकन् प्रत्यय गर्ने हो भने कायर भन्ने अर्थ लाग्ने भीरुकः शब्द बन्छ। उच समवाये भन्ने धातुमा रन् प्रत्यय गर्ने हो भने प्रचण्ड भन्ने अर्थ लाग्ने गरी उग्रः शब्द सिद्ध हुन्छ। वहन गर्ने अर्थको धातुमा णिच् र असच् प्रत्यय गर्ने हो भने क्रमशः वाहसः र यावसः यी दुई शब्दको व्युत्पादन हुन्छ। वाहसः भनेको अजिगर हो र यावसः भनेको घाँस हो। गम् धातुबाट अत् प्रत्यय गर्ने र गम् का ठाउँमा जग् आदेश हुँदा जगत् शब्दको सिद्धि हुन्छ र त्यसले भूलोक भन्ने अर्थ दिन्छ। कृश् धातुमा आनुक् प्रत्यय गरेर कृशानुः शब्द निर्माण हुन्छ र त्यसको अर्थ अग्नि भन्ने लाग्छ। द्योतन हुनेलाई ज्योति भनिन्छ। द्युत् धातुका ठाउँमा ज आदेश गरेर इसिन् प्रत्यय गर्ने हो भने ज्योतिः शब्द सिद्ध हुन्छ र त्यसले प्रकाश भन्ने अर्थ दिन्छ। अर्च धातुमा क प्रत्यय गरेर अर्कः एवं अर्ककः पद सिद्ध गरिन्छन्। अर्क शब्दको अर्थ सूर्य हुन्छ। वरण गर्ने अर्थमा आउने वृ र माग्ने अर्थको चते धातुमा ष्वरच् प्रत्यय लगाउँदा क्रमशः वर्वरः र चत्वरम् यी दुई पदहरू सिद्ध हुन्छन्। वर्वरको अर्थ प्राकृत वा कुटिल मानिस हो र चत्वरम् को अर्थ चौबाटो भन्ने हुन्छ। धूर्वि धातुमा तन प्रत्यय गर्दा धूर्त्तः भन्ने शठको अर्थ लाग्ने रूप बन्छ। चत्वरम् बाट नै चीवरम् भन्ने थोत्रो लुगा वा भिक्षुको लुगाको अर्थ लाग्ने पदको निपातन भएको हो। स्नेह अर्थ दिने मिद् धातुमा क्त्र प्रत्यय भयो र साथी अर्थ लाग्ने मित्र शब्द बन्यो। पू धातुबाट क्त्र प्रत्यय लागेर विभक्ति आदि कार्य भएपछि छोरो अर्थ लाग्ने पुत्र शब्दको निर्माण हुन्छ। ब्याउने अर्थको षूङ् धातुमा नु प्रत्यय लागेर छोरो अर्थ लाग्ने सूनुः शब्द बन्छ। त्यसअनुसार नै नप्तृनेष्टृत्वष्टृहोतृपोतृप्रशास्तृणाम् सूत्रले पितृ शब्द निपातन गर्दछ जन्मदाता, पाल्ने अर्थको पा धातुमा तृच् प्रत्यय भएर अकारका स्थानमा इकार लाग्दा पिता शब्द बन्छ र पिता पितरौ पितर इत्यादि रूप चल्दछन्। विस्तारको अर्थ लाग्ने तन् धातुमा तन् प्रत्यय लागेर ह्रस्वका ठाउँमा दीघको नियम लगाएर अनुनासिक

लोप गरेपछि तात शब्दको सिद्धि हुन्छ र यसले कृपापात्र वा पिताको अर्थ निस्कन्छ। पर्द धातुमा नित् प्रत्यय लगाएर कुत्सित् अर्थ दिने पृदाकु शब्दको निर्माण हुन्छ। यसको अर्थ सर्प, बिच्छी वा बाघ आदि हुन्छ। गृ धातुमा तन् प्रत्यय गरेर गुण आदेश गर्दा गर्त्त शब्दको व्युत्पत्ति हुन्छ। यसले खाडलको अर्थ दिन्छ। भृ धातुबाट अतच् प्रत्यय र गुण आदेश गरियो भने भरत शब्द बन्छ। नम धातुमा डट् प्रत्यय गरेपछि नट शब्द बन्छ र यसको अर्थ नाच्ने, अभिनेता, वेषधारी भन्नेजस्ता अर्थ आउँछन्। यी अलिकति उणादि प्रत्ययहरू यहाँ देखाइयो। यिनीबाहेक पनि अरू धेरै उणादि प्रत्यय हुन्छन् ।१-११।

३५८. अष्टपञ्चाशदधिकत्रिशततमोऽध्यायः

तिङ्विभक्तिसिद्धरूप

कुमार उवाच

तिङ्विभक्तिं प्रवक्ष्यामि तथादेशं समासतः।
तिङस्त्रिष्वपि वर्त्तन्ते भावे कर्मणि कर्त्तरि ।१।
सकर्मकाकर्मकाच्च कर्तरि द्विपदे स्मृताः।
सकर्मका कर्मणि च तदादेशस्तथेरितः ।२।
वर्त्तमाने लडाख्यातो विध्याद्यर्थे लिङीरितः।
विध्यादौ लोडाशिषि च भूतानद्यतने च लङ् ।३।
भूते लुङ् लिट् परोक्षेऽथ भाविन्यद्यतने च लुट्।
लिङाशिषि च शेषेऽर्थे लृट् भविष्यति लृङ् भवेत् ।४।
लिङ्निमित्ते क्रियातिपत्तौ परे नवात्मनेपदम्।
पूर्वं नव परस्मैपदं तिप्तसन्तीति प्रथमः पुमान् ।५।
सिप्थस्थ मध्यमनरो मिप्वस्मस् चोत्तमः पुमान्।
त आतां अन्तात्मने मुख्यः थासाथां ध्वञ्च मध्यमः ।६।
उत्तम इ वहि महि भूवाद्या धातवः स्मृताः।
भुविरेधिः पचिर्नन्दिर्ध्वसिः श्रंसिः पदिस्त्वदिः ।७।
शीङः क्रीडिर्जुहोतिश्च जहातिश्च दधात्यपि।
दीव्यतिः स्वपितिर्नहिः सुनोतिर्वसिरेव च ।८।
तुदिर्मृशतिर्मुञ्चतिः रुधिर्भुजिस्त्यजिस्तनिः।
शबादिके विकरणे मनिश्चैव करोत्यपि ।९।
क्रीडर्तिवृङ् ग्रहिश्चोरिः पानीरर्चिश्च नायकाः।
भुवि स्यातिङ् भवति सः भवतस्तौ भवन्ति ते ।१०।
भवसि त्वं युवां भवथो यूयं भवथ चाप्यहम्।
भवाम्यावां भवावश्च भवामो ह्येधते कुलम् ।११।
एधेते द्वे तथैधन्ते एधसे त्वं हि मेधया।
एधेथे च समेधध्वे एधे ह्येधावहे धिया ।१२।
एधामहे हरेर्भक्त्या पचतीत्यादि पूर्ववत्।
भूयतेऽनुभूयतेऽसौ भावे कर्मणि वै यकि ।१३।
बुभूषति सनीत्येवं णिचि भावयतीश्वरम्।
यङि बोभूयते वाद्यं बोभोति स्याच्च यङ्लुकि ।१४।
पुत्रीयति पुत्रकाम्यत्येवं पटपटायते।
घटयत्यथ सनि णिचि बुभूषयति रूपकम् ।१५।

कार्तिकेयले भने– हे कात्यायन ! अब म तिङ् विभक्ति तथा आदेशका विषयमा सङ्क्षेपले वर्णन गर्दछु। तिङ् प्रत्यय भाव, कर्म र कर्ता तीनैवटामा हुन्छन्। सकर्मक र अकर्मक धातुबाट कर्तामा आत्मनेपद र परस्मैपद दुवै पदका तिङ् प्रत्यय हुन्छन्। तिङादेश सकर्मक धातुका लागि कर्म तथा कर्तामा हुन्छ भनिएको छ। वर्तमान कालका क्रियालाई जनाउनका लागि धातुबाट लट् लकारको विधान बताइएको छ। विधि, नियन्त्रण, आमन्त्रण, अधीष्ट, सम्प्रश्न र प्रार्थनाको अर्थ छ भने धातुमा लिङ् लकार लाग्छ। विधि आदिका अर्थमा र आशीर्वादमा पनि लोट् लकारको प्रयोग हुन्छ। अनद्यतन भूत कालको बोध गराउनका लागि लङ् लकार प्रयोग हुन्छ। सामान्य भूतमा लङ् र परोक्ष भूतमा लिट् लकारको प्रयोग हुन्छ। अनद्यतन भविष्यमा लुट् आशीर्वादका अर्थमा लिङ् शेष अर्थमा अर्थात् सामान्य भविष्यत् अर्थको जानकारीका लागि क्रियाको अर्थमा क्रिया नै भए पनि वा नभए पनि धातुसित लृट् लकार लागेको हुन्छ। हेतुहेतुमद्भाव आदि लिङ्का निमित्तमा हुन्छ। त्यसो भयो भने भविष्यत् अर्थको बोध गराउनका लागि धातुसित लृङ् लकार लागेको हुन्छ तर त्यस्तोमा क्रियाको सिद्धि भएको हुँदैन। तङ् प्रत्यय र शानच् कानच् आदिको आत्मनेपद संज्ञा हुन्छ। तिङ् विभक्तिहरू अठारवटा हुन्छन्। यिनीहरूमा पहिलेका

नौवटा विभक्तिहरू परस्मैपद भनिएका हुन्छन्। ती सबैलाई प्रथम पुरुष आदिका भेदले बाँडिएका छन्। तिप् तस् अन्ति प्रथम पुरुष सिप् थस् थ मध्यम पुरुष र मिप् वस् मस् यी उत्तम पुरुषका हुन् भनिएको छ। त आताम् झ यी आत्मनेपदका प्रथम पुरुषसम्बन्धी प्रत्यय हुन्। थास् आथाम् ध्वम् यी मध्यम पुरुष र इ वहि महिङ् यी उत्तम पुरुष हुन्। आत्मनेपदका नौ प्रत्यय तङ् हुन् भनिएको छ र दुवै खालकालाई तिङ् भन्ने गरिन्छ। क्रियालाई जनाउने भू वा आदिलाई धातु भन्ने गरिन्छ। भू एध् पच् नन्द् ध्वंस् श्रंसि पद् अद् शीङ् ऋड हु हा धा दिव् स्वप् नह् षूञ्तुद् मृश् मुच रुध् भुज त्यज तन मन र कृ यी सबै धातु शप् आदि विकरण भएका अवस्थामा क्रियाको अर्थ बोध गराउने हुन्छन्। क्रीड वृङ् ग्रह चुर पा नी अचि यी उपर्युक्त धातुमा नायक मानिन्छन्। यिनीहरूकै जस्तो अरू धातुहरूका पनि रूप चलेका हुन्छन्। भू धातुबाट क्रमशः तिङ् प्रत्यय लाग्दै जाँदा भवति भवतः भवन्ति इत्यादि रूप हुन्छन्। यिनीहरूको वाक्यमा प्रयोग स भवति तौ भवतः ते भवन्ति त्वं भवसि युवां भवथः यूयं भवथ अहं भवामि आवां भवावः वयं भवामः जस्तै हुन्छ। यी भू धातुका लट् लकारका परस्मैपदी रूप हुन्। भू को अर्थ हुनु हो। एध धातु वृद्धि अर्थमा प्रयोग हुन्छ। यो आत्मनेपदी धातु हो। यसका लट् लकारमा प्रथम पुरुषको एकवचन एधते रूप बन्दछ। एधते कुलम् जस्तो वाक्यमा प्रयोग हुन्छ। लट् लकारमा एध् धातुका बाँकी रूप एधेते एधन्ते हुन्छन्। यसरी प्रथम पुरुषका द्विवचन र बहुवचनका पनि रूपहरू बताइए। अब मध्यम र उत्तम पुरुषका रूपहरू प्रस्तुत गरिनेछ। एधसे भन्ने रूप मध्यम पुरुषको एकवचनको हो। वाक्यमा त्यसको प्रयोग त्वं हि मेधया एधसे जस्तो हुन्छ। एधेये एधध्वे यी दुईवटा क्रमशः मध्यम पुरुषका द्विवचन र बहुवचनका रूपहरू हुन्। एधे एधावहे एधामहे यी उत्तम पुरुषका क्रमशः एक, द्वि र बहुवचनका रूपहरू हुन्। यिनको वाक्यमा प्रयोग अहं धिया एधे आवां मेधया एधावहे वयं हरेर्भक्त्या एधामहे भन्ने हुन्छ। पकाउने अर्थमा पच् धातुको प्रयोग हुन्छ। त्यसका पचति आदि रूप भू धातुका जस्तै नै हुन्छन्। कर्ममा यक् प्रत्यय भएर क्रमशः भूयते र अनुभूयते रूप हुन्छन्। भावमा प्रत्यय भयो भने क्रिया केवल एकवचनको नै हुन्छ र सबै पुरुषमा नै कर्ता तृतीयान्त हुनाले त्वया मया अन्यैश्च भूयते भनेझैं सबै ठाउँमा एउटै रूप लागेको हो। जहाँ कर्ममा प्रत्यय हुन्छ त्यहाँ कर्मको उल्लेख भएका कारण त्यसमा प्रथमा विभक्ति हुन्छ र त्यसअनुसार नै सबै पुरुष तथा वचनहरूमा असौ अनुभूयते तौ अनुभूयेते ते अनुभूयन्ते त्वं अनुभूयसे युवां अनुभूयेथे यूयं अनुभूयध्वे अहं अनुभूये आवां अनुभूयावहे वयं अनुभूयामहे जस्तो गरी क्रियाको भिन्नभिन्न रूप प्रयोगमा ल्याइन्छ। अर्थ विशेषलाई ग्रहण गरेर णिच् सन् यङ् यङ्लुक् हुन्छन्। यिनीहरूलाई क्रमशः ण्यन्त सन्नन्त यङन्त र यङ्लुङन्त भनिन्छ। कुनै कर्ताको कुनै अर्को प्रेरक वा प्रयोजक हुन्छ र प्रयोज्य कर्ता कर्मजस्तो बनेको देखिन्छ। प्रयोजकको व्यापार प्रेषण आदि वाच्य भयो भने धातुबाट णिच् प्रत्यय हुन्छ। त्यसो हुँदा भू धातुका लट् लकारमा भावयति इत्यादि रूप बन्छ। उदाहरणका लागि ईश्वरो भवति, तं यज्ञदत्तो ध्यानादिना प्रेरयति इत्यस्मिन् अर्थे यज्ञदत्त ईश्वरं भावयति इति प्रयोगो भवति। प्रयोगो भवति कुनै धातु इच्छाक्रियाको कर्म बनेको छ र इच्छाक्रियाको कर्ता नै त्यस धातुको पनि कर्ता भयो भने त्यस धातुबाट इच्छाको अभिव्यक्तिका लागि सन् प्रत्यय लाग्दछ। भू धातुको सन्नन्तमा बुभूषति इत्यादि रूप बन्दछ। अर्थात् भवितुमिच्छति बुभूषति। भन्ने वाक्यको प्रयोग गर्नुपर्दछ। सन् र यङ् प्रत्यय पर रहँदा धातु द्वित्व हुन्छ भन्ने कुरो सम्झनुपर्दछ। बाँकी कार्य अर्थात् भवितुमिच्छति बुभूषति। भन्ने वाक्यको प्रयोग गर्नुपर्दछ। सन् र यङ् प्रत्यय पर रहँदा धातु द्वित्व हुन्छ भन्ने कुरो सम्झनुपर्दछ। बाँकी कार्य व्याकरणको प्रक्रियाअनुसार नै हुन्छन्। क्रियाको समभिहार अथवा द्वित्व भएको अवस्था भएमा त्यसलाई क्रिया अतिशय रूपले भएको हो भन्ने बुझिन्छ। त्यसका किसिमको कुरो व्यक्त गर्नका लागि धातुबाट यङ् र यङ्लुङन्त मा धातुको द्वित्व भएमा पूर्व भागमा जसलाई अभ्यास भनिएको हुन्छ त्यहाँ इक् को गुण हुन्छ र यङन्तमा भू धातुका ठाउँमा बोभूयते इत्यादि रूप बनेका हुन्छन्। त्यसैले बारम्वार हुने गर्दछ-भन्ने अर्थमा बोभूयते भन्ने रूप बनेको हो। वाद्यं बोभूयते भन्दा बारम्बार बाजा बजाउने काम हुन्छ भन्ने बुझिन्छ। यङ्लुङन्तमा भू धातुका बोभोति जस्ता रूपहरू बनेका हुन्छन् र अर्थ उही हुन्छ। यङन्तमा आत्मनेपदीय प्रत्यय हुन्छ भने यङ्लुङन्तमा परस्मैपदीय हुन्छ। कतै नाम र सुबन्त शब्दसँग क्यच् आदि प्रत्यय लागे भने त्यस शब्दको नै धातुसंज्ञा हुन्छ र त्यसको रूप धातुको जस्तै चल्दछ। यस्ता प्रकरणलाई नामधातु भन्दछन्। इच्छाको कर्म भएका ठाउँमा इच्छा प्रकट गर्ने अवस्थामा यस्ता सुबन्तमा विकल्पले क्यच् प्रत्यय हुन्छ। आत्मनः पुत्रमिच्छति भन्दा सुबन्त पुत्रम् पदमा क्यच् भएको छ र यसैबाट पुत्रीय हुन्छ र क्यच् भएर पुत्रीयति इत्यादि रूप बनेका हुन्छन्। यसै अर्थमा काम्यच् प्रत्यय पनि हुन्छ र पुत्रकाम्यति जस्तो रूप बन्छ। भू धातुसहितको पटत् सँग डाच् प्रत्यय भयो भने पटपटायते भन्ने रूप सिद्ध हुन्छ। यसको अर्थ पटपट आवाज गर्छ भन्ने हो। घट शब्दसँग कृ धातुको योग भएर डाच् प्रत्यय हुँदा घटयति भन्ने रूप बन्दछ। सन्नन्तबाट णिच् प्रत्यय गर्ने हो भने भू धातुको सन्नन्त बुभूषतिका ठाउँमा बुभूषयति रूप बन्छ।१-१५।

भवेद्भवेतां च लिङि भवेयुश्च भवेः परे ।
भवेतं च भवेतैवं भवेयं च भवेव भवेम च ।१६।
एधेत एधेयातामेधेरन्मनसा श्रिया ।
एधेथाश्च एधेयाथामेधेध्वमेधेय एधेवहि एधेमहि ।१७।
अस्तु तावद्भवतां लोटि भवन्तु भवताद्भव ।
भवतं भवत भवानि भवाव च भवाम च ।१८।
एधतामेधेतामेधन्तामेधै पचावहै पचामहै ।
अभ्यनन्ददपचतामपचन्नपचस्तथा ।१९।
अभवतमभवतापचमपचावापचाम च ।
ऐधतैधेतामैधध्वमैधे चैधामहीरितम् ।२०।
अभूदभूतामभूवन्नभूश्चाभूवमेव लुङ् ।
ऐधिष्टैधिषातां नरा वैधिष्ठा ऐधिषीदृशम् ।२१।
लिटि बभूव बभूवतुः बभूवुश्च बभूविथ ।
बभूवुथुर्बभूव च बभूविव बभूविम ।२२।
पेचे पेचाते पेचिरे त्वमेधाञ्चकृषे तथा ।
एधाञ्चक्राधे पेचिध्वे पेचे पेचिमहे तथा ।२३।
लुटि भविता भवितारौ भवितारो हरादयः ।
भवितासि भवितास्थो भवितास्मस्तथा वयम् ।२४।
पक्ता पक्तारौ पक्तारः पक्तासे त्वं शुभौदनम् ।
पक्ताध्वे पक्ताहे चाहं पक्तास्महे हरेश्वरम् ।२५।
लिङाशिषि सुखं भूयाद्भूयास्तां हरिशङ्करौ ।
भूयासुस्ते च भूयास्त्वं युवां भूयास्तमीश्वरौ ।२६।
भूयास्त यूयं भूयासमहं भूयास्म सर्वदा ।
यक्षिष्ट ह्यधिषीयास्तां यक्षीरन्नेधिषीय च ।२७।
यक्षीवह्येधिषीमहि लिङि चायक्ष्यते तिलृङ् ।
अयक्ष्येतामयक्ष्यन्तायक्ष्यथा अयक्ष्येथां यूवाम् ।२८।
अयक्ष्यध्वमौधिष्यावह्यैधिष्यामहि हरेर्वयम् ।
लृटि स्याद्भविष्यतीति एधिष्यामह ईदृशम् ।२९।
एवं विभावयिष्यन्ति बोधविष्यति रूपकम् ।
घटयेत्पटयेत्तद्वत्पुत्रीयति च काम्यति ।३०।

भू धातुको विधिर्लिङ् लकारमा क्रमशः भवेत् भवेताम् भवेयुः भवेः भवेतम् भवेत भवेयम् भवेव भवेम भन्ने रूप बन्दछन् र एध् धातुको विधिलिङ् मा एधेत एधेयाताम् एधेरन् एधेथाः एधेयाथाम् एधेध्वम् एधेय एधेवहि एधेमहि भन्ने रूप बन्दछन् । भू धातुका लोट् लकारमा भवतु (भवतात्) भवताम् भवन्तु भव (भवतात्) भवतम् भवत भवानि भवाव भवाम भन्ने रूप बन्दछन् र एध धातुका यसै लकारमा एधताम् एधेताम् एधन्ताम् एधस्व एधेथाम् एधध्वम् एधै एधावहै एधामहै भन्ने रूप बन्दछन् । पच् धातुका पनि आत्मनेपदका यस्तै रूप चल्दछन् र उत्तम पुरुषमा पचै पचावहै पचामहै हुन्छन् । अभि अगाडि लागेका नदि धातुको लङ् लकारको प्रथम पुरुषको एकवचनमा अभ्यनन्दत् हुन्छ र पच् धातुको यस लकारमा भू धातुको जस्तै अपचत् अपचताम् अपचन् हुन्छन् । पच् धातुकै लङ् लकारको उत्तम पुरुषमा अपचम् अपचाव अपचाम भन्ने रूप हुन्छन् । एध धातुको लङ् लकारमा ऐधत ऐधेताम् ऐधन्त ऐधथाः ऐधेथाम् ऐधध्वम् ऐधे ऐधावहि ऐधामहि भन्ने रूप हुन्छन् । भू धातुका लुङ् लकारमा अभूत् अभूताम् अभूवन् अभू अभूतम् अभूत अभूवम् अभूव अभूम भन्ने रूप हुन्छन् । एध धातुका लुङ् लकारमा ऐधिष्ट एधिषाताम् ऐधिषत ऐधिष्ठाः ऐधिषाथाम् ऐधिध्वम् ऐधिषि ऐधिष्वहि ऐधिष्महि भन्ने रूप हुन्छन् भनी जान्नुपर्दछ । भू धातुका परोक्ष लिट् लकारमा बभूव बभूवतु बभूवुः बभूविथ बभूवथुः बभूव बभूव बभूविव बभूविम भन्ने रूप हुन्छन् । पच् धातुका आत्मनेपदी लिट् लकारमा प्रथम पुरुषका रूपहरू पेचे पेचाते पेचिरे हुन्छन् भने एध धातुका यस लकारमा एधाञ्चक्रे एधाञ्चक्राते एधाञ्चक्रिरे एधाञ्चकृषे एधाञ्चक्राथे एधाञ्चकृध्वे एधाञ्चक्रे एधाञ्चकृवहे एधाञ्चकृमहे भन्ने रूप हुन्छन् । पच् धातुकै परोक्ष लिट्का मध्यम पुरुष र उत्तम पुरुषका रूप पेचिषे पेचाथे पेचिध्वे पेचे पेचिवहे पेचिमहे हुन्छन् भनी जान्नुपर्दछ । भू धातुको अनद्यतन भविष्यमा लुट् लकार लाग्छ र त्यसका रूपहरू भविता भवितारौ भवितारः भवितासि भवितास्थः भवितास्थ भवितास्मि भवितास्वः भवितास्मः हुन्छन् । पच् धातुको लुट् लकारका परस्मैपदीय रूपहरू पक्ता पक्तारौ पक्तारः पक्तासि आदि हुन्छन् । पच् धातुकै लुट् लकारको आत्मनेपदमा प्रथम पुरुषमा परस्मैपदीकै जस्ता रूप हुन्छन् तर मध्यम र उत्तम पुरुषमा पक्तासे पक्तासाथे पक्ताध्वे पक्ताहे पक्तास्वहे पक्तास्महे जस्ता रूपहरू हुन्छन् । आशीर्लिङ्मा भू धातुका रूप भूयात् भूयास्ताम् भूयासु भूयाः भूयास्तम् भूयास्त भूयासम् भूयास्व भूयास्म हुन्छन् । यक्ष् धातुका आत्मनेपदी आशीर्लिङ्का रूपहरू यक्षीष्ट यक्षीयास्ताम् यक्षीरन् यक्षीष्ठाः यक्षीयास्थाम् यक्षीध्वम् यक्षीय यक्षीयवहि यक्षीमहि भन्ने हुन्छ । एध् धातुका आशीर्लिङ्का रूपहरू एधिषीष्ट एधिषीयास्ताम्

एधिषीरन् एधिषीष्ठाः एधिषीयास्थाम् एधिषीध्वम् एधिषीय एधिषीवहि एधिषीमहि हुन्छन् । यक्ष् धातुका लृङ् लकारमा अयक्षत अयक्ष्येताम् अयक्ष्यन्त अयक्ष्यथाः अयक्ष्येथाम् अयक्ष्यध्वम् अयक्ष्ये अयक्ष्यावहि अयक्ष्यामहि हुन्छन् । एध् धातुका लृङ् लकारमा ऐधिष्यत ऐधिष्येताम् ऐधिष्यन्त ऐधिष्यथाः ऐधिष्येथाम् ऐधिष्यध्वम् ऐधिष्ये ऐधिष्यावहि ऐधिष्यामहि भन्ने हुन्छन् । भू धातुका लृट् लकारमा भविष्यति भविष्यतः भविष्यन्ति आदि रूप हुन्छन् । एध् धातुका लृट् लकारमा एधिष्यते एधिष्येते एधिष्यन्ते एधिष्यसे एधिष्येथे एधिष्यध्वे एधिष्ये एधिष्यावहे एधिष्यामहे भन्ने रूप हुन्छन् । यसै प्रकारले णिजन्त वि उपसर्गसहितको भू धातुका लृट् लकारमा विभावयिष्यति विभावयिष्यतः विभावयिष्यन्ति इत्यादि रूप आउँछन् । यङ्लुङन्तमा भू धातुका लृट् लकारका रूप बोभविष्यति इत्यादि हुन्छन् । नामधातुमा घटं करोति, पटं करोति इत्यादि अर्थमा जसका रूप घटयति पटयति इत्यादि हुन्छन् भनिएको छ तिनीहरूकै विधिर्लिङ्का रूप घटयेत् पटयेत् इत्यादि हुन्छन् । यसै गरी पुत्रीयति र पुत्रकाम्यति इत्यादि रूप भएका नामधातुसम्बन्धी क्रियाहरू पनि ठम्याउनुपर्दछ ।१६–३०।

३५९. ऊनषष्ट्यधिकत्रिशततमोऽध्यायः

कृत्सिद्धरूप

कुमार उवाच
कृतस्त्रिष्वपि विज्ञेया भावे कर्मणि कर्त्तरि ।
अज्ल्युट् क्तिन्घञो भावे युजकारत एव च ।१।
अचि धर्मस्य विनय उत्करः प्रकरस्तथा ।
देवो भद्रः श्रीकरश्च ल्युटि रूपन्तु शोभनम् ।२।
क्तिनि वृद्धिस्तुतिमती घञि भावोऽथ युच्यपि ।
कारणा भावनेत्यादि अकारे च चिकित्सया ।३।
तथा तव्यो ह्यनीयश्च कर्त्तव्यं करणीयकम् ।
देयं ध्येयञ्चैव यति ण्यति कार्यं च कृत्यकाः ।४।
कर्त्तरि क्तादयो ज्ञेया भावे कर्मणि च क्वचित् ।
गतो ग्राम गतो ग्रामं आश्लिष्टश्च गुरुस्त्वया ।५।
शतृङ् शानचौ भवन् एधमानो भवन्त्यपि ।
ण्वुल्तृचौ सर्वधातुभ्यो भावको भविता तथा ।६।
क्विबन्तश्च स्वयम्भूश्च भूते लिटः क्वसुः कान च ।
बभूविवान्पेचिवांश्च पेचानः श्रद्धानकः ।७।
अणि स्युः कुम्भकाराद्या भूतेऽप्युणादयः स्मृताः ।
वायु पायुश्च कारुः स्याद्बहुलं छन्दसीरितम् ।८।

कार्तिकेयले भने– हे कात्यायन ! कृत् प्रत्ययका रूपहरू कर्ता, कर्म र भाव तीनवटैमा हुन्छन् भन्ने जान्नुपर्दछ । तिनीहरू अच् अप् ल्युट् क्तिन्, भावार्थक घञ् करणार्थक घञ् युच् अ र तव्य आदि हुन्छन् । विनी सँग अच् प्रत्यय भयो भने विनयः उत्कृसँग अप् भयो भने उत्करः प्रकृसँग अप् भयो भने प्रकरः हुन्छ । दिवसँग अच् प्रत्यय भयो भने देवः भद् सँग अच् भयो भने भद्रः श्रीकृ सँग अप् भयो भने श्रीकरः इत्यादि रूप हुन्छन् । ल्युट् प्रत्यय हुँदा शुभ सँग ल्युट् लागेर शोभनम् बन्दछ । वृध् धातुसँग क्तिन् प्रत्यय गरियो भने वृद्धिः भन्ने रूप बन्दछ । स्तुसँग क्तिन् लाग्दा स्तुतिः मन् मा क्तिन् जोडिँदा मतिः भन्ने यस्तै पद सिद्ध हुन्छन् । भू धातुसँग घञ् प्रत्यय लाग्यो भने भावः भन्ने पद बन्दछ । णिजन्त कृ धातुबाट ण्यासश्रन्थो युच् भन्ने सूत्रले युच् प्रत्यय गरेर कारणा अथवा भावि युच् भावना भन्ने रूप बनेका हुन्छन् । प्रत्ययान्त धातुहरूबाट स्त्रीलिङ्गमा अ प्रत्यय लाग्दछ । त्यसो भयो भने चिकित्ससँग अ जोडिएर चिकित्सा र चिकीर्ष सँग अ जोडिएर चिकीर्षा इत्यादि रूप बनेका हुन्छन् । धातुबाट तव्य र अनीय प्रत्यय पनि हुन्छन् । कृ सँग तव्य जोडिएर कर्तव्य कृ सँग अनीय जोडिएर करणीय जस्ता रूपहरू बन्दछन् । अचो यत् भन्ने सूत्रले अजन्त धातुबाट यत् प्रत्यय भयो भने दा सँग यत् जोडिएर देयम् र धेयम् जस्ता रूपहरू बन्दछन् । ण्यत् प्रत्यय भएका अवस्थामा कार्यम् भन्नेजस्ता रूप सिद्ध हुन्छन् । कर्तामा क्त आदि प्रत्यय हुन्छन् भनेर जान्नुपर्दछ । ती कतैकतै भाव र कर्ममा पनि हुन्छन् । कर्तामा गम् धातुबाट क्त प्रत्यय भयो भने गतः भन्ने रूप बन्दछ । कर्ममा क्त प्रत्ययको उदाहरण त्वया गुरुः आश्लिष्टः जस्ता वाक्य बन्दछन् र यहाँ कर्म गुरु हुनाले गुरुमा प्रथमा विभक्ति भएको हो । त्वम् भन्ने कर्ता यहाँ अनुक्त भएकोले त्यसमा

तृतीया विभक्ति लागेको छ। आश्लिष् जोड क्त भएर आश्लिष्ट भन्ने पद सिद्ध भयो। वर्तमानबोधक लट् लकारमा धातुबाट शतृ र शानच् प्रत्यय पनि हुन्छन्। परस्मैपदमा शतृ र आत्मनेपदमा शानच् हुन्छन्। भू धातुबाट शतृ प्रत्यय गर्ने हो भने भवन् र एध धातुबाट शानच् गर्ने हो भने एधमानः जस्ता रूप सिद्ध हुन्छन्। सबै धातुबाट ण्वुल् र तृच् प्रत्यय हुन्छन्। भू धातुबाट कर्ता अर्थमा ण्वुल् गर्दा भावकः र तृच् प्रत्यय गर्दा भविता भन्ने पद सिद्ध हुन्छन्। भू धातुबाट क्विप् प्रत्यय पनि हुने गर्दछ। स्वयं भू क्विप् गर्दा स्वयम्भूः भन्ने पदको सिद्धि हुन्छ। भूतकालको अर्थ जनाउनका लागि लिट् लकारमा धातुसँग परस्मैपदमा क्वसु र आन्तमनेपदमा कानच् प्रत्यय हुन्छन्। भू धातुबाट क्वसु गर्दा बभूविवान् र पच् धातुबाट क्वसु गर्दा पेचिवान् भन्ने पदहरू सिद्ध हुन्छन्। यी शब्दहरूको व्युत्पत्ति स बभूव इति बभूविवान् स पपाच इति पेचिवान् जस्तो किसिमले हुन्छ। आत्मनेपदमा पच् धातुबाट कानच् प्रत्यय गर्ने हो भने पेचानः बन्दछ। श्रद्धा यस धातुबाट लिट् लकारमा कानच् प्रत्यय गर्ने हो भने श्रद्दधानः भन्ने पद सिद्ध हुन्छ। अर्थात् स पेचे इति पेचानः स श्रद्दधे इति श्रद्दधानः भन्ने अर्थ हो। कर्मण्यण् ले अण् प्रत्यय गर्ने हो भने कुम्भकारः आदि पद सिद्ध हुन्छन्। भूत र वर्तमानकै अर्थमा पनि उणादि प्रत्यय हुन्छन्। ववौ वाति इति वा वायुः वा धातुमा उण् लागेर वायुः सिद्ध भयो। पासँग उण् लागेर पायुः कृसँग उण् लागेर कारुः इत्यादि पद सिद्ध हुन्छन्। बहुलं छन्दसि भन्ने नियमअनुसार सबै कृत् प्रत्यय वेदमा बाहुल्यताद्वारा उपलब्ध हुन्छन्। त्यहाँ कतै प्रवृत्ति, कतै अप्रवृत्ति, कतै वैकल्पिक विधान र कतै अरू नै केही भनेजस्ता विधिहरू देखिन्छन्।१–८।

३६०. षष्ट्यधिकत्रिशततमोऽध्यायः

स्वर्गपातालादिवर्ग

अग्निरुवाच

स्वर्गादि नामलिङ्गो यो हरिस्तं प्रवदामि ते।
स्वः स्वर्गनाकत्रिदिवा द्योदिवौ द्वे त्रिविष्टपम्।१।
देवा वृन्दारका लेखा रुद्राद्या गणदेवताः।
विद्याधरोऽप्सरोयक्षरक्षोगन्धर्वकिन्नराः।२।
पिशाचो गुह्यकः सिद्धो भूतोऽमी देवयोनयः।
देवद्विषोऽसुरा दैत्याः सुगतः स्यात्तथागतः।३।
ब्रह्मात्मभूः सुरज्येष्ठो विष्णुर्नारायणो हरिः।
रेवतीशो हली रामः कामः पञ्चशरः स्मरः।४।
लक्ष्मीः पद्मालया पद्मा सर्वः सर्वेश्वरः शिवः।
कपर्दोऽस्य जटाजूटः पिनाकोऽजगबन्धनुः।५।
प्रथमाः स्युः पारिषदा मृडानी चण्डिकाऽम्बिका।
द्वैमातुरो गजास्यश्च सेनानीरग्निभूर्गुहः।६।
आखण्डलः सुनासीरः सूत्रामा च दिवस्पतिः।
पुलोमजा शचीन्द्राणी देवी तस्य तु वल्लभा।७।
स्यात्प्रासादौ वैजयन्तो जयन्तः पाकशासनिः।
ऐरावतोऽभ्रमातङ्गैरावणाभ्रमुवल्लभाः।८।
ह्रादिनी वज्रमस्त्री स्यात्कुलिशं भिदुरं पविः।
व्योमयानं विमानोऽस्त्री पीयूषममृतं सुधा।९।
स्यात्सुधर्मा देवसभा स्वर्गङ्गा सुरदीर्घिका।
स्त्रियां बहुष्वप्सरसः स्वर्वेश्या उर्वशीमुखाः।१०।
हाहा हूहूश्च गन्धर्वा अग्निर्वह्निर्धनञ्जयः।
जातवेदाः कृष्णवर्त्मा आश्रयाशश्च पावकः।११।
हिरण्यरेताः सप्तार्चिः शुक्रश्चैवाशुशुक्षणिः।
शुचिरप्पित्तमौर्वस्तु वाडवो वडवानलः।१२।
वह्नेर्द्वयोर्ज्वालकीलावर्चिर्हेतिः शिखा स्त्रियाम्।
त्रिषु स्फुलिङ्गोऽग्निकणो धर्मराजः परेतराट्।१३।
कालोऽन्तको दण्डधरः श्राद्धदेवोऽथ राक्षसः।
कौणपास्रपक्रव्यादा यातुधानश्च नैर्ऋतिः।१४।
प्रचेता वरुणः पाशी श्वसनः स्पर्शनोऽनिलः।
सदागतिर्मातरिश्वा प्राणो मरुत्समीरणः।१५।
जवो रहस्तरसी तु लघु क्षिप्रमरं द्रुतम्।
सत्वरं चपलं तूर्णमविलम्बितमाशु च।१६।
सततेऽनारताश्रान्तसन्तताविरतानिशम्।

नित्यानवरताजस्रमप्यथातिशयो भरः ।१७।
अतिवेलभृशात्यर्थातिमात्रोद्गाढनिर्भरम् ।
तीव्रैकान्तनितान्तानि गाढबाढदृढानि च ।१८।
गुह्यकेशो यक्षराजो राजराजो धनाधिपः ।
स्यात्किन्नरः किम्पुरुषस्तुरङ्गवदनो मयुः ।१९।
निधिर्न्ना शेवधिर्व्योम त्वभ्रं पुष्करमम्बरम् ।
द्योदिवौ चान्तरिक्षं खं काष्ठाशाककुभो दिशः ।२०।
अभ्यन्तरं त्वन्तरालञ्चक्रवालन्तु मण्डलम् ।
तडित्वान्वारिदो मेघस्तनयित्नुर्बलाहकः ।२१।
कादम्बिनी मेघमाला स्तनितं गर्जितं तथा ।
शम्पाशतह्रदाह्रादिन्यैरावत्यः क्षणप्रभाः ।२२।
तडित्सौदामिनी विद्युञ्चञ्चला चपलाऽपि च ।
स्फूर्जथुर्वज्रनिष्पेषो वृष्टिघातस्त्ववग्रहः ।२३।
धारा सम्पात आसारः शीकरोऽम्बुकणाः स्मृताः ।
वर्षोपलस्तु करका मेघच्छन्नेऽह्नि दुर्दिनम् ।२४।
अन्तर्धा व्यवधा पुंसि त्वन्तर्धिरपवारणम् ।
अपिधानतिरोधानपिधानाच्छादनानि च ।२५।
अब्जो जैवातृकः सोमो ग्लौर्मृगाङ्कः कलानिधिः ।
विधुः कुमुदबन्धुश्च बिम्बोऽस्त्री मण्डलं त्रिषु ।२६।

अग्निदेव भन्दछन्– हे कात्यायन ! स्वर्ग आदिको नाम र लिङ्ग जसको स्वरूप हो, त्यस शुद्ध स्वरूप श्रीहरिको म वर्णन गर्दछु– स्वः (अव्यय), स्वर्ग, नाक, त्रिदिव (पुलिङ्ग), द्यौ, दिव यी दुई स्त्रीलिङ्ग र त्रिविष्टप (नपुंसक) यी सबै स्वर्गलोकका नाम हुन्। देव, वृन्दारक र लेख यति पुलिङ्ग शब्द देवताहरूका नाम हुन्। रुद्र आदि शब्द गणदेवताको वाचक हुन्। विद्याधर, अप्सरा, यक्ष, राक्षस, गन्धर्व, किन्नर, पिशाच, गुह्यक, सिद्ध र भूत यी देवयोनिअन्तर्गत पर्दछन् । देवद्विद्, असुर र दैत्य असुरको तथा सुगत र तथागत बुद्धका नाम हुन्। ब्रह्मा, आत्मभू र सुरज्येष्ठ शब्द ब्रह्माका; विष्णु, नारायण र हरि शब्द भगवान् विष्णुका, रेवतीश, हली र राम शब्द बलभद्रका तथा काम, स्मर र पञ्चशर शब्द कामदेवका नाम हुन्। लक्ष्मी, पद्मालया र पद्मा लक्ष्मीका र शर्व, सर्वेश्वर र शिव भगवान् शङ्करका नाम हुन्। उनको बाँधिएको जटालाई कपर्द र जटाजूट भनिन्छ। उनको धनुषलाई पिनाक र अजगव भनिन्छ। शिवजीलाई पार्षद प्रथम भनिन्छ। मृडानी, चण्डिका र अम्बिका पार्वतीका, द्वैमातुर र गजास्य गणेशका तथा सेनानी, अग्निभू र गुहस्वामी कार्तिकेयका नाम हुन्। आखण्डल, शुनासीर, सुत्रामा र दिवस्पति इन्द्रका तथा पुलोमजा, शची र इन्द्राणी शचीदेवीका नाम हुन्। इन्द्रको महललाई वैजयन्त, पुत्रको नाम जयन्त र पाकशासिनि तथा हात्तीलाई ऐरावत, अभ्रमातङ्ग, ऐरावण र अभ्रमुवल्लभ भनिन्छ। ह्रत्रादिनी (स्त्रीलिङ्ग), पुलिङ्ग र नपुंसकलिङ्गमा प्रयुक्त हुने वज्र, कुलिश (नपुंसक), भिदुर (नपुंसक) र पवि (पुलिङ्ग) सबै इन्द्रको वज्रको नाम हो। व्योमयान(नपुंसक) र विमान (नपुंसक, पुलिङ्ग) आकाशमा विचरण गर्ने देववाहनको नाम हो। पीयूष, अमृत र सुधा अमृतका नाम हुन्। देवताको सभालाई सुधर्मा भनिन्छ। देवताहरूको नदी गङ्गालाई स्वर्गङ्गा र सुरदीर्घिका भनिन्छ। उर्वशी आदि अप्सरालाई अप्सरा र स्वर्वेश्या भनिन्छ। यसमा अप्सरस् शब्द स्त्रीलिङ्ग एवं बहुवचनमा प्रयुक्त हुन्छ। हाहा, हूहू आदि गन्धर्वको नाम हो। अग्नि, वह्नि, धनञ्जय, जातवेदा, कृष्णवर्त्मा, आश्रयाश, पावक, हिरण्यरेताः, सप्तार्चि, शुक्ल, आशुशुक्षणि, शुचि र अप्पित्त शब्द अग्निका नाम हुन् तथा और्व, वाण्व र वडवानल शब्द समुद्रभित्र बल्ने आगोका नाम हुन्। आगोको ज्वालालाई ज्वाल, कील, अर्चिष्, हेति र शिखा भनिन्छ। यसमा पहिला दुई शब्द स्त्रीलिङ्ग र पुलिङ्ग दुवैमा प्रयुक्त हुन्छन्। अर्चिष् नपुंसकलिङ्ग हो तथा हेति र शिखा स्त्रीलिङ्गी शब्द हुन्। आगाको फिल्कालाई स्फुलिङ्ग र अग्निकण भनिन्छ। यसमा पहिलो तीनै लिङ्गमा र दोस्रो केवल पुलिङ्गमा प्रयुक्त हुन्छ। धर्मराज, परेतराट्, काल, अन्तक, दण्डधर र श्राद्धदेव शब्द यमराजका नाम हुन्। राक्षस, कौणप, अश्रप, क्रव्याद, यातुधान र नैर्ऋति शब्द राक्षसका नाम हुन्। प्रचेता, वरुण र पाशी शब्द वरुणका तथा श्वसन, स्पर्शन, अनिल, सदागति, मातरिश्वा, प्राण, मरुत् र समीरण शब्द वायुका नाम हुन्। जव, रंहस् र तरस् शब्द वेगका वाचक हो। लघु, क्षिप्र, अर, द्रुत, सत्वर, चपल, तूर्ण, अविलम्बित र आशु शब्द शीघ्रताको अर्थमा प्रयुक्त हुन्छन्। सतत, अनारत, अश्रान्त, सन्तत, अविरल, अनिश, नित्य, अनवरत र अजस्र शब्द निरन्तरको वाचक हो। अतिशय, भर, अतिवेल, भृश, अत्यर्थ, अतिमात्र, उद्गाढ, निर्भर, तीव्र, एकान्त, नितान्त, गाढ, बाढ र दृढ शब्द अतिशयका वाचक हुन्। गुह्यकेश, यक्षराज, राजराज र धनाधिप शब्द कुबेरका नाम हुन्। किन्नर, किम्पुरुष, तुरङ्गवदन र मयु शब्द किन्नरका वाचक हुन्। निधि र शेवधि दुवै पुलिङ्गी शब्द निधिका वाचक हुन्। व्योम, अभ्र, पुष्कर, अम्बर, द्यो, दिव्, अन्तरिक्ष र ख शब्द आकाशका पर्याय हुन्। काष्ठा, आशा,

ककुभ र दिश् शब्द दिशा अर्थका बोधक हुन्। अभ्यन्तर र अन्तराल शब्द मध्यको तथा चक्रवाल र मण्डल शब्द गोलाकार मण्डल एवं समुदायका वाचक हुन्। तडित्वान्, वारिद, मेघ, स्तनयित्नु र बलाहक शब्द मेघका पर्याय हुन्। बादलको घटालाई कादम्बिनी र मेघमाला तथा स्तनित र गर्जित शब्द मेघ गर्जेको वाचक हुन्। शम्पा, शतह्रदा, ह्रादिनी, ऐरावती, क्षणप्रभा, तडित्, सौदामनी, विद्युत्, चञ्चला र चपला शब्द बिजुलीका पर्याय हुन्। स्फूर्जथु र वज्रनिर्घोष शब्द बिजुली चम्केको नाम हो। वर्षा रोकिनुलाई वृष्टिघात र अवग्रह भनिन्छ। धारासम्पात र आसार शब्द मुसलधारे वर्षाको नाम हो। जलको छिटालाई शीकर भनिन्छ। वर्षासँगै झर्ने असिनाको नाम करका हो। कालो बादल लागेर दिन अँध्यारो भयो भने त्यसलाई दुर्दिन भनिन्छ। अन्तर्धा, व्यवधा, पुलिङ्गमा प्रयुक्त हुने अन्तर्धि तथा अपवारण, अपिधान, तिरोधान, पिधान र आच्छादन आठ शब्द अन्तर्धानका नाम हुन्।१-२५।

कला तु षोडशो भागो भित्तं शकलखण्डके।
चन्द्रिका कौमुदी ज्योत्स्ना प्रसादस्तु प्रसन्नता।२७।
लक्षणं लक्ष्मकं चिह्नं शोभा कान्तिर्द्युतिश्छविः।
सुषमा परमा शोभा तुषारस्तुहिनं हिमम्।२८।
अवश्यायस्तु नीहारः प्रालेयः शिशिरो हिमः।
नक्षत्रमृक्षं भं तारा तारकाप्युडु वा स्त्रियाम्।२९।
गुरुर्जीव आङ्गिरस उशना भार्गवः कविः।
विधुन्तुदस्तमो राहुर्लग्नं राश्युदयः स्मृतः।३०।
सप्तर्षयो मरीच्यत्रिमुखाश्चित्रशिखण्डिनः।
हरिदश्वब्रध्नपूषद्युमणिर्मिहिरो रविः।३१।
परिवेषस्तु परिधिरूपसूर्य्यकमण्डले।
किरणोस्रमयूखांशुगभस्तिघृणिधृष्णयः।३२।
भानुः करो मरीचिः स्त्रीपुंसयोर्दीधितिः स्त्रियाम्।
स्युः प्रभा रुग्रुचिस्त्विड्भाभाश्छविद्युतिदीप्तयः।३३।
रोचिः शोचिरुभे क्लीबे प्रकाशो द्योत आतपः।
कोष्णं कवोष्णं मन्दोष्णं कदुष्णं त्रिषु तद्वति।३४।
तिग्मं तीक्ष्णं खरं तद्वद्दिष्टोऽनेहा च कालकः।
घस्रो दिनाहनी चैव सायंसन्ध्या पितृप्रसूः।३५।
प्रत्यूषोऽऽहर्मुखं कल्यमुषःप्रत्यूषसी अपि।
प्राह्णापराह्णमध्याह्नास्त्रिसन्ध्यमथ शर्वरी।३६।
यामी तमी तमिस्रा च ज्योत्स्नी चन्द्रिकयान्विता।
आगामिवर्त्तमानाहर्युक्तायां निशि पक्षिणी।३७।
अर्द्धरात्रनिशीथौ द्वौ प्रदोषो रजनीमुखम्।
स पर्वसन्धिः प्रतिपत्पञ्चदश्योर्यदन्तरम्।३८।
पक्षान्तौ पञ्चदश्यौ द्वे पौर्णमासी तु पूर्णिमा।
कलाहीने सानुमतिः पूर्णे राका निशाकरे।३९।
अमावास्या त्वमावस्या दर्शः सूर्य्येन्दुसङ्गमः।
सा दृष्टेन्दुः सिनीवाली सा नष्टेन्दुकला कुहूः।४०।
संवर्त्तः प्रलयः कल्पः क्षयः कल्पान्त इत्यपि।
कलुषं वृजिनैनोऽघमंहो दुरितदुष्कृतम्।४१।
स्याद्धर्ममस्त्रियां पुण्यश्रेयसी सुकृतं वृषः।
मुत्प्रीतिः प्रमदो हर्षः प्रमोदामोदसम्मदाः।४२।
स्यादानन्दथुरानन्दः शर्मशातसुखानि च।
श्वःश्रेयसं शिवं भद्रं कल्याणं मङ्गलं शुभम्।४३।
भावुकं भविकं भव्यं कुशलं क्षेममस्त्रियाम्।
दैवं दिष्टं भागधेयं भाग्यं स्त्री नियतिर्विधिः।४४।
क्षेत्रज्ञ आत्मा पुरुषः प्रधानं प्रकृतिः स्त्रियाम्।
हेतुर्ना कारणं बीजं निदानं त्वादिकारणम्।४५।
चित्तं तु चेतो हृदयं स्वान्तं हृन्मानसं मनः।
बुद्धिर्मनीषा धिषणा धीः प्रज्ञा शेमुषी मतिः।४६।
प्रेक्षोपलब्धिश्चित्संवित्प्रतिपज्ज्ञाप्तिचेतनाः।
धीर्धारणावती मेधा सङ्कल्पः कर्म मानसम्।४७।
सङ्ख्याविचारणा चर्चा विचिकित्सा तु संशयः।
अध्याहारस्तर्क ऊहः समौ निर्णयनिश्चयौ।४८।
मिथ्यादृष्टिर्नास्तिकता भ्रान्तिर्मिथ्यामतिर्भ्रमः।
अङ्गीकाराभ्युपगमप्रतिश्रवसमाधयः।४९।
मोक्षे धीर्ज्ञानमन्यत्र विज्ञानं शिल्पशास्त्रयोः।
मुक्तिः कैवल्यनिर्वाणश्रेयोनिःश्रेयसामृतम्।५०।
मोक्षोऽपवर्गोऽथाज्ञानमविद्याहम्मतिः स्त्रियाम्।
विमर्दोत्थे परिमलो गन्धे जनमनोहरे।५१।

अब्ज, जैवातृक, सोम, ग्लौः मृगाङ्क, कलानिधि, विधु तथा कुमुदबन्धु शब्द चन्द्रका पर्याय हुन्। चन्द्रमा र सूर्यमण्डलको नाम बिम्ब र मण्डल हो। यसमा बिम्ब शब्दको पुलिङ्ग र नपुंसक लिङ्गमा तथा मण्डल शब्दको तीनै लिङ्गमा प्रयोग हुन्छ। चन्द्रमाको सोह्र भागलाई कला भनिन्छ। भित्त, शकल र खण्ड शब्द टुक्राको वाचक हुन्। चाँदनीलाई चन्द्रिका, कौमुदी र ज्योत्स्ना भनिन्छ। प्रसाद र प्रसन्नता शब्द निर्मलता र हर्षको बोधक हो। लक्षण, लक्ष्म र चिह्न शब्द चिह्नका तथा शोभा, कान्ति, द्युति र छवि शब्द शोभाका नाम हुन्। उत्तम शोभालाई सुषमा भनिन्छ। तुषार, तुहिन, हिम, अवश्याय, नीहार, प्रालेय, शिशिर र हिम शब्द तुसारोका नाम हुन्। नक्षत्र, ऋक्ष, भ, तारा, तारका र उडु शब्द नक्षत्रका पर्याय हुन्। यसमा उडु शब्द विकल्पमा स्त्रीलिङ्ग र नपुंसक हुन्छ। गुरु, जीव र आङ्गिरस शब्द बृहस्पतिका; उशना, भार्गव र कवि शब्द शुक्राचार्यका तथा विधुन्तुद, तम र राहु शब्द तीन राहुका नाम हुन्। राशिको उदयलाई लग्न भनिन्छ। मरीचि र अत्रि आदि सप्तर्षि चित्रशिखण्डीका नामले प्रसिद्ध छन्। हदिश्व, ब्रध्न, पूषा, द्युमणि, मिहिर र रवि शब्द सूर्यका नाम हुन्। परिवेष, परिधि, उपसूर्यक र मण्डल शब्द उत्पात आदिको समय देखाउने सूर्यमण्डलको घेरालाई बोध गराउन हुन्। किरण, उस्र, मयूख, अंशु, गभस्ति, घृणि, धृष्णि, भानु, कर, मरीचि र दीधिति शब्द एघार सूर्यको किरणका नाम हुन्। यसमा मरीचि शब्द स्त्रीलिङ्ग र पुलिङ्ग दुवैमा प्रयुक्त हुन्छ तथा दीधिति शब्दको प्रयोग केवल स्त्रीलिङ्गमा हुन्छ। प्रभा, रुक्, रुचि, त्विट्, भा, आभा, छवि, द्युति, दीप्ति, रोचिष् र शोचिष् शब्द प्रभाका नाम हुन्। यसमा रोचिष् र शोचिष् शब्द केवल नपुंसकलिङ्गमा प्रयुक्त हुन्छन्। प्रकाश, द्योत र आतप शब्द घामका नाम हुन्। कोष्ण, कवोष्ण, मन्दोष्ण र कदुष्ण शब्द कम गर्मीलाई बोध गराउने हुन्। यद्यपि स्वरूपले नपुंसक लिङ्ग भए पनि जय कम गर्मी गर्ने वस्तुको विशेषण हुन्छ भने विशेष्यअनुसार यसको प्रयोग तीनै लिङ्गमा हुन्छ। तिग्म, तीक्ष्ण र खर शब्द धेरै गर्मीको वाचक हो। यी पनि पूर्ववत् गुणबोधक भएमा नपुंसकमा र गुणवान्‌को विशेषण भएमा विशेष्यअनुसार तीनै लिङ्गमा प्रयुक्त हुन्छन्। दिष्ट, अनेहा र काल शब्द समयको पर्याय हो। घस्र, दिन र अहन् शब्द दिनका, सायं शब्द सन्ध्याकालको तथा पितृप्रसू शब्द सन्ध्याका नाम हुन्। प्रत्यूष, अहर्मुख, कल्य, उषस् र प्रत्यूषस् शब्द प्रभात कालका वाचक हुन्। दिनको प्रथम भागलाई प्राह्ण, अन्तिम भागलाई अपराह्ण र मध्य भागलाई मध्याह्न भनिन्छ। यी तीनवटैको समुदायलाई त्रिसन्ध्य भनिन्छ। शर्वरी, यामी र तमी शब्द रातका वाचक हुन्। अँधेरी रातलाई तमिस्रा र चाँदनी रात्रिलाई ज्यौत्स्नी भनिन्छ। आगामी र वर्तमान शब्द दुई दिनसहित बीचको रात्रिलाई बोध गराउनको लागि पक्षिणी शब्दको प्रयोग गरिन्छ। आधा रातलाई अर्धरात्रि र निशीथ भनिन्छ। रात्रिको प्रारम्भलाई प्रदोष र रजनीमुख भनिन्छ। प्रतिपदा र पूर्णिमा वा अमावास्यको बीचमा जुन सन्धिको समय हुन्छ त्यसलाई पर्वसन्धि भनिन्छ। दुवै पञ्चदशि अर्थात् पूर्णिमा र अमावास्यालाई पक्षान्त भनिन्छ। पौर्णमासी तथा पूर्णिमा शब्द पूर्णिमाको नाम हो। यदि पूर्णिमालाई चन्द्रोदयको समय प्रतिपदको योग लागेमा एक कलाले हीन चन्द्रमा उदय भयो भने त्यस पूर्णिमालाई अनुमति भनिन्छ तथा पूर्ण चन्द्रमाको उदय भयो भने राका भनिन्छ। अमावस्या, अमावस्या दर्श र सूर्येन्दुसङ्गम यी चार शब्द अमावस्याका नाम हुन्। चतुर्दशीको योग चाँडै भएर अमावास्याको प्रातःकाल चन्द्रमाको दर्शन भयो भने त्यस अमावस्यालाई सिनीवाली भनिन्छ। किन्तु चन्द्रोदय कालमा अमावस्याको योग छ भने चन्द्रमाको कला देखिँदैन र त्यस औँसीलाई कुहू भनिन्छ। संवर्त, प्रलय, कल्प, क्षय र कल्पान्त शब्द प्रलयका नाम हुन्। कलुष, वृजिन, एनस्, अघ, अंहस्, दुरित र दुष्कृत शब्द पापका वाचक हुन्। धर्म शब्दको प्रयोग पुलिङ्ग र नपुंसक लिङ्ग दुवैमा हुन्छ। पुण्य, श्रेयस्, सुकृत र वृष यसका पर्याय शब्द हुन्। मुत्, प्रीति, प्रमद, हर्ष, प्रमोद, आमोद, सम्मद, आनन्दथु, आनन्द शर्म्म, शात र सुख शब्द सुख एवं हर्षका नाम हुन्। स्वःश्रेयस, शिव, भद्र, कल्याण, मङ्गल, शुभ, भावुक, भविक, भव्य, कुशल र क्षेम शब्द कल्याण अर्थलाई बोध गराउने हुन्। यी सबै शब्द स्त्रीलिङ्गमा प्रयुक्त हुँदैनन्। दैव, दिष्ट, भागधेय, भाग्य, नियति र विधि शब्द भाग्यका नाम हुन्। यसमा नियति शब्द स्त्रीलिङ्गी हो। क्षेतज्ञ, आत्मा र पुरुष शब्द आत्माको पर्याय हो। प्रकृति वा मायाको नाम प्रधान र प्रकृति हो। यसमा प्रकृति स्त्रीलिङ्ग र प्रधान नपुंसक लिङ्ग हुन्। हेतु, कारण र बीज शब्द कारणका वाचक हुन्। यसमा पहिलो पुलिङ्ग र बाँकी दुई शब्द नपुंसक लिङ्ग हुन्। कार्यको उत्पत्तिमा प्रधान हेतुका निदान र आदिकारण गरी दुई छन्। चित्त, चेतस्, हृदय, स्वान्त, हृत्, मानस र मनस् शब्द चित्तका पर्याय हुन्। बुद्धि, मनीषा, धिषणा, धी, प्रज्ञा, शेमुषी, मति, प्रक्षा, उपलब्धि, चित्, संवित्, प्रतिपत्, ज्ञप्ति र चेतना शब्द बुद्धिका वाचक हुन्। धारणाशक्तिले युक्त बुद्धिलाई मेधा भनिन्छ र मानसिक व्यापारको नाम सङ्कल्प हो। सङ्ख्या, विचारणा र चर्चा शब्द विचारको, विचिकित्सा र संशय सन्देहको तथा अध्याहार, तर्क र ऊह शब्द तर्क वितर्कका नाम हुन्। निश्चित विचारलाई निर्णय र निश्चय भनिन्छ। ईश्वर र परलोक छैन भन्ने विचारलाई मिथ्या दृष्टि र नास्तिकता भनिन्छ। भ्रान्ति, मिथ्यामति र भ्रम शब्द भ्रमात्मक ज्ञानका वाचक हुन्। अङ्गीकार,

अभ्युपगम, प्रतिश्रव र समाधि शब्द स्वीकार अर्थलाई बोध गराउने हुन्। मोक्षविषयक बुद्धिको ज्ञान र शिल्प एवं शास्त्रको बोधलाई विज्ञान भनिन्छ। मुक्ति, कैवल्य, निर्वाण, श्रेयस्, निःश्रेयस्, अमृत, मोक्ष र अपवर्ग शब्द मोक्षका वाचक हुन्। अज्ञान, अविद्या र अहम्मति शब्द अज्ञानका पर्याय हुन्। यसमा पहिलो नपुंसक र शेष दुई स्त्रीलिङ्ग हुन्। एकअर्काको टक्करबाट प्रकट भएको मनोहारिणी गन्धको अर्थमा परिमल शब्दको प्रयोग हुन्छ।२६–५१।

आमोदः सोऽतिनिर्हारी सुरभिर्घ्राणतर्पणः।
शुक्लशुभ्रशुचिश्वेतविशदश्वेतपाण्डराः।५२।
अवदातः सितो गौरो वलक्षो धवलोऽर्जुनः।
हरिणः पाण्डुरः पाण्डुरीषत्पाण्डुस्तु धूसरः।५३।
कृष्णे नीलासितश्यामकालश्यामलमेचकाः।
पीतो गौरो हरिद्राभः पालाशो हरितो हरित्।५४।
रोहितो लोहितो रक्तः शोणः कोकनदच्छविः।
अव्यक्तरागस्त्वरुणः श्वेतरक्तस्तु पाटलः।५५।
श्याव स्यात्कपिशो धूम्रधूमलौ कृष्णलोहिते।
कडारः कपिलः पिङ्गपिशङ्गौ कद्रुपिङ्गलौ।५६।
चित्रं किर्म्मीरकल्माषशबलैताश्च कर्बुरे।
व्याहार उक्तिर्लपितमपभ्रंशोऽपशब्दकः।५७।
तिङ्सुबन्तचयो वाक्यं क्रिया वा कारकान्विता।
इतिहासः पुरावृत्तं पुराणं पञ्चलक्षणम्।५८।
आख्यायिकोपलब्धार्था प्रबन्धः कल्पना कथा।
समाहारः सङ्ग्रहस्तु प्रवह्लिका प्रहेलिका।५९।
समस्या तु समासार्था स्मृतिस्तु धर्मसंहिता।
आख्याह्वे चाभिधानं च वार्त्ता वृत्तान्त ईरितः।६०।
हूतिराकारणाह्वानमुपन्यासस्तु वाङ्मुखम्।
विवादो व्यवहारः स्यात्प्रतिवाक्योत्तरे समे।६१।
उपोद्घात उदाहारो ह्यथ मिथ्याभिशंसनम्।
अभिशापो यशः कीर्तिः प्रश्नः पृच्छानुयोगकः।६२।
आम्रेडितं द्विस्त्रिरुक्तं कुत्सानिन्दे च गर्हणे।
स्यादाभाषणमालापः प्रलापोऽनर्थकं वचः।६३।
अनुलापो मुहुर्भाषा विलापः परिदेवनम्।
विप्रलापो विरोधोक्तिः संलापो भाषणं मिथः।६४।
सुप्रलापः सुवचनमपलापस्तु निह्नवः।
रुशती वागकल्याणी सङ्गतं हृदयङ्गमम्।६५।
अत्यर्थमधुरं सान्त्वमबद्धं स्यादनर्थकम्।
निष्ठुराश्लीलपरुषं ग्राम्यं वै सूनृतं प्रिये।६६।
सत्यं तथ्यमृतं सम्यङ् नादनिस्वाननिस्वनाः।
आरवारावसंरावविरावा अथ मर्मरः।६७।
स्वनिते वस्त्रपर्णानां भूषणानान्तु शिञ्जितम्।
वीणाया निक्वणः क्वाणः तिरश्चां वाशितं रुतम्।६८।
कोलाहलः कलकलो गीतं गानमिमे समे।
स्त्री प्रतिश्रुत्प्रतिध्वाने तन्त्रीकण्ठान्निषादकः।६९।
काकली तु कले सूक्ष्मे ध्वनौ तु मधुरास्फुटे।
कलो मन्द्रस्तु गम्भीरे तारोऽत्युच्चैः स्त्रयस्त्रिषु।७०।
समन्वितलयस्त्वेकतालो वीणा तु वल्लकी।
विपञ्ची सा तु तन्त्रीभिः सप्तभिः परिवादिनी।७१।
ततं वीणादिकं वाद्यमानद्धं मुरजादिकम्।
वंश्यादिकन्तु सुषिरं कांस्यतालादिकं घनम्।७२।
चतुर्विधमिदं वाद्यं वादित्रातोद्यनामकम्।
मृदङ्गा मुरजा भेदास्त्वङ्क्यालिङ्ग्योऽर्द्धकास्त्रयः।७३।
स्याद्यशः पटहो ढक्का भेर्य्यामानकदुन्दुभिः।
आनकः पटहो भेदा झर्झरीडिण्डिमादयः।७४।
मर्दलः पणवस्तुल्यो क्रियामानं तु तालकः।
लयः साम्यं ताण्डवन्तु नाट्यं लास्यञ्च नर्त्तनम्।७५।

उही गन्ध जब अत्यन्त मनोहर भएमा आमोद भनिन्छ। घ्राणेन्द्रियलाई तृप्त गर्ने उत्तम गन्धको नाम सुरभि हो। शुभ्र, शुक्ल, शुचि, श्वेत, विशद, श्वेत, पाण्डर, अवदात, सित, गौर, वलक्ष, धवल र अर्जुन शब्द श्वेत वर्णका वाचक हुन्। केही पहेँलोपना भएको सेतोलाई हरिण, पाण्डुर र पाण्डु भनिन्छ। यो रङ्ग पनि धेरै हलुका छ भने धूसर भनिन्छ। नील, असित, श्याम, काल, श्यामल र मेचक शब्द कालो रङ्गका बोधक हुन्। पीत, गौर र हरिद्राभ शब्द पहेँलो रङ्गका र पालाश, हरित र हरित् शब्द हरियो रङ्गका वाचक हुन्। रोहित, लोहित र रक्त शब्द रातो रङ्गका बोधक हुन्। रक्त कमलसमान शोभा भएकोलाई

शोण भनिन्छ। लालिमा नदेखिने हलुको लालीलाई अरुण भनिन्छ। सेतो खालको लाली अर्थात् गुलाबी रङ्गको पाटल भनिन्छ। कालो र पहेंलो रङ्ग मिलेकोलाई श्याव र कपिश भनिन्छ। कालो र रातो रङ्ग मिलेकोलाई धूम्र तथा धूमल भनिन्छ। कडार, कपिल, पिङ्ग, पिशङ्ग, कद्रु तथा पिङ्गल शब्द खैरो रङ्गका वाचक हुन्। चित्र, किर्मीर, कल्माष, शबल, एत र कर्बुर शब्द छिर्केमिर्के रङ्गलाई बोध गराउने हो। व्याहार, उक्ति र लपित शब्द बचनको समानार्थक हुन्। व्याकरणको नियममा च्युत अशुद्ध शब्दलाई अपभ्रंश तथा अपशब्द भनिन्छ। सुबन्त पदको समुदाय, तिङन्त पदको समूह, सुबन्त र तिङन्त दुवै पदको समुदाय अथवा कारकद्वारा अन्वित क्रियाको बोध गराउने पदसमूह इत्यादि सबै शब्दलाई वाक्य भनिन्छ। पूर्वकालमा बितेका सत्य घटनाहरूको वर्णन गर्ने ग्रन्थलाई इतिहास तथा पुरावृत्त भनिन्छ। पाँच लक्षणले युक्त व्यासादि मुनिहरूको ग्रन्थको नाम पुराण हो। सत्य घटनालाई लिएर लेखिएको पुस्तकलाई आख्यायिका भनिन्छ। कल्पित प्रबन्धलाई कथा भनिन्छ। सङ्ग्रहको वाचक समाहार तथा सङ्ग्रह दुई शब्द हुन्छ। नबुझिने पाल्छी कुरालाई प्रह्वलिका र प्रहेलिका भनिन्छ। पूरा गर्न दिइएको सङ्क्षिप्त पदावलीलाई समस्या र समासार्था भनिन्छ। वेदार्थलाई स्मरणपूर्वक लेखिएको धर्मशास्त्रलाई स्मृति र धर्मसंहिता भनिन्छ। आख्या, आह्वा र अभिधान शब्द नामको वाचक हो। वार्ता र वृत्तान्त दुवै एकै अर्थका हुन्। हूति, आकारणा र आह्वान बोलाउने अर्थमा आउँछ। वाणीको आरम्भलाई उपन्यास र वाङ्मुख भनिन्छ। विवाद र व्यवहार मुद्दामामिलाको नाम हो। प्रतिवाक्य र उत्तर दुवै समानार्थक शब्द हुन्। उपोद्घात र उदाहार भूमिकाको नाम हो। झुटो कलङ्क लगाउनेलाई मिथ्याभिशंसन र अभिशाप भनिन्छ। यश र कीर्ति सुयशको नाम हो। प्रश्न, पृच्छा र अनुयोग सोध्नेको अर्थमा आउँछन्। एउटै शब्दलाई दुईतीन पटक उच्चारण गर्नेलाई आम्रेडित भनिन्छ। अर्काको निन्दा गर्ने अर्थमा कुत्सा, निन्दा र गर्हण शब्दको प्रयोग हुन्छ। साधारण कुराकानीलाई आभाषण र आलाप भनिन्छ। पागलले जस्तै भनेको असम्बद्ध वा निरर्थक वचनलाई प्रलाप भनिन्छ। बारम्बार गरिने कुराकानीलाई अनुलाप भनिन्छ। शोकयुक्त उद्गारको नाम बिलाप र परिदेवन हो। परस्पर विरुद्ध बातचीतलाई विप्रलाप र विरोधोक्ति भनिन्छ। दुई व्यक्तिको पारस्परिक कुराकानीलाई संलाप भनिन्छ। सुप्रलाप र सुवचन उत्तम वाणीको वाचक हो। सत्य लुकाउनको लागि प्रयोग गरिने वाणीलाई अपलाप तथा निह्नव भनिन्छ। अमङ्गलमयी वाणीलाई उशती भनिन्छ। मनमा लाग्ने तर्कसङ्गत कुरोलाई हृदयङ्गम भनिन्छ। अत्यन्त मधुर वाणीमा दिइने सान्त्वनालाई सान्त्व भनिन्छ। परस्पर सम्बन्ध नभएको कुरालाई अबद्ध र निरर्थक भनिन्छ। निष्ठुर र परुष शब्द कठोर वाणीको तथा अश्लील र ग्राम्य शब्द नराम्रो कुराको बोधक हुन। प्रिय वाणीलाई सूनृत भनिन्छ। सत्य, तथ्य, ऋत र सम्यक् यथार्थ वचनका बोधक हुन्। नाद, निस्वन, निस्व, आरव, आराव, संराव र विराव अव्यक्त शब्दका वाचक हुन्। कपडा र पातबाट निस्कने आवाजलाई मर्मर भनिन्छ। आभूषणको ध्वनिलाई शिञ्जित भनिन्छ। वीणाको स्वरलाई निक्वण र क्वाण भनिन्छ तथा पक्षि कराएकोलाई वाशित भनिन्छ। एक समूहको आवाजलाई कोलाहल र कलकल भनिन्छ। गीत र गान समान अर्थका बोधक हुन्। प्रतिश्रुत् र प्रतिध्वान प्रतिध्वनिको वाचक हुन्। यसमा पहिलो स्त्रीलिङ्गी हो। वीणाको कण्ठबाट निषाद आदि स्वर प्रकट हुन्छ। मधुर एवं अस्फुट ध्वनिलाई कल भनिन्छ र सूक्ष्म कलको नाम काकली हो। गम्भीर स्वरलाई मन्द्र र ठूलो आवाजलाई तार भनिन्छ। कल, मन्द्र र तार तीनै शब्द तीनै लिङ्गमा प्रयोग हुन्छन्। गाउने र बजाउने मिलेको लयलाई एकताल भनिन्छ। वीणा, वल्लकी र विपञ्ची यी तीन नाम वीणाका हुन्। सात तारले बज्ने वीणालाई परिवादिनी भनिन्छ। वीणा आदि बाजालाई तत, ढोल र मृदङ्ग आदिलाई आनद्ध, बाँसुरी आदिलाई सुषिर र काँसे बाजा आदिलाई घन भनिन्छ। यी चार प्रकारको बाजालाई वाद्य, वादित्र र आतोद्य भनिन्छ। मृदङ्ग र मुरज ढोलको नाम हो। अङ्क्य, आलिङ्ग्य र उर्ध्व यसका भेद हुन्। प्रसिद्धि प्रचारका लागि ढोल बजाइने डङ्कालाई यशः पटह र ढक्का भनिन्छ। भेरीको अर्थमा आनक र दुन्दुभि शब्दको प्रयोग हुन्छ। आनक र पटह पर्यायवाची शब्द हुन्। झ्याँझ र डम्फु आदि बाजाको भेद हो। मर्दल र पणव समानार्थक हुन्। गाउने बजाउनेको क्रिया र कालको विवेकका गतिको नाम ताल हो। गीत र वाद्य आदि समान अवस्थामा हुनुलाई लय भनिन्छ। ताण्डव, नाट्य, लास्य र नर्तन सबै नृत्यको वाचक हो।५२-७५।

तौर्य्यत्रिकं नृत्यगीतवाद्यं नाट्यमिदं त्रयम्।
राजा भट्टारको देवः साभिषेका च देव्यपि ।७६।
शृङ्गारवीरकरुणाद्भुतहास्यभयानकाः।
वीभत्सरौद्रे च रसाः शृङ्गारः शुचिरुज्ज्वलः ।७७।

उत्साहवर्धनो वीरः कारुण्यं करुणा घृणा।
कृपा दया चानुकम्पाऽप्यनुक्रोशोऽप्यथो हसः ।७८।
हासो हास्यञ्च वीभत्सं विकृतं त्रिष्विदं द्वयम्।
विस्मयोऽद्भुतमाश्चर्य्यं चित्रमप्यथ भैरवम् ।७९।

दारुणं भीषणं भीष्मं घोरं भीमं भयानकम् ।
भयङ्करं प्रतिभयं रौद्रस्तूग्रममी त्रिषु ।८०।
चर्तुदश दरत्रासौ भीतिर्भीः साध्वसं भयम् ।
विकारो मानसो भावोऽनुभावो भावबोधनः ।८१।
गर्वोऽभिमानोऽहङ्कारो मानश्चित्तसमुन्नतिः ।
अनादरः परिभवः परिभावस्तिरस्क्रिया ।८२।
व्रीडा लज्जा त्रपा ह्रीः स्यादभिध्यानं धने स्पृहा ।
कौतूहलं कौतुकञ्च कुतुकञ्च कुतूहलम् ।८३।
स्त्रीणां विलासविव्वोकविभ्रमा ललितं तथा ।
हेला लीलेत्यमी हावाः क्रियाः शृङ्गारभावजाः ।८४।
द्रवकेलिपरीहासाः क्रीडा लीला च कूर्दनम् ।
स्यादाच्छुरितक हासः सोत्प्रासः समनाक् स्मितम् ।८५।
अधोभुवनपातालं च्छिद्रं श्वभ्रं वपा सुषिः ।
गर्त्तावटौ भुवि श्वभ्रे तमिस्रं तिमिरं तमः ।८६।
सर्पः पृदाकुर्भुजगो दन्दशूको बिलेशयः ।
विषं क्ष्वेडश्च गरलं निरयो दुर्गतिः स्त्रियाम् ।८७।

पयः कीलालममृतमुदकं भुवनं वनम् ।
भङ्गस्तरङ्ग ऊर्मिर्वा कल्लोलोल्लोलकौ च तौ ।८८।
पृषन्ति बिन्दुपृषताः कूलं रोधश्च तीरकम् ।
तोयोत्थितं तत्पुलिनं जम्बालं पङ्ककर्दमौ ।८९।
जलोच्छ्वासाः परीवाहाः कूपकास्तु विदारकाः ।
आतरस्तरपण्यं स्याद्द्रोणी काष्ठाम्बुवाहिनी ।९०।
कलुषश्चाविलोऽच्छस्तु प्रसन्नोऽथ गभीरकम् ।
अगाधं दाशकैवर्त्तौ शम्बूका जलशुक्तयः ।९१।
सौगन्धिकन्तु कह्लारं नीलमिन्दीवरं कजम् ।
स्यादुत्पलं कुवलयं सिते कुमुदकैरवे ।९२।
शालूकमेषां कन्दः स्यात्पद्मं तामरसं कजम् ।
नीलोत्पलं कुवलयं रक्तं कोकनदं स्मृतम् ।९३।
करहाटः शिफा कन्दं किञ्जल्कः केसरोऽस्त्रियाम् ।
खनिः स्त्रियामाकरः स्यात्पादाः प्रत्यन्तपर्वताः ।९४।
उपत्यकाद्रेरासन्ना भूमिरूर्ध्वमधित्यका ।
स्वर्गपातालवर्गाद्या उक्ता नानार्थकाञ्च्छृणु ।९५।

नृत्य, गान र वाद्य तीनैवटालाई तौर्यत्रिक एवं नाट्य भनिन्छ। नाटकमा राजालाई भट्टारक र देव भनिन्छ र उनको साथमा जसको अभिषेक हुन्छ, उस महारानीलाई देवी भनिन्छ। शृङ्गार, वीर, करुण, अद्भुत, हास्य, भयानक, बीभत्स र रौद्र आठ रस हुन्। यसमा शृङ्गार रसको शृङ्गार, शुचि र उज्ज्वल तीन नाम छ। वीर रसको उत्साहवर्धन र वीर दुई नाम छ। करुणलाई बोध गराउने कारुण्य, करुणा, घृणा, कृपा, दया, अनुकम्पा र अनुक्रोश सात शब्द छन्। हस, हास र हास्य हास्यरसको तथा बीभत्स र विकृत शब्द बिभत्स रसको वाचक हो। यी दुई शब्द तीनै लिङ्गमा प्रयुक्त हुन्छ। अद्भुतलाई बोध गराउने विस्मय, अद्भुत, आश्चर्य र चित्र चार शब्द हुन्। भैरव, दारुण, भीष्म, घोर, भीम, भयानक, भयङ्कर र प्रतिभय भयानक अर्थलाई बोध गराउने हो। रौद्रको पर्याय उग्र हो। अद्भुत आदि चौध शब्द तीनै लिङ्गमा प्रयुक्त हुन्छ। डर, त्रास, भीति, भी, साध्वस र भय भयको वाचक हो। रति आदि मानसिक विकारलाई भाव भनिन्छ। भावलाई व्यक्त गर्ने रोमाञ्च आदि कार्यलाई अनुभाव भनिन्छ। गर्व, अभिमान र अहङ्कार घमन्डको नाम हो। म जस्तो कोही छैन भन्ने भावनालाई मान र चित्तसमुन्नति भनिन्छ। अनादर, परिभव, परिभाव र तिरस्क्रिया अपमानका वाचक हुन्। व्रीडा, लज्जा, त्रपा र ह्रीले लाजलाई बोध गराउँछन्। अर्काको धन लिन खोज्ने इच्छाको नाम अभिध्यान हो। कौतूहल, कौतुक, कुतुक र कुतूहल यी चारवटा कौतुकका पर्याय हुन्छन्। विलास, विव्वोक, विभ्रम, ललित, हेला र लीला यी शृङ्गार र भावबाट प्रकट हुने स्त्रीहरूका चेष्टाहरू नै हाव भनिन्छन्। द्रव, केलि, परिहास, क्रीडा, लीला तथा कूर्दन यी खेलकुदका र हाँसो ठट्टा जनाउने शब्दहरू हुन्। अर्कामाथि आक्षेप गर्दै खिसी गरिन्छ भने त्यसको नाम आच्छुरितक हुन्छ। मन्द मुस्कानलाई स्मित भन्दछन्। तल्लो लोकहरूका नाम अधोभुवन र पाताल हो। छिद्र, श्वभ्र, वपा र सुषि यी प्वाललाई जनाउने शब्द हुन्। पृथ्वीभित्र खनिएका खाडललाई गर्त र अवट भन्दछन्। तमिस्र, तिमिर र तम यी अन्धकारलाई जनाउने शब्द हुन्। सर्प, पृदाकु, भुजग, दन्दशूक र बिलेशय यी सर्पका नाम हुन्। विष, क्ष्वेड र गरल यी जहरलाई जनाउने शब्द हुन्। निरय् र दुर्गति यी नरकका नाम हुन्। पयस्, कीलाल, अमृत, उदक, भुवन र वन यी जलका पर्याय हुन्। भङ्ग, तरङ्ग, ऊर्मि कल्लोल र उल्लोल यी पानीको छालका पर्याय हुन्। कूल, रोध र तीर यी किनारलाई जनाउने हुन्। पानीबाट भर्खरै बाहिर निस्केका किनारलाई पुलिन भन्दछन्। जम्बाल, पङ्क र कर्दम यी हिलोलाई जनाउने शब्द

हुन्। तलाउ या नदी आदि भरिएर बाहिर बग्न लागेको पानीलाई जलोच्छ्वास र परीवाह भन्दछन्। सुकिसकेका नदी आदिक पिँधमा बचेको पानीलाई कूपक र विदारक भन्दछन्। नदी तर्नका लागि जुन घाट वा खेवा बनाइन्छ त्यसलाई आतर वा तरपण्य भन्दछन्। पानी राख्नका लागि काठले बनाइएको भाँडो छ भने त्यो द्रोणी हो। मैलो पानीलाई कलुष र आविल भनिन्छ भने सफा पानीलाई अच्छ, प्रसन्न र गहिरो पानीलाई गम्भीर र अगाध भन्दछन्। दाश र कैवर्त भनेका नदी तार्ने हुन्। शम्बूक र जलशुक्ति पानीमा हुने सिपीका नाम हुन्। सोगन्धिक र कह्लार भनेका श्वेतकमल हुन्। नीलकमललाई इन्दीवर भन्दछन्। उत्पल र कुवलय यी कमल र कुमुद आदिका साधारण नाम हुन्। कुमुदको जरो शालूक हो। पद्म, तामरस र कञ्ज यी कमलका पर्याय हुन्। नील उत्पलको नाम कुवलय र रक्त उत्पलको नाम कोकनद भन्ने पनि बताइएको छ। पद्मकन्द वा कमलको जरो नै करहाट वा शिफाकन्द हो। कमलको केसरलाई किञ्जल्क र केसर भन्दछन्। यी दुवै शब्द स्त्रीलिङ्गबाहेकका अन्य लिङ्गमा प्रयोग हुन्छन्। स्त्रीलिङ्गमा खनिशब्द र आकर यी दुईवटाले खानीलाई जनाउँछन्। ठूलठूला पर्वतका नजिकै रहेका सानातिना पर्वतहरूलाई पाद र प्रत्यन्तपर्वत भन्दछन्। पर्वतका नजिकैको होचो भूमिलाई उपत्यका र पहाडको माथिल्लो भागको जमिनलाई अधित्यका भनिन्छ। यसै किसिमले मैले स्वर्ग र पाताल आदिका वर्गहरूको वर्णन गरें अब अनेकौं अ… भएका शब्दहरूका विषयमा सुन।७६-९५।

३६१. एकषष्ट्यधिकत्रिशततमोऽध्यायः

अव्ययवर्ग

अग्निरुवाच

आङीषदर्थेऽभिव्याप्तौ सीमार्थे धातुयोगजे।
आ प्रगृह्यः स्मृतौ वाक्येऽप्यास्तु स्यात्कोपपीडयोः।१।
पापकुत्सेषदर्थे कु धिग्जुगुप्सननिन्दयोः।
चान्वाचयसमाहारेतरेतरसमुच्चये।२।
स्वस्त्याशीः क्षेमपुण्यादौ प्रकर्षे लङ्घनेऽप्यति।
स्वित्प्रश्ने च वितर्के च तु स्याद्भेदेऽवधारणे।३।
सकृत्सहैकवारे स्यादाराद्दूरसमीपयोः।
प्रतीच्यां चरमे पश्चादुताप्यर्थविकल्पयोः।४।
पुनः सहार्थयोः शश्वत्साक्षात्प्रत्यक्षतुल्ययोः।
खेदानुकम्पासन्तोषविस्मयामन्त्रणे वत।५।
हन्त हर्षेऽनुकम्पायां वाक्यारम्भविषादयोः।
प्रति प्रतिनिधौ वीप्सालक्षणादौ प्रयोगतः।६।
इति हेतौ प्रकरणे प्रकाशादिसमाप्तिषु।
प्राच्यां पुरस्तात्प्रथमे पुरार्थेऽग्रत इत्यपि।७।
यावत्तावच्च साकल्येऽवधौ मानेऽवधारणे।
मङ्गलानन्तरारम्भप्रश्नकार्त्स्न्येष्वथोऽथ च।८।
वृथा निरर्थकाविध्योर्नानाऽनेकोभयार्थयोः।
नु पृच्छायां विकल्पे च पश्चात्सादृश्ययोरनु।९।
प्रश्नावधारणानुज्ञाऽनुनयामन्त्रणे ननु।
गर्हासमुच्चयप्रश्नशङ्कासम्भावनास्वपि।१०।
उपमायां विकल्पे वा सामित्वर्द्धे जुगुप्सिते।
अमा सह समीपे च कं वारिणि च मूर्धनि।११।
इवेत्थमर्थयोरेवं नूनं तर्केऽर्थनिश्चये।
तूष्णीमर्थे सुखे जोषं किं पृच्छायां जुगुप्सने।१२।
नाम प्राकाश्यसम्भाव्यक्रोधोपगमकुत्सने।
अलं भूषणपर्य्याप्तिशक्तिवारणवाचकम्।१३।
हूं वितर्के परिप्रश्ने समयाऽन्तिकमध्ययोः।
पुनरप्रथमे भेदे निनिश्चयनिषेधयोः।१४।
स्यात्प्रबन्धे चिरातीते निकटागामिके पुरा।
उरर्युरी चोररी च विस्तारेऽङ्गीकृते त्रयम्।१५।
स्वर्गे परे च लोके स्ववार्त्तासम्भावयोः किल।
निषेधवाक्यालङ्कारे जिज्ञासावसरे खलु।१६।
समीपोभयतः शीघ्रसाकल्याभिमुखेऽभितः।
नामप्रकाशयोः प्रादुर्मिथोन्योन्यं रहस्यपि।१७।
तिरोऽन्तर्द्धौ तिर्यगर्थे हा विषादशुगर्त्तिषु।
अहहेत्यद्भुते खेदे हि हेतावववधारणे।१८।

अग्निदेव भन्दछन्— हे वसिष्ठ ! आङ् अव्यय थोरै, अभिव्याप्ति र सीमा भन्ने अर्थमा आउँछ। साथै धातुबाट संयोग भएर विभिन्न अर्थ प्रकाशित हुन्छ र सबै अर्थमा यसको प्रयोग हुन्छ भन्ने बुझ्नुपर्छ। आ प्रगृह्यसंज्ञक अव्यय हो। यसको वाक्य र स्मरण अर्थमा प्रयोग हुन्छ। आ अव्ययले कोप र पीडाको भाव द्योतन गर्दछ। कु पाप, कुत्सा र ईषत् अर्थमा तथा धिक् हप्की र निन्दाको अर्थमा आउँछ। च अव्ययको प्रयोग समुच्चय, समाहार भन्ने अर्थमा आउँछ। अन्वाचय, ईतरेतरयोग र स्वस्ति आशीर्वाद क्षेम र पुण्य आदिको अर्थमा तथा अति अधिकता एवं उल्लङ्घन भन्ने अर्थमा आउँछन्। स्वित् प्रश्न र वितर्कको भाव व्यक्त गर्नमा तथा तु भेद र निश्चय भन्ने अर्थमा आउँछन्। सकृत् शब्द एकैपटक भन्ने अर्थमा तथा आरात् टाढा र नजिक भन्ने अर्थमा आउँछ। पश्चात् अव्यय पश्चिम दिशा र पछाडि भन्ने अर्थमा तथा उत शब्द समुच्चय र प्रश्नमा एवं विकल्प भन्ने अर्थमा आउँछन्। शश्वत् पुनः र सधैँको अर्थमा तथा साक्षात् प्रत्यक्ष एवं तुल्यको अर्थमा आउँछन्। वत अव्ययको प्रयोग देख, दया, सन्तोष, विस्मय र सम्बोधनको भाव व्यक्त गर्नका लागि हुन्छ। हन्त पद हर्ष, अनुकम्पा, वाक्यको आरम्भ र विषाद भन्ने अर्थमा हुन्छ। प्रति अव्यय प्रतिनिधि, वीप्सा एवं लक्षण आदि भन्ने अर्थमा आउँछ। इति शब्द हेतु, प्रकरण, प्रकाश आदि र समाप्ति भन्ने अर्थमा आउँछ। पुरस्तात् पद पूर्व दिशा, प्रथम र पूर्वकाल भन्ने अर्थमा आउँछ। अग्रतः को अर्थमा पनि यसको प्रयोग हुन्छ। यावत् र तावत् पद समग्र, सीमा, माप र अवधारण भन्ने अर्थमा आउँछ। अथो एवं अथ शब्दको प्रयोग मङ्गल, अनन्तर, आरम्भ, प्रश्न र समग्रताको अर्थमा आउँछन्। वृथा शब्द निरर्थक र अविधि अर्थको द्योतक हो। नाना शब्द अनेक र उभय भन्ने अर्थमा आउँछ। नु प्रश्न र विकल्पमा तथा अनु पश्चात् एवं सादृश्यको अर्थमा प्रयुक्त हुन्छ। ननु शब्द प्रश्न, निश्चय, अनुज्ञा, अनुनय र सम्बोधनमा तथा अपि शब्द निन्दा, समुच्चय, प्रश्न, शङ्का तथा सम्भावनामा प्रयुक्त हुन्छ। वा शब्द उपमा र विकल्पमा तथा सामि पद आधा एवं निन्दाको अर्थमा आउँछ। अमा शब्द साथ एवं समीपलाई तथा कम् जल र मस्तकलाई बोध गराउने शब्द हो। एवम् पद इव र इत्थ भन्ने अर्थमा तथा नूनम् तर्क र वस्तुलाई निश्चय गर्नेमा प्रयुक्त हुन्छ। जोषम्को अर्थ मौन र सुख हो। किम् अव्यय प्रश्न र निन्दाको अर्थमा आउँछ। नाम पद प्राकाश्य, सम्भावना, क्रोध, स्वीकार तथा निन्दा भन्ने अर्थमा आउँछ। अलम् शब्द भूषण, पर्याप्ति, सामर्थ्य तथा निवारणको वाचक हो। हुम् वितर्क र प्रश्न अर्थमा तथा समया निकट र मध्यको अर्थमा आउँछ। पुनर् अव्यय प्रथमलाई छोडेर द्वितीय, तृतीय आदि जतिपटक कुनै काम हुन्छ त्यसमा प्रयोग हुन्छ। साथै भेद अर्थमा पनि यसको प्रयोग देखिन्छ। निर् निश्चय र निषेधको अर्थमा आउँछ। पुरा शब्द धेरै पहिले बितेको तथा निकट भविष्यमा आउने कुरा व्यक्त गर्नको लागि प्रयुक्त हुन्छ। उररी, ऊरी, ऊररी यी तीन अव्यय विस्तार र अङ्गीकारको अर्थमा आउँछन्। स्वर् अव्यय स्वर्ग र परलोकको वाचक हो। किलको प्रयोग वार्ता र सम्भावनाको अर्थमा हुन्छ। निषेध, वाक्यको सजावट र जिज्ञासाको अवसरमा खलुको प्रयोग हुन्छ। अभितस् अव्यय समीप, दुवैतिर, शीघ्र, सम्पूर्ण तथा सम्मुख भन्ने अर्थमा आउँछ। प्रादुस् शब्द नाम अव्ययको अर्थमा तथा व्यक्त वा प्रकट हुनुमा प्रयुक्त हुन्छ। मिथस् शब्द परस्पर तथा एकान्तको वाचक हो। तिरस् शब्द अन्तर्धान हुनु तथा छड्केर हिंड्ने अर्थमा आउँछ। हा पद विषाद, शोक र पीडाको व्यक्त गराउने हो। अहह अथवा अहहा अद्भुत एवं खेदको अर्थमा तथा हेतु र निश्चय भन्ने अर्थमा आउँछ ।१-१८।

चिराय चिररात्राय चिरस्याद्याश्चिरार्थकाः ।
मुहुः पुनःपुनः शश्वदभीक्ष्णमसकृत्समाः ।१९।
स्याज्झटित्यञ्जसाह्नाय द्राङ्मङ्क्षु सपदि द्रुते ।
बलवत्सुष्ठु किमुत विकल्पे किं किमूत च ।२०।
तु हि च स्म द वै पादपूरणे पूजनेऽस्वति ।
दिवाह्नीत्यथ दोषा च नक्तं च रजनाविति ।२१।
तिर्यगर्थे साचि तिरोऽप्यथ सम्बोधनार्थकाः ।
स्युः प्याट् पाडङ्ग हे है भोः समया निकषा हिरुक् ।२२।
अतर्किते तु सहसा स्यात्पुरः पुरतोऽग्रतः ।
स्वाहा देवहविर्दाने श्रौषड् वौषड् वषट् स्वधा ।२३।
किञ्चिदीषन्मनागल्पे प्रत्याऽमुत्र भवान्तरे ।
यथा तथा चैव साम्ये अहो हो इति विस्मये ।२४।
मौने तु तूष्णीं तूष्णीकं सद्यः सपदि तत्क्षणे ।
दिष्ट्या समुपयोषञ्चेत्यानन्देऽथान्तरेऽन्तरा ।२५।
अन्तरेण च मध्ये स्युः प्रसह्य तु हठार्थकम् ।
युक्ते द्वे साम्प्रतं स्थानेऽभीक्ष्णं शश्वदनारते ।२६।
अभावे न ह्यनो नापि मा स्म मालञ्च वारणे ।
पक्षान्तरे चेद्यदि च तत्त्वे त्वऽद्धाऽञ्जसा द्वयम् ।२७।
प्राकाश्ये प्रादुराविः स्यादोमेवं परमं मते ।
समन्ततस्तु परितः सर्वतो विष्वगित्यपि ।२८।

अकामानुमतौ काममसूयोगपमेऽस्तु च ।
ननु च स्याद्विरोधोक्तौ कच्चित्कामप्रवेदने ।२९।
निःसमं दुष्षमं गर्ह्यं यथास्वन्तु यथायथम् ।
मृषा मिथ्या च वितथे यथार्थन्तु यथातथम ।३०।
स्युरेवन्तु पुनर्वैवेत्यवधारणवाचकाः ।
प्रागतीतार्थकं नूनमवश्यं निश्चये द्वयम् ।३१।
संवद्वर्षेऽवरे त्वर्वागामेवं स्वयमात्मना ।
अल्पे नीचैर्महत्युच्चैः प्रायोभूम्न्यऽद्रुते शनैः ।३२।
सना नित्ये बहिर्बाह्ये स्मातीतेऽस्तमदर्शने ।
अस्ति सत्त्वे रुशोक्तावूमुं प्रश्नेऽनुनये त्वयि ।३३।
हूं तर्के स्यादुषा रात्रेरवसाने नमो नतौ ।
पुनरर्थेऽङ्गनिन्दायां दुष्टु सुष्ठु प्रशंसने ।३४।
सायं साये प्रगे प्रातः प्रभाते निकषाऽन्तिके ।
परुत्परार्य्यैषमोऽब्दे पूर्वे पूर्वतरे यति ।३५।
अद्यात्राह्न्यऽथ पूर्वेऽह्नीत्यादौ पूर्वोत्तरापरात् ।
तथाऽधरान्यान्यतरेतरात्पूर्वेद्युरादयः ।३६।
उभयद्युश्चोभयेद्युः परे त्वह्नि परेद्यवि ।
ह्यो गतेऽनागतेऽह्नि श्वः परश्वः श्वः परेऽहनि ।३७।
तदा तदानीं युगपदेकदा सर्वदा सदा ।
एतर्हि सम्प्रतीदानीमधुना साम्प्रतं तथा ।३८।

चिराय, चिररात्राय र चिरस्य इत्यादि अव्यय चिरकालको बोधक हो । मुहुः, पुनःपुनः, शश्वत्, अभीक्ष्ण र असकृत् यी सबै अव्यय समान अर्थका वाचक हुन् । यी सबैको बारम्बार भन्ने अर्थमा प्रयोग हुन्छन् । स्नाक्, झटिति, अञ्जसा, अह्नाय, सपदि, द्राक् र मङ्क्षु शब्द शीघ्रताको अर्थमा आउँछ । बलवत् र सुष्टु दुवै शब्द अतिशय तथा शोभन अर्थको वाचक हो । किमुत, किम् र किम्भूत शब्द विकल्पको बोधक हो । तु, हि, च, स्म, ह, वै शब्द पादपूर्तिको लागि प्रयुक्त हुन्छन् । अतिको प्रयोग पूजनको अर्थमा आउँछ । दिवा शब्द दिनको वाचक हो तथा दोषा र नक्तम् शब्द रातको अर्थमा आउँछ । साचि र तिरस् पद तिर्यक् अर्थमा प्रयुक्त हुन्छन् । प्याट्, पाट्, अङ्ग, हे, है, भोः शब्द सम्बोधनको अर्थमा आउँछ । समया, निकषा र हिरुक् यी तीन अव्यय समीप अर्थका वाचक हुन् । सहसा अतर्कित अर्थमा आउँछ । पुरः, पुरतः र अग्रतः अगाडिको अर्थमा आउँछन् । स्वाहा पद देवतालाई हविष्य अर्पण गर्ने अर्थमा आउँछ । श्रौषट् र वौषट् को पनि यही अर्थ हो । वषट् शब्द इन्द्रलाई र स्वधा शब्द पितृलाई भाग अर्पण गर्नको लागि प्रयुक्त हुन्छ । किञ्चित्, ईषत् र मनाक् शब्द अल्प अर्थको वाचक हो । प्रेत्य र अमुत्र शब्द दुवै जन्मान्तरको अर्थमा आउँछन् । यथा र तथा समताको एवं अहो र हो शब्द आश्चर्यबोधक हुन् । तूष्णीम् र तूष्णीकम् पद मौन अर्थमा, सद्यः र सपदि शब्द तत्काल अर्थमा, दिष्ट्या र समुपजोषम शब्द आनन्दको तथा अन्तरा शब्द भित्रको अर्थमा आउँछ । अन्तरेण पद पनि मध्य अर्थको वाचक हो । प्रसह्य शब्द हठलाई बोध गराउने हो । साम्प्रतम् र स्थाने शब्द उचितको अर्थमा तथा अभीक्ष्णम र शश्वत् पद सर्वदा निरन्तरको अर्थमा प्रयुक्त हुन्छ । नहि, अ, नो र न शब्द अभाव अर्थका बोधक हुन् । मास्म, मा र अलम शब्द निषेधको अर्थमा प्रयोग हुन्छन् । चेत र यदि पद अर्को पद उपस्थित गर्नको लागि प्रयुक्त हुन्छन् तथा अद्धा र अञ्जसा दुवै पद वास्तवको अर्थमा आउँछन् । प्रादुस् र आविर् शब्दको अर्थ प्रकट हुनु हो । ओम्, एवम् र परमम् शब्द स्वीकृति वा अनुमति दिने अर्थमा आउँछन् । समन्ततः, परितः सर्वतः र विष्वक् शब्दको अर्थ चारैतिर हो । कामम् शब्द अकाम अनुमतिको अर्थम आउँछ । अस्तु पद दोषदृष्टि तथा स्वीकृतिको भाव सूचित गर्ने हो । कुनै कुराको विरोधमा केही भन्नु छ भने ननुको प्रयोग हुन्छ कच्चित् शब्द अभीष्ट वस्तुको जिज्ञासाको लागि प्रश्न गर्ने अवसरमा प्रयोग हुन्छ । निषःमम् र दुःषमम् पदहरू निन्द्य अर्थको बोध गराउँछन् । यथास्वम् र यथायथम पद यथायोग्य अर्थको वाचक हुन् । मृषा एवं मिथ्या शब्द असत्यको र यथातथम् पद सत्यको अर्थमा आउँछन् । एवम्, तु, पुनः, वै र वा शब्द निश्चय अर्थको वाचक हुन् । प्राक् शब्द बितेको कुरालाई बोध गराउने हो । नूनम् र अवश्यम् शब्द अव्यय निश्चयको अर्थमा आउँछन् । संवत् शब्द वर्षको, अर्वाक् शब्द पश्चात् कालको, आम् र एवम् शब्द हो भन्दै सही थाप्ने तथा स्वयं पद आफू भन्ने अर्थबोध गराउने हो । नीचैस् निम्न अर्थमा, उच्चैस् महान् अर्थमा, प्रायस् बाहुल्य अर्थमा तथा शनैस् मन्द अर्थमा आउँछन् । सना शब्द तिन्यको, बहिस् शब्द बाह्यको, स्म शब्द भूतकालको, अस्तम् शब्द अदृश्य हुनुको, अस्ति शब्द सत्ताको, ऊ शब्द क्रोधपूर्ण उक्तिको तथा अपि शब्द प्रश्न तथा अनुनयको बोधक हो । उं तर्कको, उषा रातको अन्त्यको, नमस् प्रणामको, अङ्ग पुन अर्थको, दुष्ठु निन्दाको तथा सुष्ठु शब्द प्रशंसाको वाचक हो । सायम् शब्द सन्ध्याकालको, प्रगे र प्रातर् शब्द प्रभातकालको, निकषा पद समीपको, ऐषमः शब्द वर्तमान वर्षको, परुत् शब्द गएको वर्षको र परारि शब्द त्योभन्दा पनि पहिले गएको वर्षलाई बोध गराउने हुन्छन् । आजको दिनलाई अद्यको प्रयोग पाइन्छ । पू

उत्तर, अपर, अधर, अन्य, अन्यतर र इतर शब्दले पहिलो दिन आदिको अर्थमा पूर्वेद्युः आदि अव्ययपद निष्पन्न हुन्छ। उभयद्युः र उभयेद्युः दुवै शब्द दिनको अर्थमा आउँछन्। परस्मिन्नहनि (दोस्रो दिन) को अर्थमा परेद्यविको प्रयोग हुन्छ। ह्यस् शब्द बितेको दिनको अर्थमा, श्वस् आउने दिनको अर्थमा तथा परश्वस् शब्द त्यसपछि आउने दिनको अर्थमा प्रयुक्त हुन्छ। तदा, तदानीम् शब्द तस्मिन् काले (त्यस समय)को अर्थमा आउँछ। युगपत् र एकदा को अर्थ एउटै समयमा भन्ने हुन्छ। सर्वदा र सदा शब्द सधैँ भन्ने अर्थमा आउँछ। एतर्हि, सम्प्रति, इदानीम्, अधुना र साम्प्रतम् पदको प्रयोग यस समयको अर्थमा आउँछ।१९-३८।

३६२. द्विषष्ट्यधिकत्रिशततमोऽध्यायः

नानार्थवर्ग

अग्निरुवाच

आकाशे त्रिदिवे नाको लोकस्तु भुवने जने।
पद्ये यशसि च श्लोकः शरे खड्गे च सायकः।१।
आनकः पटहो भेरी कलङ्कोऽङ्कापवादयोः।
मारुते वेधसि ब्रध्ने पुंसि कः कं शिरोऽम्बुनोः।२।
स्यात्पुलाकस्तुच्छधान्ये सङ्क्षेपे भक्तसिक्थके।
महेन्द्रगुग्गुलूलूकव्यालग्राहिषु कौशिकः।३।
शालावृकौ कपिश्वानौ मानं स्यान्मितिसाधनम्।
सर्गः स्वभावनिर्मोक्षनिश्चयाध्यायमृष्टिषु।४।
योगः सन्नहनोपायध्यानसङ्गतियुक्तिषु।
भोगः सुखे स्त्र्यादिभृतावब्जौ शङ्खनिशाकरौ।५।
काके भगण्डौ करटौ दुश्चर्मा शिपिविष्टकः।
रिष्टं क्षेमाशुभाभावेष्वरिष्टे तु शुभाऽशुभे।६।
व्युष्टिः फले समृद्धौ च दृष्टिर्ज्ञानेऽक्ष्णि दर्शने।
निष्ठानिष्पत्तिनाशान्ताः काष्ठोत्कर्षे स्थितौ दिशि।७।
भूगोवाचस्त्विडा इलाः प्रगाढं भृशकृच्छ्रयोः।
भृशप्रतिज्ञयोर्बाढं शक्तस्थूलौ दृढौ त्रिषु।८।
विन्यस्तसंहतौ व्यूढौ कृष्णो व्यासेऽर्जुने हरौ।
पणो द्यूतादिषूत्सृष्टे भृतौ मूल्ये धनेऽपि च।९।
मौर्व्यां द्रव्याश्रिते सत्त्वशुश्लसन्ध्यादिके गुणः।
श्रेष्ठे ऽधिपे ग्रामणीः स्याज्जुगुप्साकरुणे घृणे।१०।
तृषा स्पृहापिपासे द्वे विपणिः स्याद्वणिक्पथे।
विषाभिसरलोहेषु तीक्ष्णं क्लीबे खरे त्रिषु।११।
प्रमाणं हेतुमर्य्यादाशास्त्रेयत्ताप्रमातृषु।
करणं क्षेत्रगात्रादावीरिणं शून्यमूषरम्।१२।
यन्ता हस्तिपके सूते वह्निज्वाला च हेतयः।
श्रुतं शास्त्रावधृतयोर्युगपर्य्याप्तयोः कृतम्।१३।
ख्याते हृष्टे प्रतीतोऽभिजातस्तु कुलजे बुधे।
विविक्तौ पूतविजनौ मूर्च्छितौ मूढसोच्छ्रयौ।१४।
अर्थोऽभिधेयरैवस्तुप्रयोजननिवृत्तिषु।
निदानागमयोस्तीर्थमृषिजुष्टजले गुरौ।१५।
प्राधान्ये राजलिङ्गे च वृषाङ्गे ककुदोऽस्त्रियाम्।
स्त्री संविज्ज्ञानसम्भाषक्रियाकाराजिनामसु।१६।
धर्मे रहस्युपनिषत्स्यादृतौ वत्सरे शरत्।
पदं व्यवसितित्राणस्थानलक्ष्माङ्घ्रिवस्तुषु।१७।
त्रिष्विष्टमधुरौ स्वादू मृदू चातीक्ष्णकोमलौ।
सत्य साधौ विद्यमाने प्रशस्तेऽभ्यर्हिते च सत्।१८।
विधिर्विधाने दैवेऽपि प्रणिधिः प्रार्थने चरे।
वधूर्जाया स्नुषा स्त्री च सुधालेपोऽमृतं स्नुही।१९।
स्पृहा सम्प्रत्ययः श्रद्धाः पण्डितम्मन्यगर्वितौ।
ब्रह्मबन्धुरधिक्षेपे भानू रश्मिदिवाकरौ।२०।

अग्निदेव भन्दछन्— नाक शब्द आकाश र स्वर्गको अर्थमा तथा लोक शब्द संसार, जन-समुदायको अर्थमा आउँछ। श्लोक शब्द अनुष्टुप् छन्द सुयश अर्थमा तथा सायक शब्द बाण र तलवारको अर्थमा प्रयुक्त हुन्छ। आनक, पटह र भेरी एक अर्काको पर्याय हुन्। कलङ्क शब्द चिह्न तथा अपवादको वाचक हो। क शब्द यदि पुलिङ्गमा छ भने वायु, ब्रह्मा र सूर्यको तथा

नपुंसकमा भए मस्तक र जलको बोधक हुन्छ। पुलाक शब्द कदन्न, सङ्क्षेप तथा भातको पिण्ड अर्थमा आउँछ। कौशिक शब्द इन्द्र, गुग्गुल, उल्लू तथा सर्प समात्ने पुरुषको अर्थमा प्रयुक्त हुन्छ। बाँदर र कुकुरलाई शालावृक भनिन्छ। मापनको साधनलाई मान भनिन्छ। सर्ग शब्द स्वभाव, त्याग, निश्चय, अध्ययन र सृष्टिको अर्थमा उपलब्ध हुन्छ। योग शब्द कवचधारण, साम आदि उपायको प्रयोग, ध्यान, संयोग र युक्ति अर्थको बोधक हो। भोग शब्द सुख र स्त्री आदि उपभोगको बदला दिने धनको वाचक हो। अब्ज शब्द शङ्ख र चन्द्रमाको अर्थमा पनि आउँछ। करट शब्द हात्तीको कपोल र कागको वाचक हो। शिपिविष्ट शब्द कुष्ठरोग लागेका मनुष्यलाई बोध गराउने हो। रिष्ट शब्द क्षेम, अशुभ तथा अभावको अर्थमा आउँछ। अरिष्ट शब्द शुभ र अशुभ दुवै अर्थको वाचक हो। व्युष्टि शब्द प्रभातकाल र समृद्धिको अर्थमा तथा दृष्टि शब्द ज्ञान, नेत्र र दर्शनको अर्थमा आउँछ। निष्ठाको अर्थ हुन्छ निष्पत्ति, नाश र अन्त तथा काष्ठाको उत्कर्ष, स्थिति तथा दिशा अर्थमा प्रयोग हुन्छ। इडा र इला शब्द गाई तथा पृथीवीको वाचक हो। प्रगाढ शब्द अत्यन्त एवं कठिनाइलाई बोध गराउने हो। वाढम् पद अत्यन्त र प्रतिज्ञाको अर्थमा आउँछ। दृढ शब्द समर्थ एवं स्थूलको वाचक हो तथा यो तीनै लिङ्गमा प्रयोग हुन्छ। व्यूढको अर्थ हुन्छ सिलसिलाबद्ध राखिएको तथा सङ्गठित। कृष्ण शब्द व्यास, अर्जुन तथा भगवान् विष्णुको अर्थमा आउँछ। पण शब्द जुवा आदिमा दाउ राखिएको द्रव्य, मूल्य र धनको अर्थमा पनि प्रयुक्त हुन्छ। गुण शब्द धनुषको प्रत्यञ्चाको, द्रव्यको आश्रय लिएर रूप रस आदि गुणको, सत्त्व, रज र तमको, शुक्ल, नील आदि वर्णको तथा सन्धि-विग्रह आदि छ प्रकारको नीतिको बोध गराउने हो। ग्रामणी शब्द श्रेष्ठ तथा गाउँको मुखियाको वाचक हो। घृणा शब्द जुगुप्सा र दया दुवै अर्थमा प्रयोग हुन्छ। तृष्णाको अर्थ इच्छा र प्यास। विपणि शब्द बजारको अर्थमा आउँछ। तीक्ष्ण शब्द नपुंसक लिङ्गमा प्रयुक्त भएमा विष, युद्ध तथा फलामको वाचक हुन्छ र प्रखर वा प्रचण्डको अर्थमा तीनवटै लिङ्गमा प्रयोग हुन्छ। प्रमाण शब्द कारण, सीमा, शास्त्र, निश्चित नाप तथा प्रामाणिक पुरुषको अर्थमा आउँछ। करुण शब्द क्षेत्र र गात्रको तथा ईरिण शब्द शून्य एवं उसर भूमिको वाचक हो। यन्ता शब्दले हात्ती सहितको र सारथि जनाउँछ। हेति शब्दको प्रयोग आगोको ज्वालाको अर्थमा आउँछ। श्रुत शब्द शास्त्र एवं अवधारणाको तथा कृत शब्द सत्ययुग र पर्याप्त अर्थको बोधक हो। प्रतीत शब्द विख्यात तथा दृष्टको अर्थमा र अभिजात शब्द कुलीन एवं विद्वान्को अर्थमा आउँछ। विविक्त शब्द पवित्र र एकान्तको तथा मूर्च्छित शब्द मूढ र फैलिएको वा उन्नति प्राप्त भएको बोध गराउने हो। अर्थ शब्द अभिधेय, धन, वस्तु, प्रयोजन र निवृत्तिको वाचक हो। तीर्थ शब्द निदान, आगम, महर्षिद्वारा सेवित जल तथा गुरुको अर्थमा प्रयुक्त हुन्छ। ककुद् शब्द स्त्रीलिङ्गबाहेक अन्य लिङ्गमा प्रयुक्त हुन्छ। यो प्रधानता, राजचिह्न तथा गोरुको जुरोलाई जनाउने हुन्छ। संविद् शब्द स्त्रीलिङ्ग हो। यसको ज्ञान, सम्भाषण, क्रियाको नियम, युद्ध र नाम अर्थमा प्रयोग हुन्छ। उपनिषद् शब्द धर्म र रहस्यको अर्थमा तथा शरद् शब्द ऋतु र वर्षको अर्थमा आउँछ। पद शब्द व्यवसाय, रक्षा, स्थान, चिह्न, चरण र वस्तुको वाचक हो। स्वादु शब्द प्रिय एवं मधुर अर्थको तथा मृदु शब्द तिखोपना नभएको र कोमल अर्थको बोध गराउने हो। स्वादु र मृदु दुवै शब्द तीनै लिङ्गमा प्रयुक्त हुन्छन्। सत् शब्द सत्य, साधु, विद्यमान, प्रशस्त तथा पूज्य अर्थमा उपलब्ध हुन्छ। विधि शब्द विधान र दैवको वाचक हो। प्रणिधि शब्द याचना र दूतको अर्थमा आउँछ। वधू शब्द पत्नी, बुहारी र दुलहीको बोधक हो। सुधा शब्द अमृत, चुना तथा सख्खरको अर्थमा आउँछ। श्रद्धा शब्द आदर, विश्वास एवं आकाङ्क्षा अर्थमा प्रयुक्त हुन्छ। समुन्नद्ध शब्द आफूलाई पण्डित मान्ने र घमन्डीको अर्थमा आउँछ। ब्रह्मबन्धु शब्दको प्रयोग ब्राह्मणलाई अवज्ञामा प्रयुक्त हुन्छ। भानु शब्द किरण र सूर्य दुवै अर्थमा प्रयुक्त हुन्छ ।१-२०।

ग्रावाणौ शैलपाषाणौ मूर्खनीचौ पृथग्जनौ ।
तरुशैलौ शिखरिणौ तनुस्त्वग्देहयोरपि ।२१।
आत्मा यत्नो धृतिर्बुद्धिः स्वभावो ब्रह्मवर्ष्म च ।
उत्थानं पौरुषे तन्त्रे व्युत्थानं प्रतिरोधने ।२२।
निर्य्यातनं वैरशुद्धौ दाने न्यासार्पणेऽपि च ।
व्यसनं विपदि भ्रंशे दोषे कामजकोपजे ।२३।
मृगयाक्षातदवास्वप्नः पारवादः स्त्रियो मदः ।
तौर्य्यत्रिकं विथाट्या च कामजो दशको गणः ।२४।

पैशुन्यं साहसं द्रोह ईर्ष्यासूयार्थदूषणम् ।
वाग्दण्डश्चैव पारुष्यं क्रोधजोऽपि गणोऽष्टकः ।२५।
अकर्म्मगुह्ये कौपीनं मैथुनं सङ्गतौ रतौ ।
प्रधानं परमार्था धीः प्रज्ञानं बुद्धिचिह्नयोः ।२६।
क्रन्दने रोदनाह्वाने वर्ष्म देहप्रमाणयोः ।
आराधनं साधने स्यादवाप्तौ तोषणेऽपि च ।२७।
रत्नं स्वजातिश्रेष्ठेऽपि लक्ष्म चिह्नप्रधानयोः ।
कलापो भूषणे बर्हे तूणीरे संहतेऽपि च ।२८।

तल्पं शय्याट्टदारेषु डिम्भो तु शिशुबालिशौ ।
स्तम्भौ स्थूणाजडीभावौ सभ्ये संसदि वै सभा ।२९।
किरणप्रग्रहौ रश्मी धर्म्माः पुण्ययमादयः ।
ललामं पुच्छपुण्ड्राश्मभूषाप्राधान्यकेतुषु ।३०।
प्रत्ययोऽधीनशपथज्ञानविश्वासहेतुषु ।
समयाः शपथाचारकालसिद्धान्तसंविदः ।३१।
अत्ययोऽतिक्रमे कृच्छ्रे सत्यं शपथतथ्ययोः ।
वीर्य्यं बलप्रभावौ च रूप्यं रूपे प्रशस्तके ।३२।
दूरोदरो द्यूतकारे पणे द्यूते दुरोदरम् ।
महारण्ये दुर्गपथे कान्तारः पुन्नपुंसकम् ।३३।
यमानिलेन्द्रचन्द्रार्कविष्णुसिंहादिके हरिः ।
दरोऽस्त्रियां भये श्वभ्रे जठरः कठिनेऽपि च ।३४।
उदारो दातृमहतोरितरस्त्वन्यनीचयोः ।
चूडा किरीटं केशाश्च संयता मौलयस्त्रयः ।३५।
बलिः करोपहारादौ सैन्यस्थैर्य्यादिके बलम् ।
स्त्रीकटीवस्त्रबन्धेपि नीवी परिपणेऽपि च ।३६।
शुक्रले मूषिके श्रेष्ठे सुकृते वृषभे वृषः ।
द्यूताक्षे सारिफलकेऽप्याकर्षोऽथाऽक्षमिन्द्रिये ।३७।
ना द्यूताङ्गे च कर्षे च व्यवहारे कलिद्रुमे ।
ऊष्णीषः स्यात्किरीटादौ कर्षूः कुल्याभिधायिनी ।३८।
प्रत्यक्षेऽधिकृतेऽध्यक्षः सूर्य्यवह्नी विभावसू ।
शृङ्गारादौ विषे वीर्ये गुणे रागे द्रवे रसः ।३९।
तेजःपुरीषयोर्वर्च आगः पापापराधयोः ।
छन्दः पद्येऽभिलाषे च साधीयान्साधुबाढयोः ।
व्यूहो वृन्देऽप्यहिर्वृत्रेऽप्यग्नीन्द्वर्कास्तमोनुदः ।४०।

ग्रावन् शब्दले पहाड र ढुङ्गा दुवैलाई जनाउँछ। पृथग्जन शब्द मूर्ख र नीचको अर्थमा आउँछ। शिखरिन् शब्दको अर्थ वृक्ष र पर्वत तथा तनु शब्दको अर्थ शरीर र छाला हुन्छन्। आत्मन् शब्द यत्न, धृति, बुद्धि, स्वभाव, ब्रह्म र शरीरको अर्थमा पनि आउँछ। उत्थान शब्द पुरुषार्थ र तन्त्रको तथा व्युत्थान शब्द विरोध गर्ने अर्थको बोधक हो। निर्यातन शब्द वैरीसँग बदला लिने, दान दिने तथा धरोहर फिर्ता गर्नेको अर्थमा आउँछ। व्यसन शब्दले विपत्ति, अधःपतन तथा कामक्रोधबाट उत्पन्न हुने दोषलाई बोध गराउँछ। सिकार, जुवा, दिनमा सुत्ने, अर्काको निन्दा गर्ने, स्त्रीहरूमा आसक्त हुने, रक्सी पिउने, नाच्ने, गाउने, बाजा बजाउने र बेकाममा घुम्ने यी दसवटा दोष कामबाट उत्पन्न हुन्छन्। चुगली, दुस्साहस, द्रोह, ईर्ष्या, दोषदर्शन, अर्थदूषण, वाणीको कठोरता र दण्डको कठोरता यी दसवटा दोष क्रोधबाट उत्पन्न हुन्छन्। कौपीन शब्द गर्न अयोग्य खोटो कर्म र गुप्तस्थानको वाचक हो। मैथुन शब्द सङ्गति तथा रतिको अर्थमा आउँछ। प्रधान भनेर परमार्थ बुद्धिलाई तथा प्रज्ञान शब्दले बुद्धि एवं चिह्नलाई जनाउँछन्। क्रन्दन शब्द रुने र बोलाउने अर्थमा आउँछ। वर्ष्मन् शब्द देह र परिमाणको बोधक हो। आराधन शब्द साधन प्राप्ति तथा सन्तुष्ट गर्नेको अर्थमा प्रयुक्त हुन्छ। रत्न शब्द स्वजातिमा श्रेष्ठ पुरुषको लागि पनि प्रयोग हुन्छ र लक्ष्मन् शब्द चिह्न एवं प्रधानलाई बोध गराउने हुन्छ। कलाप शब्द आभूषण, मयूरको पङ्‌ख, ठोक्रो र सङ्गठितको अर्थमा उपलब्ध हुन्छ। तल्प शब्द शय्या, अट्टालिका तथा स्त्रीरूप अर्थको बोधक हो। डिम्भ शब्द शिशु र मूर्खको अर्थमा प्रयुक्त हुन्छ। स्तम्भ शब्द खम्भा तथा जडवत् निश्चेष्ट हुनुको अर्थमा आउँछ। सभा शब्द समिति तथा सदस्यको वाचक हो। रश्मि शब्द किरण तथा डोरीको वाचक हो। धर्म शब्दको प्रयोग पुण्य र यमराज आदिको लागि हो। ललाम शब्द पुच्छर, तिलक, घोडा, आभूषण, श्रेष्ठता तथा ध्वजा इत्यादि अर्थमा आउँछ। प्रत्यय शब्द अधीन, शपथ, ज्ञान, विश्वास तथा हेतुको अर्थमा प्रयुक्त हुन्छ। समय शब्दको अर्थ शपथ, आचार, काल, सिद्धान्त र संविद् हुन्छ। अत्यय अतिक्रमण र कठिनाइ अर्थमा तथा सत्य शब्द सपथ र सत्य भाषणको अर्थमा आउँछ। वीर्य शब्द बल र प्रभावको तथा रूप्य शब्द परम सुन्दर रूपको वाचक हो। दुरोदर शब्द पुलिङ्ग भएमा जुवा खेल्ने पुरुष र जुवामा थाप्ने दाउलाई बोध गराउने हुन्छ तथा नपुंसक लिङ्ग भएमा जुवाको अर्थमा आउँछ। कान्तार शब्द धेरै ठूलो जङ्गल र दुर्गम मार्गको वाचक हो तथा पुलिङ्ग र नपुंसकलिङ्ग दुवैमा प्रयोग हुन्छ। हरि शब्द यम, वायु, इन्द्र, चन्द्रमा, सूर्य, विष्णु र सिंह आदि अनेकौं अर्थको वाचक हो। दर शब्द स्त्रीलिङ्गबाहेक अरू दुवै लिङ्गमा प्रयुक्त हुन्छ। यसको अर्थ भय र खाडल हो। जठर शब्द उदर एवं कठिन अर्थको बोधक हो। उदार शब्द दाता र महान् पुरुषका अर्थमा आउँछ। इतर शब्द अन्य र नीचको वाचक हो। मौली शब्दका तीन अर्थ चूडा, किरीट र बाँधिएको कपाल हो। बलि शब्द कर (शुल्क) तथा उपहारको अर्थमा आउँछ। बल शब्द सेना र स्थिरता आदिको बोधक हो। नीवी

शब्द स्त्रीको कम्मरको बन्धनरूप अर्थमा तथा परिपणको अर्थमा आउँछ। वृष शब्द शुक्र, मुसा, श्रेष्ठ पुरुष, धर्म तथा साँढेको अर्थमा प्रयुक्त हुन्छ। आकर्ष शब्द पासा तथा चौरस बिछाइएको अर्थमा आउँछ। अक्ष शब्द नपुंसकलिङ्ग भएमा इन्द्रियको अर्थमा आउँछ तथा पुलिङ्ग भएमा पासा, कर्ष, गाडीको पाङ्ग्रा, व्यवहार र वृक्ष विशेषको अर्थमा आउँछ। उष्णीष शब्द किरीट आदिको अर्थमा प्रयुक्त हुन्छ। स्त्रीलिङ्गी कर्षू शब्द कुलोको वाचक हो। अध्यक्ष शब्द प्रत्यक्ष र अधिकारीको अर्थमा आउँछ। विभावसु शब्द सूर्य र अग्निलाई जनाउने हो। रस शब्दले विष, वीर्य, गुण, राग र झोल तथा शृङ्गार आदि साहित्यको रसलाई बोध गराउँछ। वर्चस् शब्दले तेज र मल तथा आगस्ले पाप र अपराधको अर्थ लगाउँछन्। छन्दस् शब्दले पद्य र इच्छाको तथा साधीयस् शब्दले उत्तम र बाढ भन्ने शब्दले हो भनी सही थाप्ने अर्थ बुझाउँछन्। व्यूह शब्द समूहको सूचक हो। अहि शब्द सर्प र वृत्रासुरको अर्थमा पनि आउँछ। तमोपह शब्द अग्नि, चन्द्रमा एवं सूर्यको जानकारी गराउने हो।२१-४०।

३६३. त्रिषष्ट्यधिकत्रिशततमोऽध्यायः

भूमिवनौषध्यादिवर्ग

अग्निरुवाच

वक्ष्ये भूपुराद्रिवनौषधिसिंहादिवर्गकान्।
भूरनन्ता क्षमा धात्री क्ष्मा ज्या कुः स्याद्धरित्र्यपि ।१।
मृण्मृत्तिका प्रशस्ता तु मृत्सा मृत्स्ना च मृत्तिका।
जगत्त्रीविष्टपं लोको भुवनं जगती समा ।२।
अयनं वर्त्म मार्गाध्वपन्थानः पदवी सृतिः।
सरणिः पद्धतिः पद्या वर्त्तन्येकपदीति च ।३।
पूः स्त्री पुरीनगर्य्यौ वा पत्तनं पुटभेदनम्।
स्थानीयं निगमोऽन्यत्तु यन्मूलनगरात्पुरम् ।४।
तच्छाखानगरं वेशो वेश्याजनसमाश्रयः।
आपणस्तु निषद्यायां विपणिः पण्यवीथिका ।५।
रथ्या प्रतोली विशिखा स्याच्चयो वप्रमस्त्रियाम्।
प्राकारो वरणः शालः प्राचीरं प्रान्ततो वृतिः ।६।
भित्तिः स्त्री कुड्यमेडूकं यदन्तर्न्यस्तकीकसम्।
वासः कूटो द्वयोः शाला सभा सञ्जवनन्त्विदम् ।७।
चतुःशालं मुनीनान्तु पर्णशालोटजोऽस्त्रियम्।
चैत्यमायतनं तुल्ये वाजिशाला तु मन्दुरा ।८।
हर्म्यादिर्धनिनां वासः प्रासादो देवभूभुजाम्।
स्त्री द्वार्द्वारं प्रतीहारः स्याद्वितर्दिस्तु वेदिका ।९।

अग्निदेव भन्दछन्– अब म भूमि, पुर, पर्वत, वनौषधि तथा सिंह आदि वर्गको वर्णन गर्दछु। भू, अनन्ता, क्षमा, धात्री, क्ष्मा, कु तथा धरित्री यी सबै भूमिका नाम हुन्। मृत् र मृत्तिकाले माटोलाई बोध गराउँछन्। असल माटोलाई मृत्स्ना र मृत्सा भनिन्छ। जगत्, त्रिविष्टप, लोक, भुवन र जगती सबै समानार्थ हुन्। अयन, वर्त्म, मार्ग, अध्व, पन्था पदवी, सृति, सरणी, पद्धति, पद्या, वर्तनी र एकपदी बाटोका वाचक हुन्। पुः, पुरी, नगरी, पत्तन, पुटभेदन, स्थानीय र निगम यी सात सहरका नाम हुन्। राजधानीभन्दा भिन्न पुरलाई शाखानगर भनिन्छ। वेश्याहरूको निवासस्थानलाई वेश र वेश्याजनसमाश्रय भनिन्छ। आपण शब्द निषद्या वा हाटबजारको अर्थमा आउँछ। विपणि र पण्यवीथिका दुई बजारको गलीका नाम हुन्। रथ्या, प्रतोली र विशिखा शब्दले गल्ली तथा नगरका मुख्यमार्गलाई बोध गराउँछन्। खाल्टोबाट निकालेर जम्मा भएको माटाको थुप्रोलाई चय र वप्र भनिन्छ। वप्र शब्दको केवल स्त्रीलिङ्गमा प्रयोग हुँदैन। प्राकार, वरण, शाल र प्राचीर नगरको चारैतिर बनेको पर्खालका नाम हुन्। भित्ति र कुड्य पर्खालका वाचक हुन्। यिनमा भित्ति शब्द स्त्रीलिङ्गी हो। हड्डी लगाएको भित्तालाई एडूक भनिन्छ। वास र कुटी पर्यायवाचक हुन्। यिनमा कुटी शब्द स्त्रीलिङ्गी हो र यही नै कुट शब्दका रूपमा पुलिङ्गमा पनि प्रयोग हुन्छ। यस प्रकार शाला र सभा पर्यायवाचक हुन्। चार शालाहरूले युक्त गृहलाई सञ्जवन भनिन्छ। मुनिहरूको कुटीलाई पर्णशाला र उटज भनिन्छ। उटज शब्दको प्रयोग पुलिङ्ग र नपुंसकलिङ्ग दुवैमा प्रयोग हुन्छ। चैत्य र आयतन दुवै शब्द समान अर्थ र समान लिङ्गका हुन्। वाजिशाला र मन्दुरा घोडा बस्ने ठाउँ हो। साधारण धनीहरूको महललाई हर्म्य तथा देवता र राजाहरूको महललाई प्रासाद भनिन्छ। द्वार्, द्वार र प्रतीहार ढोकाको नाम हो। आँगन आदिमा बस्नका लागि बनाइएका चौकी फलैंचा

कपोतपालिकायान्तु विटङ्कं पुंनपुंसकम् ।
कवाटमवरं तुल्ये निःश्रेणिस्त्वधिरोहिणी ।१०।
सम्मार्जनी शोधनी स्यात्सङ्करोऽवकरस्तथा ।
अद्रिगोत्रगिरिग्रावा गहनं काननं वनम् ।११।
आरामः स्यादुपवनं कृत्रिमं वनमेव यत् ।
स्यादेतदेव प्रमदवनमन्तःपुरोचितम् ।१२।
वीथ्यालिरावलिः पङ्क्तिश्रेणीलेखास्तु राजयः ।
वानस्पत्यः फलैः पुष्पात्तैरपुष्पाद्वनस्पतिः ।१३।
ओषध्यः फलपाकान्ताः पलाशी द्रुद्रुमागमाः ।
स्थाणुर्वा ना ध्रुवः शङ्कुः प्रफुल्लोत्फुल्लसंस्फुटाः ।१४।
पलाशं छदनं पर्णमिध्ममेधः समित्स्त्रियाम् ।
बोधिद्रुमश्चलदलो दधित्थग्राहिमन्मथाः ।१५।
तस्मिन्दधिफलः पुष्पफलदन्तशठावपि ।
उदुम्बरे हेमदुग्धः कोविदारे द्विपत्रकः ।१६।
सप्तपर्णो विशालत्वक्कृतमालं सुवर्णकः ।
आरेवतव्याधिघातशम्याकचतुरङ्गुलाः ।१७।
स्याज्जम्बीरे दन्तशठो वरुणे तिक्तशावकः ।
पुन्नागे पुरुषस्तुङ्गः केसरो देववल्लभः ।१८।
पारिभद्रे निम्बतरुर्मन्दारः पारिजातकः ।
वञ्जुलश्चित्रकृच्चाथ द्वौ पीतनकपीतनौ ।१९।
आम्रातके मधूके तु गुडपुष्पमधुद्रुमौ ।
पीलौ गुडफलः स्रंसी नादेयी चाम्बुवेतसः ।२०।
शोभाञ्जने शिग्रुतीक्ष्णगन्धकाक्षीरमोचकाः ।
रक्तोऽसौ मधुशिग्रुः स्यादरिष्टः फेनिलः समौ ।२१।
गालवः शाबरो लोध्रस्तिरीटस्तिल्वमार्जनौ ।
शेलुः श्लेष्मातकः शीत उद्दालो बहुवारकः ।२२।
वैकङ्कतः स्रुवावृक्षो ग्रन्थिलो व्याघ्रपादपि ।
तिन्दुकः स्फूर्जकः कालो नादेयी भूमिजम्बुकः ।२३।

आदिलाई वितर्दि एवं वेदिका भनिन्छ । परेवा बस्नको लागि बनाइएको स्थानलाई कपोतपालिका र विटङ्क भनिन्छ । विटङ्क शब्द पुलिङ्ग र नपुंसकलिङ्ग दुवैमा प्रयुक्त हुन्छ । कपाट र अवर दुवै समान लिङ्ग र अर्थमा आउँछन् । यसको अर्थ मूलढोका हो । निःश्रेणि र अधिरोहणी भर्‍याङका नाम हुन् । सम्मार्जनी र शोधनी दुवै शब्द कुच्चो अर्थमा आउँछन् । सङ्कर तथा अवकर कुच्चोले उडाएको धुलोलाई भन्दछन् । अद्रि, गोत्र, गिरि र ग्रावाले पर्वतलाई तथा गहन, कानन र वनले जङ्गललाई बोध गराउँछ । कृत्रिम वन अर्थात् वृक्षसमूहलाई आराम तथा उपवन भनिन्छ । राजासहित अन्तःपुरकी रानीहरूले उपभोग गर्ने कृत्रिम वनलाई प्रमदवन भनिन्छ । वीथी, आलि, आवलि, पङ्क्ति, श्रेणी, लेखा र राजि शब्द पङ्क्तिको अर्थमा आउँछ । फूल फुलेर फल लाग्ने वृक्षलाई वानस्पत्य भनिन्छ तथा फूल नलागीकन फल लाग्ने वृक्षलाई वनस्पति भनिन्छ । फल पाकेपछि सुक्ने अन्नको बोटलाई ओषधि भनिन्छ । पलाशी, द्रु, द्रुम र अगम सबै शब्द रुखको अर्थमा आउँछन् । स्थाणु, ध्रुव तथा शङ्कु वैकल्पिक पुलिङ्ग हुन् । अर्थात् तिनको प्रयोग पुलिङ्ग र नपुंसक लिङ्ग दुवैमा हुन्छ । प्रफुल्ल, उत्फुल्ल र संस्फुट शब्द फूलले भरिएको वृक्षलाई प्रयोग गरिन्छ । पलाश, छदन र पर्ण पातको नाम हो । इध्म, एधस् र समिध् समिधाको वाचक हो । यसमा समिध् शब्द स्त्रीलिङ्ग हो । बोधिद्रुम र चलदल पिपलको नाम हो । दधित्थ, कपित्थ, ग्राही, मन्मथ, दधिफल, पुष्पफल र दन्तशठले कैथ नाम भएको वृक्षलाई बोध गराउँछन् । हेमदुग्ध र उदुम्बर डुम्रीलाई र द्विपत्रक शब्द केविदारको अर्थमा आउँछ । सप्तवर्ण र विशालत्वक् छतिउनको नाम हो । कृतमाल, सुवर्णक, आरेवता, व्याधिधात, सम्पाक र चतुरङ्गुल सबै शब्द सोनालु अथवा धनबहेडाका वाचक हुन् । दन्तशठ शब्द जम्बिरको अर्थमा आउँछ । तिक्तशाक शब्द वरुणको वाचक हो । पुन्नाग, पुरुष, तुङ्ग, केसर तथा देववल्लभ नागकेसरको नाम हो । पारिभद्र, निम्बतरु बकाइनोको र मन्दार पारिजातको नाम हो । वञ्जुल, र चित्रकृत तिनिश नामका वृक्षका वाचक हुन् । पीतन र कपीतन आम्रातकको अर्थमा आउँछन् । गुडपुष्प र मधुद्रुम मधूकका नाम हुन् । पीलु अर्थात् देशी ओखरलाई गुडफल र स्रंसी भनिन्छ । नादेयी र अम्बुबेतस पानीमा उम्रने बेतको नाम हो ।१-२०।

शिग्रु, तीक्ष्णगन्धक, काक्षीर र मोचक शोभाञ्जक अर्थात् सजिवनको नाम हो । रातो फूल भएको सजिवनलाई मधुशिग्रु भनिन्छ । अरिष्ट र फेनिल दुवै समान लिङ्ग भएका रिठ्ठोको अर्थमा आउँछन् । गालव, शाबर, लोध्र, तिरीट, तिल्व र मार्जन लोधको वाचक हो । शेलु, श्लेष्मान्तक, शीत, उद्दाल र बहुवारक लप्सीका नाम हुन् । वैकङ्कत, श्रुवावृक्ष, ग्रन्थिल

काकतिन्दौ पीलुकः स्यात्पाटलिर्मोक्षमुष्ककौ ।
क्रमुकः पट्टिकाख्यः स्यात्कुम्भी कैटर्य्यकट्फले ।२४।
वीरवृक्षोऽरुष्करोऽग्निमुखी भल्लातकी त्रिषु ।
सर्जकासनजीवाश्च पीतसालेऽथ मालके ।२५।
सर्जाश्वकर्णौ वीरेन्द्रौ इन्द्रद्रुः ककुभोऽर्जुनः ।
इङ्गुदी तापसतरुर्मोचा शाल्मलिरेव च ।२६।
चिरबिल्वो नक्तमालः करजश्च करञ्जके ।
प्रकीर्य्यः पूतिकरजो मर्कट्यङ्गारवल्लरी ।२७।
रोही रोहितकः प्लीहशत्रुर्दाडिमपुष्पकः ।
गायत्री बालतनयः खदिरो दन्तधावनः ।२८।
अरिमेदो विट्खदिरे कदरः खदिरे सिते ।
पञ्चाङ्गुलो वर्धमानश्चञ्चुर्गन्धर्वहस्तकः ।२९।
पिण्डीतको मरुबकः पीतदारु च दारु च ।
देवदारुः पूतिकाष्ठं श्यामा तु महिलाह्वया ।३०।
लता गोवन्दनी गुन्द्रा प्रियङ्गुः फलिनी फली ।
मण्डूकपर्णपत्रोर्णनटकट्वङ्गटुण्टुकाः ।३१।
श्योनाकशुकनासर्क्षदीर्घवृन्दकुटन्नटाः ।
पीतद्रुः सरलश्चाथ निचुलोऽम्बुज इज्जलः ।३२।
काकोदुम्बरिका फल्गुररिष्टः पिचुमर्दकः ।
सर्वतोभद्रको निम्बे शिरीषस्तु कपीतनः ।३३।
बकुलो वञ्जुलः प्रोक्तः पिच्छिलाऽगुरुशिंशपाः ।
जया जयन्ती तर्कारी कणिका गणिकारिका ।३४।
श्रीपर्णमग्निमन्थः स्याद्वत्सको गिरिमल्लिका ।
कालस्कन्दस्तमालः स्यात्तण्डुलीयोऽल्पमारिषः ।३५।
सिन्धुवारस्तु निर्गुण्डी सैवास्फोटा वनोद्भवा ।
गणिका युथिकाम्बष्ठा सप्तला नवमालिका ।३६।
अतिमुक्तः पुण्ड्रकः स्यात्कुमारी तरणिः सहा ।
तत्र शोषे कुरुवकस्तत्र पीते कुरुण्टकः ।३७।

र व्याघ्रपाल वृक्षविशेषका वाचक हुन् । तिन्दुक, स्फूर्जक काल तेंदू वृक्षका वाचक हुन् । नादेयी र भूमिजम्बुक नागरङ्ग अर्थात् नारङ्गीका नाम हुन् । पीलुक शब्द काकतिन्दुक अर्थात् कुचिलाको अर्थमा पनि आउँछ। पाटलि, मोक्ष र मुष्कक मोरव वा पाडलको नाम हो। क्रमुक र पट्टिका पठानी लोधका वाचक हुन्। कुम्भी, कैडर्य र कट्फलले कायफललाई बोध गराउँछन्। वीरवृक्ष, अरुष्कर, अग्निमुखी र भल्लातकी शब्द भिलाव नामको वृक्षका वाचक हुन् । सर्जक, असन, जीव र पीतसाल विजयसारका नाम हुन् । सर्ज र अश्वकर्ण साल वृक्षका वाचक हुन्। वीरद्रु, इन्द्रद्रु, ककुभ र अर्जुन यति अर्जुन नामको वृक्षका पर्याय हुन् । इङ्गुदी तपस्विहरूको वृक्ष हो, त्यसैले यसलाई तापसतरु पनि भनिन्छ । मोचा र शाल्मलि सिमलका नाम हुन्। चिरबिल्व, नक्तमाल, करञ्ज र करञ्जक कन्जा नामक वृक्षको अर्थमा आउँछन्। प्रकीर्य र पूतिकरज काँडे करञ्जका वाचक हुन् । मर्कटी तथा अङ्गारवल्लरी पनि करञ्जकै भेद हुन्। रोही, रोहितक, प्लीहशत्रु र दाडिमपुष्पक रोहेडाका नाम हुन् । गायत्री, बालतनय, खदिर र दन्तधावन खयर वृक्षका वाचक हुन् । अरिमेद र विट्खदिर दुर्गन्धित खैराको तथा कदर श्वेत खयरका नाम हुन्। पञ्चाङ्गुल, वर्धमान, चञ्चु र गन्धर्वहस्क एरण्डका अर्थमा आउँछन्। पिण्डीतक र मरुवक मैलफल नामको वृक्षका बोधक हुन्। पीतदारु, दारु, देवदारु र पूतिकाष्ठ देवदारुका नाम हुन् । श्यामा, महिलाह्वया, लता, गोवन्दिनी, गुन्दा, प्रियङ्गु, फलिनी र फली प्रियङ्गुका वाचक हुन् । मण्डूकपर्ण पत्रोर्ण, नट, कट्वङ्ग, टुण्टुक, श्योनाक, शुकनास, ऋक्ष, दीर्घवृन्त र कुटन्नटले शोणकलाई बोध गराउँछन्। पीतद्रु र सरल सल्लो वृक्षका नाम हुन्। निचुल, अम्बुज र इज्जल स्थलवेतस् अथवा समुद्र फलका वाचक हुन्। काकोदुम्बरिका र फल्गु कटुम्बरी वा कुटमिरोका बोधक हुन्। अरिष्ट, पिचुमर्दक र सर्वतोभद्र निम वृक्षका वाचक हुन्। शिरीष र कपीतन सिरस वृक्षको अर्थमा आउँछन्। बकुल र वञ्जुल मौलिश्रीका नाम हुन् । पिच्छिला, अगरु र शिंशपा सिसौको अर्थमा आउँछन् । जया, जयन्ती र तर्कारी जैत वृक्षका नाम हुन्। कणिका, गणिकारिका, श्रीपर्ण र अग्निमन्थ अरणिका वाचक हुन्। वत्सक र गिरिमल्लिका कुटज वृक्षका अर्थमा आउँछन्। कालस्कन्ध, तमाल र तापिच्छ तमालका नाम हुन्। तण्डुलीय र अल्पमारिष चौँराईका बोधक हुन्। सिन्धुवार र निर्गुण्डी सिन्दुवारिका नाम हुन् । यही सिन्धुवारि जङ्गलमा फलेको भए आस्फोटा वा आस्फोता भनिन्छ। गणिका, यूथिका र अम्बष्टा जूहीको अर्थमा आउँछ। सप्तला र नवमालिका पर्यायवाची शब्द हुन्। अतिमुक्त र पुण्ड्रक माधवी लताका नाम हुन् । कुमारी, तरणी र सहा घिउकुमारीका वाचक हो । र घिउकुमारीलाई कुरुवक र पहेँलो घिउकुमारीलाई कुरण्टक

नीला झिण्टी द्वयोर्बाणा झिण्टी सैरीयकस्तथा ।
तस्मिन्नरक्ते कुरुवकः पीते सहचरी द्वयोः ।३८।
धुस्तूरः कितवो धूर्त्तो रुचको मातुलङ्गके ।
समीरणो मरुवकः प्रस्थपुष्पः फणिर्जकः ।३९।
कुठेरकस्तु पर्णासेऽस्थास्फीतो वसुकार्कके ।
शिवमल्ली पाशुपतो वृन्दा बृक्षादनी तथा ।४०।
जीवन्तिका वृक्षरुहा गुडूची तन्त्रिकाऽमृता ।
सोमवल्ली मधुपर्णी मुर्वा तु मोरटी तथा ।४१।
मधूलिका मधुश्रेणी गोकर्णी पीलुपर्ण्यपि ।
पाठाऽम्बष्ठा विद्धकर्णी प्राचीना वनतिक्तिका ।४२।
कटुः कटुम्भरा चाथ चक्राङ्गी शकुलादनी ।
आत्मगुप्ता प्रावृषायी कपिकच्छूश्च मर्कटी ।४३।
अपामार्गः शैखरिकः प्रत्यक्पर्णी मयूरकः ।
फञ्जिका ब्राह्मणी भार्गी द्रवन्ती शम्बरी वृषा ।४४।
मण्डूकपर्णी भण्डीरी समङ्गा कालमेषिका ।
रोदिनी कच्छुराऽनन्ता समुद्रान्ता दुरालभा ।४५।
पृश्निपर्णी पृथक्पर्णी कलशिर्धावनिर्गुहा ।
निदिग्धिका स्पृशी व्याघ्री क्षुद्रा दुस्पर्शया सह ।४६।
अवल्गुजः सोमराजी सुवल्लिः सोमवल्लिका ।
कालमेषी कृष्णफला वाकुची पूतिफल्यऽपि ।४७।
कणोषणोपकुल्या स्याच्छ्रेयसी गजपिप्पली ।
चव्यन्तु चविका काकचिञ्ची गुञ्जे तु कृष्णला ।४८।
विश्वा विषा प्रतिविषा वनशृङ्गाटगोक्षुरौ ।
नारायणी शतमूली कालेयकहरीद्रवः ।४९।
दार्वी पचम्पचा दारु शुक्ला हैमवती वचा ।
वचोग्रगन्धा षड्ग्रन्था गोलोमी शतपर्विका ।५०।
आस्फोता गिरिकर्णी स्यात्सिंहास्यो वासको वृषः ।
मिशी मधुरिकाच्छत्रा कोकिलाक्षेक्षुरः क्षुरा ।५१।

भनिन्छ । नीलझिण्टी र बाणा दुवै शब्द नीलो कटसरैयाका वाचक हुन् । यिनको प्रयोग पुलिङ्ग र स्त्रीलिङ्ग दुवैमा हुन्छ । झिण्टी र सैरीयक सामान्य कटसरैयाका वाचक हुन् । त्यही रातो छ भने कुरुवक र पहेँलो छ भने सहचरी भनिन्छ । यसको प्रयोग पुलिङ्ग र स्त्रीलिङ्ग दुवैमा हुन्छ । धूस्तूरु, कितव र धूर्त धतुराका नाम हुन् । रुचक र मातुलुङ्ग बीजपूर वा बिजौरा निबुका वाचक हुन् । समीरण, मरुवक, प्रस्थपुष्प र फणिज्जक मरुआ वृक्षका नाम हुन् । कुठेरक र पर्णास तुलसी वृक्षका नाम हुन् । आस्फीत, वसुक र अर्क मदार आँकका नाम हुन् । शिवमल्ली र पाशुपती अगस्त्य वृक्ष अथवा बृहत् मौलसिरीका वाचक हुन् । वृन्दा, वृक्षादनी, जीवन्तिका र वृक्षरुहा रुखमा फैलिएका लहराका नाम हुन् । गुडूची, तन्त्रिका, अमृता, सोमवल्ली र मधुपर्णी गुरुचिका वाचक हुन् । मूर्वा, मोरटी, मधूलिका, मधुश्रेणी, गोकर्णी तथा पीलुपर्णी नामहरू मूर्वा नाम भएको लहराका हुन् । पाठा, अम्बष्ठा, विद्धकर्णी, प्राचीना र वनतिक्तिका पाठा नाम हुने प्रसिद्ध लहराका वाचक हुन् ।२१-४२।

कटु, कटुम्भरा, चक्राङ्गी तथा सकुलादनी कुटकीका नाम हुन् । आत्मगुप्ता, प्रावृषायी, कपिकच्छु र मर्कटी केवाँछुका वाचक हुन् । अपामार्ग, शैखरिक, प्रत्यक्पर्णी तथा मयूरकले अपामार्गलाई बोध गराउँछन् । फञ्जिका वा हञ्जिका, ब्राह्मणी र भार्गी ब्रह्मनेटिका वाचक हुन् । द्रवन्ती, शम्बरी तथा वृषा आखुपर्णी वा मूसाकानीका बोधक हुन् । मण्डूकपर्णी, भण्डीरी, समङ्गा र कालमेषिका मजीठका नाम हुन् । रोदनी, कच्छुरा, अनन्ता, समुद्रान्ता र दुरालभा यवासा एवं कचूरका वाचक हुन् । पृश्निपर्णी, पृथक्पर्णी, कलशि, धावनि र गुहा पिठवनका नाम हुन् । निदिग्धिका, स्पृशी, व्याघ्री, क्षुद्रा र दुःस्पर्शा भटकटैया वा भजकटयाको अर्थमा आउँछन् । अवल्गुज, सोमराजी, सुवल्लि, सोमवल्लिका, कालमेषी, कृष्णफला, वाकुची र पूतिफली वकुचीका वाचक हुन् । कणा, उष्णा, उपकुल्या पिप्पलीका बोधक हुन् । श्रेयसी र राजपिप्पली गजपिप्पलीका वाचक हुन् । चव्य र चविका चव्य अथवा वचा बोजोका नाम हुन् । काकचिञ्ची, गुञ्जा र कृष्णला गुञ्जा लालगेडीको अर्थमा आउँछन् । विश्वा, विषा र प्रतिविषा अतीसका बोधक हुन् । वनशृङ्गाट र गोक्षुर गोखरुका वाचक हुन् । नारायणी र शतमूलीले शतावरीलाई बोध गराउँछन् । कालेयक, हरिद्रा, दार्वी, पचम्पचा र दारु हलेदोका नाम हुन् । सेतो जरा भएको वचालाई हैमवती भनिन्छ । वचा, उग्रगन्धा, षड्ग्रन्था, गोलोमी र शतपर्विका वचको अर्थमा आउँछन् । आस्फोता र गिरिकर्णी विष्णुक्रान्ता वा अपराजिताका नाम हुन् । सिंहास्य, वासक र वृष अडसा भन्नेका अर्थमा आउँछन् । मिशी, मधुरिका र छत्रा वनसौँफका वाचक हुन् । कोकिलाक्ष, इक्षुर र क्षुर तालमखानाका नाम हुन् । विडङ्ग

विडङ्गोऽस्त्री कृमिघ्नः स्याद्वज्रद्रुस्नुक्स्नुही सुधा ।
गृद्वीका गोस्तनी द्राक्षा बला वाट्यालकस्तथा ।५२।
काला मसूरविदला त्रिपुटा त्रिवृता त्रिवृत् ।
मधुकं क्लीतकं यष्टिमधुका मधुयष्टिका ।५३।
विदारी क्षीरशुक्लेक्षुगन्धा क्रोष्ट्री च या सिता ।
गोपी श्यामा शारिवा स्यादनन्तोत्पलशारिवा ।५४।
मोचा रम्भा च कदली भण्टाकी दुष्प्रधर्षिणी ।
स्थिरा ध्रुवा सालपणी शृङ्गी तु वृषभो वृषः ।५५।
गाङ्गेरुकी नागबला मुसली तालमूलिका ।
ज्योत्स्नी पटोलिका जाली अजशृङ्गी विषाणिका ।५६।
स्याल्लाङ्गलिक्यग्निशिखा ताम्बूली नागवल्ल्यपि ।
हरेणू रेणुका कौन्ती ह्रीबेरी दिव्यनागरम् ।५७।
कालानुसार्य्यवृद्धाश्मपुष्पशीतशिवानी तु ।
शैलेयं तालपर्णी तु दैत्या गन्धकुटी मुरा ।५८।
ग्रन्थिपर्णं शुकं बर्हि बला तु त्रिपुटा त्रुटिः ।
शिवा तामलकी चाथ हनुर्हट्टविलासिनी ।५९।
कुटं नटं दशपुरं वानेयं परिपेलवम् ।
तपस्विनी जटामांसी पृक्का देवी लता लशूः ।६०।
कर्चूरको द्राविडको गन्धमूली शठी स्मृता ।
स्यादृक्षगन्धा छगलान्त्रा वेगी वृद्धदारकः ।६१।
तुण्डिकेरी रक्तफला बिम्बिका पीलुपर्ण्यपि ।
चाङ्गेरी चुक्रिकाम्बष्ठा स्वर्णक्षीरी हिमावती ।६२।
सहस्रवेधी चुक्रोम्लवेतसः शतवेध्यपि ।
जीवन्ती जीवनी जीवा भूमिनिम्बः किरातकः ।६३।
कूर्चशीर्षो मधुकरश्चन्द्रः कपिवृकस्तथा ।
दद्रुघ्नः स्यादेडगजो वर्षाभूः शोथहारिणी ।६४।
कुनन्दती निकुम्भस्त्रा यमानी वार्षिका तथा ।
लशुनं गृञ्जनारिष्टमहाकन्दरसोनकाः ।६५।

र कृमिघ्न वायविडङ्गका वाचक हुन्। वज्रद्रु, स्नुक, स्नुही र सुधा सेहुण्ड सिउँडीको अर्थमा आउँछन्। मृद्वीका, गोस्तनी र द्राक्षा दाख वा किसमिसका नाम हुन्। बला र वाट्यालक वरियारका वाचक हुन्। काला र मसूरविदला श्यामलता वा श्यामत्रिधाराको अर्थमा आउँछन् । त्रिपुटा, त्रिवृत्ता र त्रिवृत्त शुक्ल त्रिधाराका वाचक हुन् । मधुक, क्लीतक, यष्टिमधुका र मधुयष्टिका जेठिमधुका नाम हुन् । विदारी, क्षीरशुक्ला, इक्षुगन्धा, क्रोष्ट्री र यासिता भूमिकूष्माण्डका बोधक हुन् । गोपी, श्यामा, शारिवा, अनन्ता तथा उत्पल, श्यामालता अथवा गौरीसरका वाचक हुन् । मोचा, रम्भा र कदली केराका नाम हुन्। भण्टाकी र दुष्प्रधर्षिणी भाँटैका अर्थमा आउँछन्। स्थिरा, ध्रुवा र सालपर्णी सरिवनको नाम हो। शृङ्गी, ऋषभ र वृष काकडासिङ्गीका वाचक हुन् । गाङ्गेरुकी र नागबला बलाकै भेद हुन्। मुषली र तालमूलिका मूसलीको नाम हो । ज्योत्स्नी र जाली पटोलिकाको अर्थमा आउँछन् । अजशृङ्गी र विषाणी मेडासिङ्गीका वाचक हुन् । लाङ्गलिकी र अग्निशिखा करियारीलाई बोध गराउने हुन्। ताम्बूली तथा नागवल्ली पानका नाम हुन् । हरेणु, रेणिका र कौन्ती रेणुका नामको गन्धद्रव्यका वाचक हुन्। ह्वबेरी र दिव्यनागर नेत्रबाला र सुगन्धवालाका नाम हुन् । कालानुसार्य, वृद्ध, अश्मपुष्प, शीतशिव, र शैलेय शिलाजीतका वाचक हुन् । तालपर्णी, दैत्या, गन्ध र कुटी मुरा नामको सुगन्धित द्रव्यलाई बोध गराउने हुन् । ग्रन्थिपर्ण, शुक र बर्हि गठिवनका अर्थमा आउँछन् । बला, त्रिपुटा र त्रुटि सानो अलैँचीका वाचक हुन् । शिवा र तामलकी भूईँअमलाका अर्थमा आउँछन्। हनु र हट्टविलासिनी नखी नामक गन्धद्रव्यलाई बोध गराउने हुन्। कुट, नट, दशपुर, बानेय र परिपेलव मोथेका नाम हुन्। तपस्विनी तथा जटामांसी जटामासीका अर्थमा आउँछन् । पृक्का, देवी, लता र लघु वा लशू असवरगका वाचक हुन् ।४३-६०।

कर्चूरक र द्राविडक कर्चूरका नाम हुन्। गन्धमूली र शठी शब्द पनि कर्चूरको अर्थमा आउँछन् । ऋक्षगन्धा, छगलान्त्रा, आवेगी तथा वृद्धदारक विधाराका नाम हुन् । तुण्डिकेरी, रक्तफला, बिम्बिका र पीलुपर्णी कन्दूरीका वाचक हुन्। चाङ्गेरी, चुक्रिका र अम्बष्ठा अम्ललोडिकाका बोधक हुन्। स्वर्णक्षीरी र हिमावती मकोयका नाम हुन्। सहस्रवेधी, चुक्र, अम्लवेतस र शतवेधी अम्बबेतको अर्थमा आउँछन् । जीवन्ती, जीवनी र जीवा जीवन्तीका नाम हुन्। भूमिनिम्ब र किरातक चिरातिक्त चिराइतोका वाचक हुन् । कूर्चशीर्ष र मधुरक अष्टवर्गान्तक जीवक नामको औषधिका बोधक हुन् । चन्द्र र कपिवृक समानार्थक शब्द हुन्। दद्रुघ्न र एडगज चकवड नामका वृक्षको वाचक हुन्। वर्षाभू र शोथहारिणी गदहपुर्नाको अर्थमा आउँछन्। कुनन्दती, निकुम्भस्त्रा, यमानी र वार्षिका लताविशेषका वाचक

वाराही वरदा गृष्टिः काकमाची तु वायसी ।
शतपुष्पा सितच्छत्राऽतिच्छत्रा मधुरा मिसिः ।६६।
अवाक्पुषी कारवी च सरणा तु प्रसारणी ।
कटम्भरा भद्रबला कर्बुरश्च शटी ह्यथ ।६७।
पटोलः कुलकस्तिक्तः कारवेल्लः कटिल्लकः ।
कूष्माण्डकस्तु कर्कारुर्वारुः कर्कटी स्त्रियौ ।६८।
इक्ष्वाकुः कटुतुम्बी स्याद्विशाला त्विन्द्रवारुणी ।
अर्शोघ्नः सूरणः कन्दो मुस्तकः कुरुविन्दकः ।६९।
वंशे त्वक्सारकर्मारवेणुमस्करतेजनाः ।
छत्रातिच्छत्रपालघ्नी मालातृणकभूस्तृणे ।७०।
तृणराजाह्वयस्तालो घोण्टा क्रमुकपुगकौ ।
शार्दूलद्वीपिनौ व्याघ्रो हर्य्यक्षः केसरी हरिः ।७१।
कोलः पोत्री वराहः स्यात्कोक ईहामृगो वृकः ।
लूतोर्णनाभौ तु समौ तन्तुवायश्च मर्कटे ।७२।
वृश्चिकः शूककीटः स्यात्सारङ्गस्तोककौ समौ ।
कृकवाकुस्ताम्रचूडः पिकः कोकिल इत्यपि ।७३।
काके तु करटारिष्टौ बकः कह्व उदाहृतः ।
कोकश्चक्रश्चक्रवाको कादम्बः कलहंसकः ।७४।
पतङ्गिका पुत्तिका स्यात्सरघा मधुमक्षिका ।
द्विरेफपुष्पलिड्भृङ्गषट्पदभ्रमरालयः ।७५।
केकी शिख्यस्य वाक्केका शकुन्तिशकुनिद्विजाः ।
स्त्री पक्षतिः पक्षमूलं चञ्चुस्तोटिरुभे स्त्रियौ ।७६।
गतिरुड्डीनसण्डीनौ कुलायो नीडमस्त्रियाम् ।
पेशी कोशो द्विहीनेऽण्डं पृथुकः शावकः शिशुः ।७७।
पोतः पाकोऽर्भको डिम्भः सन्दोहव्यूहकौ गणः ।
स्तोमौघनिकरव्राता निकुरम्बं कदम्बकम् ।
सङ्घातसञ्चयौ वृन्दं पुञ्जराशी तु कूटकम् ।७८।

हुन् । लशुन, गृञ्जन, अरिष्ट, महाकन्द र रसोन लसुनका ना हुन् । वाराही, वरदा तथा गृष्टि वराहीकन्दका वाचक हुन् काकमाची र वायसी समानार्थक शब्द हुन् । शतपुष्पा, सितच्छत्र अतिच्छत्रा, मधुरामिसि, अवाकपुष्पी र कारवी सुपका नाम हुन सरणा, प्रसारिणी, कटम्भरा र भद्रवला कुब्जप्रसारिणी नाम औषधिका वाचक हुन् । कर्बूर र शटी पनि कचूरको अर्थ आउँछन् । पटोल, कुलक, तिक्तक र पटु परवलका नाम हुन् कारवेल्ल र कटिल्लक करेलाका अर्थमा आउँछन् । कृष्माण्डक कर्कारु कुभिन्हडोका वाचक हुन् । उर्वारु र कर्कटी दुवै स्त्रीलि शब्द काँक्रोका वाचक हुन् । इक्ष्वाकु तथा कटुतम्बी लौकाव बोधक हुन् । विशाला र इन्द्रवारुणी इन्द्रायन नामका लहराव नाम हुन् । अर्शोघ्न, सूरण र कन्दसूरन वा ओलका वाच हुन् । मुस्ता र कुरुविन्द दुवै शब्द मोथेको अर्थमा आउँछन् त्वक्सार, कर्मार, वेणु, मस्कर र तेजन बाँसका वाचक हुन् छत्रा, अतिच्छत्र र पालघ्न पानीमा उम्रिने घाँसविशेषको बोध हो । मालातृणक र भूस्तृण पनि तृणविशेषकै नाम हुन् । ताड वृक्षलाई ताल र तृणराज भनिन्छ । घोण्टा, क्रमुक तथा पृ सुपारीको अर्थमा आउँछन् । शार्दूल र द्वीपी बाघका वाचक हुन हर्यक्ष, केसरी तथा हरि सिंहका नाम हुन् । कोल, पोत्री र बर सुँगुरलाई तथा कोफ, ईहामृग र वृक ब्वाँसोका अर्थमा आउँछन् लूता, ऊर्णनाभि, तन्तुवाय र मर्कट माकुरोका नाम हुन् । वृश्चिक शूककीट बिच्छीका वाचक हुन् । सारङ्ग र स्तोक समान लिङ्ग प्रयुक्त हुने शब्दले काकाकुललाई जनाउँछन् । कृकवाकु त ताम्रचूड कुखुराका नाम हुन् । पिक र कोकिल कोइलीका बोध हुन् । करट र अरिष्ट कागको अर्थमा आउँछन् । बक र क बकुल्लाका नाम हुन् । कोक, चक्र र चक्रवाक चखेवाका त कादम्ब र कलहंस मधुरभाषी हाँस वा बत्तखका वाचक हुन पलङ्गिका र पुत्तिका महको चाको लगाउने साना माहुरीका ना हुन् र सरधा तथा मधुमक्षिका ठूलो माहुरीको अर्थमा आउँछन् द्विरेफ, पुष्पलिह, भृङ्ग, षट्पद, भ्रमर र अलि भँवराका नाम हु केकी तथा शिखी मुजुरका नाम हुन् । मुजुरको वाणीलाई के भनिन्छ । शकुन्ति, शकुनि र द्विज पक्षीका पर्याय हुन् । स्त्रीलि पक्षति र पक्षमूल पँखेटाका वाचक हुन् । चञ्चु र तोटि चुच्चो अर्थमा आउँछन् । यी दुवै स्त्रीलिङ्गमा प्रयोग हुन्छन् । उड्डीन सण्डील पक्षीको उड्ने विभिन्न प्रकारका नाम हुन् । कुलाय नीड शब्द गुँडको अर्थमा आउँछन् । पेषी, कोष र अण्ड अन्डा नाम हुन् । यसमा प्रथम दुई शब्द केवल पुलिङ्गमा प्रयुक्त हुन्छ पृथुक, शावक, शिशु, पोत, पाक, अर्भक र डिम्भ शिशुकै बोध हुन् । सन्दोह, व्यूहक, गण, स्तोम, ओघ, निकर, व्रात, निकुरम्ब कदम्बक, सङ्घात, सञ्चय, वृन्द, पुञ्ज, राशि र कूट यी स शब्द समूह अर्थका वाचक हुन् ।६१–७८।

३६४. चतुःषष्ट्यधिकत्रिशततमोऽध्यायः

मनुष्यवर्ग

अग्निरुवाच

नृब्रह्मक्षत्रविट्शूद्रवर्गान्वक्ष्येऽथ नामतः ।
नरः पञ्चजना मर्त्त्या यद्योषाऽवला बधूः ।१।
कान्तार्थिनी तु या याति सङ्केतं साऽभिसारिका ।
कुलटा पुंश्चल्यसती नग्निका स्त्री च कोटवी ।२।
कात्यायन्यर्धवृद्धा या सैरिन्ध्री परवेश्मगा ।
असिक्नी स्यादवृद्धा या मलिनी तु रजस्वला ।३।
वारस्त्री गणिका वेश्या भ्रातृजायास्तु यातरः ।
ननन्दा तु स्वसा पत्युः सपिण्डास्तु सनाभयः ।४।
समानोदर्य्यसोदर्य्यसगर्भ्यसहजाः समाः ।
सगोत्रबान्धवज्ञातिबन्धुस्वस्वजनाः समाः ।५।
दम्पती जम्पती भार्य्यापती जायापती च तौ ।
गर्भाशयो जरायुः स्यादुल्बञ्च कललोऽस्त्रियाम् ।६।
गर्भो भ्रूण इमौ तुल्यौ क्लीबं षण्डो नपुंसकम् ।
स्यादुत्तानशयो डिम्भो बालो माणवकः स्मृतः ।७।
पिचण्डिलो बृहत्कुक्षिरभ्रटो नतनासिके ।
विकलाङ्गस्तु पौगण्ड आरोग्यं स्यादनामयम् ।८।
स्यादेडे बधिरः कुब्जे गडुलः कुकरे कुणिः ।
क्षयः शोषश्च यक्ष्मा च प्रतिश्यायस्तु पीनसः ।९।
स्त्री क्षुत्क्षुतं क्षवः पुंसि कासस्तु क्षवथुः पुमान् ।
शोथस्तु श्वयथुः शोफः पादस्फोटो विपादिका ।१०।
किलासं सिध्नकच्छान्तु पाम पामा विचर्चिका ।

अग्निदेव भन्दछन्– अब म नाम निर्देश गर्दै मनुष्यवर्ग, ब्राह्मणवर्ग, क्षेत्रीवर्ग, वैश्यवर्ग र शूद्रवर्गको वर्णन क्रमशः गर्दछु। ना, नर, पञ्चजन र मर्त्य यी पुरुष मानिसका वाचक हुन्। स्त्रीलाई योषित्, योषा, अबला र वधू भनिन्छ। आफूले चाहेको कामुक पुरुषसँग समागमन गर्ने इच्छाले कुनै सङ्केत गरिएको स्थानमा जानेलाई अभिसारिका भनिन्छ। कुलटा, पुंश्चली र असती व्यभिचारिणी स्त्रीका नाम हुन्। नग्निका र कोटबी शब्दले नाङ्गी स्त्रीलाई बोध गराउँछन्। अधबैंसे स्त्रीलाई कात्यायनी भन्दछन्। अर्काको घरमा बसेर जीवन निर्वाह गर्ने स्त्रीलाई सैरन्ध्री भनिन्छ। बूढी भएकी होइन र कपाल पनि सेतो भएको छैन भने अन्तःपुरकी त्यस्ती दासीलाई असिक्नी भनिन्छ। रजस्वला स्त्रीलाई मलिनी भनिन्छ। वारस्त्री, गणिका र वेश्या रण्डीहरूको नाम हो। भाइकी पत्नीलाई याता भनिन्छ। पतिकी बहिनीलाई ननान्दा भनिन्छ। सात पुस्ताभरिका मानिस सपिण्ड र सनाभि भनिन्छन्। समानोदर्य, सोदर्य, सगर्भ, सहज र सहोदर समानार्थक शब्द हुन् र यिनले साखै भाइलाई बोध गराउँछन्। सगोत्र, बान्धव, ज्ञाति, बन्धु, स्व तथा स्वजन पनि समान अर्थका बोधक हुन्। दम्पती, जम्पती, भार्यापती, जायापती यी पतिपत्नीका वाचक हुन्। गर्भाशय, जरायु, उल्व र कलल यी चार शब्द गर्भलाई बेर्ने झिल्लीका नाम हुन्। कलल शब्द पुलिङ्ग र नपुंसक लिङ्ग दुवैमा हुन्छ। गर्भ र भ्रूण दुवै शब्द गर्भस्थ बालकका लागि प्रयुक्त हुन्छन्। क्लीब, शण्ड र नपुंसक पर्यायवाची शब्द हुन्। डिम्भ शब्द उत्तानो सुत्ने नवजात शिशुको अर्थमा आउँछ। बालकलाई माणवक भनिन्छ। लामो पेट भएको पुरुषका लागि पिचण्डिल र बृहत्कुक्षि शब्द प्रयोग हुन्छन्। केही झुकेको नाक भएकोलाई अवभ्रट भनिन्छ। अङ्ग कम वा विकृत भएकालाई विकलाङ्ग र पोगण्ड भनिन्छ। आरोग्य र अनामय निरोगीका वाचक हुन्। बहिरोलाई एड र बधिर तथा कुँजालाई कुब्ज र गडुल भनिन्छ। रोग आदिको कारण हात खराब भएका छन् भने उसलाई तथा अङ्ग लुला भएको मनुष्यलाई कुनि भनिन्छ। क्षय, शोष र यक्ष्मा राजयक्ष्माका नाम हुन्। प्रतिश्याय र पीनस रुघाको अर्थमा आउँछन्। स्त्रीलिङ्गी क्षुत्, पुलिङ्गी क्षव र नपुंसक लिङ्गी क्षुत शब्द हाच्छिउँको अर्थमा आउँछन्। कास र क्षवथु खोकीका नाम हुन्। यसको प्रयोग पुलिङ्गमा हुन्छ। शोथ, श्वयथु र शोफ सुन्निने अर्थमा आउँछ। पादस्फोट र विपादिका एकै खालका नाम हुन्। किलास भनेको सिध्न हो। कच्छू, पाम, पामा र विचर्चिका चिलाउनेको नाम हो। कोठ र मण्डलकलाई गोलो चक्का

कोठो मण्डलकं कुष्ठं श्वित्रो दुर्नामकार्शसी ।११।
आनाहस्तु निबन्धः स्याद्ग्रहणी रुक्प्रवाहिका ।
बीजवीर्य्येन्द्रियं शुक्रं पललं क्रव्यमामिषम् ।१२।
वुक्काऽग्रमांसं हृदयं हृन्मेदस्तु वपा वसा ।
पश्चाद् ग्रीवा सिरा मन्या नाडी तु धमनिः शिरा ।१३।
तिलकं क्लोम मस्तिष्कं दूषिका नेत्रयोर्मलम् ।
अन्त्रं पुरीतद्गुल्मस्तु प्लीहा पुंस्यऽथ वस्नसा ।१४।
स्नायुः स्त्रियां कालखण्डयकृती तु समे इमे ।
स्यात्कर्पूरः कपालोऽस्त्री कीकसङ्कुल्यमस्थि च ।१५।
स्याच्छरीरास्थ्नि कङ्कालः पृष्ठास्थ्नि तु कशेरुकम् ।
शिरोऽस्थनि करोटिः स्त्री पार्श्वास्थनि तु पर्शुका ।१६।
अङ्गं प्रतीकोऽवयवः शरीरं वर्ष्म विग्रहः ।
कटो ना श्रोणिफलकं कटिः श्रोणिः ककुद्मती ।१७।
पश्चान्नितम्बः स्त्रीकट्याः क्लीबे तु जघनं पुरः ।
कूपकौ तु नितम्बस्थौ द्वयहीने ककुन्दरे ।१८।
स्त्रियां स्फिचौ कटिप्रोथावुपस्थो वक्ष्यमाणयोः ।
भगं योनिर्द्वयोः शिश्नो मेढ्रो मेहनशेफसी ।१९।
पिचिण्डकुक्षी जठरोदरं तुन्द कुचौ स्तनौ ।
चूचुकन्तु कुचाग्रं स्यान्नना क्रोडं भुजान्तरम् ।२०।
स्कन्धो भुजशिरोऽंशोस्त्री सन्धी तस्यैव जत्रुणी ।
पुनर्भवः कररुहो नखोस्त्री नखरोस्त्रियाम् ।२१।
प्रादेशताला लगोकर्णास्तर्जन्यादियुते तते ।
अङ्गुष्ठे सकनिष्ठे स्याद्वितस्तिर्द्वादशाङ्गुलः ।२२।
पाणौ चपेटप्रतलप्रहस्ता विस्तृताङ्गुलौ ।

बन्ने कोरलाई भनिन्छ। सेतो कोरलाई कुष्ठ र श्वित्र भनिन्छ। दुर्नामक र अर्शस् बवासीरको नाम हो। मलमूत्र निरोधलाई अनाह र विबन्ध भनिन्छ। ग्रहणी र प्रवाहिका सङ्ग्रहणी आउँ पर्ने रोगको नाम हो। बीज, वीर्य, इन्द्रिय र शुक्र वीर्यका पर्याय हुन्। पलल, क्रव्य र आमिष मासको अर्थमा आउँछन्। बुक्का र अग्रमांसले छातीको मांसलाई बोध गराउँछन्। हृदय र हृत् मनका पर्याय हुन्। मेदस्, वपा र वसा मेदाको नाम हो। घाँटीका पछाडिको नाडीलाई मन्या भन्दछन्। नाडी, धमनि र शिरा नाडीका वाचक हुन्। तिलक र क्लोम शरीरमा भएको कालो कोठीको अर्थमा आउँछन्। दिमागलाई मस्तिष्क र आँखाको कचेरालाई दूषिका भनिन्छ। अन्त्र र पुरीतत् आन्द्राको अर्थमा आउँछन्। गुल्म र प्लीहा एकै अर्थमा आउँछन्। प्लीहा प्लीहन् शब्दको पुलिङ्गी रूप हो। अङ्गप्रत्यङ्गको सन्धिको बन्धनलाई स्नायु र वस्नसा भनिन्छ। कालखण्ड र यकृत् कलेजोका नाम हुन्। कर्पर र कपाल शब्द निधारको वाचक हो। कपाल शब्द पुलिङ्ग र नपुंसकलिङ्ग दुवैमा प्रयोग हुन्छ। कीकस, कुल्य र अस्थि हाडका नाम हुन्। रक्तमांसरहित शरीरको हाडलाई कङ्काल भनिन्छ। पिठ्युँको हाडलाई कशेरुका भनिन्छ। करोटि शब्द स्त्रीलिङ्गी हो र यो खप्परको अर्थमा आउँछ। पसलीको हाडलाई पर्शुका भनिन्छ ।१-१६।

अङ्ग, प्रतीक, अवयव, शरीर, वर्ष्म तथा विग्रह शरीरको पर्याय हो। कट र श्रोणिफलक फिलोका अर्थमा आउँछन्। कट शब्द पुलिङ्गी हो। कटि, श्रोणि र ककुद्मतीले कम्मरलाई बोध गराउँछन्। स्त्रीको कम्मरको पछाडिको भागलाई नितम्ब र अगाडिको भागलाई जघन भनिन्छ। जघन शब्द नपुंसक लिङ्गी हो। नितम्बमाथि दुई खाडल जस्तो हुन्छ, त्यसलाई कूपक एवं ककुन्दर भनिन्छ। ककुन्दर शब्द केवल नपुंसक लिङ्गी हो। कटिको मांस पिण्डलाई स्फिच् र कटिप्रोथ भनिन्छ। स्फिच् शब्दको प्रयोग स्त्रीलिङ्गमा आउँछ। भग र लिङ्ग दुवैलाई उपस्थ भनिन्छ। भग र योनि स्त्रीचिह्नबोधक पर्यायवाची शब्द हुन्। शिश्न, मेढ्र, मेहन र शेफस् पुरुष वाचक हो। पिचण्ड, कुक्षि, जठर, उदर र तुन्द पेटको अर्थमा आउँछ। कुच र स्तन पर्यायवाची शब्द हुन्। कुचको अग्रभागलाई चूचुक भनिन्छ। नपुंसकलिङ्ग क्रोड र भुजान्तर शब्द काखलाई जनाउने हुन्। स्कन्ध, भुजशिरस् र अंश काँधको अर्थमा आउँछ। अंश शब्द पुलिङ्गी र नपुंसक लिङ्गी हो। काँधको सन्धि अर्थात् हसलीको हाडलाई जत्रु भनिन्छ। पुनर्भव, कररुह, नख र नखर नङका नाम हुन्। यसमा नखर र नख शब्द स्त्रीलिङ्गबाहेक अरू दुवै लिङ्गमा प्रयुक्त हुन्छन्। बूढीऔँलादेखि तर्जनीसम्म फैलिएको हातलाई प्रादेश, बूढीऔँलादेखि मध्यमासम्मलाई ताल र अनामिकासम्म फैलिएको हातलाई गोकर्ण भनिन्छ। यस प्रकार बूढीऔँलादेखि कान्छीऔँलासम्म फैलिएको हातलाई वितस्ति

बद्धमुष्टिकरो ऽरत्निररत्निः स कनिष्ठवान् ।२३।
कम्बुग्रीवा त्रिरेखा सा ऽवटुर्घाटा कृकाटिका ।
अधः स्याच्चिबुकञ्चौष्ठादथ गण्डौ गलो हनुः ।२४।
अपाङ्गौ नेत्रयोरन्तौ कटाक्षो ऽपाङ्गदर्शने ।
चिकुरः कुन्तलो वालः प्रतिकर्म प्रसाधनम् ।२५।
आकल्प वेषो नेपथ्यं प्रत्यक्ष खेलयोगजम् ।
चूडामणिः शिरोरत्नं तरलो हारमध्यगः ।२६।
कर्णिका तालपत्रं स्याल्लम्बनं स्याल्ललन्तिका ।
मञ्जीरो नूपुरं पादे किङ्किणी क्षुद्रघण्टिका ।२७।
दैर्घ्यमायाम आरोहः परिणाहो विशालता ।
पटच्चरं जीर्णवस्त्रं संव्यानञ्चोत्तरीयकम् ।२८।
रचना स्यात्परिस्पन्द आभोगः परिपूर्णता ।
समुद्गकः सम्पुटकः प्रतिग्राहः पतद्ग्रहः ।२९।

वा बित्ता भनिन्छ। यसको लम्बाइ बाह्र अङ्गुल हुन्छ। हातका सबै औँलाहरू फैलिएका बेला त्यसलाई चपेट, तल र प्रहस्त भनिन्छ। मुठी बाँधिएको हातलाई रत्नि भनिन्छ। कुहिनादेखि कान्छिऔँलासम्मको लम्बाइलाई अरत्नि भनिन्छ। शङ्खजस्तै आकार भएको ग्रीवालाई कम्बुग्रीवा र त्रिरेखा भनिन्छ। गलाको तल्लो भागलाई अवटु, घाटा र कृकाटिका भनिन्छ। ओठभन्दा तलको भागलाई चिबुक भनिन्छ। गण्ड र गल्ल गालाका वाचक हुन्। गालाको तल्लो भागलाई हनु भनिन्छ। आँखाको दुवै प्रान्तलाई अपाङ्ग भनिन्छ। त्यसलाई देखाउने चेष्टालाई कटाक्ष भनिन्छ। चिकुर, कुन्तल र वाल कपालका वाचक हुन्। प्रतिकर्म र प्रसाधन शब्द सजिने र शृङ्गार गर्ने अर्थमा आउँछन्। आकल्प, वेश र नेपथ्य शब्द प्रत्यक्ष नाटक आदिको खेलमा भिन्नभिन्न भेष धारण गर्ने अर्थमा आउँछ। मस्तकमा धारण गर्ने रत्नलाई चूडामणि र शिरोरत्न भनिन्छ। हारको बीचबीचमा जडिएको रत्नलाई तरल भनिन्छ। कर्णिका र तालपत्र कानको आभूषणको नाम हो। लम्बन र ललन्तिका घाँटीमा तलसम्म झुन्डिएको हारलाई भनिन्छ। मञ्जीर र नूपुर गोडाको आभूषण हो। किङ्किणी र क्षुद्रघण्टिका घुँघरुका नाम हुन्। दैर्घ्य, आयाम र आनाह वस्त्र आदिको लम्बाइबोधक हुन्। परिणाह र विशालता चौडाइको अर्थमा आउँछन्। पुरानो वस्त्रलाई पटच्चर भनिन्छ। सङ्ख्यान र उत्तरीय ओढ्ने पछ्यौराको अर्थमा आउँछन्। फूल आदिले कपाल शृङ्गार गर्ने वा ओठ आदिमा पत्रभङ्ग आदि बनाउनेलाई रचना र परिस्पन्द भनिन्छ। प्रत्येक उपचारको पूर्णताको नाम आभोग हो। बिर्को भएका पेटीलाई समुद्गक र सम्पुटक भनिन्छ। प्रतिग्रा र पतद्ग्रह पिकदानका नाम हुन् ।१७–२९।

३६५. पञ्चषष्ट्यधिकत्रिशततमो ऽध्यायः

अथब्रह्मवर्ग

अग्निरुवाच

वंशो ऽन्ववायो गोत्रं स्यात्कुलान्यभिजनान्वयौ ।
मन्त्रव्याख्याकृदाचार्य्य आदेष्टा त्वध्वरे व्रती ।१।
यष्टा च यजमानः स्याज्ज्ञात्वारम्भ उपक्रमः ।
सतीर्थ्याश्चैकगुरवः सभ्याः सामाजिकास्तथा ।२।
सभासदः सभास्तारा ऋत्विजो याजकाश्च ते ।
अध्वर्यूद्गातृहोतारो यजुः सामर्ग्विदः क्रमात् ।३।
चषालो यूपकटकः समे स्थण्डिलचत्वरे ।

अग्निदेव भन्दछन्– वंश, अन्ववाय, गोत्र, कुल, अभिजन र अन्वय वंशका नाम हुन्। मन्त्रको व्याख्या गर्ने ब्राह्मणलाई आचार्य भनिन्छ। यज्ञमा व्रतको दीक्षा लिएकालाई आदेष्टा, यष्टा र यजमान भनिन्छ। जानीबुझीकन आरम्भ गर्नेलाई उपक्रम भनिन्छ। एउटै गुरुसँग साँगै विद्या पढ्ने छात्र परस्पर सतीर्थ्य र एकगुरु भनिन्छन्। सभ्य, सामाजिक, सभासद् र सभास्तार यज्ञका सदस्यका नाम हुन्। ऋत्विक् र याजक यज्ञ गराउने ऋत्विज्का वाचक हुन्। यजुर्वेदको ज्ञाता ऋत्विज्लाई अध्वर्यु, सामवेद जान्नेलाई उद्गाता र ऋग्वेद ज्ञातालाई होता भनिन्छ। चषाल र यूपकटक भनेको यज्ञको स्तम्भमा लगाइने काठको छल्ला हो। स्थण्डिल र चत्वर शब्द समान लिङ्ग र समान अर्थका बोधक हुन्। उमालेको

आमिक्षा सा शृतोष्णे या क्षीरे स्याद्दधियोगतः ।४।
पृषदाज्यं सदध्याज्ये परमान्नन्तु पायसम् ।
उपाकृतः पशुरसौ योऽभिमन्त्र्य क्रतौ हतः ।५।
परम्पराकं शमनं प्रोक्षणं च वधार्थकम् ।
पूजा नमस्याऽपचितिः सपर्य्यार्चार्हणाः समाः ।६।
वरिवस्या तु शुश्रूषा परिचर्य्याप्युपासनम् ।
नियमो व्रतमस्त्री तच्चोपवासादि पुण्यकम् ।७।
मुख्यः स्यात्प्रथमः कल्पोऽनुकल्पस्तु ततोऽधमः ।
कल्पे विधिक्रमौ ज्ञेयौ विवेकः पृथगात्मता ।८।
संस्कारपूर्वं ग्रहणं स्यादुपाकरणं श्रुतेः ।
भिक्षुः परिव्राट् कर्मन्दी पाराशर्य्यपि मस्करी ।९।
ऋषयः सत्यवचसः ज्ञातकश्चाप्लुतो व्रती ।
ये निर्जितेन्द्रियग्रामा यतिनो यतयश्च ते ।१०।
शरीरसाधनापेक्षं नित्यं यत्कर्म यद्यमः ।
नियमस्तु स यत्कर्म नित्यमागन्तुसाधनम् ।
स्याद्ब्रह्मभूयं ब्रह्मत्वं ब्रह्म सायुज्यमित्यपि ।११।

दुधमा दही मिलाएपछि हवनको लागि तयार भएको वस्तुलाई आमिक्षा भनिन्छ। दही मिलाएको घ्यूलाई पृषदाज्य भन्दछन्। परमान्न र पायस खीरका वाचक हुन् । यज्ञमा अभिमन्त्रित गरेर मारिएको पशुलाई उपाकृत भनिन्छ । परम्पराक, शमन र प्रोक्षण शब्द यज्ञमा मारिने पशुको अर्थमा आउँछन् । पूजा, नमस्या, अपचिति, सपर्य्या, अर्चा र अर्हणा समानार्थक शब्द हुन् । वरिवस्या, शुश्रूषा, परिचर्या र उपासना सेवाका नाम हुन्। नियम र व्रत एकअर्काका पर्यायवाची शब्द हुन्। यसमा व्रत शब्द पुलिङ्ग र नपुंसक लिङ्ग दुवैमा प्रयुक्त हुन्छ। उपवास आदिको रूपमा गरिने व्रतलाई पुण्यक भनिन्छ । प्रथम वा प्रधान रूपमा विधान गरिएकोलाई मुख्यकल्प भनिन्छ र त्यसको अपेक्षा अधम वा अप्रधानरूपबाट गरिएको विधिलाई अनुकल्प भनिन्छ । कल्पको अर्थमा विधि र क्रम शब्दको प्रयोग मान्नुपर्छ । वस्तुको भिन्नता छुट्याउने ज्ञानलाई विवेक भनिन्छ । संस्कारपूर्वक वेदको स्वाध्याय आरम्भ गर्नुलाई उपकरण वा उपाकर्म भनिन्छ । भिक्षु, परिव्राट् कर्मन्दी, पाराशरी तथा मस्करी संन्यासीका पर्यायवाची शब्द हुन् । सदा सत्य वाणी बोल्नेलाई ऋषि र सत्यवचा भनिन्छ। जसले वेदाध्ययन र ब्रह्मचर्यको विधिवत् व्रत समाप्त गरेको छ, तर अर्को आश्रमलाई स्वीकार गरेको छैन त्यसैलाई स्नातक भनिन्छ । जसले आफ्नो सम्पूर्ण इन्द्रियमाथि विजय प्राप्त गरेको छ त्यसलाई यती र यति भनिन्छ। शरीरबाट समाधान गरिने नित्यकर्मको नाम यम हो । अनित्य र कहिलेकाहीँ आवश्यक पर्दा गरिने कर्मलाई नियम भनिन्छ । ब्रह्मभूय, ब्रह्मत्व र ब्रह्मसायुज्य ब्रह्मभाव प्राप्तिका नाम हुन् ।१-११।

३६६. षड्षष्ट्यधिकत्रिशततमोऽध्यायः

क्षत्रविट्शूद्रवर्ग

अग्निरुवाच

मूर्द्धाभिषिक्तो राजन्यो बाहुजः क्षत्रियो विराट् ।
राजा तु प्रणताशेषसामन्तः स्यादधीश्वरः ।१।
चक्रवर्ती सार्वभौमौ नृपोऽन्यो मण्डलेश्वरः ।
मन्त्री धीसचिवोऽमात्यो महामन्त्राः प्रधानकाः ।२।
द्रष्टरि व्यवहाराणां प्राड्विवाकाऽक्षदर्शकौ ।
भौरिकः कनकाध्यक्षोऽथाध्यक्षाधिकृतौ समौ ।३।

अग्निदेव भन्दछन्— मूर्धाभिषिक्त, राजन्य, बाहुज, क्षेत्री र विराट् क्षेत्रीवाचक हुन्। सबै सामन्त-नरेश राजाहरूले शिर झुकाउँछने गरेका राजालाई अधीश्वर भनिन्छ। समुद्रसम्मका सबै भूमिमा अधिकार भएका राजालाई चक्रवर्ती र सार्वभौम भनिन्छ र अरू राजालाई मण्डलेश्वर भनिन्छ। मन्त्रको तीन नाम मन्त्री, धीसचिव र अमात्य हुन् । महामन्त्री र प्रधान सामान्य मन्त्रीहरूका वाचक हुन् । व्यवहारमा द्रष्टा अर्थात् मुद्दामामिलाको निर्णय दिनेलाई प्राड्विवाक र अक्षदर्शक भनिन्छ। सुनको रक्षा गर्नेलाई भौरिक र कनकाध्यक्ष भनिन्छ। अध्यक्ष र अधिकृत अधिकारीका वाचक हुन्। यी दुवैको लिङ्ग समान हुन्छ । अन्तःपुरको रक्षा गर्नेलाई अन्तर्वंशिक भनिन्छ । सौविदल्ल, कञ्चुकी, स्थापत्य र सौविद

अन्तःपुरे त्वधिकृतः स्यादन्तर्वंशिको जनः ।
सौविदल्लाः कञ्चुकिनः स्थापत्याः सौविदाश्च ते ।४।
षण्डो वर्षवरस्तुल्याः सेवकार्थ्यनुजीविनः ।
विषयानन्तरो राजा शत्रुर्मित्रमतः परम् ।५।
उदासीनः परतरः पार्ष्णिग्राहस्तु पृष्ठतः ।
चरः स्पशः स्यात्प्रणिधिरुत्तरः काल आयतिः ।६।
तत्कालस्तु तदात्वं स्यादुदर्कः फलमुत्तरम् ।
अदृष्टं वह्नितोयादि दृष्टं स्वपरचक्रजम् ।७।
भद्रकुम्भः पूर्णकुम्भो भृङ्गारः कनकालुका ।
प्रभिन्नो गर्जितो मत्तो वमथुः करशीकरः ।८।
स्त्रियां सृणिस्त्वङ्कुशोऽस्त्री परिस्तोमः कुथो द्वयोः ।
कर्णीरथः प्रवहणं दोला प्रेङ्खादिका स्त्रियाम् ।९।
आधोरणा हस्तिपका हस्त्यारोहा निषादिनः ।
भटा योधाश्च योद्धारः कञ्चुको वारणोऽस्त्रियाम् ।१०।
शीर्षण्यं च शिरस्त्रेऽथ तनुत्रं वर्म्मदंशनम् ।
आमुक्तः प्रतिमुक्तश्च पिनद्धश्चापिनद्‌ भवत् ।११।
व्यूहस्तु बलविन्यासश्चक्रञ्चानीकमस्त्रियाम् ।
एकेभैकरथा त्र्यश्वाः पत्तिः पञ्चपदातिका ।१२।
पत्त्यङ्गैस्त्रिगुणैः सर्वैः क्रमादाख्या यथोत्तरम् ।
सेनामुखं गुल्मगणौ वाहिनी पृतना चमूः ।१३।
अनीकिनीदशानीकिन्यक्षौहिण्यो गजादिभिः ।
धनुः कोदण्ड इष्वासो कोटिरस्याटनी स्मृता ।१४।
नस्तकस्तु धनुर्मध्यं मौर्वीज्या शिञ्जिनी गुणः ।
पृषत्कबाणविशिखा अजिह्मगखगाशुगाः ।१५।
तूणोपासङ्गतुणीरनिषङ्गा इषुधिर्द्वयोः ।

रनिवासको रक्षामा रहेका सिपाहीलाई भनिन्छ । अन्तःपुरमा बस्ने नपुंसकलाई षण्ड र वर्षवर भनिन्छ । सेवा गर्नेहरूलाई सेवक, अर्थी र अनुजीवी भनिन्छ । आफ्नो राज्यको सीमामा बस्ने राजा शत्रु हुन्छ र शत्रुको राज्यमा बस्ने राजा आफ्नो मित्र हुन्छ । शत्रु र मित्र दुवैको राज्यको सिमानाभन्दा पर्तिर जसको राज्य हुन्छ त्यो दुःखी हुन्छ । विजिगीषु राजाको पृष्ठभागमा रहेको राजालाई पार्ष्णिग्राम भनिन्छ । चर, स्पश र प्रणिधि गुप्तचरको नाम हो । भविष्य काललाई आयति भनिन्छ । तत्काल र तदात्व वर्तमान कालको वाचक हो । भावी कर्मफललाई उदर्क भनिन्छ । आगो लाग्ने वा बाढी आदिको कारण हुने भयलाई अदृष्टभय भनिन्छ । आफ्नो वा शत्रुको राज्यमा रहने सैनिक वा चोरका कारण उत्पन्न हुने सङ्कटलाई दृष्टभय भनिन्छ । भरिएको घडालाई भद्रकुम्भ र पूर्णकुम्भ भनिन्छ । सुनको घडा वा झारीको नाम भृङ्गार र कनकालुका हो । मात्तिएको हात्तीलाई प्रभिन्न, गर्जित र मत्त भनिन्छ । हात्तीको सूँडबाट निस्कने जलकणलाई वमथु र करशीकर भनिन्छ । सृणि र अङ्कुश यी दुई शब्दले हात्तीलाई हाँक्ने काममा लगाउने फलामको काँटालाई जनाउँछन् । यिनमा सृणि चाहिँ स्त्रीलिङ्गी र अङ्कुश पुलिङ्गी एवं नपुंसक लिङ्गी हो । परिस्तोम र कुथ हात्तीको गद्दी र झुलको वाचक हुन् । स्त्रीहरू बस्ने पर्दा भएको गाडीलाई कर्णीरथ र प्रवहण भनिन्छ । दोला र पङ्खा झुला वा डोलीको नाम हो । यो स्त्रीलिङ्गमा प्रयोग हुन्छ । आधोरण, हस्तिपक, हस्त्यारोह र निषादी हात्तीमा चढ्नेलाई जनाउने अर्थमा आउँछन् । लडाइँ गर्ने सिपाहीलाई भट र योद्धा भनिन्छ । कञ्चुक र वारण कवचको नाम हो । यसको प्रयोग स्त्रीलिङ्गबाहेक अन्य लिङ्गमा हुन्छ । शीर्षण्य र शिरस्त्र टाउकामा राखे टोपीको नाम हो । तनुत्र, वर्ण र दंशन पनि कवचको अर्थमा आउँछन् । आमुक्त, प्रतिमुक्त, पिनद्ध र अपिनद्ध लगाइएको कवचका नाम हुन् । सेनाको मोर्चाबन्दीको नाम व्यूह र बलविन्यास हो । चक्र र अनीक नपुंसक लिङ्गी शब्द सेनाको वाचक हुन् । एक हात्ती, एक रथ, तीन घोडा र पाँच पैदल भएका सेनालाई पत्ति भनिन्छ । पत्तिका सबै अङ्गलाई लगातार सातपटक तीनगुणा गर्दै गयो भने उत्तरोत्तर तिनका नाम— सेनामुख, गुल्म, गण, वाहिनी, पृतना, चमू र अनीकिनी हुन्छन् । हात्ती आदि सबै अङ्गद्वारा युक्त दस अनीकिनी सेनालाई अक्षौहिणी भनिन्छ । धनुष, कोदण्ड र इष्वास धनुषका नाम हुन् । धनुषका दुवै कोणलाई कोटि र अटनी भनिन्छ । त्यसको मध्य भागको नाम नस्तक वा लस्तक हो । प्रत्यञ्चालाई मौर्वी, ज्या, शिञ्जिनी र गुण भनिन्छ । पृषत्क, बाण, विशिख, अजिह्मग, खग र आशुग पर्याय शब्द हुन् । तूण, उपासङ्ग, तूणीर, निषङ्ग र इषुधि ठोक्राका नाम हुन् । यसमा इषुधि शब्द पुलिङ्ग र स्त्रीलिङ्ग दुवै हुन्छ । असि, ऋष्टि, निस्त्रिंश, करवाल र कृपाण तरबारका वाचक हुन् । तरबारको मुष्टिलाई त्सरु भनिन्छ । ईली र

असिर्ऋष्टिश्च निस्त्रिंशः करवालः कृपाणवत् ।१६।
त्सरुः खड्गस्य मुष्टिः स्यादीली तु करपालिका ।
द्वयो कुठारः स्वधितिः छुरिका चासिपुत्रिका ।१७।
प्रासस्तु कुन्तो विज्ञेयः सर्वला तोमरोऽस्त्रियाम् ।
वैतालिका बोधकरा मागधा वन्दिनस्तुतौ ।१८।
संशप्तकास्तु समयात्सङ्ग्रामादनिवर्त्तिनः ।
पताका वैजयन्ती स्यात्केतनं ध्वजमस्त्रियाम् ।१९।
अहं पूर्वमहं पूर्वमित्यहंपूर्विका स्त्रियाम् ।
अहमहमिका सा स्याद्यो ऽहङ्कारः परस्परम् ।२०।
शक्तिः पराक्रमः प्राणः शौर्य्यं स्थानसहोबलम् ।
मूर्च्छा तु कश्मलं मोहोऽप्यवमर्दस्तु पीडनम् ।२१।
अभ्यवस्कन्दनस्त्वभ्यासादनं विजयो जयः ।
निर्वासनं संज्ञपनं मारणं प्रतिघातनम् ।२२।
स्यात्पञ्चता कालधर्मो दिष्टान्तः प्रलयोऽत्ययः ।
विशो भूमिस्पृशो वैश्या वृत्तिर्वर्त्तनजीवने ।२३।
कृष्यादिवृतयो ज्ञेयाः कुसीदं वृद्धिजीविका ।
उद्धारोर्थप्रयोगः स्यात्कणिशं शस्यमञ्जरी ।२४।
किंशारुः शस्यशूकं स्यात्स्तम्बो गुत्सस्तृणादिनः ।
धान्यं व्रीहिः स्तम्बकरिः कडङ्गरो बुषं स्मृतम् ।२५।
माषादयः शमीधान्ये शूकधान्ये यवादयः ।
तृणधान्यानि नीवाराः शूर्पं प्रस्फोटनं स्मृतम् ।२६।
स्यूतप्रसेवौ कण्डोलपिटौ कटलिलिञ्जकौ ।
समानौ रसवत्यास्तु पाकस्थानमहानसे ।२७।
पौरोगवस्तदध्यक्षः सूपकारास्तु वल्लवाः ।
आरालिका आन्धसिकाः सूदा औदनिका गुणाः ।२८।

करपालिका शब्द गुप्तिका नाम हुन् । कुठार र सुधिति बन्चरोका अर्थमा आउँछन् । यसमा कुठार शब्दको प्रयोग पुलिङ्ग र नपुंसकलिङ्ग दुवैमा हुन्छ । छुरालाई क्षुरिका र असिपुत्रिका भनिन्छ । प्रास र कुन्त भालाका नाम हुन् । सर्वला र तोमर गँडासाको अर्थमा आउँछन् । तोमर शब्द पुलिङ्ग र नपुंसक लिङ्ग दुवैमा प्रयुक्त हुन्छ । बिहान मङ्गलगान गरेर राजालाई ब्युँझाउनेलाई वैतालिक र बोधकर भनिन्छ । मागध र वन्दी स्तुति गर्नेलाई भनिन्छ । शपथ लिएर सङ्ग्रामबाट नभाग्ने योद्धालाई संशप्तक भनिन्छ । पताका र वैजयन्ती झन्डाका नाम हुन् । केतन र ध्वज ध्वजाका वाचक हुन् र यिनको प्रयोग पुलिङ्ग र नपुंसक लिङ्गमा पनि हुन्छ । योद्धाहरूको युद्ध आदिमा म अघि जान्छु भन्ने प्रवृत्तिलाई अहम्पूर्विका भनिन्छ । यसको प्रयोग स्त्रीलिङ्गमा हुन्छ । म समर्थ छु भनेर जसले अहङ्कार प्रकट गर्दछ त्यसलाई अहमहमिका भनिन्छ । शक्ति, पराक्रम, प्राण, शौर्य, स्थान, सहस् र बल यी सबै शब्द बलका वाचक हुन् । मूर्च्छा, कश्मल र मोह मूर्च्छाका नाम हुन् । विपक्षीलाई राम्रोसँग कष्ट पुऱ्याउनुलाई अवमर्द तथा पीडन भनिन्छ । शत्रुलाई उपायहीन बनाउनुलाई अभ्यवस्कन्दन तथा अभ्यासादन भनिन्छ । जितलाई विजय र जय भनिन्छ । निर्वासन, संज्ञपन, मारण र प्रातिघातन मार्नुलाई भनिन्छ । पञ्चता र कालधर्म मृत्युको अर्थमा आउँछन् । दिष्टान्त, प्रलय र अत्ययको पनि त्यही अर्थ हो । विश, भूमिस्पृश् र वैश्य शब्दले वैश्यजातिलाई बोध गराउँछन् । वृत्ति, वर्तन र जीवन जीविकाको नाम हो । कृषि, गोरक्षा र वाणिज्य वैश्यका जीविकावृत्ति हुन् । ब्याजबाट चल्ने जीविकालाई कुसीदवृत्ति भनिन्छ । ब्याजको लागि दिने धनलाई उद्धार र अर्थप्रयोग भनिन्छ । अन्नको बालालाई कणिश भनिन्छ ।१-२४।

जौ आदिको तिखो अग्रभागलाई किंशारु तथा शस्यशूक भनिन्छ । तृण आदिको गुच्छालाई स्तम्ब भनिन्छ । धान्य, व्रीहि र स्तम्बकरि अन्नका वाचक हुन् । अन्नका डाँठबाट आउने भुसलाई कडङ्गर र बुष भनिन्छ । शमीधान्य भनेर कोसेबाली र त्यसभित्रका बियाँ, चना र केराउ आदिलाई लिइन्छ तथा शूकधान्यमा जौ आदि पर्दछन् । तृणधान्य निवारलाई भनिन्छ । नाङलोलाई शूर्प र प्रस्फोटन भनिन्छ । सन वा वस्त्रबाट बनेको झोला वा थैलोलाई स्यूत र प्रसेव भनिन्छ । कण्डोल र पिट टोकरीका नाम हुन् । कट र किलिञ्जक चकटी वा गुन्द्रीका नाम हुन् । यी दुवैको लिङ्ग एउटै हो । रसवती, पाकस्थान र महानस भान्साघरको अर्थमा आउँछ । भान्छाघरको अध्यक्षको नाम पौरोगव हो । खाना बनाउनेलाई सूपकार, बल्लव, आरालिक, आन्धसिक, सूद, औदनिक तथा गुण भनिन्छ । नपुंसक लिङ्ग अम्बरीष तथा पुलिङ्ग भ्राष्ट्रशब्द भुङ्ग्रोका वाचक हुन् । कर्करी, आलु तथा गलन्तिका डाडुपन्यु आदिका नाम हुन् । ठूलो घडा वा मटलाई आलिञ्जर एवं मणिक भनिन्छ । कालो जिरालाई सुषवी भनिन्छ । आरनाल

क्लीबेऽम्बरीषं भ्राष्ट्रो ना कर्कर्य्यालूर्गलन्तिका ।
आलिञ्जरः स्यान्मणिकं सुषवी कृष्णजीरके ।२९।
आरनालस्तु कुल्माषं बाह्लीकं हिङ्गु रामठम् ।
निशा हरिद्रा पीता स्त्री खण्डे मत्स्यण्डिफाणिते ।३०।
कूर्चिका क्षीरविकृतिः स्निग्धं मसृणचिक्कणम् ।
पृथुकः स्याच्चिपिटको धाना भ्रष्टयवाः स्त्रियाम् ।३१।
जेमनं लेप आहारो माहेयी सौरभी च गौः ।
युगादीनां च वोढारो युग्यप्रासङ्ग्यशाटकाः ।३२।
चिरसूता वष्कयणी धेनुः स्यान्नवसूतिका ।
सन्धिनी वृषभाक्रान्ता वेहद्गर्भोपघातिनी ।३३।
पण्याजीवो ह्यापणिको न्यासश्चोपनिधिः पुमान् ।
विपणो विक्रयः सङ्ख्या सङ्ख्येये ह्यादश त्रिषु ।३४।
विंशत्याद्याः सदैकत्वे सर्वाः सङ्ख्येयसङ्ख्ययोः ।
सङ्ख्यार्थे द्विबहुत्वे स्तस्तासु चा नवतेः स्त्रियः ।३५।
पङ्क्तेः शतसहस्रादि क्रमाद्दशगुणोत्तरम् ।
मानन्तुलाङ्गुलिप्रस्थैर्गुञ्जाः पञ्चाद्यमाषकः ।३६।
ते षोडशाक्षः कर्षोऽस्त्री पलं कर्षचतुष्टयम् ।
सुवर्णविस्तौ हेम्नोऽक्षे कुरुविस्तस्तु तत्पले ।३७।
तुला स्त्रियां पलशतं भारः स्याद्विंशतिस्तुलाः ।
कार्षापणः कार्षिकः स्यात्कार्षिके ताम्रिके पणः ।३८।
द्रव्यं वित्तं स्वापतेयं रिक्थमृक्थं धनं वसु ।
रीतिः स्त्रियामारकूटो न स्त्रियामथ ताम्रकम् ।३९।
शुल्वमौदुम्बरं लौहे तीक्ष्णं कालायसायसी ।
क्षारः काचोऽथ चपलो रसः सूतश्च पारदे ।४०।
गरलं माहिषं शृङ्गं त्रपु सीसकपिच्चटम् ।
डिण्डीरोऽब्धिकफः फेनो मधूच्छिष्टन्तु सिक्थकम् ।४१।

र कुल्माषलाई काँजी भनिन्छ । वाह्लीक, हिङ्गु, तथा रामठ हिङ्गका अर्थमा आउँछन् । निशा, हरिद्रा र पीता हलेदोका वाचक हुन् । सक्खरलाई मत्स्यण्डि तथा फाणित भनिन्छ । दुधको विकार कूर्चिका र क्षीरविकृति भनेको कुराउनी हो । स्निग्ध, मसृण र चिक्कण चिल्लोको अर्थमा आउँछ । पृथुक र चिपिटक चिउराका वाचक हुन् । भुटेको जौलाई धाना भनिन्छ । यो स्त्रीलिङ्गी शब्द हो । जेमन, लेह (लेप) र आहारले भोजनलाई बोध गराउँछन् । माहेयी, सौरभी र गौ गाईका पर्याय शब्द हुन् । काँधमा जुआ बोक्ने गोरुलाई युग्य र प्रासङ्ग्य तथा गाडा तान्नेलाई शाकट भनिन्छ । धेरै दिन भएको बकेनो गाईलाई वष्कयणी तथा लैनो गाईलाई धेनु भनिन्छ । साँडे लागेको गाईलाई सन्धिनी भनिन्छ । गर्भ तुहाउने गाईलाई वेहद् भनिन्छ । पण्याजीव तथा आपणिक व्यापारीका अर्थमा आउँछन् । न्यास र उपनिधि धरौटीका वाचक दुवै शब्द पुलिङ्गी हुन् । बेच्नेको नाम विपण र विक्रय हो । सङ्ख्यावाचक शब्द एकदेखि दस शब्दको श्रवण हुनेसम्म केवल सङ्ख्येय द्रव्यको बोध गराउनका लागि प्रयुक्त हुन्छ । त्यसैले यसको प्रयोग तीनै लिङ्गमा हुन्छ । जस्तै– एकः पटः, एका स्त्री, एकं पुष्पम् इत्यादि; तर पञ्चम्देखि दशम् शब्दसम्मका रूप तीनै लिङ्गमा समान हुन्छन् । जस्तो– दश स्त्रियः, दश पुरुषाः, दश पुष्पाणि इत्यादि । यस प्रकार अष्टादससम्म बुझ्नुपर्दछ । सङ्ख्यालाई मात्रै बोध गराउनका लागि यी शब्दको प्रयोग हुँदैन, त्यसैले विप्राणां शतम् इत्यादि जस्तै विप्राणां दश भन्ने प्रयोग हुँदैन । विंशति आदि सबै सङ्ख्यावाची शब्द सङ्ख्या र सङ्ख्येय दुवै अर्थमा आउँछन् र सधैँ एक वचनान्त मानिन्छ । सङ्ख्यामा मात्रै चाहिँ द्विवचन र बहुवचन पनि हुन्छ । उनन्तीसदेखि उनान्सयसम्मका सबै सङ्ख्या शब्द स्त्रीलिङ्गी हुन्छन् । पङ्क्तिदेखि शत, सहस्र आदि शब्द क्रमशः दसगुणा धेरै हुन्छन् । मान तीन प्रकारको हुन्छ– तुलामान, अङ्गुलिमान र प्रस्थमान । पाँच रत्तिको एक माशा हुन्छ । सोह्र माशाको एक अक्ष हुन्छ, यसैलाई कर्ष पनि भनिन्छ । कर्ष पुलिङ्ग पनि हुन्छ र नपुंसकलिङ्ग पनि । चार कर्षको एक पला हुन्छ । एक अक्ष सुनलाई सुवर्ण र बिस्त भनिन्छ तथा एक पला सुवर्णलाई कुरुबिस्त भनिन्छ । सय पलाको एक तोला हुन्छ, यो स्त्रीलिङ्गी शब्द हो । बीस तोलालाई भार भनिन्छ । चाँदीको रुपैयाँलाई कार्षापण र कार्षिक भनिन्छ । तामाको पैसालाई पण भनिन्छ । द्रव्य, वित्त, स्वापतेय, रिक्थ, ऋक्थ, धन र वसु यी सबै धनका वाचक हुन् । स्त्रीलिङ्गी रीति शब्द र पुलिङ्ग आरकूट पितलको अर्थमा प्रयुक्त हुन्छन् । तामाको नाम ताम्रक, शूल्ब तथा औदुम्बर हो । तीक्ष्ण, कालायस र आयस फलामको अर्थमा आउँछन् । क्षार र काँच काँचका नाम हुन् । चपल, रस, सूत र पारद यी पारोका नाम हुन् । भैँसीको सिङ्गलाई गरल वा गवल भनिन्छ । त्रपु, सीसक र पिच्चट सिसाको अर्थमा प्रयुक्त हुन्छन् । हिण्डीर, अब्धिकफ तथा फेन–समुद्रको फिँजका

रङ्गवङ्गे पिचुस्थूलो कूलटी तु मनःशिला ।
यवक्षारश्च पाक्यः स्यात्त्वक्क्षीरा वंशलोचना ।४२।
वृषला जघन्यजाः शूद्राश्चाण्डालान्त्याश्च सङ्कराः ।
कारुः शिल्पी संहतैस्तैर्द्वयोः श्रेणिः सजातिभिः ।४३।
रङ्गाजीवश्चित्रकरस्त्वष्टा तक्षा च वर्धकिः ।
नाडिन्धमः स्वर्णकारो नापितान्तावसायिनः ।४४।
जाबालः स्यादजाजीवो देवाजीवस्तु देवलः ।
जायाजीवास्तु शैलूषा भृतको भृतिभुक् तथा ।४५।
विवर्णः पामरो नीचः प्राकृतश्च पृथग्जनः ।
विहीनोपशदो जाल्मो भृत्ये दासेरचेटकाः ।४६।
पटुस्तु पेशलो दक्षो मृगयुर्लुब्धकः स्मृतः ।
चाण्डालस्तु दिवाकीर्त्तिः पुस्तं लेप्यादिकर्मणि ।४७।
पञ्चालिका पुत्रिका स्याद्वर्करस्तरुणः पशुः ।
मञ्जूषा पेटकः पेटा तुल्यसाधारणौ समौ ।
प्रतिमा स्यात्प्रतिकृतिर्वर्गा ब्रह्मादयः स्मृताः ।४८।

नाम हुन् । मधूच्छिष्ट र सिक्थक मैनका नाम हुन् । रङ्ग र वङ्ग राङका, पिचु र तूल रुवाका तथा कूलटी र मनःशिला मैनसिलका नाम हुन् । यवक्षार र पाक्य पर्यायवाची शब्द हुन् । त्वक्क्षीरा र वंशलोचना वंशलोचनका वाचक हुन् । वृषल, जघन्यज र शूद्र शूद्रजातिका नाम हुन् । चाण्डाल एवं अन्त्यज जातिलाई वर्णसङ्कर भनिन्छ । शिल्पकर्म ज्ञातालाई कारु र शिल्पी भनिन्छ । समान जातिका शिल्पीहरूको समुदायलाई श्रेणि भनिन्छ । यो स्त्रीलिङ्ग र पुलिङ्ग दुवैमा प्रयुक्त हुन्छ । चित्र बनाउनेलाई रङ्गजीव र चित्रकार भनिन्छ । त्वष्टा, तक्षा र वर्धकि भनेका सिकर्मीका नाम हुन् । नाडिन्धम र स्वर्णकार सुनारको वाचक हो । हजामलाई नापित तथा अन्तावसायी भनिन्छ । बाख्रा बेच्नलाई जाबाल र अजाजीव भनिन्छ । देवपूजाबाट जीविका चलाउनेलाई देवाजीव र देवल भनिन्छ । आफ्नी स्त्रीसँगै नाटक देखाएर जीवन निर्वाह गर्ने नटलाई जायाजीव र शैलूष भनिन्छ । दैनिक ज्याला लिएर गुजारा गर्नेलाई भृतक र भृतिभुक् भनिन्छ । विवर्ण, पामर, नीच, प्राकृत, पृथग्जन, विहीन, अपसद र जाल्म नीचका वाचक हुन् । दासलाई भृत्य, दासेर र चेटक भनिन्छ । पटु, पेशल र दक्ष चतुरको अर्थमा आउँछ । व्याधालाई मृगयु र लुब्धक भनिन्छ । चाण्डाललाई चाण्डाल र दिवाकीर्ति भनिन्छ । पुस्त शब्दको प्रयोग पोताइ आदिको काममा हुन्छ । खेलौना पुतलीलाई पञ्चालिका र पुत्रिका भनिन्छ । वर्कर शब्द जवान पशुमात्रको अर्थमा आउँछ । गहना राख्ने बट्टा वा कपडा राख्ने पेटीलाई मञ्जुषा, पेटक तथा पेडा भनिन्छ । तुल्य र साधारण समान अर्थका वाचक हुन् । यसको सामान्यत तीनै लिङ्गमा प्रयोग हुन्छ । प्रतिमा र प्रतिकृति पत्थर आदि मूर्तिवाचक हुन् । यस प्रकार ब्राह्मण आदि वर्गको वर्णन गरियो ।२५–४८।

३६७. सप्तषष्ट्यधिकत्रिशततमोऽध्यायः

सामान्यनामलिङ्ग

अग्निरुवाच

सामान्यान्यथ वक्ष्यामि नामलिङ्गानि तच्छृणु ।
सुकृती पुण्यवान् धन्यो महेच्छस्तु महाशयः ।१।
प्रवीणनिपुणाभिज्ञविज्ञनिष्णातशिक्षिताः ।
स्युर्वदान्यस्थूललक्षदानशौण्डा बहुप्रदे ।२।
कृती कृतज्ञः कुशल आसक्तोद्युक्त उत्सुकः ।

अग्निदेव भन्दछन्– हे मुनिवर ! अब म सामान्यतः नामलिङ्गको वर्णन गर्दछु, ध्यान दिएर सुन । सुकृति, पुण्यवान् र धन्य शब्द प्रायः पुण्यात्मा र सौभाग्यशाली पुरुषको लागि प्रयोग हुन्छन् । अभिलाषा, आशय वा अभिप्राय महान् भएकालाई महेच्छ र महाशय भनिन्छ । प्रवीण, निपुण, अभिज्ञ, विज, निष्णात र शिक्षित शब्द सुयोग्य एवं कुलशको अर्थमा प्रयोग हुन्छन् । वन्दाय, स्थूललक्ष, दानशौण्ड र बहुप्रद धेरै दान गर्नेको संज्ञा हुन् । कृती, कृतज्ञ र कुशल यो पनि प्रवीण, चलाख एवं दक्षको अर्थमा आउँछन् । आसक्त, उद्युक्त र उत्सुक उद्योगी एवं कार्यपरायण पुरुषका लागि प्रयुक्त हुन्छन् । धेरै धनीलाई इभ्य र

इभ्य आढ्यः परिवृढो ह्यधिभूर्नायकोऽधिपः ।३।
लक्ष्मीवाँल्लक्ष्मणः श्रीलः स्वतन्त्रः स्वैर्य्यपावृतः ।
खलपूः स्याद्बहुकरो दीर्घसूत्रश्चिरक्रियः ।४।
जाल्मोऽसमीक्ष्यकारी स्यात्कुण्ठो मन्दः क्रियासु यः ।
कर्मशूरः कर्मठः स्याद्भक्षको घस्मरोऽभ्ररः ।५।
लोलुपो गर्धलो गृध्नुर्विनीतप्रश्रितौ तथा ।
धृष्टे धृष्णुर्वियातश्च निभृतः प्रतिभान्विते ।६।
प्रगल्भो भीरुको भीरुर्वन्दारुरभिवादके ।
भूष्णुर्भविष्णुर्भविता ज्ञाता विदुरविन्दुकौ ।७।
मत्तशौण्डोत्कटक्षीबाश्चण्डस्त्वत्यन्तकोपनः ।
देवानञ्चति देवद्र्यङ् विष्वद्रङ्विष्वगञ्चति ।८।
यः सहाञ्चति सध्र्यङ् स स तिर्य्यङ् यस्तिरोऽञ्चति ।
वाचोयुक्तिपटुर्वाग्मी वावदूकोश्च वक्तरि ।९।
स्याज्जल्पाकस्तु वाचालो वाचाटो बहुगर्ह्यवाक् ।
अपध्वस्तो धिक्कृतः स्याद् बद्धे कीलितसंयतौ ।१०।
वरणः शब्दनो नान्दीवादी नान्दीकरः समाः ।
व्यसनार्त्तोपरक्तौ द्वौ बद्धे कीलितसंयतौ ।११।
विहस्तव्याकुलौ तुल्यौ नृशंसक्रूरघातुकाः ।
पापो धूर्त्तो वञ्चकः स्यान्मूर्खे वैधेयबालिशौ ।१२।
कदर्य्ये कृपणक्षुद्रौ मार्गणौ याचकार्थिनौ ।
अहङ्कारवानहंयुः स्याच्छुभम्युस्तु शुभान्वितः ।१३।
कान्तं मनोरमं रुच्यं हृद्याभीष्टे ह्यभीप्सिते ।
असारं फल्गु शून्यं वै मुख्यवर्य्यवरेण्यकाः ।१४।
श्रेयान्श्रेष्ठः पुष्कलः स्यात्प्राग्र्याग्र्यग्रीयग्रिमम् ।
वड्रोरु विपुलं पीनपीव्नी तु स्थूलपीवरे ।१५।

आढ्य भनिन्छ। परिवृढ, अभिधू, नायक र अधिप यी स्वामीका वाचक हुन्। लक्ष्मीवान्, लक्ष्मण तथा श्रील यी शोभा र श्रीबाट सम्पन्न पुरुषका अर्थमा आउँछन् । स्वतन्त्र, स्वैरी र अपावृत्त शब्द स्वाधीन अर्थका बोधक हुन्। खलपू र बहूकर खलो वा भुइँ सफा गर्ने पुरुषका अर्थमा आउँछन्। दीर्घसूत्र र चिरक्रिय भन्नाले अल्छी र ढिलो काम गर्ने पुरुषलाई बुझ्फाउँछ। विचार नगरीकन काम गर्नेलाई जाल्म र असमीक्ष्यकारी भनिन्छ। ढिलो गरेर काम गर्नेलाई कुण्ठ भनिन्छ। उत्साहपूर्वक कर्म गर्नेलाई कर्मशूर र कर्मठ भनिन्छ। खन्चुवालाई भक्षक, घस्मर र अद्मर भन्दछन्। लोभीका पर्याय शब्दहरू लोलुप, गर्धन र गृध्नु हुन्। विनययुक्त पुरुषलाई बोध गराउने विनीत र प्रश्रित हुन्। धृष्णु र वियात धृष्टको लागि प्रयुक्त हुन्छन्। प्रतिभाशाली पुरुषका अर्थमा निभृत र प्रगल्भ शब्दको प्रयोग हुन्छ। डरपोकलाई भीरुक र भीरु, वन्दारु र अभिवादनशीललाई, भूष्णु,भविष्णु र भविता भविष्यज्ञातालाई, विदुर र विन्दुक जानिफकारलाई भनिन्छ। मत्त, शौण्ड, उत्कट र क्षीब शब्दको प्रयोग मन परी गरेर हिँड्नेलाई प्रयोग गरिन्छन्। चण्ड र अत्यन्त कोपन धेरै रीस भएको पुरुषलाई भनिन्छ। देवताहरूको अनुसरण गर्नेलाई देवद्र्यङ र सबैतिर जानेलाई विष्वग्द्र्यङ् भनिन्छ। यस प्रकार सँगै हिँड्ने सध्र्यङ् र छड्के हिँडनेलाई तिर्यङ् भनिन्छ। वाचोयुक्ति पटु, वाग्मी र वावदूक कुशल वक्ताको अर्थमा प्रयुक्त हुन्छ। धेरै जे पायो त्यही कराइरहनेलाई जल्पक, वाचाल, वाचाट र बहुगर्ह्यवाक् भनिन्छ। अपध्वस्त र धिकृत धिक्कारिएको पुरुषलाई भनिन्छ। कीलित र संयत शब्द बाँधिएकालाई बोध गराउँछ। रवण र शब्दन शब्द आवाज गर्नेको अर्थमा आउँछन्। नान्दीपाठ गर्नेलाई नान्दीवादी र नान्दीकर भनिन्छ। व्यसनार्त र उपरक्त पीडितको अर्थमा प्रयोग हुन्छन्। विहस्त र व्याकुलले शोकाकुल पुरुषलाई बोध गराउँछन्। नृशंस, क्रूर, घातक र पापी अरुलाई द्रोह गर्ने निर्दयी मनुष्यलाई भनिन्छ। ठगलाई धूर्त र वञ्चक भनिन्छ। वैदेह र वालिश मूर्खलाई भनिन्छ। कृपण र क्षुद्र कन्जुसलाई भनिन्छ। मार्गण, याचक र अर्थी याचना गर्नेलाई भनिन्छ। अहङ्कारीलाई अहङ्कारवान् र अहंयु तथा शुभको भागीलाई शुभान्वित र शुभंयु भनिन्छ।१-१३।

कान्त, मनोरम र रुच्य सुन्दर अर्थमा प्रयोग हुन्छ। हृद्य, अभीष्ट र अभीप्सित शब्द प्रियका समानार्थक हुन्। असार, फल्गु तथा शून्य निस्सार अर्थलाई बोध गराउने हुन्। मुख्य, वर्य, वरेण्यक, श्रेयान्, श्रेष्ठ र पुष्कल श्रेष्ठको अर्थमा आउने हुन्। प्राग्र्य, अग्र्य, अग्रीय तथा अग्रिय शब्द पनि यसै अर्थम आउँछन्। वड्, उरु र विपुल विशाल अर्थका बोधक हुन्। पीन, पीवन्, स्थूल र पीवरले स्थूल वा मोटो अर्थको बोध गराउँछन्। स्तोक, अल्प, क्षुल्लक, सूक्ष्म, श्लक्ष्ण, दभ्र, कृश

स्तोकाल्पक्षुल्लकाः सूक्ष्मं श्लक्ष्णं दभ्रं कृशं तनु ।
मात्राकुटीलवकणा भूयिष्ठं पुरुहं पुरु ।१६।
अखण्डं पूर्णसकलमुपकण्ठान्तिकाभितः ।
समीपे सन्निधाभ्यासौ नेदिष्ठं सुसमीपकम् ।१७।
सुदूरे तु दविष्ठं स्याद्वृत्तं निस्तलवर्तुले ।
उच्चप्रांशून्नतोदग्रा ध्रुवो नित्यः सनातनः ।१८।
आविद्धं कुटिलं भुग्नं वेल्लितं वक्रमित्यपि ।
चञ्चलं तरलञ्चैव कठोरं जरठं दृढम् ।१९।
प्रत्यग्रोऽभिनवो नव्यो नवीनो नूतनो नवः ।
एकतानोऽनन्यवृत्तिरुच्चण्डमविलम्बितम् ।२०।
उच्चावचं नैकभेदं सम्बाधकलिलं तथा ।
तिमितं स्तिमितं क्लिन्नमभियोगस्त्वभिग्रहः ।२१।
स्फातिर्वृद्धौ प्रथा ख्यातौ समाहारः समुच्चयः ।
अपहारस्त्वपचयो विहारस्तु परिक्रमः ।२२।
प्रत्याहार उपादानं निर्हारोऽभ्यवकर्षणम् ।
विघ्नोऽन्तरायः प्रत्यूहः स्यादास्याद्वासना स्थितिः ।२३।
सन्निधिः सन्निकर्षः स्यात्सङ्क्रमो दुर्गसञ्चरः ।
उपलम्भस्त्वनुभवः प्रत्यादेशो निराकृतिः ।२४।
परिरम्भः परिष्वङ्गः संश्लेष उपगूहनम् ।
अनुमा पक्षहेत्वाद्यैर्डिम्बे भ्रमरविप्लवौ ।२५।
असन्निकृष्टार्थज्ञानं शब्दाद्धि शाब्दमीरितम् ।
सादृश्यदर्शनात्तुल्ये बुद्धिः स्यादुपमानकम् ।२६।
कार्य्यं दृष्ट्वा विना न स्यादर्थापत्तिः परार्थधीः ।
प्रतियोगिन्यगृहीते भुवि नास्तीत्यभावकः ।
इत्यादिनामलिङ्गो हि हरिरुक्तो नृबुद्धये ।२७।

तनु, मात्रा, त्रुटि, लव र कण स्वल्प वा सूक्ष्म अर्थबोधक हुन्। भूयिष्ठ, पुरुह र पुरु धेरैको अर्थबोधक हुन् । अखण्ड, पूर्ण र सकल समग्रलाई बताउने संज्ञा हुन् । उपकण्ठ, अन्तिक, अभितः, संनिधि र अभ्यास नजिकैको अर्थमा आउँछन् । अत्यन्त निकटलाई नेदिष्ठ भनिन्छ। धेरै टाढाको अर्थमा दविष्ठ शब्दको प्रयोग हुन्छ । वृत्त, निस्तल र वर्तुल गोलो आकार जनाउने संज्ञा हुन् । उच्च, प्रांशु, उन्नत र उदग्र माथिल्लो तहको अर्थमा प्रयोग हुन्छन् । ध्रुव, नित्य र सनातन नित्यको अर्थबोधक हुन् । आविद्ध, कुटिल, भुग्न, वेल्लित र वक्र बाङ्गोलाई बोध गराउने शब्द हुन् । चञ्चल र तरल चपलको अर्थमा आउँछन् । कठोर, जरठ र दृढ एकै खालको अर्थ भएका शब्द हुन् । प्रत्यग्र, अभिनव, नव्य, नवीन, नूतन र नव नयाँको अर्थमा आउँछन् । एकतान र अनन्यवृत्ति एकाग्रचित्त भएका पुरुषको बोधक हुन् । उच्चण्ड, र अविलम्बित फुर्तीको वाचक हो । उच्चावच र नैकभेद अनेक प्रकारको अर्थमा आउँछन् । सम्बाध र कलित सङ्कीर्ण एवं गहनको बोधक हो । तिमित, स्तिमित र क्लिन्न आर्द्र वा भिजेको अर्थमा आउँछन् । अभियोग र अभिग्रह अरूलाई लगाइएको दोषका नाम हुन् । स्फाति शब्द वृद्धिको र प्रथा शब्द ख्यातिको अर्थमा आउँछन् । समाहार र समुच्चय समूहका वाचक हुन् । अपहार र अपचयले ह्रासलाई बोध गराउँछन् । विहार र परिक्रम घुमफिरको अर्थमा आउँछन् । प्रत्याहार उपादान इन्द्रियलाई विषयबाट हटाउने अर्थमा प्रयुक्त हुन्छ । निर्हार तथा अभ्यवकर्षण शरीरमा लागेको शस्त्रादिलाई युक्तिपूर्वक निकाल्ने अर्थमा आउँछ । विघ्न, अन्तराय र प्रत्यूह विघ्नबाधालाई बोध गराउने हुन् । आस्या, आसना र स्थिति बस्ने क्रियाका बोधक हुन् । सन्निधि र सन्निकर्ष नजिक रहने अर्थमा आउँछन् । किल्लामा प्रवेश गर्ने क्रियालाई सङ्क्रम र दुर्गसञ्चर भनिन्छ । उपलम्भ र अनुभव अनुभूतिको नाम हो । प्रत्यादेश र निराकृति अर्काको मतलाई खण्डन गर्ने अर्थमा आउँछन् । परिरम्भ, परिष्वङ्ग, संश्लेष र उपगूहन अँगालोका अर्थमा प्रयुक्त हुन्छन् । पक्ष र हेतु आदिद्वारा निश्चित हुने ज्ञानको नाम अनुमा वा अनुमान हो । विनाहतियारको लडाइँ तथा भयभीत भएर बोलिएको शब्दको नाम डिम्ब, भ्रमर तथा विप्लव हो । शब्दद्वारा हुने परोक्ष अर्थको ज्ञानलाई शब्दज्ञान भनिन्छ । समानता देखेर बोध हुने तुल्यवस्तुको नाम उपमान हो । कार्य हेरेर कारण निश्चय गरिने वा फलानो कारण नभई यस्तो काम हुन सक्तैन भन्ने विचार गरेर अर्को वस्तु वा कारण ठम्याउनुलाई अर्थापत्ति भनिन्छ । उदाहरण देखाउन सकिने वस्तु नहुनाले फलानो वस्तु पृथ्वीमै छैन भन्ने लाग्छ भने यसलाई अभाव भनिन्छ । यस प्रकार मनुष्यलाई ज्ञान बढाउनको लागि मैले नाम र लिङ्गस्वरूप श्रीहरिको वर्णन गरें ।१४–२७।

३६८. अष्टषष्ट्यधिकत्रिशततमोऽध्यायः

नित्यनैमित्तिकप्राकृतप्रलय

अग्निरुवाच

चतुर्विधस्तु प्रलयो नित्यो यः प्राणिनां लयः ।
सदा विनाशो जातानां ब्राह्मो नैमित्तिको लयः ।१।
चतुर्युगसहस्रान्ते प्राकृतः प्राकृतो लयः ।
लय आत्यन्तिको ज्ञानादात्मनः परमात्मनि ।२।
नैमित्तिकस्य कल्पान्ते वक्ष्ये रूपं लयस्य ते ।
चतुर्युगसहस्रान्ते क्षीणप्राये महीतले ।३।
अनावृष्टिरतीवोग्रा जायते शतवार्षिकी ।
ततः सत्त्वक्षयः स्याच्च ततो विष्णुर्जगत्पतिः ।४।
स्थितो जलानि पिबति भानोः सप्तसु रश्मिषु ।
भूपातालसमुद्रादितोयं नयति सङ्क्षयम् ।५।
ततस्तस्यानुभावेन तोयाहारोपबृंहिताः ।
त एव रश्मयः सप्त जायन्ते सप्त भास्कराः ।६।
दहन्त्यशेषं त्रैलोक्यं सपातालतलं द्विज ।
कूर्मपृष्ठसमा भूः स्यात्ततः कालाग्निरुद्रकः ।७।
शेषाहिश्वाससम्पातात्पातालानि दहत्यधः ।
पातालेभ्यो भुवं विष्णुर्भुवः स्वर्गं दहत्यतः ।८।
अम्बरीषमिवाभाति त्रैलोक्यमखिलं तथा ।
ततस्तापपरीतास्तु लोकद्वयनिवासिनः ।९।
गच्छन्ति ते महर्लोकं महर्लोकाज्जनं ततः ।
रुद्ररूपी जगद्दग्ध्वा मुखनिःश्वासतो हरेः ।१०।
उत्तिष्ठन्ति ततो मेघा नानारूपाः सविद्युतः ।
शतं वर्षाणि वर्षन्तः शमयन्त्यग्निमुत्थितम् ।११।
सप्तर्षिस्थानमाक्रम्य स्थितेऽम्भसि शतं मरुत् ।
मुखनिःश्वासतो विष्णोर्नाशं नयति तान्घनान् ।१२।
वायुं पीत्वा हरिः शेषे शेते चैकार्णवे प्रभुः ।

अग्निदेव भन्दछन्– हे वसिष्ठ ! प्रलय चार किसिमको हुन्छ । नित्य, नैमित्तिक, प्राकृत र आत्यन्तिक । जगत्मा उत्पन्न हुने प्राणीहरूको साधारण हुने मृत्युलाई नित्य प्रलय भनिन्छ । एक हजारवटा चार युग बीतेपछि ब्रह्माजीको दिन समाप्त हुन्छ । समय सृष्टिको लय हुन्छ र त्यसैलाई ब्राह्म लय भनिन्छ । यसैलाई नैमित्तिक प्रलय पनि भनिन्छ । पाँचै भूत प्रकृतिमा लीन हुनेलाई प्राकृत प्रलय भनिन्छ र ज्ञान आएपछि आत्मा परमात्माको स्वरूपमा स्थित हुने अवस्थालाई आत्यन्तिक प्रलय भनिन्छ । अब म कल्पको अन्त्यमा हुने नैमित्तिक प्रलयको स्वरूपको वर्णन गर्दछु । चारै युग एक हजारपटक व्यतीत भएपछि यो भूमण्डल प्रायः क्षीण हुन्छ र सय वर्षसम्म भयङ्कर ठूलो अनावृष्टि हुन्छ । त्यसबाट भूतलका सम्पूर्ण जीवजन्तुहरूको विनाश हुन्छ । त्यसपछि जगत्का स्वामी भगवान् विष्णु सूर्यको सात किरणमा स्थित भएर पृथ्वी, पाताल र समुद्र आदि सबैको पानी पिउँदछन् । यसबाट सबैतिर पानी सुक्दछ । त्यसपछि भगवान्का इच्छाले पानीको खाएर पुष्ट भएका ती सात किरण सात सूर्यका रूपमा प्रकट हुन्छन् । ती सात सूर्यले पातालसहित सबै त्रिलोकलाई पोल्न थाल्छन् । त्यस बेला यो पृथ्वी कछुवाको पिठ्युँजस्तै देखिन्छ । अनि भगवान् शेषको श्वासले कालाग्नि रुद्रको प्रादुर्भाव हुन्छ र तलका सबै पाताललाई भस्म गर्दछन् । पातालपछि भगवान् विष्णुले भूलोकलाई, अनि भुवर्लोकलाई तथा अन्त्यमा स्वर्गलोकलाई पनि दग्ध गर्दछन् । त्यस बेला सबै त्रिभुवन आगो लागेको भट्टीजस्तै देखिन्छ । भुवर्लोक र स्वर्ग यी दुवै लोकका निवासी धेरै तापले दुःखी भएर महर्लोकमा जान्छन् र महर्लोकबाट जनलोकमा गएर स्थित हुन्छन् । शेषरूपी भगवान् विष्णुको मुखोच्छ्वासबाट प्रकट भएको कालाग्नि रुद्रले सम्पूर्ण जगत्लाई जलाएपछि आकाशमा नाना प्रकारका रूप भएको बादल निस्कछ र बिजुली पनि चम्किन्छ । ती बादलले लगातार सय वर्षसम्म वर्षा गरेर बढ्दो आगोलाई शान्त गर्दछन् । सप्तर्षिहरूको स्थानसम्म पानी पुगेपछि विष्णुको मुखबाट निस्केको श्वासबाट सय वर्षसम्म प्रचण्ड वायु चल्दछ र त्यसले बादललाई नाश गर्दछ । फेरि ब्रह्मरूपधारी भगवान्ले त्यस वायुलाई पिउँछन्

ब्रह्मरूपधरः सिद्धैर्जलगैर्मुनिभिः स्तुतः ।१३।
आत्ममायामयीं दिव्यां योगनिद्रां समास्थितः ।
आत्मानं वासुदेवाख्यं चिन्तयन्मधुसूदनः ।१४।
कल्पं शेते प्रबुद्धोऽथ ब्रह्मरूपी सृजत्यऽसौ ।
द्विपरार्धां ततोऽव्यक्तं प्रकृतौ लीयते द्विज ।१५।
स्थानात्स्थानं दशगुणमेकस्माद्गुण्यते स्थले ।
ततोऽष्टादशके भागे परार्धमभिधीयते ।१६।
परार्धं द्विगुणं यत्तु प्राकृतः प्रलयः स्मृतः ।
अनावृष्ट्याऽग्निसम्पर्कात्कृते संज्वलने द्विज ।१७।
महदादेर्विकारस्य विशेषान्तस्य संशये ।
कृष्णेच्छाकारिते तस्मिन्सम्प्राप्ते प्रतिसञ्चरे ।१८।
आपो ग्रसन्ति वै पूर्वं भूमेर्गन्धादिकं गुणम् ।
आत्मगन्धात्ततो भूमिः प्रलयत्वाय कल्पते ।१९।
रसात्मिकाश्च तिष्ठन्ति ह्यापस्तासां रसो गुणः ।
पीयते ज्योतिषा तासु नष्टास्वग्निश्च दीप्यते ।२०।
ज्योतिषोऽपि गुणं रूपं वायुर्ग्रसति भास्करम् ।
नष्टे ज्योतिषि वायुश्च बली दोधूयते महान् ।२१।
वायोरपि गुणं स्पर्शमाकाशं ग्रसते ततः ।
वायौ नष्टे तु चाकाशं नीरवं तिष्ठति द्विज ।२२।
आकाशस्याथ वै शब्दं भूतादिर्ग्रसते च खम् ।
अभिमानात्मकं खञ्च भूतादिर्ग्रसते महान् ।२३।
भूमिर्याति लयं चाप्सु आपो ज्योतिषि तद् व्रजेत् ।
वायौ वायुश्च खे खञ्च अहङ्कारे लयं स च ।२४।
महत्तत्त्वे महान्तञ्च प्रकृतिर्ग्रसते द्विज ।
व्यक्ताऽव्यक्ता च प्रकृतिर्व्यक्तस्याव्यक्तके लयः ।२५।
पुमानेकाक्षरः शुद्धः सोऽप्यंशः परमात्मनः ।
प्रकृतिः पुरुषश्चैतौ लीयेते परमात्मनि ।२६।
न सन्ति यत्र सर्वेशे नामजात्यादिकल्पनाः ।
सत्तामात्रात्मके ज्ञेये ज्ञानात्मन्यात्मनः परे ।२७।

र एकार्णवको जलमा सुत्दछन् । त्यस बेला सिद्ध र महर्षिगण जलमा स्थित भएका भगवान्को स्तुति गर्दछन् । भगवान् मधुसूदन आफ्नै वासुदेव संज्ञाको आत्मालाई चिन्तन गर्दै आफ्नै दिव्य मायामयी योगनिद्राको आश्रय लिएर एक कल्पसम्म सुत्छन् । ब्युँझिएपछि उनी ब्रह्माको रूपमा स्थित भएर पुनः जगत्को सृष्टि गर्दछन् । यस प्रकार ब्रह्माका दुई परार्द्धको आयु समाप्त भएपछि यो सारा स्थूल प्रपञ्च प्रकृतिमा लीन हुन्छ ।१-१५।

एकाइ-दहाइको क्रमबाट एकपछि दस गुणा स्थान नियत गरेर यदि गुणा गर्दै अठारसम्म पुगेपछि जुन सङ्ख्या हुन्छ त्यसलाई परार्द्ध भनिन्छ । परार्द्धको दोब्बर समय व्यतीत भएपछि प्राकृत प्रलय हुन्छ । त्यस बेला वर्षा बन्द भएर सबैतिर प्रचण्ड अग्नि प्रज्वलित हुनाले सबै थोक भस्म हुन्छन् । महत्तत्त्वबाट लिएर विशेषपर्यन्त सबै कार्य नाश हुन्छन् । भगवान्को सङ्कल्पबाट हुने त्यस प्राकृत प्रलय भएपछि पहिले पानीले पृथ्वीको गन्ध आदि गुणलाई निल्दै आफूमा लीन गर्दछ । अनि गन्धहीन पृथ्वीको प्रलय हुन्छ । त्यस बेला जलमा धुलो मिसिएर जलरूप हुन्छ । त्यसपछि रसमय जलको स्थिति रहन्छ । अनि तेजस्तत्त्वले जलको गुण रसलाई पिउँछ । यसबाट जलको लय हुन्छ । जल लीन भएपछि अग्नितत्त्व प्रज्वलित हुन्छ । त्यसपछि तेजको प्रकाशमय गुण रूपलाई वायुतत्त्वले निल्दछ । यस प्रकार तेज शान्त भएपछि अत्यन्त प्रबल एवं प्रचण्ड वायु ठूलो वेगले चल्दछ । अनि वायुको गुण स्पर्शलाई आकाशले आफूमा लीन गर्दछ । गुणका साथै वायुको नाश भएपछि केवल शून्य आकाशमात्र रहन्छ । त्यसपछि भूतादि आकाशको गुण शब्दलाई निल्दछ र तैजस अहङ्कार इन्द्रियलाई आफूमा लीन गर्दछ । यसपछि महत्तत्त्व अभिमान स्वरूप भूतादि एवं तैजस अहङ्कारलाई निल्दछ । यस प्रकार पृथ्वी जलमा लीन हुन्छ । जल तेजमा मिल्दछ, तेज वायुमा, वायु आकाशमा र आकाश अहङ्कारमा लय हुन्छ । अनि अहङ्कार महत्तत्त्वमा प्रवेश गर्दछ । हे ब्रह्मन् ! यस महत्तत्त्वलाई पनि प्रकृतिले निल्दछ । प्रकृतिको व्यक्त र अव्यक्त दुई स्वरूप हुन्छ । यसमा व्यक्त प्रकृति अव्यक्त प्रकृतिमा लय हुन्छ । एक, अविनाशी र शुद्धस्वरूप पुरुष पनि परमात्माकै अंश हो । अतः अन्तमा प्रकृति र पुरुष दुवै परमात्मामा लीन हुन्छन् । परमात्मा सत्स्वरूप ज्ञेय र ज्ञानमय हुन्छ । त्यो आत्माबाट सर्वथा टाढा छ । त्यही नै सबैको ईश्वर र सर्वेश्वर हो । त्यसमा नाम र जाति आदिको कल्पना हुँदैन ।१६-२७।

३६९. ऊनसप्तत्यधिकत्रिशततमोऽध्यायः

आत्यन्तिकलयगर्भोत्पत्ति

अग्निरुवाच

आत्यन्तिकं लयं वक्ष्ये ज्ञानादात्यन्तिको लयः।
आध्यात्मिकादिसन्तापं ज्ञात्वा स्वस्य विरागतः ।१।
आध्यात्मिकस्तु सन्तापः शारीरो मानसो द्विधा।
शारीरो बहुभिर्भेदैस्तापोऽसौ श्रूयतां द्विज ।२।
त्यक्त्वा जीवो भोगदेहं गर्भमाप्नोति कर्मभिः।
आतिवाहिकसंज्ञस्तु देहोभवति वै द्विज ।३।
केवलं स मनुष्याणां मृत्युकाल उपस्थिते।
याम्यैः पुंभिर्मनुष्याणां तच्छरीरं द्विजोत्तम ।४।
नीयते याम्यमार्गेण नान्येषां प्राणिनां मुने।
ततः स्वर्याति नरकं स भ्रमेद् घटयन्त्रवत् ।५।
कर्मभूमिरियं ब्रह्मन्फलभूमिरसौ स्मृता।
यमोयोनिश्च नरकं निरूपयति कर्मणा ।६।
पूरणीया श्च तेनैव यमञ्चैवानुपश्यताम्।
वायुभूताः प्राणिनश्च गर्भं ते प्राप्नुवन्ति हि ।७।
यमदूतैर्मनुष्यस्तु नीयते तञ्च पश्यति।
धर्मी च पूज्यते तेन पापिष्ठस्ताड्यते गृहे ।८।
शुभाशुभं कर्म तस्य चित्रगुप्तो निरूपयेत्।
बान्धवानामशौचे तु देहे खल्वातिवाहिके ।९।
तिष्ठन्नयति धर्मज्ञ दत्तपिण्डाशनं ततः।
तं त्यक्त्वा प्रेतदेहन्तु प्राप्यान्यं प्रेतलोकतः ।१०।
वसेत्क्षुधातृषायुक्त आमश्राद्धान्नुभुङ् नरः।
आतिवाहिकदेहात्तु प्रेतपिण्डैविना नरः ।११।
न हि मोक्षमवाप्नोति पिण्डांस्तत्रैव सोऽश्नुते।
कृते सपिण्डीकरणे नरः संवत्सरात्परम् ।१२।
प्रेतदेहं समुत्सृज्य भोगदेहं प्रपद्यते।
भोगदेहावुभौ प्रोक्तावशुभशुभसंज्ञितौ ।१३।
भुक्त्वा तु भोगदेहेन कर्मबन्धान्निपात्यते।

अग्निदेव भन्दछन्– हे वसिष्ठ ! अब म आत्यन्तिक प्रलयको वर्णन गर्दछु। जगत्को आध्यात्मिक, आधिदैविक र आधिभौतिक सन्तापलाई बुझेर मनुष्यलाई आफूदेखि नै वैराग्य भएपछि उसलाई ज्ञान हुन्छ र ज्ञानबाट यस सृष्टिको आत्यन्तिक प्रलय हुन्छ। आध्यात्मिक सन्ताप शारीरिक र मानसिक भेदबाट दुई प्रकारका हुन्छन्। हे ब्रह्मन् ! शारीरिक तापका पनि अनेकौँ भेद हुन्छन् र तिनलाई श्रवण गर्नुपर्छ। जीव भोगदेहलाई परित्याग गरेर आफ्नो कर्मअनुसार पुनः गर्भमा आउँछ। हे वसिष्ठ ! एउटा आतिवाहिक संज्ञक शरीर हुन्छ, त्यो केवल मनुष्यको मृत्युकाल उपस्थित भएपछि प्राप्त हुन्छ। हे विप्रवर ! यमराजका दूतले मनुष्यको त्यस आतिवाहिक शरीरलाई यमलोकको मार्गबाट लैजान्छन्। हे मुने ! अरू प्राणीहरूले न त आतिवाहिक शरीर पाउँछन् र न तिनीहरू यमलोकको मार्गबाट नै लगिन्छन्। त्यसपछि यमलोकमा गएको जीव कहिले स्वर्गमा र कहिले नरकमा जान्छ। यन्त्रमा जडिएको घडा कहिले पानीमा डुब्दै र कहिले माथितिर आउँदै गरेझैँ जीव पनि कहिले स्वर्ग र कहिले नरकमा घुमिरहन्छ। हे ब्रह्मन् ! यो लोक कर्मभूमि हो र परलोक फलभूमि। यमराजले जीवलाई उनीहरूको कर्मअनुसार भिन्नभिन्न योनि तथा नरकमा हाल्दछन्। यमराज नै जीवहरूद्वारा नरकलाई परिपूर्ण बनाउँछन्। यमराजलाई नै यहाँको नियामक सम्झनुपर्छ। जीव वायुरूप भएर गर्भमा प्रवेश गर्दछ। यमदूतले मनुष्यलाई यमराजकहाँ लगेपछि उनीहरूको कर्ममाथि उनैले विचार गर्दछन्। कोही धर्मात्मा छ भने त्यसको पूजा गर्दछन् र यदि पापी छ भने आफ्नो घरमा दण्ड दिन्छन्। चित्रगुप्तले उनीहरूका शुभ र अशुभ कर्मको विवेचना गर्दछन्। हे धर्मज्ञाता वसिष्ठ ! बन्धुबान्धवको अशौच नसकिएसम्म जीव आतिवाहिक शरीरमा नै रहेर दिइएको पिण्डलाई भोजनको रूपमा आफ्नो साथ लैजान्छ। त्यसपछि प्रेतलोकमा पुगेर आतिवाहिक शरीरलाई त्याग्दछ र भोगदेह लिएर त्यहाँ भोकप्यासले युक्त भएर निवास गर्दछ। त्यस बेला उसलाई श्राद्धको रूपमा दिइएको काँचो अन्न प्राप्त हुन्छ। प्रेतको लागि पिण्डदान नदिएसम्म उसले आतिवाहिक शरीरबाट छुट्कारा पाउँदैन। त्यसै शरीरमा रहेर केवल पिण्डको भोजन गर्दछ। सपिण्डीकरण श्राद्ध गरेको एक वर्षपछि ऊ प्रेतदेहलाई छोडेर भोगदेहमा जान्छ। भोगदेह दुई प्रकारको भनिएको छ– शुभ र अशुभ। भोगदेहद्वारा कर्मजनित बन्धनलाई भोगेपछि

तं देहं पततस्तस्माद्भक्षयन्ति निशाचराः ।१४।
पापे तिष्ठति चेत्स्वर्गं तेन भुक्तं तदा द्विज ।
तदा द्वितीयं गृह्णाति भोगदेहन्तु पापिनाम् ।१५।
भुक्त्वा पापन्तु वै पश्चाद्येन भुक्तं त्रिविष्टपम् ।
शुचीनां श्रीमतां गेहे स्वर्गभ्रष्टोऽभिजायते ।१६।
पुण्ये तिष्ठति चेत्पापं तेन भुक्त तदा भवेत् ।
तस्मिन्सम्भक्षिते देहे शुभं गृह्णाति विग्रहम् ।१७।
कर्मण्यल्पावरोषे तु नरकादपि मुच्यते ।
मुक्तस्तु नरकाद्यापि तिर्य्यग्योनिं न संशयः ।१८।
जीवः प्रविष्टो गर्भन्तु कललेऽप्यत्र तिष्ठति ।
घनीभूतं द्वितीये तु तृतीयऽवयवास्ततः ।१९।
चतुर्थेऽस्थीनि त्वङ्मांसं पञ्चमे रामसम्भवः ।
षष्ठे चेतोऽथ जीवस्य दुःखं विन्दति सप्तमे ।२०।
जरायुवेष्टिते देहे मूर्ध्नि बद्धाञ्जलिस्तथा ।
मध्ये क्लीबस्तु वामे स्त्री दक्षिणे पुरुषस्थितिः ।२१।
तिष्ठत्युदरभागे तु पृष्ठस्याभिमुखस्तथा ।
यस्यां तिष्ठत्यसौ योनौ तां स वेत्ति न संशयः ।२२।
सर्वं च वेत्ति वृत्तान्तमारभ्य नरजन्मनः ।
अन्धकारं च महतीं पीडां विन्दति मानवः ।२३।
मातुराहारपीतन्तु सप्तमे मास्युपाश्नुते ।
अष्टमे नवमे मासि भृशमुद्विजते तथा ।२४।
व्यवाये पीडामाप्नोति मातुर्व्यायामके तथा ।
व्याधिश्च व्याधितायां स्यान्मुहूर्त्तं शतवर्षवत् ।२५।
सन्तप्यते कर्मभिस्तु कुरुतेऽथ मनोरथान् ।
गर्भाद्विनिर्गतो ब्रह्मन्मोक्षज्ञानं करिष्यति ।२६।
सूतिवातैरधोभूतो निःसरेद्योनियन्त्रतः ।
पीड्यमानो मासमात्रं करस्पर्शेन दुःखितः ।२७।
खशब्दात्क्षुद्रस्रोतांसि देहे श्रोतं विविक्तना ।
श्वासोच्छ्वासौ गतिर्वायोर्वक्रसंस्पर्शनं तथा ।२८।
अग्ने रूपं दर्शनं स्यादूष्मा पक्तिश्च पित्तकम् ।
मेधा वर्णं बलं छाया तेजः शौर्य्यं शरीरके ।२९।
जलात्स्वेदश्च रसनं देहे वै सम्प्रजायते ।

जीवलाई मर्त्यलोकमा खसालिन्छ। त्यस बेला उसले त्यागेको भोगदेहलाई निशाचरले खान्छन् । हे ब्रह्मन् ! यदि जीवले भोगदेहद्वारा पहिलो पुण्यको फलस्वरूप स्वर्गको सुख भोग्दछ र पाप भोग्न बाँकी रहेको छ भने पापीहरूको जस्तै अर्को शरीर धारण गर्दछ। तर पहिले पापको फल भोगेर पछि स्वर्गको सुख भोगेको छ भने भोग समाप्त भएपछि स्वर्गबाट भ्रष्ट भएर पवित्र आचारविचार भएका धनवान्को घरमा जन्म लिन्छ। हे वसिष्ठ ! यदि जीवले पुण्य बाँकी हुँदै पहिले पाप भोग्दछ भने उसको भोग समाप्त भएपछि ऊ पुण्यभोगका लागि उत्तम शरीर धारण गर्दछ । कर्मको भोग केही बाँकी रहेपछि जीवले नरकबाट छुट्कारा पाउँछ । नरकबाट निस्केको जीवले पशुपक्षी आदि तिर्यग्योनिमा जन्म लिन्छ यसमा कुनै शङ्का छैन् । मानवगर्भमा प्रविष्ट भएको जीव पहिलो महिनामा रजवीर्यको मिश्रित बिन्दु कललको रूपमा रहन्छ। दोस्रो महिनामा घनीभूत हुन्छ र तेस्रो महिनामा शरीरको अवयव प्रकट हुन्छ। चौथो महिनामा हाड, मासु र छाला प्राकट्य हुन्छ । पाँचौं महिनामा रौं निक्लन्छ । छैठौं महिनामा उसभित्र चेतना आउँछ र सातौं महिनाबाट उसले दुःखको अनुभव गर्दछ। उसको पूरा शरीर जालोभित्र बेरिएको हुन्छ र मस्तकसँगै उसका जोडिएका हात बाँधिएका हुन्छन् । यदि गर्भमा रहेको बालक नपुंसक छ भने पेटको मध्यभागमा रहन्छ, कन्या हो भने बायाँ भागमा र पुत्र हो भने दायाँ भागमा रहन्छ। पेटको विभिन्न भागमा रहेर पिठ्युँतिर मुख फर्काएको हुन्छ । जुन योनिमा रहन्छ त्यसको उसलाई राम्रोसँग ज्ञान हुन्छ। यतिमात्र होइन, उसले मनुष्यजन्मबाट लिएर वर्तमान जन्मसम्मको आफ्नो सबै वृतान्त स्मरण गर्दछ । गर्भको अन्धकारमा जीवलाई निकै कष्टको अनुभव हुन्छ ।१-२३।

सातौं महिनामा उसले आमाले खाएपिएका पदार्थको रस पिउँछ । आठौं र नवौं महिनामा उसलाई गर्भभित्र धेरै उद्वेग हुन्छ । मैथुन भयो भने त झन दुःख हुन्छ । आमाले धेरै परिश्रम गरेमा पनि गर्भको बालकलाई कष्ट हुन्छ। आमा रोगी भएमा बालकले पनि रोगको कष्ट भोग्नुपर्छ । यसको लागि एक मुहूर्त (दुई घडी) पनि सय वर्ष समान हुन्छ। जीव आफ्नो कर्मअनुसार गर्भमा सन्तप्त हुन्छ। अनि उसले मनमनै गर्भबाट बाहिर निस्केपछि मोक्षको साधनभूत ज्ञानको प्रयत्नमा लाग्ने मन गर्दछ। प्रसूतिवायुको प्रेरणाले उसको शिर तलतिर फर्कन्छ र योनियन्त्रबाट पीडित हुँदै गर्भबाट बाहिर निस्कन्छ। बाहिर आएपछि एक महिनासम्म कसैले हातले छोए पनि उसलाई कष्ट हुने स्थिति हुन्छ । ख शब्दवाच्य आकाशबाट शरीरभित्र नाक, कान तथा शून्यता जस्ता ससाना प्वाल उत्पन्न हुन्छन् । श्वासोच्छ्वास, गति र अङ्ग बङ्ग्याएर कसैलाई स्पर्श गर्नु आदि सबै वायुका कार्य हुन्। रूप, नेत्र, गर्मी, पाचनक्रिया,

क्लेदो वसा रसा रक्तं शुक्रमूत्रकफादिकम् ।३०।
भूमेर्घ्राणं केशनखं गौरवं स्थिरतोऽस्थितः ।
मातृजानि मृदून्यत्र त्वङ्मांसहृदयानि च ।३१।
नाभिर्मज्जा शकृन्मेदः क्लेदान्यामाशयानि च ।
पितृजानि शिरस्नायुशुक्रञ्चैवात्मजानि तु ।३२।
कामक्रोधौ भयं हर्षो धर्माधर्मात्मिता तथा ।
आकृतिः स्वरवर्णौ तु मेहनाद्यं तथा च यत् ।३३।
तामसानि तथाऽज्ञानं प्रमादालस्यतृट्क्षुधाः ।
मोहमात्सर्य्यवैगुण्यशोकायासभयानि च ।३४।
कामक्रोधौ तथा शौर्य्यं यज्ञेप्सा बहुभाषिता ।
अहङ्कारः परावज्ञा राजसानि महामुने ।३५।
धर्मेप्सा मोक्षकामित्वं परा भक्तिश्च केशवे ।
दाक्षिण्यं व्यवसायित्वं सात्त्विकानि विनिर्दिशेत् ।३६।
चपलः क्रोधनो भीरुर्बहुभाषी कलिप्रियः ।
स्वप्ने गगनगश्चैव बहुवातो नरो भवेत् ।३७।
अकालपलितः क्रोधी महाप्राज्ञो रणप्रियः ।
स्वप्ने च दीप्तिमत्प्रेक्षी बहुपित्तो नरो भवेत् ।३८।
स्थिरमित्रः स्थिरोत्साहः स्थिराङ्गो द्रविणान्वितः ।
स्वप्ने जलसित्तालोकी बहुश्लेष्मा नरो भवेत् ।३९।
रसस्तु प्राणिनां देहे जीवनं रुधिरं तथा ।
लेपनं च तथा मांसमेहस्नेहकरन्तु तत् ।४०।
धारणन्त्वस्थि मज्जा स्यात्पूरणं वीर्य्यबर्धनम् ।
शुक्रवीर्य्यकरं ह्योजः प्राणकृज्जीवसंस्थितिः ।४१।
ओजः शुक्रात्सारतरमापीतं हृदयोपगम् ।
षडङ्गं सक्थिनी बाहुर्मूर्धा जठरमीरितम् ।४२।
षट् त्वचा बाह्यतो यद्वदन्या रुधिरधारिका ।
विलासधारिणी चान्या चतुर्थी कुण्डधारिणी ।४३।
पञ्चमी विद्रधिस्थानं षष्ठी प्राणधरा मता ।
कला सप्तमी मांसधरा द्वितीया रक्तधारिणी ।४४।
यकृत्प्लीहाश्रया चान्या मेदोधाराऽस्थिधारिणी ।
मज्जाश्लेष्मपुरीषाणां धरा पक्वाशयस्थिता ।
षष्ठी पित्तधरा शुक्रधरा शुक्राशयाऽपरा ।४५।

पित्त, मेधा, वर्ण, बल, छायाँ, तेज र शौर्य यी सबै शरीरमा अग्नितत्त्वबाट प्रकट हुन्छन् । पसिना, स्वादको अनुभव गर्ने जिब्रो, थाक्नु–गल्नु, बोसो, रस ग्रहण गर्ने शक्ति, वीर्य, मूत्र र कफ आदि शरीरमा प्रादुर्भाव हुनु पानीको कार्य हो । नाक, कपाल, नङ र नाडीहरू भूमितत्त्वबाट प्रकट हुन्छन् । शरीरमा हुने छाला, मांस, हृदय, नाभी, मज्जा, मल, मेदा, क्लेदन र आमाशय आदि कोमल पदार्थ आमाको रजबाट उत्पन्न हुन्छन् । शिरा, स्नायु र शुक्रको प्रादुर्भाव पिताबाट हुन्छ तथा काम, क्रोध, भय, हर्ष, धर्माधर्ममा प्रवृत्ति, आकृति, स्वर, वर्ण र मूत्रादि क्रिया आदि जीवका शरीरमा स्वतः प्रकट हुन्छन् । अज्ञान, प्रमाद, आलस्य क्षुधा, तृषा, मोह, मात्सर्य, वैराग्य, शोक, आभाष र डर आदि भाव तमोगुणबाट उत्पन्न हुन्छन् । हे महामुने ! काम, क्रोध, शौर्य, यज्ञको अभिलाषा, धेरै बोल्ने बानी, अहङ्कार तथा अर्कालाई अनादर गर्ने यी रजोगुणका कार्य हुन् । धर्मको अभिलाषा, मोक्षको आकाङ्क्षा, भगवान् विष्णुमा पराभक्ति हुनु, उदारता र उद्योगशीलता यिनलाई सत्त्वगुणबाट उत्पन्न भएका बुझ्नुपर्छ । चञ्चल, क्रोधी, डरपोक, झगडामा रुचि राख्ने तथा सपनामा आकाशमा उड्ने मानिस धेरै वात (वायुस्वभाव) भएको हुन्छ । उसमा वातको प्रधानता हुन्छ । जसको असमयमा नै कपाल फुल्छ, ऊ क्रोधी, महाबुद्धिमान् र युद्ध मन पराउने हुन्छ । पित्तप्रधान प्रकृतिका मानिसले सपनामा प्रकाशमान वस्तु धेरै देख्दछ । जसको मैत्री, उत्साह र अङ्ग सबै स्थिर छन्, धन आदिबाट सम्पन्न छ तथा सपनामा पानी एवं श्वेत पदार्थ धेरै देख्दछ उसमा कफको प्रधानता हुन्छ । प्राणीका शरीरमा रसले जीवन दिन्छ, रगतले लेपनको कार्य गर्दछ तथा मांस मेहन एवं स्नेहन कार्यको प्रयोजक हो । शरीरलाई धारण गर्ने काम हाड र मज्जाको हो । वीर्यको वृद्धिले शरीरलाई पूर्ण बनाउँछ । ओजले शुक्र र वीर्य उत्पादन गर्छ; यसैले जीवको स्थिति र प्राणको रक्षा गर्दछ । ओज शुक्रको अपेक्षा धेरै सार वस्तु हो । यो हृदयसँगै रहन्छ र यसको रङ्ग केही पहेँलो हुन्छ । दुवै तिघ्रा, दुवै पाखुरा, पेट र मस्तक यी छ अङ्ग बताइएको छ । छालाको छ स्तर हुन्छ । एउटा त बाहिर देखिने हो । दोस्रोले रगत धारण गर्दछ । तेस्रो किलास (धातुविशेष) र चौथो कुण्ड (धातुविशेष)लाई धारण गर्दछ । पाँचौँ छाला इन्द्रियको स्थान हो र छैठौँ प्राणलाई धारण गर्ने मानिन्छ । कला पनि सात प्रकारको छ– पहिलो मांस धारण गर्ने, दोस्रो रक्तधारिणी, तेस्रो जिगर एवं प्लिहालाई आश्रय दिने, चौथो मेदा र अस्थि धारण गर्ने, पाँचौँ मज्जा, श्लेष्मा र पक्वाशयमा रहेर दिसा धारण गर्ने, छैटौँ पित्त धारण गर्ने र सातौँ शुक्रलाई धारण गर्ने हो । त्यो शुक्राशयमा रहेको हुन्छ ।२४–४५।

३७०. सप्तत्यधिकत्रिशततमोऽध्यायः

शरीरावयव

अग्निरुवाच
श्रोत्रं त्वक् चक्षुषी जिह्वा घ्राणं धीः खञ्च भूतगम् ।
शब्दस्पर्शरूपरसगन्धाः खादिषु तद्गुणाः ।१।
पायूपस्थौ करौ पादौ वाग्भवेत्कर्म खं तथा ।
उत्सर्गानन्दकादानगतिवागादिकर्म तत् ।२।
पञ्च कर्मेन्द्रियाण्यत्र पञ्च बुद्धीन्द्रियाणि च ।
इन्द्रियार्थाश्च पञ्चैव महाभूता मनोऽधिपाः ।३।
आत्माऽव्यक्तश्चतुर्विंशतत्त्वानि पुरुषः परः ।
संयुक्तश्च वियुक्तश्च यथा मत्स्योदके उभे ।४।
अव्यक्तमाश्रितानीह रजःसत्त्वतमांसि च ।
आन्तरः पुरुषो जीवः स परं ब्रह्म कारणम् ।५।
स याति परमं स्थानं यो वेत्ति पुरुषं परम् ।
सप्ताशयाः स्मृता देहे रुधिरस्यैक आशयः ।६।
श्लेष्मणश्चामपित्ताभ्यां पक्वाशयस्तु पञ्चमः ।
वायुमूत्राशयः सप्त स्त्रीणां गर्भाशयोऽष्टमः ।७।
पित्तात्पक्वाशयोऽग्नेः स्याद्योनिर्विकसिता द्युतौ ।
पद्मवद्गर्भाशयः स्यात्तत्र धत्ते सरक्तकम् ।८।
शुक्रं स्वशुक्रतश्चाङ्गं कुन्तलान्यत्र कालतः ।
न्यस्तं शुक्रमतो योनौ नेति गर्भाशयं मुने ।९।
ऋतावपि च योनिश्चेद्वातपित्तकफावृता ।
भवेत्तदा विकाशित्वं नैव तस्यां प्रजायते ।१०।
बुक्कात्पुक्कसकप्लीहकृतकोष्ठाङ्गहृद्व्रणाः ।
तण्डकश्च महाभाग निबद्धान्याशये मतः ।११।
रसस्य पच्यमानस्य साराद्भवति देहिनाम् ।
प्लीहा यकृच्च धर्मज्ञ रक्तफेनाच्च पुक्कसः ।१२।
रक्तं पित्तञ्च भवति तथा तण्डकसंज्ञकः ।
मेदो रक्तप्रसाराच्च बुक्कायाः सम्भवः स्मृतः ।१३।
रक्तमांसप्रसाराच्च भवन्त्यन्त्राणि देहिनाम् ।
सार्धत्रिव्यामसङ्ख्यानि तानि नृणां विनिर्दिशेत् ।१४।
त्रिव्यामानि तथा स्त्रीणां प्राहुर्वेदविदो जनाः ।

अग्निदेव भन्दछन्– हे वसिष्ठ ! कान, छाला, आँखा, जिब्रो र नाक यी ज्ञानेन्द्रिय हुन् । आकाश सबै भूतले व्याप्त छ। शब्द, स्पर्श, रूप, रस र गन्ध यी क्रमशः आकाश आदि पाँच भूतको गुण हो। गुदा, उपस्थ, हाथ, गोडा र वाणी यी कर्मेन्द्रिय भनिन्छन् । मलत्याग, विषयजनित आनन्दको अनुभव, ग्रहण, चलन र कुराकानी यी उपर्युक्त इन्द्रियका काम हुन् । पाँच कर्मेन्द्रिय, पाँच ज्ञानेन्द्रिय, पाँच इन्द्रियको विषय, पाँच महाभूत, मन, बुद्धि, आत्मा, अव्यक्त यी चौबीस तत्त्व हुन्। यी सबैबाट पुरुष टाढा छ। ऊ यीसँग संयुक्त पनि रहन्छ र पृथक् पनि; जस्तो माछा र पानी यी दुवै एकैसाथ पनि रहन्छन् र भिन्नै पनि । रजोगुण, तमोगुण र सत्त्वगुण यस अव्यक्तमा आश्रित छन् । अन्तःकरणका उपाधिले युक्त पुरुषलाई जीव भनिन्छ, त्यसैलाई निरूपाधिक स्वरूपबाट परब्रह्म भनिएको हो र त्यो नै सबैको कारण हो । यस्ता परम पुरुषलाई चिन्ने मानिसले परमपद प्राप्त गर्दछ। यस शरीरभित्र सात आशयलाई मनिएको छ । पहिलो रुधिराशय, दोस्रो श्लेष्माशय, तेस्रो आमाशय, चौथो पित्ताशय, पाँचौं पक्काशय, छैठौं वाताशय र सातौं मूत्राशय । स्त्रीहरूमा यस बाहेक अर्को एउटा गर्भाशय पनि हुन्छ। अग्निबाट पित्त र पित्तबाट पक्काशय हुन्छ। ऋतुकालमा स्त्रीहरूका योनि केही फैलिन्छ। त्यसमा स्थापित भएको वीर्य गर्भाशयसम्म पुग्दछ । गर्भाशय कमलको आकारको हुन्छ । त्यहीं रज र वीर्य धारण हुन्छ। वीर्यबाट शरीर र समयअनुसार त्यसमा केश उम्रिन्छ। ऋतुकालमा पनि वात, पित्त र कफले योनि आवृत्त भएको छ भने त्यसमा विकास हुँदैन। हे महाभाग ! बुक्कबाट पुक्कस, प्लीहा, यकृत्, कोष्ठाङ्ग, हृदय, व्रण तथा तण्डक उत्पन्न हुन्छन् । यी सबै आशयमा निबद्ध हुन्छन् । प्राणीहरूले पकाएका रसको सारबाट प्लीहा र यकृत् हुन्छन् । धर्मका ज्ञानी हे वसिष्ठ ! रगतको फेनबाट पुक्कसको उत्पत्ति हुन्छ । यसै प्रकारले रगत, पित्त तथा तण्डक पनि उत्पन हुन्छन्। मेदा र रगतको प्रसारले बुक्काको उत्पत्ति हुन्छ। रगत र मासुको प्रसारले शरीर धारण गर्नेको आँत बन्दछ। पुरुषको आँतको परिमाण साढे तीन व्याम बताइएको छ र वेदवेत्ता पुरुषले स्त्रीहरूको आँत तीन व्याम लामो बताएका छन्। रगत

रक्तवायुसमायोगात्कामे यस्योद्भवः स्मृतः ।१५।
कफप्रसाराद्भवति हृदयं पद्मसन्निभम् ।
अधोमुखं तत्सुषिरं यत्र जीवो व्यवस्थितः ।१६।
चैतन्यानुगता भावा सर्वे तत्र व्यवस्थिताः ।
तस्य वामे तथा प्लीहा दक्षिणे च तथा यकृत् ।१७।
दक्षिणे च तथा क्लोम पद्मस्यैवं प्रकीर्त्तितम् ।
स्रोतांसि यानि देहेऽस्मिन्कफरक्तवहानि च ।१८।
तेषां भूतानुमानाच्च भवतीन्द्रियसम्भवः ।
नेत्रयोर्मण्डलं शुक्लं कफाद्भवति पैतृकम् ।१९।
कृष्णञ्च मण्डलं वातात्तथा भवति मातृकम् ।
पित्तात्त्वङ्मण्डलं ज्ञेयं मातापितृसमुद्भवम् ।२०।
मांसासृक्कफजा जिह्वा मेदोऽसृक्कफमांसजौ ।
वृषाणौ दश प्राणस्य ज्ञेयान्यायतनानि तु ।२१।
मूर्धा हृन्नाभिकण्ठाश्च जिह्वा शुक्रञ्च शोणितम् ।
गुदं बस्तिञ्च गुल्फञ्च कण्डुराः षोडशेरिताः ।२२।
द्वे करे द्वे च चरणे चतस्रः पृष्ठतो गले ।
देहे पादादिशीर्षान्ते जालानि चैव षोडश ।२३।
मांसस्नायुशिरास्थिन्यः चत्वारश्च पृथक्पृथक् ।
मणिबन्धनगुल्फेषु निबद्धानि परस्परम् ।२४।
षट् कूर्चानि स्मृतानीह हस्तयोः पादयोः पृथक् ।
ग्रीवायाञ्च तथा मेढ्रे कथितानि मनीषिभिः ।२५।
पृष्ठवंशस्योपगताश्चतस्रो मांसरज्जवः ।
नवत्यश्च तथा पेश्यस्तासां बन्धनकारिकाः ।२६।
सीरन्यश्च तथा सप्त पञ्च मूर्धानमाश्रिताः ।
एकैका मेढ्रजिह्वास्ता अस्थिषष्टिशतत्रयम् ।२७।
सूक्ष्मैः सह चतुःषष्टिर्दशना विंशतिर्नखाः ।
पाणिपादशलाकाश्च तासां स्थानचतुष्टयम् ।२८।
षष्ट्यङ्गुलीनां द्वे पार्ष्ण्योर्गुल्फेषु च चतुष्टयम् ।
चत्वार्य्यरत्न्योरस्थीनि जङ्घयोस्तद्वदेव तु ।२९।
द्वेद्वे जानुकपालोरुफलकांशसमुद्भवम् ।
अक्षस्थानांशकश्रोणिफलके चैवमादिशेत् ।३०।
भगास्तोकं तथा पृष्ठे चत्वारिंशच्च पञ्च च ।
ग्रीवायां च तथास्थीनि जत्रुकञ्च तथा हनुः ।३१।
तन्मूलं द्वे ललाटाक्षिगण्डनासाङ्घ्र्यवस्थिताः ।

र वायुको संयोगले कामको उदय हुन्छ। कफको प्रसार
प्रकट हुन्छ र त्यसको आकार कमलजस्तै हुन्छ। त्यस
तलतिर फर्केको हुन्छ तथा त्यसको मध्यको खाली ठाउँ
स्थित रहन्छ। चेतनासँग सम्बन्ध राख्ने सबै भावको
त्यही हो। हृदयको बायाँ भागमा प्लिहा र दक्षिण भागम
हुन्छ तथा यसै प्रकार हृदयकमलको दक्षिण भागमा क
स्थिति पनि बताइएको छ। यस शरीरमा कफ र र
प्रवाहित गर्ने स्रोतको भूतानुमानबाटै इन्द्रियहरूको
हुन्छ। नेत्रमण्डलको श्वेतभाग कफबाट उत्पन्न हुन्छ
पिताको वीर्यबाट प्रकट भएको मानिन्छ। आँखाको का
माताको रज एवं वातको अंशबाट प्रकट हुन्छ। त्वचाम
उत्पत्ति पित्तबाट हुन्छ। यो पिता र माता दुवैको अंशबा
भएको मान्नुपर्छ। मांस, रगत र कफबाट जिब्रोको
हुन्छ। मेदा, रगत, कफ र मांसबाट अण्डकोषको
हुन्छ। प्राणको आश्रय दस भनी बुझ्नुपर्छ— मूर्द्धा, हृदय
कण्ठ, जिब्रो, शुक्र, रगत, गुद, मूत्राशय र गुल्फ (
गाँठो)। त्यसै गरी नसा सोहवटा हुन्छन् भनिएको छ।

दुई हातमा, दुई गोडामा, चार पिठ्युँमा, चार
तथा चार गोडादेखि टाउकोसम्मको शरीरमा हुन्छन्
प्रकार जाल पनि सोह्र बताइएको छ। मांसजाल, स्ना
शिराजाल र अस्थिजाल— यी चारवटै भिन्नभिन्न
दुवै पाखुरा र गोडाको दुवै गाँठोमा परस्पर आबद्ध
यस शरीरमा छवटा कूर्च भएको मानिन्छ। मनीषी
दुवै हात, दुवै गोडा, घाँटी र लिङ्ग— यिनैमा आफ्न
बताएका छन्। पछाडिको मध्यभागमा जुन मेरुद
त्यसै नजिक चार मांसमयी धागा तथा त्यति नै पेशीह
छन्। तिनैले तिनीहरूलाई बाँधिराख्छन्। सात सीर
पाँच त मस्तकमा आश्रित छ र एकएक लिङ्ग तथा
हुन्छन्। हाडहरू अठार हजार छन्। सूक्ष्म र स्थूल दुवै
दाँत चौसट्ठीवटा हुन्छन्। बीसवटा नङ छन्। य
हात र गोडामा शलाकाहरू छन् र तिनका चार स्था
औँलाहरूमा साठी, कुर्कुच्चामा दुई, गोलीगाँठाम
अरत्निमा चार र तिघ्रामा पनि चारवटै हाडहरू छन्।
दुई, गालामा दुई, तिघ्रामा दुई तथा फिलाका मूलभाग
दुईवटा नै हाडहरू छन्। इन्द्रियको स्थान तथा श्रोणिफ
पनि यस प्रकारका दुईदुई हाडहरू रहेको बताइन्छ। भग
केही हाड छन्। पिठ्युँमा पैँतालीस र घाँटीमा पनि पैँ

पर्शुकास्तालुकैः सार्द्धमर्बुदैश्च द्विसप्ततिः ।३२।
द्वे शङ्खके कपालानि चत्वार्यैव शिरस्तथा ।
उरः सप्तदशास्थीनि सन्धीनां द्वे शते दश ।३३।
अष्टषष्टिस्तु शाखासु षष्टिश्चैकविवर्जिता ।
अन्तरा वै त्र्यशीतिश्च स्नायोर्नवशतानि च ।३४।
त्रिंशाधिके द्वे शते तु अन्तराधौ तु सप्ततिः ।
ऊर्ध्वगाः षट्शतान्येव शाखास्तु कथितानि तु ।३५।
पञ्चपेशीशतान्येव चत्वारिंशत्तथोर्ध्वगाः ।
चतुःशतन्तु शाखासु अन्तराधौ च षष्टिका ।३६।
स्त्रीणां चैकाधिका वै स्याद्विंशतिश्चतुरुत्तरा ।
स्तनयोर्दश योनी च त्रयोदश तथाशये ।३७।
गर्भस्य च चतस्रः स्युः शिराणाञ्च शरीरिणाम् ।
त्रिंशच्छतसहस्राणि तथान्यानि नवैव तु ।३८।
षट्पञ्चाशत्सहस्राणि रसं देहे वहन्ति ताः ।
केदार इव कुल्याश्च क्लेदलेपादिकञ्च यत् ।३९।
द्वासप्ततिस्तथा कोट्यो लोम्नामिह महामुने ।
मज्जाया मेदसश्चैव वसायाश्च तथा द्विज ।४०।
मूत्रस्य चैव पित्तस्य श्लेष्मणः शकृतस्तथा ।
रक्तस्य सरसस्यात्र क्रमशोऽञ्जलयो मताः ।४१।
अर्धार्धाभ्यधिकाः सर्वाः पूर्वपूर्वाऽञ्जलेर्मताः ।
अर्धाञ्जलिश्च शुक्रस्य तदर्धञ्च तथौजसः ।४२।
रजसस्तु तथा स्त्रीणाञ्चतस्रः कथिता बुधैः ।
शरीरं मलदोषादि पिण्डं ज्ञात्वात्मनि त्यजेत् ।४३।

छन् । चाँटी, चिउँडो र [illegible] निधार, आँखा, ओठ, नाक, [illegible] सबैमा सूक्ष्म रूपले बहत्तर हाडहरू छन् । [illegible] र चार कपाल तथा छातीमा सत्र हाड छन् । सन्धि दुई सय दस बताइएको छ । यिनीहरूमध्ये शाखाहरूमा [illegible] वा उनान्साठी छन् र अन्तरामा त्रियासी सन्धिहरू बताइएको छ । स्नायुको सङ्ख्या नौ सय छ, जसमध्ये अन्तराधिमा दुई सय तीस छन्, सत्तरी ऊर्ध्वगामी छन् र शाखाहरूमा छ सय स्नायु छन् । पेशिहरू पाँच सय हुन्छन् भनिएको छ । यिनमा चालीस त ऊर्ध्वगामिनी हुन्छन्, चार सय शाखामा छन् र साठी अन्तराधिमा छन् । स्त्रीहरूका मांशपेशि पुरुषको भन्दा सत्ताईस बढी छन् । यिनमा दस दुवै स्तनमा, तेह्र योनिमा तथा चार गर्भाशयमा स्थित हुन्छन् । देशधारीहरूको शरीरमा तीस हजार नौ तथा छपन्न हजार नाडीहरू छन् । साना नालीहरूले खेतका गरामा पानी बगाएर लगेझैँ यी नाडीहरूले सम्पूर्ण शरीरमा रस प्रवाहित गर्दछन् । क्लेद र लेप आदिको कार्य तिनैको हो । हे महामुने ! यस देहमा बहत्तर करोड प्वाल या रोमकूप छन् । मज्जा, मेदा, वसा, मूत्र, पित्त, श्लेष्मा, मल रक्त र रस यिनको क्रमशः अञ्जली मानिएको छ । यिनमध्ये पूर्वपूर्व अञ्जलीको अपेक्षा उत्तरोत्तर सबै अञ्जली मात्रामा डेढ गुना धेरै छन् । एक अञ्जलीमा आधा वीर्य र आधा ओज हुन्छ । विद्वान्हरूले स्त्रीको रजलाई चार अञ्जली बताएका छन् । यो शरीर मल र दोष आदिको पिण्ड हो भन्ने सम्झेर आफ्नो अन्तःकरणमा यसप्रति हुने आसक्तिलाई त्यागिदिनुपर्छ ।२३-४३।

३७१. एकसप्तत्यधिकत्रिशततमोऽध्यायः

नरकनिरूपण

अग्निरुवाच
उक्तानि यममार्गाणि वक्ष्येऽथ मरणे नृणाम् ।
ऊष्मा प्रकुपितः काये तीव्रवायुसमीरितः ।१।
शरीरमुपरुध्याऽथ कृत्स्नान्दोषान्रुणद्धि वै ।
छिनत्ति प्राणस्थानानि पुनर्मर्माणि चैव हि ।२।
शैत्यात्प्रकुपितो वायुश्छिद्रमन्विष्यते ततः ।

अग्निदेव भन्दछन्– हे मुने ! मैले यमराजका मार्गको चर्चा पहिले गरिसकेको छु, यस बेला मनुष्यको मृत्युका विषयमा केही निवेदन गर्दछु । शरीरमा वातको तीव्रता बढ्यो भने उसको प्रेरणाबाट पित्तको प्रकोप हुन्छ । पित्तले सारा शरीरलाई रोकेर सम्पूर्ण दोषबाट आवृत्त गर्दछ र प्राणको स्थान एवं मर्मलाई उच्छेद गर्दछ । अनि शीतबाट वायुको प्रकोप हुन्छ र वायु बाहिर निस्कनलाई प्वाल खोज्दछ । दुई

द्वे नेत्रे द्वौ तथा कर्णौ द्वौ तु नासापुटौ तथा ।३।
उर्ध्वं तु सप्त छिद्राणि अष्टमं वदनं तथा ।
एतैः प्राणो विनिर्याति प्रायशः शुभकर्मणाम् ।४।
अधः पायुरूपस्थञ्च अनेनाशुभकारिणाम् ।
मूर्धानं योगिनो भित्त्वा जीवो यात्यथ चेच्छया ।५।
अन्तकाले तु सम्प्राप्ते प्राणेऽपानमुपस्थिते ।
तमसा संवृते ज्ञाने संवृतेषु च मर्मसु ।६।
स जीवो नाभ्यधिष्ठानाच्चाल्यते मातरिश्वना ।
बाध्यमानश्चानयते अष्टाङ्गाः प्राणवृत्तिकाः ।७।
च्यवन्तं जायमानं वा प्रविशन्तञ्च योनिषु ।
प्रपश्यन्ति च तं सिद्धा देवा दिव्येन चक्षुषा ।८।
गृह्णाति तत्क्षणाद्योगे शरीरञ्चातिवाहिकम् ।
आकाशवायुतेजांसि विग्रहादूर्ध्वगामिनः ।९।
जलं मही च पञ्चत्वमापन्नः पुरुषः स्मृतः ।
आतिवाहिकदेहन्तु यमदूता नयन्ति तम् ।१०।
याम्यं मार्गं महाघोरं षडशीतिसहस्रकम् ।
अन्नोदकं नीयमानो बान्धवैर्दत्तमश्नुते ।११।
यमं दृष्ट्वा यमोक्तेन चित्रगुप्तेन चेरितान् ।
प्राप्नोति नरकान्रौद्रान्धर्मी शुभपथैर्दिवम् ।१२।
भुज्यन्ते पापिभिर्वक्ष्ये नरकांस्थाश्च यातनाः ।
अष्टाविंशतिरेवाधः क्षितेर्नरककोटयः ।१३।
सप्तमस्य तलस्यान्ते घोरे तमसि संस्थिताः ।
घोराख्या प्रथमा कोटिः सुघोरा तदधः स्थिता ।१४।
अतिघोरा महाघोरा घोररूपा च पञ्चमी ।
षष्ठी तरलताराख्या सप्तमी च भयानका ।१५।
भयोत्कटा कालरात्री महाचण्डा च चण्डया ।
कोलाहला प्रचण्डाख्या पद्मा नरकनायिका ।१६।
पद्मावती भीषणा च भीमा चैव करालिका ।
विकराला महावज्रा त्रिकोणा पञ्चकोणिका ।१७।
सुदीर्घा वर्तुला सप्तभूमा चैव सुभूमिका ।
दीप्तमायाऽष्टाविंशतयः कोटयः पापिदुःखदाः ।१८।
अष्टाविंशतिकोटीनां पञ्चपञ्च च नायकाः ।

आँखा, दुई कान, दुई नाकका प्वाल र एक माथिल्लो ब्रह्मरन्ध्र यी सात प्वाल छन् तथा आठौँ प्वाल मुख हो । शुभ कार्य गर्ने मनुष्यको प्राण प्रायः यिनै सात मार्गबाट निस्कन्छ । तल पनि गुदा र उपस्थ दुई प्वाल छन् । पापीहरूको प्राण यिनै प्वालबाट बाहिर जान्छ, तर योगीको प्राण मस्तकलाई भेदन गरेर निक्लन्छ र त्यो जीव इच्छाअनुसारको लोकमा जान्छ । अन्तकाल आएपछि प्राण अपानमा स्थित हुन्छ । तमद्वारा ज्ञान आवृत्त हुन्छ र मर्मस्थान आच्छादित हुन्छ । त्यस बेला जीव वायुद्वारा बाधित हुँदै नाभिस्थानबाट विचलित गरिएको हुन्छ । त्यसैले त्यो आठ अङ्गको प्राणका वृत्तिसँगै शरीरबाट बाहिर जान्छ । शरीरबाट निस्कँदा, अन्यत्र जन्मँदा वा नाना प्रकारका योनिमा प्रवेश गर्दा जीवलाई सिद्ध पुरुष र देवताले आफ्ना दिव्यदृष्टिबाट देख्दछन् । जीवले मृत्युपछि तुरुन्तै आतिवाहिक शरीर धारण गर्दछ । उसले त्यागेको शरीरबाट आकाश, वायु र तेज यी माथिका तीन तत्त्वमा मिल्दछन् तथा पानी र पृथ्वीको अंश तलका तत्त्वमा एकीभूत हुन्छन् । यसैलाई पुरुषले पञ्चतत्त्व प्राप्त गरेको मानिन्छ । मरेको जीवलाई यमदूतले तुरुन्तै आतिवाहिक शरीरमा पुऱ्याउँछ । यमलोकको मार्ग अत्यन्त डर लाग्दो र छयासी हजार योजन लामो छ । त्यसमा लगिएका जीवले आफ्ना बन्धुबान्धवले दिएको अन्नपानी उपभोग गर्दछ । यमराजलाई भेटेपछि उनको आदेशअनुसार चित्रगुप्तले जुन भयङ्कर नरकको बारेमा भन्दछ, त्यसैलाई जीवले पाउँछ । यदि ऊ धर्मात्मा छ भने उत्तम मार्गबाट स्वर्गलोकमा जान्छ । अब पापी जीवले जुन नरक र यातनाको उपभोग गर्दछन्, त्यसको बारेमा बताउँछु । यस पृथ्वीका मुनि नरकका अठ्ठाईसवटा श्रेणी छन् । सातौँ सिँढीका अन्त्यमा घोर अन्धकारभित्र तिनीहरू रहेका छन् । नरकको पहिलो कोटि घोरा भन्ने नामले प्रसिद्ध छ । त्यसपछि सुघोरा नाम भएको छ । तेस्रो अतिघोरा, चौथो महाघोरा र पाँचौँ घोररूपा नामका नरकका कोटि छन् । छैटौँ तरलतारा र सातौँ भयानका हो । आठौँ भयोत्कटा, नवौँ कालरात्रि, दसौँ महाचण्डा, एघारौँ चण्डा, बाह्रौँ कोलाहला, तेह्रौँ प्रचण्डा, चौधौँ पद्मा र पन्ध्रौँ नरकनायिका हुन् । सोह्रौँ पद्मावती, सत्रौँ भीषणा, अठारौँ भीमा, उन्नाईसौँ करालिका, बीसौँ विकराला, एक्काईसौँ महावज्रा, बाईसौँ त्रिकोणा तेईसौँ पञ्चकोणिका हो । चौबीसौँ सुदीर्घा, पच्चीसौँ वर्तुला, छब्बीसौँ सप्तभूमा, सत्ताईसौँ सुभूमिका र अठ्ठाईसौँ दीप्तमाया हो । यस प्रकार यी अठ्ठाईसौँ कोटि पापीलाई दुःख दिन्छ ।१-१८।

नरकमा अठ्ठाईस कोटिको पाँचपाँच नायक छन् र ती

रौरवाद्याः शतञ्चैकं चत्वारिंशच्चतुष्टयम् ।१९।
तामिस्रमन्धतामिस्रं महारौरवरौरवौ ।
असिपत्रं वनञ्चैव लोहभारं तथैव च ।२०।
नरकं कालसूत्रञ्च महानरकमेव च ।
सञ्जीवनं महावीचि तपनं सम्प्रतापनम् ।२१।
सङ्घातञ्च सकाकोलं कुड्मलं पूतिमृत्तिकम् ।
लोहशङ्कुमृजीषञ्च प्रधानं शाल्मलीनदीम् ।२२।
नरकान्विद्धि कोटीशनागान्वै घोरदर्शनान् ।
पात्यन्ते पापकर्म्माण एकैकस्मिन्बहुष्वपि ।२३।
मार्जारोलूकगोमायुगृध्रादिवदनाश्च ते ।
तैलद्रोण्यां नरं क्षिप्त्वा ज्वालयन्ति हुताशनम् ।२४।
अम्बरीषेषु चैवान्यांस्ताम्रपात्रेषु चापरान् ।
अयःपात्रेषु चैवान्याबहुवह्निकणेषु च ।२५।
शूलाग्रारोपिताश्चान्ये छिद्यन्ते नरकेऽपरे ।
ताड्यन्ते च कशाभिस्तु भोज्यन्ते चाप्ययोगुडान् ।२६।
यमदूतैर्नराः पांसून्विष्ठारक्तकफादिकान् ।
तप्तं मद्यं पाययन्ति पाटयन्ति पुनर्नरान् ।२७।
यन्त्रेषु पीडयन्ति स्म भक्ष्यन्ते वायसादिभिः ।
तैलेनोष्णेन सिच्यन्ते छिद्यन्तेऽनैकधा शिरः ।२८।
हा तातेति क्रन्दमानाः स्वकं निन्दन्ति कर्म ते ।
महापातकजान् घोरान्नरकान्प्राप्य गर्हितान् ।२९।
कर्मक्षयात्प्रजायन्ते महापातकिनस्त्विह ।
मृगश्वसूकरोष्ट्राणां ब्रह्महा योनिमृच्छति ।३०।
खरपुक्कशम्लेच्छानां मद्यपः स्वर्णहार्य्यपि ।
कृमिकीटपतङ्गत्वं गुरुगस्तृणगुल्मताम् ।३१।
ब्रह्महा क्षयरोगी स्यात्सुरापः श्यावदन्तकः ।
स्वर्णहारी तु कुनखी दुश्चर्मा गुरुतल्पगः ।३२।
यो येन संस्पृशत्येषां स तल्लिङ्गोऽभिजायते ।
अन्नहर्ताऽमायावी स्यान्मूकोवागपहारकः ।३३।
धान्यं हृत्वाऽतिरिक्ताङ्गः पिशुनः पूतिनासिकः ।
तैलहृत्तैलपायी स्यात्पूतिवक्त्रस्तु सूचकः ।३४।
परस्य योषितं हृत्वा ब्रह्मस्वमपहृत्य च ।

रौरव आदि नामले प्रसिद्ध छन् । यी सबैको सङ्ख्या एक सय पैंतालीस छ– तामिस्र, अन्धतामिस्र, महारौरव, रौरव, असिपत्रवन, लोहभार, कालसूत्रनरक, महानगर, सञ्जीवन, महावीचि, तपन, सम्प्रतापन, सङ्घात, काकोल, कुड्मल, पूतिमृत्तिक, लोहशङ्कु, ऋजीष, प्रधान, शाल्मली वृक्ष र वैतरणी नदी यी सबै नरकका कोटि–नायक मानिन्छन्। यी धेरै ठूला देखिन्छन् । पापी पुरुष यीमध्ये एउटामा वा धेरैमा पनि खसालिन्छ। यातना दिने यमदूतहरू कोही बिरालोजस्तो मुख भएका हुन्छन् भने कोही उल्लु, कोही स्यालजस्तो र कोही गिद्धजस्तो मुख भएका हुन्छन्। तिनीहरूले मानिसलाई तेलको कराईमा हालेर तलबाट आगो लगाउँछन् । कसैलाई तावामा वा तताएको फलामे भाँडामा र धेरैलाई आगाको भुङ्ग्रोमा हालिदिन्छन् । तिनीहरू कसैलाई शूलीमा चढाउँछन् । कैयौं पापीहरूलाई नरकमा खसालेर टुक्राटुक्रा पार्दछन् । कतिलाई कोर्राले हिर्काउँछन् भने कतिलाई तातो फलामको गोली खान दिन्छन् । कति यमदूतहरूले तिनीहरूलाई धुलो, विष्ठा, रगत र कफ आदि खान दिन्छन् तथा तताएको रक्सी पिलाउँछन् । कतिलाई करौंतीले चिर्दछन् । कतिलाई काग आदिले लुछीलुछी खान्छन् । कैयौंलाई तताएको तेल छ्याप्दछन् भने कति जीवको मस्तकलाई अनेकौं टुक्रा पार्दछन् । त्यस बेला पापी जीव हे मेरा बाबै ! भनेर कराउँछन् र हाहाकार मच्चाउँदै आफ्ना पापकर्मको निन्दा गर्दछन् । यस प्रकार ठुलठूला पातकको फलस्वरूप भंयङ्कर एवं निन्दित नरकको कष्ट भोगेर कर्मक्षीण भएपछि फेरि ती महापापी जीव पुनः यस मर्त्यलोकमा जन्म लिन्छन् । ब्रह्महत्यारा पुरुष मृग, कुकुर, सुँगुर र उँटको योनिमा जान्छ । रक्सी पिउने गधा, चाण्डाल तथा म्लेच्छ भएर जन्मन्छ । सुन चोर्ने किराफट्याङ्ग्रा हुन्छन् भने गुरुपत्नीसँग गमन गर्ने मनुष्य घाँस एवं लहरो भएर जन्मन्छ । ब्रह्महत्यारा राजयक्ष्माको रोगी हुन्छ, शराबीका दाँत काला हुन्छन्, सुन चोर्नेको नङ बिग्रिन्छन् र गुरुपत्नीगामीको छाला दूषित हुन्छ । पाप गरे अनुसारको कुनै चिह्न लिएर मानिस जन्मन्छ । अन्न चोर्ने मायावी हुन्छ । बोली वा काव्य चोर्ने लाटो हुन्छ । अन्न चोर्नेको अर्को जन्ममा कुनै अङ्ग धेरै हुन्छ, कुरो लगाउनेको नाकबाट गन्ध आउँछ, तेल चोर्ने पुरुष तेल पिउने किरो हुन्छ र यताको कुरो उता लगाउनेको मुखबाट दुर्गन्ध आउँछ । अर्काको स्त्री तथा ब्राह्मणको धन अपहरण गर्ने पुरुष निर्जन वनमा ब्रह्मराक्षस हुन्छ । रत्न चोर्ने नीच जातिमा जन्मन्छ । उत्तम गन्ध चोर्ने छुचुन्द्रो हुन्छ । सागपात चोर्ने कुखुरो

अरण्ये निर्जने देशे जायते ब्रह्मराक्षसः ।३५।
रत्नहारी हीनजातिर्गन्धांछुछुन्दरी शुभान् ।
पत्रं शाकं शिखी हृत्वा मुखरा धान्यहारकः ।३६।
अजः पशुं पयः काको यानमुष्ट्रः फलं कपिः ।
मधु दंशः फलं गृध्रो गृहकाक उपस्करम् ।३७।
श्वित्री वस्त्रं सारसञ्च झिल्ली लवणहारकः ।
उक्त आध्यात्मिकस्तापः शस्त्राद्यैराधिभौतिकः ।३८।
ग्रहाग्निदेवपीडाद्यैराधिदैविक ईरितः ।
त्रिधा तापं हि संसारं ज्ञानयोगाद्विनाशयेत् ।
कृच्छ्रैर्व्रतैश्च दानाद्यैर्विष्णुपूजादिभिर्नरः ।३९।

तथा अन्न चोर्ने मुसो हुन्छ । पशु अपहरण गर्ने खसी, दुध चोर्ने काग, सवारी साधन चोर्ने उँट तथा फल चोरेर खाने बाँदर हुन्छ । सखखर चोर्ने डाँस, फल चोर्ने गिद्ध तथा घरको सामान चोर्ने काग हुन्छ । वस्त्र चोर्ने कोढी, रस चोरेर स्वाद लिने कुकुर र नुन चोर्ने भ्याउँकिरी हुन्छ । यो आधिदैविक तापको वर्णन गरिएको हो । शस्त्र आदिबाट प्राप्त हुने कष्टलाई आधिभौतिक ताप भनिन्छ तथा ग्रह, अग्नि र देवता आदिबाट हुने कष्टलाई आधिदैविक ताप भनिन्छ । यस प्रकार यो संसार तीन प्रकारको दुःखबाट भरिएको छ । मनुष्यले ज्ञानयोगद्वारा, कठोर व्रतद्वारा, दान आदि पुण्यद्वारा तथा विष्णुको पूजा आदिद्वारा यस दुःखमय संसारलाई निवारण गर्नुपर्छ ।१९-३९।

३७२. द्विसप्तत्यधिकत्रिशततमोऽध्यायः

यमनियम

अग्निरुवाच
संसारतापमुक्त्यर्थं वक्ष्याम्यष्टाङ्गयोगकम् ।
ब्रह्मप्रकाशकं ज्ञानं योगस्तत्रैकचित्तता ।१।
चित्तवृत्तिनिरोधश्च जीवब्रह्मात्मनोः परः ।
अहिंसा सत्यमस्तेयं ब्रह्मचर्य्यापरिग्रहौ ।२।
यमाः पञ्च स्मृता विप्र नियमाद्भुक्तिमुक्तिदाः ।
शौचं सन्तोषतपसी स्वाध्यायेश्वरपूजने ।३।
भूतापीडा ह्यहिंसा स्यादहिंसा धर्म उत्तमः ।
यथा गजपदेऽन्यानि पदानि पथगामिनाम् ।४।
एवं सर्वमहिंसायां धर्मार्थमभिधीयते ।
उद्वेगजननं हिंसा सन्तापकरणं तथा ।५।
रुक्कृतिः शोणितकृतिः पैशुन्यकरणं तथा ।
हितस्यातिनिषेधश्च मर्मोद्घाटनमेव च ।६।
सुखापह्नुतिः संरोधो वधो दशविधा च सा ।
यद्भूतहितमत्यन्तं वचः सत्यस्य लक्षणम् ।७।
सत्यं ब्रूयात्प्रियं ब्रूयान्नब्रूयात्सत्यमप्रियम् ।

अग्निदेव भन्दछन्– हे मुने ! अब म अष्टाङ्गयोगको वर्णन गर्दछु । जगत्को त्रिविध तापबाट छुटकारा दिने साधन त्यही हो । ब्रह्मलाई प्रकाशित गर्ने ज्ञान पनि योगद्वारा नै सुलभ हुन्छ । एकचित्त भएर चित्तलाई एक ठाउँमा स्थापित गर्नु योग हो । चित्तको वृत्तिलाई रोक्नु पनि योग हो भनिन्छ । अन्तःकरणको वृत्तिलाई जीवात्मा एवं परमात्मामा स्थापित गर्नु उत्तम योग हो । अहिंसा, सत्य, अस्तेय, ब्रह्मचर्य र अपरिग्रह यी पाँच यम हुन् । हे ब्रह्मन् ! नियम पनि पाँच नै छन् र तिनले भोग र मोक्ष प्रदान गर्दछन् । तिनका नाम शौच, सन्तोष, तप, स्वाध्याय र ईश्वराराधन हुन् । कुनै पनि प्राणीलाई कष्ट नदिनु अहिंसा हो । अहिंसा सबैभन्दा उत्तम धर्म हो । बाटो हिंड्ने सबै प्राणीहरूको पदचिह्न हात्तीको पाइलामा मिसिएझैं धर्मका सबै साधन अहिंसामा पुग्छन् भन्ने मानिन्छ । हिंसाको दस भेद छन्– कसैलाई उद्वेगमा ल्याउनु, सन्ताप दिनु, रोगी पार्नु, रक्तपात गराउनु, चुक्ली लगाउनु, कसैको हितमा बाधा उत्पन्न गर्नु, कसैको गुप्त भेद खुलाउनु, अर्कालाई सुखबाट वञ्चित गर्नु, अकारण कैद गर्नु र प्राणदण्ड दिनु । जुन कुरा अरू प्राणीको लागि अत्यन्त हितकर हुन्छ, त्यो सत्य हो । सत्यको यही लक्षण हो– प्रिय र सत्य बोल्नु; अप्रिय सत्य पनि कहिल्यै नबोल्नु अनि प्रिय असत्य पनि मुखबाट ननिकाल्नु नै सनातन धर्म हो । ब्रह्मचर्यले भन्छ– मैथुनलाई त्याग्नु । मैथुन

प्रियञ्च नानृतं ब्रूयादेष धर्मः सनातनः ।८।
मैथुनस्य परित्यागो ब्रह्मचर्य्यं तदष्टधा ।
स्मरणं कीर्त्तनं केलिः प्रेक्षणं गुह्यभाषणम् ।९।
सङ्कल्पोऽध्यवसायश्च क्रियानिर्वृत्तिरेव च ।
एतन्मैथुनमष्टाङ्गं प्रवदन्ति मनीषिणः ।१०।
ब्रह्मचर्य्यं क्रियामूलमन्यथा विफलाः क्रियाः ।
वसिष्ठश्चन्द्रमाः शुक्रो देवाचार्य्यः पितामहः ।११।
तपोवृद्धा वयोवृद्धास्तेऽपि स्त्रीभिर्विमोहिताः ।
गौडी पैष्ठी च माध्वी च विज्ञेया त्रिविधा सुरा ।१२।
चतुर्थी स्त्रीसुरा ज्ञेया ययेदं मोहितं जगत् ।
माद्यति प्रमदां दृष्ट्वा सुरां पीत्वा तु माद्यति ।१३।
यस्माद्दृष्टमदा नारी तस्मात्तां नावलोकयेत् ।
यद्वा तद्वा परद्रव्यमपहृत्य बलान्नरः ।१४।
अवश्यं याति तिर्य्यक्त्वं जग्ध्वा चैवाहुतं हविः ।
कौपिनाच्छादनं वासः कन्थां शीतनिवारिणीम् ।१५।
पादुके चापि गृह्णीयात्कुर्य्यान्नान्यस्य सङ्ग्रहम् ।
देहस्थितिनिमित्तस्य वस्त्रादेः स्यात्परिग्रहः ।१६।
शरीरं धर्मसंयुक्तं रक्षणीयं प्रयत्नतः ।
शौचन्तु द्विविधं प्रोक्तं बाह्यमाभ्यन्तरं तथा ।१७।
मृज्जलाभ्यां स्मृतं बाह्यं भावशुद्धेरथान्तरम् ।
उभयेन शुचिर्यस्तु स शुचिर्नेतरः शुचिः ।१८।
यथाकथञ्चित्प्राप्त्या च सन्तोषस्तुष्टिरुच्यते ।
मनसश्चेन्द्रियाणाञ्च ऐकाग्र्यं तप उच्यते ।१९।
तज्जयः सर्वधर्मेभ्यः स धर्म पर उच्यते ।
वाचिकं मन्त्रजप्यादि मानसं रागवर्जनम् ।२०।
शारीरं देवपूजादि सर्वदन्तु त्रिधा तपः ।
प्रणवाद्यस्ततो वेदाः प्रणवे पर्य्यवस्थिताः ।२१।
वाङ्मयः प्रणवः सर्वं तस्मात्प्रणवमभ्यसेत् ।
अकारश्च तथोकारो मकारश्चार्द्धमात्रया ।२२।

आठ प्रकारका हुन्छन्— स्त्रीलाई सम्झनु, उसको चर्चा गर्नु, उससँग क्रीडा गर्नु, उसलाई हेर्नु, उससँग लुकेर कुरा गर्नु, उसलाई पाउने सङ्कल्प गर्नु, उसको लागि उद्योग तथा सम्भोग गर्नु यी आठ मैथुनका अङ्ग हुन् भन्ने मनीषी पुरुषहरूको भनाइ छ । ब्रह्मचर्य नै सम्पूर्ण शुभ कर्मको सिद्धिको मूल हो । योबिना सारा क्रिया निष्फल हुन्छन् । वसिष्ठ, चन्द्रमा, शुक्र, देवताहरूका आचार्य बृहस्पति तथा ब्रह्मा यी तपोवृद्ध र वयोवृद्ध भएर पनि स्त्रीको मोहमा फसेका थिए। गौडी, पैष्टी र माध्वी यी तीन प्रकारको सुरा हुन् । चौथो सुरा स्त्री हो र त्यसले सारा जगत्लाई मोहित गराएको छ। रक्सी त पिएपछि मात्र मानिस उत्ताउलो हुन्छ तर युवती स्त्रीलाई देख्नेबित्तिकै उन्मत्त हुन्छ। नारीले देख्दै मनमा उन्माद जगाउने हुँदा उसमाथि दृष्टि नलगाउनु । मन, वाणी र शरीरद्वारा गरिने चोरीबाट सधैँ आफूलाई सुरक्षित राख्नु नै अस्तेय हो भनिन्छ। यदि मनुष्यले जबर्जस्ती अर्काको कुनै पनि वस्तु अपहरण गर्दछ भने त्यसले अवश्य पनि तिर्यग्योनिमा जन्म लिनुपर्दछ । हवन नगरीकन हविष्य भोजन गर्नेको पनि यही स्थिति हुन्छ। धोती, शरीरलाई छोप्ने वस्त्र, शीतबाट हुने कष्ट निवारण गर्ने कन्था र खराऊ यति वस्तु मात्र साथमा राख्ने । यसबाहेक अरू कुनै वस्तुको सङ्ग्रह नगर्नु। शरीरको रक्षाको लागि साधनभूत वस्त्र आदि सङ्ग्रह गर्न सकिन्छ । धर्मको अनुष्ठानमा लागेका शरीरको राम्रो सुरक्षा गर्नुपर्दछ । शौच दुई प्रकारको भनिएको छ— बाह्य र आभ्यन्तर। माटो र पानीले बाह्यशुद्धि हुन्छ र भावको शुद्धिलाई आभ्यन्तर शुद्धि भनिन्छ। दुवै प्रकारबाट शुद्ध हुनु नै शुद्धि हो, अरू खालका शुद्धि हुँदैनन् ।१-१८।

प्रारब्धअनुसार जसरी प्राप्त भएको जे छ त्यसैमा खुसी हुनेलाई सन्तोष भनिन्छ। मन र इन्द्रियमाथि विजय पाउनु सबैभन्दा श्रेष्ठ धर्म मानिन्छ। तप तीन प्रकारका छन् वाचिक, मानसिक र शारीरिक । मन्त्रजप आदिलाई वाचिक, आसक्तिलाई त्याग्नुलाई मानसिक र देवपूजा आदिलाई शारीरिक तप भनिन्छ। यो तीनै प्रकारको तपबाट सबै कुरा प्राप्त हुन्छन् । वेद प्रणवबाट नै आरम्भ हुनाले प्रणवमा सम्पूर्ण वेदको स्थिति छ। वाणीका विषय जति सबै प्रणव नै भएकाले प्रणवको अभ्यास गर्नुपर्दछ। प्रणव अर्थात् ओङ्कारमा अकार, उकार र आधा मकार छन्। तीन मात्रा तीन वेद, भूः आदि तीन लोक, तीन गुण, जाग्रत, स्वप्न र सुषुप्ति यी तीन अवस्थाहरू तथा ब्रह्मा, विष्णु र शिव यी तीन देवता प्रणवरूप हुन् । ब्रह्मा, विष्णु र रुद्र, स्कन्द, देवी र महेश्वर तथा प्रद्युम्न, श्री र वासुदेव

तिस्रो मात्रास्त्रयो वेदा लोका भूरादयो गुणाः।
जाग्रत्स्वप्नः सुषुप्तिश्च ब्रह्मविष्णुमहेश्वराः ।२३।
प्रद्युम्नः श्रीवासुदेवः सर्वमोङ्कारकः क्रमात् ।
अमात्रो नष्टमात्रश्च द्वैतस्यापगमः शिवः ।२४।
ओङ्कारो विदितो येन स मुनिर्नेतरो मुनिः।
चतुर्थी मात्रा गान्धारी प्रयुक्ता मूर्ध्नि लक्ष्यते ।२५।
तत्तुरीयं परं ब्रह्म ज्योतिर्दीपो घटे यथा।
तथा हृत्पद्मनिलयं ध्यायेन्नित्यं जपेन्नरः ।२६।
प्रणवो धनुः शरो ह्यात्मा ब्रह्म तल्लक्ष्यमुच्यते।
अप्रमत्तेन वेद्धव्यं शरवत्तन्मयो भवेत् ।२७।
एतदेकाक्षरं ब्रह्म एतदेकाक्षरं परम्।
एतदेकाक्षरं ज्ञात्वा यो यदिच्छति तस्य तत् ।२८।
छन्दोऽस्य देवी गायत्री अन्तर्य्यामी ऋषिः स्मृतः।
देवता परमात्मास्य नियोगो भुक्तिमुक्तये ।२९।
भूरग्न्यात्मने हृदयं भुवः प्राजापत्यात्मने।
शिरः स्वः सूर्य्यात्मने च शिखा कवचमुच्यते ।३०।
ओम्भूर्भुवः स्वः कवचं सत्यात्मने ततोऽस्त्रकम्।
विन्यस्य पूजयेद्विष्णुं जपेद्वै भुक्तिमुक्तये ।३१।
जुहुयाच्च तिलाज्यादि सर्वं सम्पद्यते नरे।
यस्तु द्वादशसाहस्रं जपमन्वहमाचरेत् ।३२।
तस्य द्वादशभिर्मासैः परं ब्रह्म प्रकाशते।
अणिमादि कोटिजप्याल्लक्षात्सारस्वतादिकम् ।३३।
वैदिकस्तान्त्रिको मिश्रो विष्णोर्वै त्रिविधो मखः।
त्रयाणामीप्सितेनैकविधिना हरिमर्चयेत् ।३४।
प्रणम्य दण्डवद्भूमौ नमस्कारेण योऽर्चयेत्।
स यां गतिमवाप्नोति न तां क्रतुशतैरपि ।३५।
यस्य देवे परा भक्तिर्यथा देवे तथा गुरौ।
तस्यैते कथिता ह्यर्थाः प्रकाशन्ते महात्मनः ।३६।

यी सबै क्रमशः ओङ्कारकै स्वरूप हो। ओङ्कार मात्राबाट रहित अथवा अनन्त मात्राहरूबाट युक्त छ । त्यो द्वैतको निवृत्ति गर्ने तथा शिवस्वरूप छ। यस्तो ओङ्कारलाई चिन्ने अरू नभई मुनि नै हो। प्रणवको चतुर्थी मात्रालाई गान्धारी भनिन्छ। त्यो प्रयुक्त भएपछि मुर्द्धामा लक्षित हुन्छ। त्यही तुरीय नामबाट प्रसिद्ध परब्रह्म हो। त्यही ज्योतिर्मय हो। घडाभित्र राखेको बत्तीले त्यहीँ प्रकाश दिएझैँ मूर्द्धामा स्थित परब्रह्मले पनि भित्र आफ्नो ज्ञानमयी ज्योति फैलाइरहन्छ। मनुष्यले मनबाट हृदयकमलमा स्थित आत्मा वा ब्रह्मलाई ध्यान गरेर जिब्रोले सधैँ प्रणवको जप गरिरहनुपर्छ। प्रणव धनुष हो, जीवात्मा बाण हो तथा ब्रह्म त्यसको लक्ष्य मानिन्छ। सावधान भएर त्यस लक्ष्यलाई भेदन गर्नुपर्छ र बाणजस्तै त्यसमा तन्मय हुनुपर्दछ। यो एकाक्षर नै ब्रह्म हो, यो एकाक्षर नै परम तत्त्व हो, यस एकाक्षर ब्रह्मलाई जान्दा इच्छा गरिएको वस्तु प्राप्त हुन्छ। यस प्रणवको देवी गायत्री छन्द हो, अन्तर्यामी ऋषि हो, परमात्मा देवता हो तथा भोग र मोक्ष सिद्धिको लागि यसको विनियोग गरिन्छ। यसको अङ्गन्यास विधि यस प्रकारको छ ओं भूः अग्न्यात्मने हृदयाय नमः मन्त्रले हृदयलाई स्पर्श गर्ने। ओं भुवः प्राजापत्यात्मने शिरसे स्वाहा भनेर मस्तकलाई स्पर्श गर्ने। ओं स्वः सर्वात्मने शिखायै वषट् मन्त्रले शिखालाई स्पर्श गर्ने। अब कवचको बारेमा ओं भूर्भुवः स्वः सत्यात्मने कवचाय हुम् मन्त्रले दाहिने हातको औँलाद्वारा बायाँ पाखुराको बीचमा र बायाँ हातको औँलाले दाहिने पाखुराको बीचमा एकै पटक छुने। त्यसपछि ओं भूर्भुवः स्वः सत्यात्मने अस्त्राय फट् भनेर चुट्की बजाउने। यस प्रकार अङ्गन्यास गरेर भोग र मोक्ष सिद्धिको लागि भगवान् विष्णुको पूजा, उनैको नामको जप तथा उनकै उद्देश्यले तिल र घिउ आदि हवन गर्ने; यसबाट मनुष्यको सबै कामना पूर्ण हुन्छ। प्रतिदिन बाह्र हजार प्रणवको जप गर्नेलाई बाह्र महिनामा परब्रह्मको ज्ञान हुन्छ। एक करोड जप गर्नाले अणिमा आदि सिद्धि प्राप्त हुन्छन्। एक लाख जपबाट सरस्वतीको कृपा हुन्छ। विष्णुको भजन तीन प्रकारको छ– वैदिक, तान्त्रिक र मिश्र। तीनमध्ये जुन अभीष्ट छ, त्यसैमध्ये एक विधिलाई आश्रय लिएर श्रीहरिको पूजा गर्नुपर्दछ। जुन मनुष्य दण्डजस्तै पृथ्वीमा पसेर भगवान्लाई साष्टाङ्ग प्रणाम गर्दछ, उसलाई प्राप्त हुने उत्तम गति सयकडौँ यज्ञद्वारा पनि दुर्लभ छ। जसको आराध्यदेवमा पराभक्ति छ र जस्तो देवतामा छ, त्यस्तै नै गुरुप्रति पनि छ, उनै महात्मालाई यो भनिएको विषयको यथार्थ ज्ञान हुन्छ।१९–३६।

३७३. त्रिसप्तत्यधिकत्रिशततमोऽध्यायः

आसनप्राणायामप्रत्याहार

अग्निरुवाच

आसनं कमलाद्युक्तं तद्बद्ध्वा चिन्तयेत्परम् ।
शुचौ देशे प्रतिष्ठाप्य स्थिरमासनमात्मनः ।१।
नात्युच्छ्रितं नातिनीचं चैलाजिनकुशोत्तरम् ।
तत्रैकाग्रं मनः कृत्वा यतचित्तेन्द्रियक्रियः ।२।
उपविश्यासने युञ्ज्योद्यागमात्मविशुद्धये ।
समं कायशिरग्रीवं धारयन्नचल स्थिरः ।३।
सम्प्रेक्ष्य नासिकाग्रं स्वं दिशश्चानवलोकयन् ।
पार्ष्णिभ्यां वृषणौ रक्षंस्तथा प्रजननं पुनः ।४।
ऊरुभ्यामुपरि स्थाप्य बाहू तिर्य्यक्प्रयत्नतः ।
दक्षिणं करपृष्ठं च न्यसेद्वामतलोपरि ।५।
उन्नम्य शनकैर्वक्त्रं मुखं विष्टभ्य चाग्रतः ।
प्राणः स्वदेहजो वायुस्तस्यायामो निरोधनम् ।६।
नासिकापुटमङ्गुल्या पीड्यैव च परेण च ।
औदरं रेचयेद्वायुं रेचनाद्रेचकः स्मृतः ।७।
बाह्येन वायुना देहं दृतिवत्पूरयेद्यथा ।
तथा पूर्णश्च सन्तिष्ठेत्पूरणातपूरकः स्मृतः ।८।
न मुञ्चति न गृह्णाति वायुमन्तर्बहिः स्थितम् ।
सम्पूर्णकुम्भवत्तिष्ठेदचलः स तु कुम्भकः ।९।
कन्यकः सकृदुद्घातः स वै द्वादशमात्रिकः ।
मध्यमञ्च द्विरुद्घातश्चतुर्विंशतिमात्रिकः ।१०।
उत्तमश्च त्रिरुद्घातः षट्त्रिंशत्तालमात्रिकः ।
स्वेदकम्पाभिघातानां जननश्चोत्तमोत्तमः ।११।
अजितान्नारुहेद्भूमिं हिक्काश्वासादयस्तथा ।
जिते प्राणे स्वल्पदोषविण्मूत्रादि प्रजायते ।१२।
आरोग्यं शीघ्रगामित्वमुत्साहः स्वरसौष्ठवम् ।

अग्निदेव भन्दछन्– हे मुने ! पद्मासन आदि नाना प्रकारको आसन बताइयो । यिनीहरूमध्ये कुनै पनि आसन बाँधेर परमात्माको चिन्तन गर्नुपर्दछ । पहिले कुनै पवित्र स्थानमा आफू बस्नको लागि स्थिर आसन बिछ्याउनुपर्छ त्यो ठाउँ धेरै अग्लो वा होचो हुनु हुँदैन । सबैभन्दा तल कुशको आसन हुनुपर्छ । त्यसपछि मृगको छालाको र त्यसमाथि वस्त्र बिछ्याउनुपर्छ । त्यस आसनमा बसेर मन र इन्द्रियको चेष्टालाई रोक्दै चित्तलाई एकाग्र गराएर अन्तःकरणको शुद्धिको लागि योगाभ्यासमा संलग्न हुनुपर्छ । त्यस बेलामा शरीर, मस्तक र गलालाई अविचल भावबाट एक ठाउँमा राखेर स्थिर बस्नुपर्छ । कतै नहेरीकन केवल आफ्नो नाकको टुप्पो मात्र हेर्नुपर्छ । दुवै गोडाको कुर्कुच्चाले अण्डकोष र लिङ्गको रक्षा गर्दै दुवै तिघ्रामाथि पाखुराहरूलाई तेर्स्याएर राख्नुपर्दछ, बायाँ हातका हत्केलामा दाहिने होतको हर्थुङ्गो राख्नुपर्दछ र अलिकति मुख उचालेर अगाडि स्थिर हुनुपर्दछ । यसै गरी बसेर प्राणायाम गर्नुपर्दछ । शरीरभित्र रहने वायुलाई प्राण भन्दछन् । यसलाई रोक्नेको नाम आयाम हो । अतः प्राणायामको अर्थ प्राणवायुलाई रोक्नु हो । यसको विधि यस प्रकारको छ– आफ्नो औँलाले नाकको एक प्वाल बन्द गरेर अर्को प्वालबाट पेटको वायुलाई बाहिर निकाल्ने । बाहिर निकालिएकोले यस क्रियालाई रेचक भनिन्छ । त्यसपछि छालाको खलाँती भरेझैँ शरीरलाई बाहिरी वायुले भर्ने । भरिसकेपछि केही समयसम्म स्थिर भावले बसिरहने । बाहिरबाट वायुको पूर्ति गरिएकोले यस क्रियालाई पूरक भनिन्छ । वायु भरिसकेपछि साधकले न भित्री वायुलाई छोड्दछ न बाहिरी वायुलाई ग्रहण गर्दछ, अर्थात् भरिएको गाग्रोजस्तै अविचल भावले स्थिर रहन्छ, त्यस बेला कुम्भवत् स्थिर रहने हुनाले त्यो चेष्टालाई कुम्भक भनिन्छ । बाह्र मात्राको एक उद्घात हुन्छ । यति बेरसम्म वायुलाई रोक्नु कनिष्ठ श्रेणीको प्राणायाम हो । यो उद्घात अर्थात् चौबीस मात्रासम्म गरिने कुम्भक मध्यम श्रेणीको मानिन्छ र तीन उद्घात अर्थात् छत्तीस मात्रासम्मको कुम्भक उत्तम श्रेणीको प्राणायाम हो । शरीरबाट पसिना निस्कने, काँम्ने तथा अभिघात लाग्ने प्राणायाम अति उत्तम हो । प्राणायामका भूमिकाहरूमध्ये राम्रोसँग नजानेकोलाई हत्तपत्त सुरु गर्नु हुँदैन, अर्थात् क्रमशः अभ्यास बढाउँदै उत्तरोत्तर भूमिकाहरूमा आरूढ हुने कोसिस गर्नुपर्छ । प्राणलाई जितेपछि हिक्का आउने र दमको रोग हराउँछ तथा दिसापिसाबको समस्याबाट पनि छुट्कारा पाइन्छ ।

बलवर्णप्रसादश्च सर्वदोषक्षयः फलम् ।१३।
जपो ध्यानं विनागर्भः स गर्भस्तत्समन्वितः ।
इन्द्रियाणां जयार्थाय सगर्भं धारयेत्परम् ।१४।
ज्ञानवैराग्ययुक्ताभ्यां प्राणायामवशेन च ।
इन्द्रियांश्च विनिर्जित्य सर्वमेव जितं भवेत् ।१५।
इन्द्रियाण्येव तत्सर्वं यत्स्वर्गनरकावुभौ ।
निगृहीतविसृष्टानि स्वर्गाय नरकाय च ।१६।
शरीरं रथमित्याहुरिन्द्रियाण्यस्य वाजिनः ।
मनश्च सारथिः प्रोक्तः प्राणायामः कशा स्मृतः ।१७।
ज्ञानवैराग्यरश्मिभ्यां मायया विधृतं मनः ।
शनैर्निश्चलतामेति प्राणायामैकसंहितम् ।१८।
जलविन्दुं कशाग्रेण मासे मासे पिबेत्तु यः ।
संवत्सरशतं साग्रं प्राणायामश्च तत्समः ।१९।
इन्द्रियाणि प्रसक्तानि प्रविश्य विषयोदधौ ।
आहृत्य यो निगृह्णाति प्रत्याहारः स उच्यते ।२०।
उद्धरेदात्मनात्मानं मज्जमानं यथाम्भसि ।
भोगनद्यतिवेगेन ज्ञानवृक्षं समाश्रयेत् ।२१।

निरोगी हुनु, छिटो हिँड्नु, मनमा उत्साह हुनु, स्वरमा माधुर्य आउनु, बल बढ्नु, शरीरको वर्णमा स्वच्छता आउनु तथा सबै प्रकारको दोषबाट छुट्कारा पाउनु यी सबै प्राणायामबाट हुने लाभ हुन्। प्राणायाम अगर्भ र सगर्भ गरी दुई तरिकाको हुन्छ। जप र ध्यानविना गरिएको प्राणायामलाई अगर्भ भनिन्छ र जपध्यानसँगै गरिने प्राणायामलाई सगर्भ भनिन्छ। इन्द्रियमाथि विजय पाउनका लागि सगर्भ प्राणायाम नै उत्तम हुन्छ, त्यसैको अभ्यास गर्नुपर्छ। ज्ञान र वैराग्यबाट युक्त भएर प्राणायामको अभ्यासले इन्द्रियलाई जितेपछि सबैमाथि विजय प्राप्त हुन्छ। स्वर्ग र नर्क भनिएका सबै इन्द्रिय नै हुन्। यी वशमा भए भने स्वर्गमा पुऱ्याउँछन् र स्वतन्त्र रहियो भने नर्कमा लैजान्छन्। शरीरलाई रथ भनिन्छ, इन्द्रिय यसका घोडा हुन्, मनलाई सारथि भनिएको छ र प्राणायामलाई लगाम मानिन्छ। ज्ञान र वैराग्यको बागडोरमा बाँधिएको मनरूपी घोडालाई प्राणायामद्वारा आबद्ध गरेर राम्रोसँग नियन्त्रणमा लिएपछि बिस्तारैसित मन स्थिर हुन्छ। सय वर्षभन्दा पनि धेरै समय प्रतिमास कुशको टुप्पोबाट जलको एक थोपा लिएर पिउनेको त्यो तपस्या र प्राणायाम दुवै उस्तै हुन्छन्। विषयको समुद्रमा प्रवेश गरे पनि त्यहाँ फैलिएका इन्द्रियलाई फर्काएर आफ्नो अधीनमा लिने प्रयत्नलाई प्रत्याहार भनिन्छ। पानीमा डुबेको मानिसले निस्कनका लागि प्रयत्न गरेझैँ संसार समुद्रमा डुबेकाले स्वयं निस्कने प्रयत्न गर्नुपर्छ। भोगरूपी नदीको वेग धेरै बढेमा त्यसबाट बच्नको लागि अत्यन्त सुदृढ ज्ञानरूपी वृक्षको आश्रय लिनुपर्दछ ।१-२१।

३७४. चतुःसप्तत्यधिकत्रिशततमोऽध्यायः

ध्यान

अग्निरुवाच
ध्यै चिन्तायां स्मृतो धातुर्विष्णुचिन्ता मुहुर्मुहुः ।
अनाक्षिप्तेन मनसा ध्यानमित्यभिधीयते ।१।
आत्मनः समनस्कस्य मुक्ताशेषोपधस्य च ।
ब्रह्मचिन्ता समा शक्तिर्ध्यानं नाम तदुच्यते ।२।
ध्येयालम्बनसंस्थस्य सदृशप्रत्ययस्य च ।
प्रत्ययान्तरनिर्मुक्तः प्रत्ययो ध्यानमुच्यते ।३।
ध्येयावस्थितचित्तस्य प्रदेशे यत्र कुत्रचित् ।
ध्यानमेतत्समुद्दिष्टं प्रत्ययस्यैकभावना ।४।

अग्निदेव भन्दछन्– हे मुने ! ध्यै चिन्तायाम् धातुको प्रयोग चिन्तनको अर्थमा हुन्छ। अतः स्थिर चित्तले भगवान् विष्णुलाई बारम्बार चिन्तन गर्नु नै ध्यान हो भनिन्छ। सबै उपाधिहरूबाट मुक्त मनसहित आत्माले ब्रह्मविचारमा प्रवृत्त हुनु पनि ध्यान नै हो। ध्येयरूप आधारमा स्थित एवं सजातीय प्रतीतिबाट युक्त चित्तमा जुन विजातीय प्रतीतिबाट रहित प्रतीति हुन्छ, त्यसलाई पनि ध्यान भनिन्छ। जुनसुकै प्रदेशमा पनि ध्येय वस्तुको चिन्तनमा एकाग्र भएका चित्तको प्रतीतिसँगै जुन अभेद भावना हुन्छ त्यसलाई पनि ध्यान भनिन्छ। यस प्रकार ध्यानपरायण भएर आफ्नो शरीर परित्याग गर्नेले कुल, स्वजन र मित्रहरूको पनि उद्धार गरेर स्वयं भगवत्स्वरूप हुन्छ। यस प्रकार प्रतिदिन एक वा आधा मुहूर्त श्रद्धापूर्वक

एवं ध्यानसमायुक्तः स्वदेहं यः परित्यजेत् ।
कुल स्वजनमित्राणि समुद्धृत्य हरिर्भवेत् ।५।
एवं मुहुर्त्तमर्धं वा ध्यायेद्यः श्रद्धया हरिम् ।
सोऽपि यां गतिमाप्नोति न तां सर्वैर्महामखैः ।६।
ध्याता ध्यानं तथा ध्येयं यच्च ध्यानप्रयोजनम् ।
एतच्चतुष्टयं ज्ञात्वा योगं युञ्जीत तत्त्ववित् ।७।
योगाभ्यासाद्भवेन्मुक्तिरैश्वर्य्यञ्चाष्टधा महत् ।
ज्ञानवैराग्यसम्पन्नः श्रद्दधानः क्षमान्वितः ।८।
विष्णुभक्तः सदोत्साही ध्यातेत्थं पुरुषः स्मृतः ।
मूर्तामूर्तं परं ब्रह्म हरेर्ध्यानं हि चिन्तनम् ।९।
सकलो निष्फलो ज्ञेयः सर्वज्ञः परमो हरिः ।
अणिमादिगुणैश्वर्य्यं मुक्तिर्ध्यानप्रयोजनम् ।१०।
फलेन योजको विष्णुरतो ध्यायेत्परेश्वरम् ।
गच्छंस्तिष्ठन्स्वपञ्जाग्रदुन्मिषन्निमिषन्नपि ।११।
शुचिर्वाप्यशुचिर्वापि ध्यायेत्सततमीश्वरम् ।
स्वदेशायतनस्यान्ते मनसि स्थाप्य केशवम् ।१२।
हृत्पद्मपीठिकामध्ये ध्यानयोगेन पूजयेत् ।
ध्यानयज्ञः परः शुद्धः सर्वदोषविवर्जितः ।१३।
तेनेष्ट्वा मुक्तिमाप्नोति बाह्यशुद्धैश्च नाध्वरैः ।
हिंसादोषविमुक्तत्वाद्विशुद्धिश्चित्तसाधनः ।१४।
ध्यानयज्ञः परस्तस्मादपवर्गफलप्रदः ।
तस्मादशुद्धं सन्त्यज्य ह्यनित्यं बाह्यसाधनम् ।१५।
यज्ञाद्यं कर्म सन्त्यज्य योगमत्यर्थमभ्यसेत् ।
विकारमुक्तमव्यक्तं भोग्यभोगसमन्वितम् ।१६।
चिन्तयेद् हृदये पूर्वं क्रमादादौ गुणत्रयम् ।
तमः प्रच्छाद्यः रजसा सत्त्वेन छादयेद्रजः ।१७।
ध्यायेत्त्रिमण्डलं पूर्वं कृष्णं रक्तं सितं क्रमात् ।
सत्त्वोपाधिगुणातीतः पुरुषः पञ्चविंशकः ।१८।
ध्येयमेतदशुद्धं च त्यक्त्वा शुद्धं विचिन्तयेत् ।
ऐश्वर्य्यं पङ्कजं दिव्यं पुरुषोपरि संस्थितम् ।१९।

श्रीहरिको ध्यान गर्नेले पनि सम्पूर्ण महायज्ञद्वारा पनि कसैले पाउन नसक्ने गति प्राप्त गर्दछ । तत्त्ववेत्ता योगीले ध्याता, ध्यान, ध्येय तथा ध्यानको प्रयोजन यी चार वस्तुको ज्ञान प्राप्त गरेर योगको अभ्यास गर्नुपर्छ। योगाभ्यासबाट मोक्ष तथा आठ प्रकारको महान् ऐश्वर्य प्राप्त हुन्छ । ज्ञान वैराग्यबाट सम्पन्न, श्रद्धालु, क्षमाशील, विष्णुभक्त तथा ध्यानमा सधैं उत्साह राख्ने पुरुष नै ध्याता मानिएको छ। व्यक्त र अव्यक्त जेसुकै प्रतीत भए पनि सबै परमब्रह्म परमात्माको स्वरूप हो भनेर चिन्तन गर्नुलाई ध्यान भनिन्छ। सर्वज्ञ परमात्मा श्रीहरिलाई सम्पूर्ण कलाहरूबाट युक्त तथा निष्कल जान्नुपर्छ। अणिमादि ऐश्वर्य प्राप्ति तथा मोक्ष ध्यानको प्रयोजन हो। भगवान् विष्णु नै कर्मको फल दिने हुनाले ती परमेश्वरको ध्यान गर्नुपर्दछ। ती नै ध्येय हुन्। हिँड्दाडुल्दा, उभिँदा, सुत्दाब्युँझदा, आँखा खुल्नेबित्तिकै र आँखा मिच्दैको समयमा पनि, शुद्ध बा अशुद्ध अवस्थामा पनि निरन्तर परमेश्वरको ध्यान गर्नुपर्दछ। आफ्नो देहरूपी मन्दिरभित्र मनमा स्थित हृदयकमलरूपी पीठको मध्यभागमा भगवान् केशवको स्थापना गरेर ध्यानयोगद्वारा उनको पूजा गर्नुपर्छ । ध्यानयज्ञ श्रेष्ठ, शुद्ध र सबै दोषबाट रहित छ। त्यसद्वारा भगवान्‌को यजन गरेर मनुष्यले मोक्ष प्राप्त गर्न सक्छ। बाह्य शुद्धिबाट युक्त यज्ञद्वारा पनि यस फलको प्राप्त हुन सक्तैन । हिंसा आदि दोषबाट मुक्त हुनाको कारण ध्यान अन्तःकरणको शुद्धिको प्रमुख साधन र चित्तलाई वशमा राख्ने हुन्छ। यसैले ध्यानयज्ञ सबैभन्दा श्रेष्ठ र मोक्षरूपी फल प्रदान गर्ने हुनाले अशुद्ध एवं अनित्य बाह्य साधन यज्ञ आदि कर्मलाई त्यागेर योगलाई नै विशेष रूपले अभ्यास गर्नुपर्छ। पहिले विकारयुक्त, अव्यक्त तथा भोग्यभोगबाट युक्त तीनै गुणलाई क्रमशः आफ्नो हृदयमा ध्यान गर्नुपर्छ। तमोगुणलाई रजोगुणबाट आच्छादित गरेर रजोगुणलाई सत्त्वगुणबाट आच्छादित गर्नुपर्छ।१-१७।

यसपछि पहिले कालो, अनि रातो, त्यसपछि सेतो रङ्गको तीन मण्डललाई क्रमशः ध्यान गर्नुपर्छ। यस प्रकार जुन गुणको ध्यान बताइयो, त्यो अशुद्ध ध्येय हो। त्यसलाई त्यागेर शुद्ध ध्येयलाई चिन्तन गर्नुपर्छ। पुरुष सत्त्वोपाधिक गुणबाट अतीत चौबीस तत्त्वबाट परं पच्चीसौँ तत्त्व हो र त्यही शुद्ध ध्येय हो। पुरुषको आफ्नो नाभीबाट प्रकट भएको एक दिव्य कमल स्थित छ र त्यो प्रभुको ऐश्वर्य नै हो। यसको लम्बाइ बाह्र अङ्गुलको छ। त्यो शुद्ध, विकसित तथा सेतो रङ्गको

द्वादशाङ्गुलविस्तीर्णं शुद्धं विकसितं सितम् ।
नालमष्टाङ्गुलं तस्य नाभिकन्दसमुद्भवम् ।२०।
पद्मपत्राष्टकं ज्ञेयमणिमादिगुणाष्टकम् ।
कर्णिकाकेसरं नालं ज्ञानवैराग्यमुत्तमम् ।२१।
विष्णुधर्म्मश्च तत्कन्दमिति पद्मं विचिन्तयेत् ।
तद्धर्मज्ञानवैराग्यं शिवैश्वर्य्यमयं परम् ।२२।
ज्ञात्वा पद्मासनं सर्वं सर्वदुःखान्तमाप्नुयात् ।
तत्पद्मकर्णिकामध्ये शुद्धदीपशिखाकृतिम् ।२३।
अङ्गुष्ठमात्रममलं ध्यायेदोङ्कारमीश्वरम् ।
कदम्बगोलकाकारं तारं रूपमिव स्थितम् ।२४।
ध्यायेद्वा रश्मिजालेन दीप्यमानं समन्ततः ।
प्रधानं पुरुषातीतं स्थितं पद्मस्थमीश्वरम् ।२५।
ध्यायेज्जपेच्च सततमोङ्कारं परमक्षरम् ।
मनःस्थित्यर्थमिच्छन्ति स्थूलध्यानमनुक्रमात् ।२६।
तद्भूतं निश्चलीभूतं लभेत्सूक्ष्मेऽपि संस्थितम् ।
नाभिकन्दे स्थितं नालं दशाङ्गुलसमायतम् ।२७।
नालेनाष्टदलं पद्मं द्वादशाङ्गुलविस्तृतम् ।
सकर्णिके केसराले सूर्य्यसोमाग्निमण्डलम् ।२८।
अग्निमण्डलमध्यस्थः शङ्खचक्रगदाधरः ।
पद्मी चतुर्भुजो विष्णुरथ वाष्टभुजो हरिः ।२९।
शार्ङ्गाक्षवलयधरः पाशाङ्कुशधरः परः ।
स्वर्णवर्णः श्वेतवर्णः सश्रीवत्सः सकौस्तुभः ।३०।
वनमाली स्वर्णहारी स्फुरन्मकरकुण्डलः ।
रत्नोज्ज्वलकिरीटश्च पीताम्बरधरो महान् ।३१।
सर्वाभरणभूषाढ्यो वितस्तिर्वायथेच्छया ।
अहं ब्रह्म ज्योतिरात्मा वासुदेवो विमुक्त ओं ।३२।
ध्यानाच्छान्तो जपेन्मन्त्रं जपाच्छान्तश्च चिन्तयेत् ।
जपध्यानादियुक्तश्च विष्णुः शीघ्रं प्रसीदति ।३३।
जपयज्ञस्य वै यज्ञाः कलां नार्हन्ति षोडशीम् ।
जपिनं नोपसर्पन्ति व्याधयश्चाधयो ग्रहाः ।
भुक्तिर्मुक्तिर्मृत्युजयो जपेन प्राप्नुयात्फलम् ।३४।

छ । त्यसको मृणाल आठ अङ्गुलको छ । त्यस कमलको आठ पातहरूको अणिमा आदि आठ ऐश्वर्यलाई बुझ्नुपर्दछ । त्यस कर्णिकाको केसर ज्ञान तथा नाल उत्तम वैराग्य हो । विष्णु धर्म नै उसको जड हो । यस प्रकार कमललाई चिन्तन गर्नुपर्छ । धर्म, ज्ञान, वैराग्य एवं कल्याणमय ऐश्वर्य स्वरूप त्यस श्रेष्ठ कमललाई भगवान्को आसन मानेपछि आफ्ना सबै दुःखबाट मानुष्यले छुटकारा पाउँछ । कमलकर्णिकाको मध्यभागमा ओङ्कारमय ईश्वरको ध्यान गर्नुपर्छ । उनको आकृति शुद्ध दीपशिखाजस्तै देदीप्यमान एवं औंलोजत्रै हुन्छ र अत्यन्त निर्मल छ । कदम्बपुष्पजस्तै उनको गोलाकार स्वरूप ताराजस्तै स्थित छ । अथवा कमलमाथि प्रकृति र पुरुषभन्दा पनि अतीत परमेश्वर विराजमान भएको ध्यान गरेर परम अक्षर ओङ्कारको निरन्तर जप गर्नुपर्छ । साधकले आफ्नो मन स्थिर राखेर पहिले स्थूलको ध्यान गर्नुपर्दछ । त्यसपछि क्रमशः मनलाई स्थिर राखेर सूक्ष्म तत्त्वको चिन्तनमा लगाउनु पर्दछ । नाभीमूलमा स्थित कमलको नालको विस्तार दस अङ्गुल छ । नालमाथि अष्टदल कमल बाह्र अङ्गुल विस्तृत छ । त्यसको कर्णिकाको केसरमा सूर्य, सोम तथा अग्नि तीन देवताहरूको मण्डल छ । अग्निमण्डलभित्र शङ्ख, चक्र, गदा र पद्म धारण गरेका चतुर्भुज विष्णु अथवा आठ भुजाहरू भएका भगवान् श्रीहरि विराजमान छन् । अष्टभुज भगवान्को हातमा शङ्खचक्र आदि बाहेक शार्ङ्गधनुष, अक्षमाला, पाश र अङ्कुश पनि छन् । उनका श्रीविग्रहको वर्ण सेतो र सुनझैँ उद्दीप्त छ । वक्षस्थमा श्रीवत्सको चिह्न र कौस्तुभमणिले शोभा पाएको छ । गलामा वनमाला र सुनको हार छ । कानमा मकराकार कुण्डल जगमगाइरहेका छन् । निधारमा रत्नमय उज्वल किरीट सुशोभित छ । श्रीअङ्गमा पीताम्बरले शोभा पाएको छ । यी सबै प्रकारका आभूषणबाट अलङ्कृत छन् । उनको आकार धेरै ठूलो छ । इच्छा लागेअनुसार ठूलो वा सानो आकृतिको ध्यान गर्नुपर्दछ । ध्यान गर्ने बेलामा म ज्योतिर्मय ब्रह्म हुँ, म नै नित्यमुक्त प्रणवरूप वासुदेवसंज्ञक परमात्मा हुँ भन्ने भावना गर्नुपर्छ । ध्यानबाट थाकेपछि मन्त्रको जप गर्नुपर्छ र जपबाट थाकेपछि ध्यान गर्नुपर्छ । यस प्रकार जप र ध्यानमा लागि रहनाले भगवान् विष्णु चाँडै नै प्रसन्न हुन्छन् । अरू यज्ञहरू जपयज्ञको सोह्र कला बराबर पनि हुन सक्तैनन् । जप गर्ने पुरुषलाई आधि, व्याधि र ग्रह लाग्दैन । जप गर्नाले भोग, मोक्ष तथा मृत्युविजयरूप फलको प्राप्ति हुन्छ ।१८–३४।

३७५. पञ्चसप्तत्यधिकत्रिशततमोऽध्यायः

धारणा

अग्निरुवाच
धारणा मनसो ध्येये संस्थितिर्ध्यानवद्‌द्विधा ।
मूर्त्तामूर्त्तहरिध्यानमनोधारणतो हरिः ।१।
यद्बाह्यावस्थितं लक्ष्यं तस्मान्न चलते मनः ।
तावत्कालं प्रदेशेषु धारणा मनसि स्थितिः ।२।
कालावधि परिच्छिन्नं देहे संस्थापितं मनः ।
न प्रच्यवति यल्लक्ष्याद्धारणा साभिधीयते ।३।
धारणा द्वादशयामा ध्यानं द्वादश धारणाः ।
ध्यानं द्वादशकं यावत्समाधिरभिधीयते ।४।
धारणाभ्यासयुक्तात्मा यदि प्राणैर्विमुच्यते ।
कुलैकविंशमुत्तार्य्य स्वर्याति परमं पदम् ।५।
यस्मिन्यस्मिन्भवेदङ्गे योगिनां व्याधिसम्भवः ।
तत्तदङ्गं धिया व्याप्तं धारयेत्तत्त्वधारणम् ।६।
आग्नेयी वारुणी चैव ऐशानी चामृतात्मिका ।
साग्निः शिखा फडन्ता च विष्णोः कार्य्या द्विजोत्तम ।७।
नाडीभिर्विकटं दिव्यं शूलाग्रं वेधयेच्छुभम् ।
पादाङ्गुष्ठात्कपालान्तं रश्मिमण्डलमावृतम् ।८।
तिर्य्यक् चाधोर्ध्वभागेभ्यः प्रयान्त्योऽतीव तेजसा ।
चिन्तयेत्साधकेन्द्रस्तं यावत्सर्वं महामुने ।९।
भस्मीभूतं शरीरं स्वं ततश्चैवोपसंहरेत् ।
शीतश्लेष्मादयः पापं विनश्यन्ति द्विजातयः ।१०।
शिरो धीरं विचारं च कण्ठं चाधोमुखे स्मरेत् ।
ध्यायेदच्छिन्नचित्तात्मा भूयो भूतेन चात्मना ।११।
स्फुरच्छीकरसंस्पर्शप्रभूते हिमगामिभिः ।
धाराभिरखिलं विश्वमापूर्य्य भुवि चिन्तयेत् ।१२।
ब्रह्मरन्ध्राच्च सङ्क्षोभाद्यावदाधारमण्डलम् ।
सुषुम्नान्तर्गतो भूत्वा सम्पूर्णेन्दुकृतालयम् ।१३।
संप्लाव्य हिमसंस्पर्शतोयेनामृतमूर्त्तिना ।

अग्निदेव भन्दछन्— हे मुने ! ध्येय वस्तुमा मनको स्थिति हुनुलाई नै धारणा भनिन्छ । ध्यानजस्तै यसका पनि दुई भेद छन्— साकार र निराकार । भगवान्‌को ध्यानमा लगाइएका मनलाई क्रमशः मूर्त र अमूर्त धारणा भनिन्छ । यस धारणाबाट भगवान् प्राप्ति हुन्छ । बाहिरी लक्ष्यबाट मन विचलित नभएसम्म कुनै पनि प्रदेशमा मनको स्थिति रहनुलाई धारणा भनिन्छ । शरीरभित्र निश्चित समयसम्म मनलाई रोकिरहेको र आफ्नो लक्ष्यबाट विचलित नभएको अवस्थालाई नै धारणा भनिन्छ । बाह्र आयामको धारणा हुन्छ, बाह्र धारणाको ध्यान हुन्छ र बाह्र ध्यानपर्यन्त रहेको मनको एकाग्रतालाई समाधि भनिन्छ । मन धारणाको अभ्यासमा लागेकै अवस्थामा यदि प्राण गयो भने त्यस पुरुषले आफ्नो एक्काईस पुस्ता उद्धार गर्दै अत्यन्त उत्कृष्ट पद प्राप्त गर्दछ । योगीका जुन अङ्गमा व्याधिको सम्भावना हुन्छ, बुद्धिद्वारा त्यही अङ्गलाई व्याप्त गरेर तत्त्वको धारणा गर्नुपर्दछ । हे द्विजोत्तम ! आग्नेयी, वारुणी, ऐशानी र अमृतात्मिका—विष्णुलाई यी चार प्रकारका धारणा गर्नुपर्दछ । त्यस बेला अन्तमा फट् शब्दको प्रयोग भएको अग्नियुक्त शिखामन्त्रलाई जप गर्नु उचित हुन्छ । नाडीहरूद्वारा विकट, दिव्य र शुभ शूलाग्रको वेधन गर्नुपर्छ । गोडाका बुढीऔँलादेखि ओठसम्म किरणहरूको समूह व्याप्त हुन्छ र धेरै छिटोसँग तलमाथि तथा यताउता फैलिरहेको छ भन्ने भावना गर्नुपर्छ । हे महामुने ! श्रेष्ठ साधकले आफ्नो सम्पूर्ण शरीर आफूभित्रै भस्म भएको नदेखुन्जेले रश्मिमण्डलको चिन्तन गरिरहनुपर्छ । त्यसपछि त्यस धारणालाई उपसंहार गर्नुपर्छ । यसद्वारा द्विजगण शीत र श्लेष्मा आदि रोग तथा आफ्नो पापहरूको विनाश गर्दछन् । यो आग्नेय धारणा हो । त्यसपछि धीरभावले विचार गर्दै मस्तक र कण्ठलाई अधोमुख भएको चिन्तन गर्नुपर्छ । त्यस समयमा साधकको चित्त नष्ट हुनुहुँदैन । ऊ पुनः आफ्नो अन्तकरणद्वारा ध्यानमा लाग्नुपर्छ र जलको अनन्त कण प्रकट भएर एकअर्कासँग मिलेर हिमराशिलाई उत्पन्न गर्दछन् र त्यसबाट पृथ्वीमा जलको धाराहरू प्रवाहित भएर सम्पूर्ण विश्वलाई आप्लावित गरिरहेको छ भन्ने धारणा गरोस् । यस प्रकार त्यस हिमस्पर्शबाट शीतल भएको अमृतस्वरूप जलद्वारा क्षोभवश ब्रह्मरन्ध्रबाट लिएर मूलाधारपर्यन्त सम्पूर्ण चक्रमण्डललाई आप्लावित गर्दै सुषुम्णा नाडीको भित्र हुँदै पूर्ण चन्द्रमण्डलको चिन्तन गर्नुपर्छ । भोकप्यास आदिबाट

क्षुत्पिपासाक्रमप्रायसन्तापपरिपीडितः ।१४।
धारयेद्वारुणीं मन्त्री तुष्ट्यर्थं चाप्यतन्त्रितः ।
वारुणी धारणा प्रोक्ता ऐशानीधारणां शृणु ।१५।
व्योम्नि ब्रह्ममये पद्मे प्राणापाने क्षयं गते ।
प्रसादं चिन्तयेद्विष्णोर्यावच्चिन्ता क्षयं गता ।१६।
महाभावं जपेत्सर्वं ततो व्यापक ईश्वरः ।
अर्धेन्दुं परमं शान्तं निराभासं निरञ्जनम् ।१७।
असत्यं सत्यमाभाति तावत्सर्वं चराचरम् ।
यावत्स्वस्यन्दरूपन्तु न दृष्टं गुरुवक्त्रतः ।१८।
दृष्टे तस्मिन्परे तत्त्वे आब्रह्म सचराचरम् ।
प्रमातृमानमेयं च ध्यानहृत्पद्मकम्पनम् ।१९।
मातृमोदकवत्सर्वं जपहोमार्चनादिकम् ।
विष्णुमन्त्रेण वा कुर्य्यादमृतां धारणां वदे ।२०।
सम्पूर्णेन्दुनिभं ध्यायेत्कमलं तन्त्रिमुष्टिगम् ।
शिरःस्थं चिन्तयेद्यत्नाच्छशाङ्कायुतवर्चसम् ।२१।
सम्पूर्णमण्डलं व्योम्नि शिवकल्लोलपूर्णितम् ।
तथा हृत्कमले ध्यायेत्तन्मध्ये स्वतनुं स्मरेत् ।
साधको विगतक्लेशो जायते धारणादिभिः ।२२।

प्राप्त हुने क्लेशबाट अत्यन्त पीडित भएर आफ्नो तुष्टिको लागि यस वारुणी धारणालाई चिन्तन गर्नुपर्छ र त्यस समयमा आलस्यलाई छोडेर विष्णुको मन्त्र जप गर्नु उचित हुन्छ । यो वारुणी धारणा बताइयो । अब ऐशानी धारणाको वर्णन सुन्नुहोस् । प्राण र अपानको क्षय हुनाले हृदयाकाशमा ब्रह्ममय कमलमाथि विराजमान भगवान् विष्णुको प्रसादलाई सम्पूर्ण चिन्ता नाश नहोउन्जेल चिन्तन गर्नुपर्छ । त्यसपछि व्यापक ईश्वररूपले स्थित भएका परम शान्त, निरञ्जन, निराभास एवं अर्द्धचन्द्रस्वरूप सम्पूर्ण महाभावको जप र चिन्तन गर्नुपर्छ। गुरुका मुखबाट जीवात्मामा भएका ब्रह्मको अंशलाई नचिनुन्जेल यो सम्पूर्ण चराचर जगत् असत्य भए पनि सत्यवत् प्रतीत हुन्छ। त्यस परमतत्त्वको साक्षात्कार भएपछि ब्रह्मादेखि लिएर यो सारा चराचर जगत्, प्रमाता, मान र मेय सबै ध्यानगत हृदय कमलमा लीन हुन्छन्। जप, होम र पूजा आदिलाई माताले दिएको मिठाइजस्तै मधुर एवं लाभकारी सम्झेर विष्णुमन्त्रद्वारा श्रद्धापूर्वक अनुष्ठान गर्नुपर्छ । अब म अमृतमयी धारणा बताउँछु । मस्तकको नाडीको केन्द्रस्थानमा पूर्ण चन्द्रमाजस्तै आकार भएको कमललाई ध्यान गरेर प्रयत्नपूर्वक आकाशमा दस हजार चन्द्रमासमान प्रकाशमान एक पूर्ण चन्द्रमण्डल उदाएको छ र त्यो कल्याणमय कल्लोलद्वारा परिपूर्ण छ भन्ने भावना गर्नुपर्छ। यस्तै ध्यान आफ्नो हृदयकमलमा पनि गर्नुपर्छ र त्यसको मध्यभागमा आफ्नो शरीरलाई स्थित देख्नुपर्छ । धारणाद्वारा साधकका सबै क्लेश हराएर जान्छन् ।१-२२।

३७६. षट्सप्तत्यधिकत्रिशततमोऽध्यायः
समाधि

अग्निरुवाच
यदात्ममात्रं निर्भासं स्तिमितोदधिवत्स्थितम् ।
चैतन्यरूपवद्ध्यानं तत्समाधिरिहोच्यते ।१।
ध्यायन्मनः सन्निवेश्य यस्तिष्ठेदचलः स्थिरः ।
निर्वातानलवद्योगी समाधिस्थः प्रकीर्त्तितः ।२।
न शृणोति न चाघ्राति न पश्यति न रस्यति ।
न च स्पर्शं विजानाति न सङ्कल्पयते मनः ।३।
न चाभिमन्यते किञ्चिन्न च बुध्यति काष्ठवत् ।
एवमीश्वरसंलीनः समाधिस्थः स गीयते ।४।
यथा दीपो निवातस्थो नेङ्गते सोपमा स्मृता ।

अग्निदेव भन्दछन्— जो चैतन्यस्वरूपले युक्त र प्रशान्त समुद्रजस्तो स्थिर छ, जसमा आत्माबाहेक अरू कुनै वस्तुको प्रतीति हुँदैन, त्यस ध्यानलाई समाधि भनिन्छ। जसले ध्यानको समयमा आफ्नो चित्तलाई ध्येयमा लगाउँछ र वायुहीन प्रदेशमा बलिरहेको अग्निशिखाजस्तै अविचल एवं स्थिर भावले जो रहिरहन्छ, त्यही योगी समाधिस्थ कहलाउँछ । जसले न सुन्दछ, न सुँघ्छ, न देख्दछ, न रसको स्वाद लिन्छ, न स्पर्शको अनुभव गर्दछ, न मनमा सङ्कल्प उठ्न दिन्छ, न अभिमान गर्दछ र न बुद्धिले कुनै अर्को वस्तुलाई चिन्दछ, केवल काठजस्तै अविचल भावले ध्यानमा नै जो स्थित रहन्छ, यस्तो ईश्वरचिन्तनपरायण पुरुषलाई समाधिस्थ भनिन्छ। जस्तो वायुरहित स्थानमा राखिएको बत्ती हल्लिदैंन, समाधिस्थ योगी

ध्यायतो विष्णुमात्मानं समाधितस्य योगिनः ।५।
उपसर्गाः प्रवर्त्तन्ते दिव्याः सिद्धिप्रसूचकाः ।
पातितः श्रावणो धातुर्दशनस्वाङ्गवेदनाः ।६।
प्रार्थयन्ति च तं देवा भोगैर्दिव्यैश्च योगिनम् ।
नृपाश्च पृथिवीदानैर्धनैश्च सुधनाधिपाः ।७।
वेदादिसर्वशास्त्रं च स्वयमेव प्रवर्त्तते ।
अभीष्टच्छन्दोविषयं काव्यञ्चास्य प्रवर्त्तते ।८।
रसायनानि दिव्यानि दिव्याश्चौषधयस्तथा ।
समस्तानि च शिल्पानि कलाः सर्वाश्च विन्दति ।९।
सुरेन्द्रकन्या इत्याद्या गुणाश्च प्रतिभादयः ।
तृणवत्तान्त्यजेद्यस्तु तस्य विष्णुः प्रसीदति ।१०।
अणिमादिगुणैश्वर्य्यः शिष्ये ज्ञानं प्रकाश्य च ।
भुक्त्वा भोगान्यथेच्छातस्तनुं त्यक्त्वा लयात्ततः ।११।
तिष्ठेत्स्वात्मनि विज्ञान आनन्दे ब्रह्मणीश्वरे ।
मलिनो हि यथादर्श आत्मज्ञानाय न क्षमः ।१२।
सर्वाश्रयान्निजे देहे देही विन्दति वेदनाम् ।
योगयुक्तस्तु सर्व्वेषां योगान्नाप्नोति वेदनाम् ।१३।
आकाशमेकं हि यथा घटादिषु पृथग्भवेत् ।
तथात्मैको ह्यनेकेषु जलाधारेष्विवांशुमान् ।१४।
ब्रह्म खानिलतेजांसि जलभूक्षितिधातवः ।
इमे लोका एष चात्मा तस्माच्च सचराचरम् ।१५।
मृद्दण्डचक्रसंयोगात् कुम्भकारो यथा घटम् ।
करोति तृणमृत्काष्ठैर्गृहं वा गृहकारकः ।१६।
करणान्येवमादाय तासु तास्विह योनिषु ।
सृजत्यात्मानमात्मैवं सम्भूय करणानि च ।१७।
कर्मणा दोषमोहाभ्यामिच्छयैव स बध्यते ।
ज्ञानाद्विमुच्यते जीवो धर्म्माद्योगी न रोगभाक् ।१८।
वर्त्याधारस्नेहयोगाद्यथा दीपस्य संस्थितिः ।
विक्रियापि च दृष्टैवमकाले प्राण सङ्क्षयः ।१९।
अनन्ता रश्मयस्तस्य दीपवद्यः स्थितो हृदि ।
सितासिताः कद्रुनीलाः कपिलाः पीतलोहिताः ।२०।
ऊर्ध्वमेकः स्थितस्तेषां यो भित्त्वा सूर्य्यमण्डलम् ।

त्यस्तै हुन्छ । जो आफ्नो आत्मस्वरूप श्रीविष्णुको ध्यानमा संलग्न रहन्छ, उसको अगाडि अनेक दिव्य विघ्न उपस्थित हुन्छन् । यो सिद्धिको सूचना हो । साधकलाई माथिबाट तल खसालिन्छ, उसको कान दुख्छ, अनेक प्रकारका धातुहरूको दर्शन हुन्छ तथा उसलाई आफ्नो शरीरमा ठूलो वेदनाको अनुभव हुन्छ । देवताहरू योगीकहाँ आएर उसलाई दिव्य भोग स्वीकार गर्ने प्रार्थना गर्दछन्, राजाले पृथ्वीको राज्य दिने कुरो गर्दछ र ठूलठूला धनाढ्यले धनको लोभ देखाउँछन् । वेद आदि सम्पूर्ण शास्त्र स्वयं नै उसको दिमागमा स्फुरित हुन्छन् । उसैद्वारा मनोनुकूल छन्द र सुन्दर विषयबाट युक्त उत्तम काव्यको रचना हुन्छ । दिव्य रसायन, दिव्य औषधिहरू तथा सम्पूर्ण शिल्प र कला उसलाई प्राप्त हुन्छन् । यतिमात्र होइन, देवेश्वरका कन्याहरू र प्रतिभा आदि सद्गुण पनि नभनीकनै उसकहाँ आउँदछन् तर यी सबैलाई जसले घाँस बराबर मानेर त्याग्दछ, उसैसँग भगवान् विष्णु प्रसन्न हुन्छन् । अणिमा आदि गुणमयी विभूतिहरूद्वारा युक्त योगी पुरुषले शिष्यलाई ज्ञान दिनु उचित हुन्छ । इच्छाअनुसार भोगहरू उपभोग गर्दै लययोगका रीतिले शरीरलाई परित्याग गर्छन् र विज्ञानानन्दमय ब्रह्म एवं ईश्वररूप आफ्नो आत्मामा स्थित हुन्छन् । मैलो ऐना शरीरको प्रतिबिम्ब देखाउन असमर्थ भएझैं अन्तःकरण वासनाशून्य नभएको योगी आत्मज्ञान प्राप्त गर्न असमर्थ हुन्छ । सबै प्रकारका रोग र दुःखहरूको आश्रय शरीर नै हो; यसैले देहाभिमानी जीव आफ्नो शरीरमा वेदनाको अनुभव गर्दछ । तर जुन पुरुष योगयुक्त छ, उसलाई योगकै प्रभावले कुनै पनि क्लेशको अनुभव हुँदैन । जस्ता कि एउटै आकाश भिन्नभिन्न उपाधिमा भिन्न भिन्नजस्तो प्रतीत हुन्छ र एउटै सूर्य अनेक जलपात्रमा अनेकौं जस्तो लाग्दछ, त्यस्तै प्रकारले आत्मा एउटै भए तापनि अनेक शरीरमा स्थित हुनाले अनेकौं प्रतीत हुन्छ । आकाश, वायु, तेज, जल र पृथ्वी— यी पाँच भूत ब्रह्मकै स्वरूप हुन् । यो सम्पूर्ण लोक आत्मा हो, आत्माबाट नै चराचर जगत्को अभिव्यक्ति हुन्छ । जस्तो कुमालेको माटाले लौरो र चक्काको सहायतागबाट गाग्रो बनाउँछ अथवा जुन प्रकार घर बनाउने मानिसले घाँस, माटो र काठबाट घर तयार गर्दछ उसै प्रकार जीवात्माले इन्द्रियलाई साथ लिएर कार्यकरणसङ्घातलाई एकचित्त गरेर भिन्नभिन्न योनिहरूमा आफूलाई उत्पन्न गर्दछ । कर्मबाट हुने दोष, मोह र स्वेच्छाले नै मानिस बन्धनमा पर्दछ अनि ज्ञानबाट उसको मुक्ति हुन्छ । योगी पुरुष धर्मानुष्ठान गर्नाले कहिल्यै पनि रोगी हुँदैन । बत्ती, तेलको भाँडो र तेल यी तीनैवटाको संयोगले नै प्रकाश हुन्छ यिनीहरूमध्ये कुनै एकको अभावमा प्रकाश हुँदैन, त्यस्तै योग

ब्रह्मलोकमतिक्रम्य तेन याति परां गतिम् ।२१।
यदस्यान्यद्रश्मिशतमूर्ध्वमेव व्यवस्थितम् ।
तेन देवनिकायानि धामानि प्रतिपद्यते ।२२।
ये नैकरूपाश्चाधस्ताद्रश्मयोऽस्यो मृदुप्रभाः ।
इह कर्मोपभोगाय तैश्च सञ्चरते हि सः ।२३।
बुद्धीन्द्रियाणि सर्वाणि मनः कर्मेन्द्रियाणि च ।
अहङ्कारश्च बुद्धिश्च पृथिव्यादीनि चैव हि ।२४।
अव्यक्त आत्मा क्षेत्रज्ञ क्षेत्रस्यास्य निगद्यते ।
ईश्वरः सर्वभूतस्य सन्नसन्सदसच्च सः ।२५।
बुद्धेरुत्पत्तिरव्यक्ता ततोऽहङ्कारसम्भवः ।
तस्मात्खादीनि जायन्ते एकोत्तरगुणानि तु ।२६।
शब्दः स्पर्शश्च रूपं च रसो गन्धश्च तद्गुणाः ।
यो यस्मिन्नाश्रितश्चैषां स तस्मिन्नेव लीयते ।२७।
सत्त्वं रजस्तमश्चैव गुणास्तस्यैव कीर्त्तिताः ।
रजस्तमोभ्यामाविष्टश्चक्रवद्भ्राम्यते हि सः ।२८।
अनादिरादिमान्यश्च स एव पुरुषः परः ।
लिङ्गेन्द्रियैरुपग्राह्यः स विकार उदाहृतः ।२९।
यतो वेदाः पुराणानि विद्योपनिषदस्तथा ।
श्लोकाः सूत्राणि भाष्याणि यच्चान्यद्वाङ्मयं भवेत् ।३०।
पितृयानोपवीथ्याश्च यदगस्त्यस्य चान्तरम् ।
तेनग्निहोत्रिणो यान्ति प्रजाकामा दिवं प्रति ।३१।
ये च दानपराः सम्यगष्टाभिश्च गुणैर्युताः ।
अष्टाशीतिसहस्राणि मुनयो गृहमेधिनः ।३२।
पुनरावर्त्तने बीजभूता धर्मप्रवर्त्तकाः ।
सप्तर्षिनागवीथ्याश्च देवलोकं समाश्रिताः ।३३।
तावन्त एव मुनयः सर्वारम्भविवर्जिताः ।
तपसा ब्रह्मचर्येन सङ्गत्यागेन मेधया ।३४।
यत्र यत्रावतिष्ठन्ते यावदाभूतसंप्लवम् ।
वेदानुवचनं यज्ञा ब्रह्मचर्यं तपो दमः ।३५।
श्रद्धोपवासः सत्यत्वमात्मनो ज्ञानहेतवः ।
सत्त्वाश्रमैर्निदिध्यास्यः समस्तैरेवमेव तु ।३६।
द्रष्टव्यस्त्वथ मन्तव्यः श्रोतव्यश्च द्विजातिभिः ।

र धर्मविना विकार वा रोग उत्पन्न हुन्छ र यस प्रकार अकालमा नै प्राण गुमाउनुपर्छ । हाम्रो हृदयभित्र ज्योतिजस्तै प्रकाशमान आत्मा छ र त्यसका सेतो, कालो, खैरो, पहेँलो, नीलो, कैलो, रातो आदि रङ्गका अनन्त किरण फैलिएका छन् । तीमध्ये एउटा किरण सूर्यमण्डललाई छेडेर सिधै माथितिर गएको छ र त्यसले ब्रह्मलोकलाई पनि नाघेको छ; त्यसै मार्गबाट योगी पुरुषले परमगति प्राप्त गर्दछ । त्यसबाहेक अरू पनि सयौँ करोडौँ किरण माथितिर रहेका छन् । यसैद्वारा मनुष्य भिन्नभिन्न देवताहरूको निवासभूत लोकमा जान्छन् ।१–२२।

एउटै रङ्गका धेरै किरण तलतिर स्थित छन् र तिनको कान्ति एकदम कोमल छ । यसैद्वारा जीव यस लोकमा कर्मभोगको लागि आउँछन् । समस्त ज्ञानेन्द्रिय, मन, कर्मेन्द्रिय, अहङ्कार, बुद्धि, पृथ्वी आदि पाँच भूत तथा अव्यक्त प्रकृति यी क्षेत्र भनिन्छन् र आत्मा नै यस क्षेत्रका ज्ञान भएको क्षेत्रज्ञ भनिएको छ । त्यही सम्पूर्ण भूतको ईश्वर हो । सत्, असत् तथा सदसत् यी सबै उसैका स्वरूप हुन् । व्यक्त प्रकृतिबाट समष्टि बुद्धिको उत्पत्ति हुन्छ । त्यसबाट अहङ्कार उत्पन्न हुन्छ, अहङ्कारबाट आकाश आदि पाँच भूत उत्पन्न हुन्छन् र ती उत्तरोत्तर एकाधिकार गुण भएका छन् । शब्द, स्पर्श, रूप, रस र गन्ध यी क्रमशः ती पाँच भूतका गुण हुन् । यीमध्ये जुन भूत जसको आश्रयमा छ, त्यो त्यसैमा लीन हुन्छ । सत्त्व, रज र तम यी अव्यक्त प्रकृतिका नै गुण हुन् । जीव रजोगुण र तमोगुणबाट आविष्ट भएर चक्रजस्तै घुमिरहन्छ । जो सबैको आदि भएर पनि स्वयं अनादि छ, उही परमपुरुष परमात्मा हो । मन र इन्द्रियले जसलाई ग्रहण गर्दछ, त्यही विकार कहलाउँछ । जसबाट वेद, पुराण, उपनिषद्, श्लोक, सूत्र, भाष्य र अन्य वाङ्मयको उपस्थित भएका छन्, त्यही परमात्मा हो । पितृयानमार्गको उपवीथीबाट लिएर अगस्त्यताराको बीचमा रहेको मार्गबाट सन्तानको कामना गर्ने अग्निहोत्री व्यक्ति स्वर्गमा जान्छन् । जुनसुकै दानमा तत्पर र आठ गुणले युक्त हुनेहरू पनि त्यस्तै प्रकारले यात्रा गर्दछन् । अठासी हजार गृहस्थ मुनि सबै धर्मका प्रवर्तक हुन् र तिनै पुनरावृत्तिका बीज मानिएका छन् । ती सप्तऋषि र नागवीथीको बीचको मार्गबाट देवलोकमा गए । त्यही अठासी हजार अरू मुनि पनि छन् र ती सबै प्रकारको आरामबाट वञ्चित छन् । ती तपस्या, ब्रह्मचर्य, आसक्ति, त्याग र मेधाशक्तिको प्रभावले कल्पपर्यन्त भिन्नभिन्न दिव्यलोकमा निवास गर्दछन् । वेदको निरन्तर स्वाध्याय, निष्काम यज्ञ, ब्रह्मचर्य, तप, इन्द्रियसंयम, श्रद्धा, उपवास र सत्य भाषण यी आत्मज्ञानका उपाय हुन् । सबै द्विजजातिले सत्त्वगुणको

य एवमेनं विन्दन्ति ये चारण्यकमाश्रिताः ।३७।
उपासते द्विजाः सत्यं श्रद्धया परया युताः ।
क्रमात्ते सम्भवन्त्यर्चिरहः शुक्लं तथोत्तरम् ।३८।
अजनं देवलोकञ्च सवितारं सविद्युतम् ।
ततस्तान्पुरुषोऽभ्येत्य मानसो ब्रह्मलौकिकान् ।३९।
करोति पुनरावृत्तिस्तेषामिह न विद्यते ।
यज्ञेन तपसा दानैर्ये हि स्वर्गजितो जनाः ।४०।
धूमं निशां कृष्णपक्षं दक्षिणायनमेव च ।
पितृलोकं चन्द्रमसं नभो वायुं जलं महीम् ।४१।
क्रमात्ते सम्भवन्तीह पुनरेव व्रजन्ति च ।
एतद्यो न विजानाति मार्गद्वितयमात्मनः ।४२।
दन्दशूकः पतङ्गो वा भवेत्कीटोऽथ वा कृमिः ।
हृदये दीपवद्ब्रह्मध्यानाज्जीवोऽमृतो भवेत् ।४३।
न्यायागतधनस्तत्त्वज्ञाननिष्ठोऽतिथिप्रियः ।
श्राद्धकृत्सत्यवादी च गृहस्थोऽपि विमुच्यते ।४४।

आश्रय लिएर आत्मतत्त्वको श्रवण, मनन, निदिध्यासन एवं साक्षात्कार गर्नु उचित हुन्छ । जसले यसलाई यसै प्रकार जान्दछ, जसले वानप्रस्थ आश्रमको आश्रय लिइसकेको छ र परमश्रद्धाले युक्त भएर सत्यको उपासना गर्दछ, ती सबै क्रमशः अग्नि, दिन, शुक्लपक्ष, उत्तरायण, देवलोक, सूर्यमण्डल र विद्युत्का अभिमानी देवताहरूका लोकमा जान्छन् । त्यसपछि मानस पुरुष त्यहाँ आएर तिनीहरूलाई साथै लिएर जान्छ र ब्रह्मलोकको निवासी बनाउँदछ; उनीहरूको यस लोकमा पुनरावृत्ति हुँदैन । जसले यज्ञ, तप र दानबाट स्वर्गलोकमा अधिकार प्राप्त गर्दछ, ती क्रमशः धूम, रात्रि, कृष्णपक्ष, दक्षिणायन, पितृलोक र चन्द्रमाका अभिमानी देवताहरूका लोकमा जान्छन् र फेरि आकाश, वायु एवं जलको मार्गबाट हुँदै यस पृथ्वीमा फर्केर आउँदछन् । यस प्रकार ती यस लोकमा जन्म र मृत्युपछि पुनः त्यसै मार्गबाट यात्रा गर्दछन् । जसले जीवात्माका यी दुई मार्गलाई जान्दैन, त्यो सर्प, किरो, माकुरो आदि हुन्छ । हृदय आकाशमा बत्तीजस्तै प्रकाशमान ब्रह्मलाई ध्यान गर्नाले जीव अमृतस्वरूप हुन जान्छ । न्यायबाट धन उपार्जन गर्ने, तत्त्वज्ञानमा स्थित, अतिथिप्रेमी, श्राद्धकर्ता र सत्यवादी छ भने त्यस्तो गृहस्थ पनि मुक्त हुन्छ ।२३-४४।

३७७. सप्तसप्तत्यधिकत्रिशततमोऽध्यायः

ब्रह्मविज्ञान

अग्निरुवाच
ब्रह्मज्ञानं प्रवक्ष्यामि संसाराज्ञानमुक्तये ।
अयमात्मा परं ब्रह्म अहमस्मीति मुच्यते ।१।
देह आत्मा न भवति दृश्यत्वाच्च घटादिवत् ।
प्रसुप्ते मरणे देहादात्माऽन्यो ज्ञायते ध्रुवम् ।२।
देहः स चेद्व्यवहरेदविकार्य्यादिसन्निभः ।
चक्षुरादीनीन्द्रियाणि नात्मा वै करणं त्वतः ।३।
मनो धीरपि आत्मा न दीपवन्करणं त्वतः ।
प्राणोऽप्यात्मा न भवति सुषुप्ते चित्प्रभावतः ।४।
जाग्रत्स्वप्ने च चैतन्यं सङ्कीर्णत्वान्न बुध्यते ।
विज्ञानरहितः प्राणः सुषुप्ते ज्ञायते यतः ।५।
अतो नात्मेन्द्रियं तस्मादिन्द्रियादिकमात्मनः ।
अहङ्कारोऽपि नैवात्मा देहवद्व्यभिचारतः ।६।

अग्निदेव भन्दछन्— अब म संसाररूप अज्ञानजनित बन्धनबाट छुटकारा पाउनका लागि ब्रह्मज्ञान बताउँछु । यो आत्मा परब्रह्म हो र त्यो ब्रह्म म नै हुँ भन्ने निश्चय भएपछि मनुष्य मुक्त हुन्छ । घट आदि वस्तुहरूजस्तै यो शरीर देखिने हुनाले आत्मा होइन; किनकि सुतेको समयमा वा मृत्युपछि शरीरदेखि आत्मा भिन्न छ भन्ने कुरो निश्चित रूपले बुझिन्छ । यदि शरीर नै आत्मा भएको भए सुतेका समयमा वा मरेपछि पनि पूर्ववत् नै व्यवहार गर्दथ्यो; (आत्मा) अविकारी आदि विशेषण समान विशेषणले युक्त निर्विकार रूपमा प्रतीत हुन्छ । आँखा आदि इन्द्रियहरू पनि आत्मा होइनन्; किनकि यी करण हुन् । यही अवस्था मन र बुद्धिको पनि हुन्छ । यी पनि दीपकजस्तै प्रकाशको उपकरण हुनाले आत्मा होइन । प्राण पनि आत्मा होइन; किनकि सुषुप्तावस्थामा त्यसमाथि जडताको प्रभाव रहन्छ । जाग्रत् र स्वप्नावस्थामा प्राणसँग चैतन्य मिलिरहेको हुन्छ, यसैले त्यो पृथक् लाग्दैन तर सुषुप्तावस्थामा प्राण विज्ञानरहित हुन्छ भन्ने कुरो स्पष्ट रूपले

उक्तेभ्यां व्यतिरिक्तोऽयमात्मा सर्वहृदि स्थितः।
सर्वद्रष्टा च भोक्ता च नक्तमुज्ज्वलदीपवत् ।७।
समाध्यारम्भकाले च एवं सञ्चिन्तयेन्मुनिः।
यतो ब्रह्मण आकाशं खाद्वायुर्वायुतोऽनलः ।८।
अग्नेरापो जलात्पृथ्वी ततः सूक्ष्मं शरीरकम्।
अपञ्चीकृतभूतेभ्य आसन्पञ्चीकृतान्यतः ।९।
स्थूलं शरीरं ध्यात्वास्माल्लयं ब्रह्मणि चिन्तयेत्।
पञ्चीकृतानि भूतानि तत्कार्य्यं च विराट् स्मृतम् ।१०।
एतत्स्थूलं शरीरं हि आत्मनो ज्ञानकल्पितम्।
इन्द्रियैरथ विज्ञानं धीरा जागरितं विदुः ।११।
विश्वस्तदभिमानी स्यात्त्रयमेतदकारकम्।
अपञ्चीकृतभूतानि तत्कार्यं लिङ्गमुच्यते ।१२।
संयुक्तं सप्तदशभिर्हिरण्यगर्भसंज्ञितम्।
शरीरमात्मनः सूक्ष्मं लिङ्गमित्यभिधीयते ।१३।
जाग्रत्संस्कारजः स्वप्नः प्रत्ययो विषयात्मकः।
आत्मा तदुपमानी स्यात्तैजसो ह्यप्रपञ्चतः ।१४।
स्थूलसूक्ष्मशरीराख्यद्वयस्यैकं हि कारणम्।
आत्मा ज्ञानञ्च साभासं तदध्याहृतमुच्यते ।१५।
न सन्नासन्नसदसदेतत्सावयवं न तत्।
निर्गतावयवं नेति नाभिन्नं भिन्नमेव च ।१६।
भिन्नाभिन्नं ह्यनिर्वाच्यं बन्धसंसारकारकम्।
एकं स ब्रह्मविज्ञानात्प्राप्तं नैव च कर्म्मभिः ।१७।
सर्वात्मना हीन्द्रियाणां संहारः कारणात्मनाम्।
बुद्धेः स्थानं सुषुप्तं स्यात्तद्द्वयस्याभिमानवान् ।१८।
प्राज्ञ आत्मा त्रयञ्चैतन्मकारः प्रणवः स्मृतः।
अकारश्च उकारोऽसौ मकारो ह्ययमेव च ।१९।
अहं साक्षी च चिन्मात्रो जाग्रत्स्वप्नादिकस्य च।
नाज्ञानञ्चैव तत्कार्यं संसारादिकबन्धनम् ।२०।
नित्यशुद्धबुद्धमुक्तसत्यमानन्दमद्वयम्।
ब्रह्माहमस्म्यहं ब्रह्म परं ज्योतिर्विमुक्त ओम् ।२१।

थाहा पाइन्छ। अतएव आत्मा इन्द्रिय आदिको रूप होइन। इन्द्रिय आदि आत्माको करणमात्र हुन्। अहङ्कार पनि आत्मा होइन; किनकि शरीरजस्तै यो पनि आत्माबाट पृथक् उपलब्ध हुन्छ। पूर्वोक्त शरीर आदिबाट भिन्न यो आत्मा सबैको हृदयमा अन्तर्यामी रूपबाट स्थित छ। यो रातमा बलिरहेको बत्तीजस्तै सबैको द्रष्टा र भोक्ता हो। समाधिको आरम्भ कालमा मुनिले यस प्रकार चिन्तन गर्नुपर्दछ– ब्रह्मबाट आकाश, आकाशबाट वायु, वायुबाट अग्नि, अग्निबाट जल, जलबाट पृथ्वी तथा पृथ्वीबाट सूक्ष्म शरीर प्रकट भएको हो। अपञ्चीकृत भूतबाट पञ्चीकृत भूतको उत्पत्ति भएको हो। अनि स्थूल शरीरको ध्यान गरेर ब्रह्ममा त्यसको लय भएको भावना गर्नुपर्दछ। पञ्चीकृत भूत तथा उनको कामलाई विराट् भनिन्छ। आत्माको यो स्थूल शरीर अज्ञानले कल्पिएको छ। इन्द्रियद्वारा हुने ज्ञानलाई धीर पुरुष जाग्रत्अवस्था मान्दछन्। जाग्रतमा अभिमानी आत्माको नाम विश्व हुन्छ। यो इन्द्रियविज्ञान, जाग्रतअवस्था र त्यसको अभिमानी देवता तीनै प्रणवको प्रथम मात्रा अकारको स्वरूप हो। अपञ्चीकृत भूत र उसको कार्यलाई लिङ्ग भनिएको छ। दस इन्द्रिय, पञ्चतन्मात्रा तथा मन र बुद्धि यी सत्र तत्त्वहरूले युक्त आत्माको सूक्ष्म शरीर छ र त्यसलाई हिरण्यगर्भ नाम दिइएको छ, त्यसैलाई लिङ्ग भनिन्छ। जाग्रत अवस्थाको संस्कारबाट उत्पन्न विषयहरूको प्रतीतिलाई स्वप्न भनिन्छ। त्यसको अभिमानी आत्मा तैजस नामले प्रसिद्ध छ। यो जाग्रतको प्रपञ्चबाट भिन्न तथा प्रणवको अर्को मात्रा उकाररूप हो। स्थूल र सूक्ष्म दुवै शरीरहरूको एउटै कारण हो आत्मा। आभासयुक्त ज्ञानलाई अध्याहृत ज्ञान भनिन्छ। यस अवस्थाको साक्षी ब्रह्म न सत् हो न असत् र न सदसत् रूप नै हो। त्यो न त अवयवयुक्त छ र न अवयवबाट रहित; न भिन्न छ न अभिन्न; भिन्नाभिन्न रूप पनि छैन। त्यो सधैँ अनिर्वचनीय छ। यस बन्धनभूत संसारलाई सृष्टि गर्ने पनि उही हो। ब्रह्म एक हो र केवल ज्ञानबाट प्राप्त हुन्छ; कर्मद्वारा त्यसको उपलब्धि हुन सक्तैन। बाह्यज्ञानको साधनभूत इन्द्रियहरू सर्वथा लय भएपछि केवल बुद्धिको स्थिति मात्र रहन्छ र त्यस अवस्थालाई सुषुप्ति भनिन्छ। बुद्धि र सुषुप्ति दुवैका अभिमानी आत्माको नाम प्राज्ञ हो। यी तीन मकार एवं प्रणवरूप मानिएको छन्। यही प्राज्ञ नै अकार, उकार र मकार स्वरूप हो। अहम् पदको लक्ष्यार्थभूत चित्स्वरूप आत्मा यी जाग्रत र स्वप्न आदि अवस्थाहरूको साक्षी हो। त्यसमा अज्ञान र त्यसको कार्यभूत संसारआदि बन्धन छैन। म नित्य, शुद्ध, बुद्ध, मुक्त, सत्य, आनन्द एवं अद्वैतस्वरूप ब्रह्म हुँ। म ज्योतिर्मय परब्रह्म हुँ। सधैँ मुक्त प्रणव (ओं) वाक्य परमेश्वर हुँ

अहं ब्रह्म परं ज्ञानं समाधिर्बन्धघातकः।
चिरमानन्दकं ब्रह्म सत्यं ज्ञानमनन्तकम् ।२२।
अयमात्मा परं ब्रह्म तद्ब्रह्म त्वमसीति च।
गुरुणा बोधितो जीवो ह्यहं ब्रह्मास्मि बाह्यतः ।२३।
सोऽसावादित्यपुरुषः सोसावहमखण्ड ओं।
मुच्यतेऽसारसंसाराद्ब्रह्मज्ञो ब्रह्म तद्भवेत् ।२४।

म नै ज्ञान र समाधिरूप ब्रह्म हुँ। बन्धनलाई नाश गर्ने पनि म नै हुँ। चिरन्तन, आनन्दमय, सत्य, ज्ञान र अनन्त आदि नामले लक्षित परब्रह्म पनि म नै हुँ। यो आत्मा परब्रह्म हो, त्यो ब्रह्म तिमी हौ– यस प्रकार गुरुद्वारा बोध गराइएपछि जीवले म यस शरीरभन्दा विलक्षण परब्रह्म हुँ भन्ने बोध गर्दछ। सूर्यमण्डलमा जुन प्रकाशमय पुरुष छ, त्यो म नै हुँ। म नै ओङ्कार तथा अखण्ड परमेश्वर हुँ। यस प्रकार ब्रह्मलाई बुझ्ने पुरुष यस असार संसारबाट मुक्त भएर ब्रह्मरूप हुन्छ ।१–२४।

३७८. अष्टसप्तत्यधिकत्रिशततमोऽध्यायः

ब्रह्मविद्या

अग्निरुवाच
अहं ब्रह्म परं ज्योतिः पृथिव्यबनलोज्झितम्।
अहं ब्रह्म परं ज्योतिर्वाय्वाकाशविवर्जितम् ।१।
अहं ब्रह्म परं ज्योतिरादिकार्यविवर्जितम्।
अहं ब्रह्म परं ज्योतिर्विराडात्मविवर्जितम् ।२।
अहं ब्रह्म परं ज्योतिर्जाग्रत्स्थानविवर्जितम्।
अहं ब्रह्म परं ज्योतिर्विश्वभावविवर्जितम् ।३।
अहं ब्रह्म परं ज्योतिराकाराक्षरवर्जितम्।
अहं ब्रह्म परं ज्योतिर्वाक्पाण्यङ्घ्रिविवर्जितमः ।४।
अहं ब्रह्म परं ज्योतिः पायूपस्थविवर्जितम्।
अहं ब्रह्म परं ज्योतिः श्रोत्रत्वक्चक्षुरुज्झितम् ।५।
अहं ब्रह्म परं ज्योतिः रसरूपविवर्जितम्।
अहं ब्रह्म परं ज्योतिः सर्वगन्धविवर्जितम् ।६।
अहं ब्रह्म परं ज्योतिर्जिह्वाघ्राणविवर्जितम्।
अहं ब्रह्म परं ज्योतिः स्पर्शशब्दविवर्जितम् ।७।
अहं ब्रह्म परं ज्योतिर्मनोबुद्धिविवर्जितम्।
अहं ब्रह्म परं ज्योतिश्चित्ताहङ्कारवर्जितम् ।८।
अहं ब्रह्म परं ज्योतिः प्राणापानविवर्जितम्।
अहं ब्रह्म परं ज्योतिर्व्यानोदानविवर्जितम् ।९।
अहं ब्रह्म परं ज्योतिः समानपरिवर्जितम्।
अहं ब्रह्म परं ज्योतिर्जरामरणवर्जितम् ।१०।
अहं ब्रह्म परं ज्योतिः शोकमोहविवर्जितम्।
अहं ब्रह्म परं ज्योतिः क्षुत्पिपासाविवर्जितम् ।११।
अहं ब्रह्म परं ज्योतिः शब्दोद्भूतादिवर्जितम्।

अग्निदेव भन्दछन्– हे ब्रह्मन् ! म पृथ्वी, जल र अग्निबाट रहित स्वप्रकाशमय परब्रह्म हुँ। म वायु र आकाशबाट विलक्षण ज्योतिर्मय परब्रह्म हुँ। म कारण र कार्यबाट भिन्न ज्योतिर्मय परब्रह्म हुँ। म विराट्स्वरूप स्थूल ब्रह्माण्डबाट पृथक् ज्योतिर्मय परब्रह्म हुँ। म जाग्रत अवस्थाबाट रहित ज्योतिर्मय परब्रह्म हुँ। म विश्वरूपले विलक्षण ज्योतिर्मय परब्रह्म हुँ। म आकार अक्षरबाट रहित ज्योतिर्मय परब्रह्म हुँ। म वाक्, पाणि र चरणबाट हिन ज्योतिर्मय परब्रह्म हुँ। म गुदा र उपस्थरहित ज्योतिर्मय परब्रह्म हुँ। म कान, छाला र नेत्रबाट हीन ज्योतिर्मय परब्रह्म हुँ। म रस र रूपले शून्य ज्योतिर्मय परब्रह्म हुँ। म सबै प्रकारको गन्धबाट रहित ज्योतिर्मय परब्रह्म हुँ। म जिब्रो र नाकबाट शून्य ज्योतिर्मय परब्रह्म हुँ। म स्पर्श र शब्दबाट हीन ज्योतिर्मय परब्रह्म हुँ। म मन र बुद्धिले रहित ज्योतिर्मय परब्रह्म हुँ। म चित्त र अहङ्कारले वर्जित ज्योतिर्मय परब्रह्म हुँ। म प्राण र अपानबाट पृथक् ज्योतिर्मय परब्रह्म हुँ। म व्यान र उदानबाट विलग ज्योतिर्मय परब्रह्म हुँ। म समान नामक वायुबाट भिन्न ज्योतिर्मय परब्रह्म हुँ। म जरा र मृत्युबाट रहित ज्योतिर्मय परब्रह्म हुँ। म शोक र मोहबाट धेरै टाढा ज्योतिर्मय परब्रह्म हुँ। म क्षुधा र पिपासाले शून्य ज्योतिर्मय परब्रह्म हुँ। म शब्दोत्पत्ति आदिबाट बर्जित ज्योतिर्मय परब्रह्म हुँ। म हिरण्यगर्भभन्दा विलक्षण ज्योतिर्मय परब्रह्म हुँ। म स्वप्नावस्थारहित ज्योतिर्मय परब्रह्म हुँ। म तेज आदिबाट पृथक् ज्योतिर्मय परब्रह्म हुँ। म अपकार आदिबाट हीन ज्योतिर्मय परब्रह्म हुँ। म समाज्ञानबाट शून्य ज्योतिर्मय परब्रह्म हुँ। म अध्याहारले रहित ज्योतिर्मय परब्रह्म हुँ। म सत्त्वादि

अहं ब्रह्म परं ज्योतिर्हिरण्यगर्भवर्जितम् ।१२।
अहं ब्रह्म परं ज्योतिः स्वप्नावस्थाविवर्जितम् ।
अहं ब्रह्म परं ज्योतिस्तेजसादिविवर्जितम् ।१३।
अहं ब्रह्म परं ज्योतिरपकारादिवर्जितम् ।
अहं ब्रह्म परं ज्योतिः सभाज्ञानविवर्जितम् ।१४।
अहं ब्रह्म परं ज्योतिरध्याहृतविवर्जितम् ।
अहं ब्रह्म परं ज्योतिः सत्त्वादिगुणवर्जितम् ।१५।
अहं ब्रह्म परं ज्योतिः सदसद्भाववर्जितम् ।
अहं ब्रह्म परं ज्योतिः सर्वावयववर्जितम् ॥१६।
अहं ब्रह्म परं ज्योतिर्भेदाभेदविवर्जितम् ।
अहं ब्रह्म परं ज्योतिः सुषुप्तिस्थानवर्जितम् ।१७।
अहं ब्रह्म परं ज्योतिः प्राज्ञभावविवर्जितम् ।
अहं ब्रह्म परं ज्योतिर्मकारादिविवर्जितम् ।१८।
अहं ब्रह्म परं ज्योतिर्मानमेयविवर्जितम् ।
अहं ब्रह्म परं ज्योतिर्मितिमातृविवर्जितम् ।१९।
अहं ब्रह्म परं ज्योतिः साक्षित्वादिविवर्जितम् ।
अहं ब्रह्म परं ज्योतिः कार्य्यकारणवर्जितम् ।२०।
देहेन्द्रियमनोबुद्धिप्राणाहङ्कारवर्जितम् ।
जाग्रत्स्वप्नसुषुप्त्यादिमुक्तं ब्रह्म तुरीयकम् ।२१।
नित्यशुद्धबुद्धमुक्तं सत्यमानन्दम द्वयम् ।
ब्रह्माहमस्म्यहं ब्रह्म सविज्ञानं विमुक्त ओं ।
अहं ब्रह्म परं ज्योतिः समाधिर्मोक्षदः परः ।२२।

गुणबाट विलक्षण ज्योतिर्मय परब्रह्म हुँ। म सदसद्भावले रहि ज्योतिर्मय परब्रह्म हुँ। म सबै अवयवबाट रहित ज्योतिर्म परब्रह्म हुँ। म भेदाभेदले रहित ज्योतिर्मय परब्रह्म हुँ। म सुषुप्तावस्थाबाट शून्य ज्योतिर्मय परब्रह्म हुँ। म प्राज्ञ भाव रहित ज्योतिर्मय परब्रह्म हुँ। म मकार आदिले रहित ज्योतिर्म परब्रह्म हुँ। म मान र मापकले रहित ज्योतिर्मय परब्रह्म हुँ म मिति (नाप) र माता (नाप्ने) बाट भिन्न ज्योतिर्मय परब्रह हुँ। म साक्षित्व आदिबाट रहित ज्योतिर्मय परब्रह्म हुँ। म कार्य कारणले भिन्न ज्योतिर्मय परब्रह्म हुँ। म देह, इन्द्रिय मन, बुद्धि, प्राण र अहङ्काररहित तथा जाग्रत, स्वप्न र सुषुप्ति आदिबाट मुक्त तुरीय ब्रह्म हुँ। म नित्य, शुद्ध, बुद्ध, मुक्त सत्य, आनन्द र अद्वैतरूप ब्रह्म हुँ। म विज्ञानयुक्त ब्रह्म हुँ। म सर्वथा मुक्त र प्रणवरूप हुँ। म ज्योतिर्मय परब्रह्म हुँ र मोक्ष दिने समाधिरूप परमात्मा पनि म नै हुँ।१–२२।

३७९. ऊनाशीत्यधिकत्रिशततमोऽध्यायः

ब्रह्मविवेचन

अग्निरुवाच
यज्ञैश्च देवानाप्नोति वैराजं तपसा पदम् ।
ब्रह्मणः कर्मसन्न्यासाद्वैराग्यात्प्रकृतौ लयम् ।१।
ज्ञानात्प्राप्तोनि कैवल्यं पञ्चैता गतयः स्मृताः ।
प्रीतितापविषादादेर्विनिवृत्तिर्विरक्तता ।२।
संन्यासः कर्मणां त्यागः कृतानामकृतैः सह ।
अव्यक्तादौ विशेषान्ते विकारोऽस्मिन्निवर्त्तते ।३।
चेतनाचेतनान्यत्वज्ञानत ज्ञानमुच्यते ।

अग्निदेव भन्दछन्– हे वसिष्ठ ! धर्मात्मा पुरुष यज्ञद्वारा देवताहरूलाई, तपस्याद्वारा विराट् पदलाई, कर्मव संन्यासद्वारा ब्रह्मपदलाई, वैराग्यबाट प्रकृतिमा लयलाई ज्ञानबाट कैवल्यलाई प्राप्त गर्दछन्– यस प्रकार यी पाँ गतिहरू मानिएका छन्। प्रसन्नता, सन्ताप र विषाद आदिबा निवृत्त हुनु वैराग्य हो। जुन कर्म गरिसकिएको छ त जुन अहिले गरिएको छैन, ती सबैलाई परित्याग 'संन्यास' भनिन्छ। यस्तो भएपछि अव्यक्तदेखि लिएर विशेषपर्यन्त सबै पदार्थप्रति आफ्नो मनमा कुनै विकार रहँदैन। जड चेतनसम्बन्धी भिन्नताको ज्ञान भएपछि मात्र परमार्थ ज्ञानव प्राप्ति हुन्छ भनिन्छ। परमात्मा सबैको आधार हो, उनी

परमात्मा च सर्वेषामाधारः परमेश्वरः ।४।
विष्णुनाम्ना च देवेषु वेदान्तेषु च गीयते ।
यज्ञेश्वरो यज्ञपुमान्प्रवृत्तेरिज्यते ह्यसौ ।५।
निवृत्तैर्ज्ञानयोगेन ज्ञानमूर्त्तिः स चेक्ष्यते ।
ह्रस्वदीर्घप्लुतायन्तु वचस्तत्पुरुषोत्तमः ।६।
तत्प्राप्तिहेतुर्ज्ञानञ्च कर्म चोक्तं महामुने ।
आगमोक्तं विवेकाश्च द्विधा ज्ञानं तथोच्यते ।७।
शब्दब्रह्मागममयं परं ब्रह्म विवेकदम् ।
द्वे ब्रह्मणी वेदितव्ये ब्रह्म शब्दपरञ्च यत् ।८।
वेदादिविद्या ह्यपरमक्षरं ब्रह्मसत्परम् ।
तदेतद्भगवद्वाच्यमुपचारेऽर्चनेऽन्यतः ।९।
सम्भर्त्तेति तथा भर्त्ता भकारोऽर्थद्वयान्वितः ।
नेता गमयिता स्रष्टा गकारोऽयं महामुने ।१०।
ऐश्वर्य्यस्य समग्रस्य वीर्यस्य यशसः श्रियः ।
ज्ञानवैराग्ययोश्चैव षण्णां भग इतीङ्गना ।११।
वसन्ति विष्णोर्भूतानि स च धातुस्त्रिधात्मकः ।
एवं हरौ हि भगवाञ्छब्दोऽन्यत्रोपचारतः ।१२।
उत्पत्तिं प्रलयञ्चैव भूतानामागतिं गतिम् ।
वेत्ति विद्यामविद्याञ्च स वाच्यो भगवानिति ।१३।
ज्ञानशक्तिबलैश्वर्य्यवीर्य्यतेजांस्यशेषतः ।
भगवच्छब्दवाच्यानि विना हेयैर्गुणादिभिः ।१४।
खाण्डिक्य जनकायाह योगं केशिध्वजः पुरा ।
अनात्मन्यात्मबुद्धिर्य्या आत्मस्वमिति या गतिः ।१५।
अविद्याभवसम्भूतिर्बीजमेतद्द्विधा स्थितम् ।
पञ्चभूतात्मके देहे देही मोहतमः श्रितः ।१६।
अहमेतदितीत्युच्चैः कुरुते कुमतिर्मतिम् ।
इत्थञ्च पुत्रपौत्रेषु तद्देहोत्पातितेषु च ।१७।
करोति पण्डितः साम्यमनात्मनि कलेवरे ।
सर्वदेहोपकाराय कुरुते कर्म मानवः ।१८।
देहश्चान्यो यदा पुंसस्तदा बन्धाय तत्परम् ।
निर्वाणमथ एवायमात्मा ज्ञानमयोऽमलः ।१९।
दुःखज्ञानमयोऽधर्मः प्रकृतेः स तु नात्मनः ।
जलस्य नाग्निना सङ्गः स्थालीसङ्गात्तथापि हि ।२०।
शब्दास्ते कादिका धर्मास्तत्कृता वै महामुने ।

परमेश्वर हुन् । वेद र वेदान्तमा विष्णु नामले उनैको यशोगान गरिएको छ । ती यज्ञका स्वामी हुन् । प्रवृत्तिमार्गबाट हिँड्ने मानिस यज्ञपुरुषको रूपमा उनको यजन गर्दछन् तथा निवृत्तिमार्गबाट हिँड्ने मानिस ज्ञानयोगद्वारा त्यस ज्ञानस्वरूप परमात्मालाई साक्षात्कार गर्दछन् । ह्रस्व, दीर्घ र प्लुत आदि वचन ती पुरुषोत्तमको नै स्वरूप हो । हे महामुने ! उनको प्राप्तिका दुई उपाय बताइएको छ ज्ञान र कर्म । ज्ञान दुई प्रकारका छन् आगमजन्य र विवेकजन्य । शब्दब्रह्मको बोध आगमजन्य हो तथा परब्रह्मको ज्ञान विवेकजन्य ज्ञान हो । ब्रह्म दुई प्रकारबाट जान्नु उचित छ शब्दब्रह्म र परब्रह्म । वेदादि विद्यालाई शब्दब्रह्म वा अपरब्रह्म भनिन्छ । सत्स्वरूप अक्षरतत्त्वलाई परब्रह्म भनिन्छ । यो परब्रह्म नै भगवत् शब्दको मुख्य वाच्यार्थ हो । पूजासम्मान आदि अरू अर्थहरूमा जुन प्रयोग हुन्छ, त्यो औपचारिक हो । हे महामुने ! भगवत् शब्दमा हुने 'भकार' को दुई अर्थ हुन्छ पोषण दिने र सबैको आधार । 'गकार' को अर्थ हो नेता (कर्मफल प्राप्त गर्ने), गमयिता (प्रेरक) र स्रष्टा(सृष्टि गर्ने) । सम्पूर्ण ऐश्वर्य, पराक्रम, यश, श्री, ज्ञान र वैराग्य यी छ वटाको नाम भग हो । विष्णुमा सम्पूर्ण भूत निवास गर्दछन् । उनी भगवान् सबैका धारक तथा ब्रह्मा, विष्णु तथा शिव यी तीन रूपमा विराजमान छन् । अतः श्रीहरिमा नै भगवान् पद मुख्यवृत्तिबाट विद्यमान छ, अरू कसैका लागि त उसको उपचार (गौणवृत्ति) बाट नै प्रयोग हुन्छ । जसले सम्पूर्ण प्राणीहरूको उत्पत्ति, विनाश, आवागमन तथा विद्याअविद्यालाई बुझ्दछ उही भगवान् कहलाउन योग्य हुन्छ । त्याग गर्नलायक दुर्गुण आदिलाई छोडेर सम्पूर्ण ज्ञान, शक्ति, परम ऐश्वर्य, वीर्य र समग्र तेज यी सबै नै भगवत् शब्दका वाच्यार्थ हुन् । उहिले नै राजा केशिध्वजले खाण्डिक्य जनकलाई यस प्रकार उपदेश दिएका थिए । अनात्मामा भएको आत्मबुद्धिमा नै आफ्ना स्वरूपको भावना भयो भने त्यही अविद्याबाट संसारको बन्धन उत्पन्न हुन्छ । यो अज्ञान अहंता र ममता गरी दुई रूपमा छ । देहाभिमानी जीव मोहको अन्धकारले ढाकिएर कुत्सित बुद्धिद्वारा मानिसले म नै यो पाञ्चभौतिक शरीर हुँ भन्ने ठान्दै शरीरबाट उत्पन्न गरिएका छोरानाति आदिलाई यो मेरो हो भन्ने ठान्छन् । विद्वान् पुरुष अनात्मभूत शरीरलाई समभावमा राख्दछन् र यसप्रति वशीभूत भई रागद्वेष गर्दैन । मानिस आफ्नो शरीरको भलाइका लागि नै सबै काम गर्दछ ।१-१८।

पुरुषबाट शरीर भिन्न भएपछि उसका सबै कर्म केवल बन्धनका कारण हुन्छन् । वास्तवमा आत्मा निर्वाणमय (शान्त), ज्ञानमय र निर्मल छ । दुःखानुभवरूप धर्म प्रकृतिको हो, आत्माको होइन; जस्तै पानी स्वयं त आगोबाट अलग छ, तर आगोमाथि राखिएको भाँडोको संसर्गबाट त्यसमा तापले गर्दा उम्लिएर भक्भक शब्द आउँछ । हे महामुनि ! यस प्रकार

तथात्मा प्रकृतौ सङ्गादहंमानादिभूषितः ।२१।
भजते प्राकृतान्धर्मानन्यस्तेभ्यो हि सोऽव्ययः ।
बन्धाय विषयासङ्गं मनो निर्विषयं धिये ।२२।
विषयात्तत्समाकृष्य ब्रह्मभूत हरिं स्मरेत् ।
आत्मभावं नयत्येनं तद्ब्रह्मध्यायिनं मुने ।२३।
विचार्य्य स्वात्मनः शक्त्या लोहमाकर्षको यथा ।
आत्मप्रयत्नसापेक्षा विशिष्टा या मनोगतिः ।२४।
तस्या ब्रह्मणि संयोगो योग इत्यभिधीयते ।
विनिष्पन्दः समाधिस्थः परं ब्रह्माधिगच्छति ।२५।
यमैः सनियमैः स्थित्या प्रत्याहृत्या मरुज्जयैः ।
प्राणायामेन पवनैः प्रत्याहारेण चेन्द्रियैः ।२६।
वशीकृतेस्ततः कुर्य्यात्स्थितं चेतः शुभाश्रये ।
आश्रयश्चेतसो ब्रह्म मूर्त्तञ्चामूर्त्तक द्विधा ।२७।
सनन्दनादयो ब्रह्मभावभावनया युताः ।
कर्मभावनया चान्ये देवाद्याः स्थावरान्तकाः ।२८।
हिरण्यगर्भादिषु च ज्ञानकर्मात्मिका द्विधा ।
त्रिविधा भावना प्रोक्ता विश्वं ब्रह्म उपास्यते ।२९।
प्रत्यस्तमितभेदं यत्सत्तामात्रमगोरचम् ।
वचसाप्नात्मसंवेद्यं तज्ज्ञानं ब्रह्मसंज्ञितम् ।३०।
तच्च विष्णोः परं रूपमरूपस्याजमक्षरम् ।
अशक्यं प्रथमं ध्यातुमतो मूर्त्तादि चिन्तयेत् ।३१।
सद्भावभावमापन्नस्ततोऽसौ परमात्मना ।
भवत्यभेदी भेदश्च तस्याज्ञानकृतो भवेत् ।३२।

आत्मा पनि प्रकृतिले जस्तै अहंता-ममता आदि दोष स्वीक गरेर प्राकृत धर्मलाई ग्रहण गर्दछ; वास्तवमा त्यो उसब सधैँ भिन्न र अविनाशी छ । विषयआदिमा आसक्त भए मन बन्धनको कारण हुन्छ र त्यही जब विषयबाट निवृत्त हु तब ज्ञान प्राप्तिमा सहायक हुन्छ । अतः मनलाई विषयब हटाएर ब्रह्मस्वरूप श्रीहरिको स्मरण गर्नुपर्दछ। हे मुनि ! जस चुम्बकले फलामलाई आफूतिर तान्दछ, त्यसै गरी जस ब्रह्मको ध्यान गर्दछ, उसलाई त्यस ब्रह्मले आफ्नै शक्तिब आफ्नो स्वरूपमा मिलाउँछ। आफ्ना प्रयत्नको अपेक्षाबाट मनको विशिष्ट गति हुन्छ, त्यसको ब्रह्मसित संयोग हुनु नै र भनिन्छ । जुन पुरुष स्थिरभावले समाधिमा स्थित हुन्छ उस परब्रह्मलाई प्राप्त गर्दछ। अत यम, नियम, प्रत्याहार, प्राणज प्राणायाम, इन्द्रियहरूलाई विषयतर्फबाट हटाएर आफ्नो वश गर्ने आदि उपायद्वारा चित्तलाई कुनै शुभ आश्रयमा स्थापि गर्नुपर्छ। ब्रह्म नै चित्तको शुभ आश्रय हो। यो मूर्त र अमूर्त रूप दुई प्रकारको छ। सनक-सनन्दन आदि मुनि ब्रह्मभावनाले यु छन् । देवतादेखि लिएर स्थावरजङ्गमपर्यन्त सम्पूर्ण प्राणी क भावनाले युक्त छन् । हिरण्यगर्भ (ब्रह्म) आदिमा ब्रह्मभावन कर्मभावना दुवै नै छ । यस प्रकार यी तीन प्रकारका भाव बताइयो । सम्पूर्ण विश्व ब्रह्म हो भन्ने भावले ब्रह्मको उपास गरिन्छ । जहाँ सबै भेद शान्त हुन्छ, जुन सत्तामात्र र वाणीद्व अगम्य छ तथा जसलाई स्वयं अनुभव गर्न योग्य मानि त्यही ब्रह्मज्ञान हो । त्यही रूपहीन विष्णुको उत्कृष्ट स्वरूप र त्यही अजन्मा एवं अविनाशी छ। अमूर्त रूपको ध्यान पनि कठिन हुन्छ, अतः मूर्त आदिको नै चिन्तन गर । यस्तो मनुष्य भगवद्भावलाई प्राप्त भएर परमत्माको साथ एकी अभिन्न हुन्छ। भेदको प्रतीति त अज्ञानबाट नै हुन्छ ।१९-३२

३८०. अशीत्यधिकत्रिशततमोऽध्यायः

अद्वैतब्रह्मविज्ञान

अग्निरुवाच
अद्वैतब्रह्मविज्ञानं वक्ष्ये यद्भवतोऽगदत् ।
शालग्रामे तपश्चक्रे वासुदेवार्चनादिकृत् ।१।
मृगसङ्गान्मृगो भूत्वा ह्यन्तकाले स्मरन्मृगम् ।
जातिस्मरो मृगस्त्यक्त्वा देहं योगात्स्वतोऽभवत् ।२।
अद्वैतब्रह्मभूतश्च जडवल्लोकमाचरत् ।
क्षत्ताऽसौ वीरराजस्य विष्टियोगममन्यत ।३।

अग्निदेव भन्दछन्— अब म भरतले सौवीर राजाल बताएको अद्वैत ब्रह्मविज्ञानको वर्णन गर्दछु। प्राचीन काल कुरा हो, राजा भरत शालग्रामक्षेत्रमा बसेर भगवान् वासुदेव पूजा आदि गर्दै तपस्या गरिरहेका थिए । उनी एक मृग आसक्त भएका थिए, त्यसैले अन्तकालमा त्यसै मृगल स्मरण गर्दै प्राण त्याग्नाको कारण उनी मृग हुनुपर्‍यो मृगयोनिमा पनि उनी जातिस्मर भए । उनलाई पूर्वजन्म कुराहरूको स्मरण भयो । अतः त्यस मृगशरीरलाई परित्य गरेर उनी स्वयं नै योगबलद्वारा एक ब्राह्मणको रूपमा प्र

उवाह शिबिकामस्य क्षत्तुर्वचनचोदितः।
गृहीतो विष्टिनां ज्ञानी उवाहात्मक्षयाय तम् ।४।
ययौ जडगतिः पश्चाद्ये त्वन्ये त्वरितं ययुः।
शीघ्राःशीघ्रगतीन्दृष्ट्वा अशीघ्रं तं नृपोऽब्रवीत् ।५।
राजोवाच
किं श्रान्तोऽस्यल्पमध्वानं त्वयोढा शिबिका मम।
किमायाससहो न त्वं पीवानसि निरीक्ष्यसे ।६।
ब्राह्मण उवाच
नाहं पीवा नवै वोढा शिबिका भवतो मया।
न श्रान्तोऽस्मि न वायासो वोढव्योऽसि महीपते ।७।
भूमौ पादयुगं तस्थौ जङ्घे पादद्वये स्थिते।
ऊरू जङ्घाद्वयावस्थौ तदाधारं तथोदरम् ।८।
वक्षःस्थलं तथा बाहू स्कन्धौ चोदरसंस्थितौ।
स्कन्धस्थितेयं शिबिका मम भावोऽत्र किं कृतः ।९।
शिबिकायां स्थितञ्चेदं देहं त्वदुपलक्षितम्।
तत्र त्वमहमप्यत्र प्रोच्यते चेदमन्यथा ।१०।
अह त्वञ्च तथाऽन्ये च भूतैरुह्याम पार्थिव।
गुणप्रवाहपतितो गुणवर्गो हि यात्ययम् ।११।
कर्मवश्या गुणाश्चैते सत्त्वादाः पृथिवीपते।
अविद्यासञ्चितं कर्म तच्चाशेषेषु जन्तुषु ।१२।
आत्मा शुद्धोऽक्षरः शान्तो निर्गुणः प्रकृतेः परः।
प्रकृत्यपचयो नास्य एकस्याखिलजन्तुषु ।१३।
यदा नापचयस्तस्य यदा नापचयो नृपा।
तदा पीवानसीति त्वं कया युक्त्या त्वयेरितम् ।१४।
भूजङ्घापादकट्यरुजठरादिषु संस्थिता।
शिबिकेयं तथा स्कन्धे तदा भावः समस्त्वया ।१५।
तदन्यजन्तुभिर्भूप शिबिकोत्थानकर्मणा।
शैलद्रव्यगृहोत्थोपि पृथिवीसम्भवोपि वा ।१६।
यथा पुंसः पृथग्भावः प्राकृतैः करणैर्नृपः।
सोढव्यः स महाभारः कतरो नृपते मया ।१७।
यद्द्रव्या शिबिका चेयं तद्द्रव्यो भूतसङ्ग्रहः।

भए। उनलाई अद्वैत ब्रह्मको पूर्ण बोध थियो। उनी साक्षात् ब्रह्मस्वरूप थिए, तापनि लोकमा जडवत् व्यवहार गर्दथे। उनलाई तन्दुरुस्त देखेर सौवीर राजाका सेवकले काममा लगाउन योग्य ठाने। सेवकले उनलाई सौवीर राजाको पालकी बोक्न लगाए। यद्यपि उनी ज्ञानी थिए, तापनि सधाउका लागि पक्रिएकाले आफ्नो प्रारब्धभोगलाई क्षय गर्नका लागि राजाको भार वहन गर्न लागे; तर उनको गति मन्द थियो। उनले पालकीको पछाडिपट्टि समाएका थिए तथा उनीबाहेक अरू सबै पालकी बोक्नेहरू छिटोछिटो हिँडिरहेका थिए। राजाले देखे, सबै डोलेहरू शीघ्रगामी र तीव्र गतिले हिँड्छन् तर यो नयाँ आएको एकदमै लोसे गतिको छ। तब उनी बोले ।१-५।

राजाले भने– ए! के तिमी थाक्यौ ? अहिले त तिमीले केही टाढासम्म मात्र मेरो पालकी बोकेका छौ। के परिश्रम गर्न सक्तैनौ ? के तिमी मोटो तन्दुस्त छैनौ ? देख्दामा त खुब बलियो जस्तो लाग्दछ ।६।

ब्राह्मणले भने– हे राजन्! न म मोटो छु, न मैले तपाईंको पालकी बोकेको छु, न मलाई थकाइ लागेको छ, न परिश्रम गर्नुपरेको छ र ममाथि तपाईंको कुनै भार नै छ। पृथ्वीमाथि दुवै खुट्टा छन्, खुट्टामाथि पिँडुला छ, पिँडुलामाथि कम्मर र कम्मरमाथि पेट छ। पेटभन्दा माथि छाती, हातहरू र काँध छ तथा काँधमाथि यो पालकी राखेको छ। अनि ममाथि केको भार छ ? यस पालकीमा तपाईंको यो शरीर राखिएको छ। वास्तवमा तपाईं त्यहाँ पालकीमा र म यहाँ पृथ्वीमा छु भनिन्छ, त्यो सबै मिथ्या हो। हे सौवीर नरेश ! म, तपाईं तथा अरू जति पनि जीव छन् सबैको भार पञ्चभूतहरूद्वारा नै थामेको छ। यी पञ्चभूत पनि गुणहरूको प्रवाहमा रहेर चलिरहेको छ। हे पृथ्वीनाथ ! सत्त्व आदि गुण कर्मका अधीनमा छन् तथा सम्पूर्ण जीवहरूमा वर्तमान कर्म अविद्याद्वारा सञ्चित छ। आत्मा त शुद्ध, अविनाशी, शान्त, निर्गुण र प्रकृतिभन्दा टाढा छ। सम्पूर्ण प्राणीहरूमा आत्मा एउटै छ। त्यसको न कहिले वृद्धि हुन्छ न ह्रास नै हुन्छ। हे राजन ! जब त्यसको वृद्धि पनि हुँदैन र ह्रास पनि हुँदैन भने तपाईंले के आधारमा व्यङ्ग्यपूर्वक यो प्रश्न गर्नु भयो कि के तिमी तन्दुरुस्त छैनौ ? यदि पृथ्वी, गोडा, तिघ्रा, कम्मर र पेट आदि आधारहरू एवं काँधमाथि राखिएको यो पालकी मेरो लागि भारस्वरूप हुन सक्छ भने यो आपत्ति तपाईंका लागि पनि समान हुन्छ। अर्थात् तपाईंको लागि पनि यो भाररूप भन्न सकिन्छ तथा यसै युक्तिबाट अन्य सबै जन्तुहरूले पनि केवल पालकी मात्रै उठाएका छैनन्, पर्वत, रुख, घर र पृथ्वी आदिको भार पनि

भवतो मेऽखिलस्थास्य समत्वेनोपबृंहितः ।१८।
तत् श्रुत्वोवाच राजा तं गृहीत्वाङ्घ्री क्षमाप्य च ।
प्रसादं कुरु त्यक्त्वेमां शिबिकां ब्रूहि शृण्वते ।
यो भवान्यन्निमित्तं वा यदागमनकारणम् ।१९।
ब्राह्मण उवाच
श्रूयतां कोहमित्येतद्वक्तुं नैव च शक्यते ।
उपभोगनिमित्तं च सर्वत्रागमनक्रिया ।२०।
सुखदुःखोपभोगौ तु तौ देशाद्युपपादकौ ।
धर्माधर्मोद्भवौ भोक्तुं जन्तुर्देशादिमृच्छति ।२१।
राजोवाच
योऽस्ति सोहमिति ब्रह्मन्कथं वक्तुं न शक्यते ।
आत्मन्येष न दोषाय शब्दोहमिति यो द्विज ।२२।
ब्राह्मण उवाच
शब्दोहमिति दोषाय नात्मन्येय तथैव तत् ।
अनात्मन्यात्मविज्ञानं शब्दो वा भ्रान्तिलक्षणः ।२३।
यदा समस्तदेहेषु पुमानेको व्यवस्थितः ।
तदा हि को भवान्कोहमित्येतद्विफलं वचः ।२४।
त्वं राजा शिबिका चेयं वयं वाहाः पुरःसराः ।
अयं च भवतो लोको न सदेतन्नृपोच्यते ।२५।
वृक्षाद्दारु ततश्चेयं शिबिका त्वदधिष्ठिता ।
का वृक्षसंज्ञा जातास्य दारुसंज्ञाथ वा नृप ।२६।
वृक्षारूढो महाराजो नायं वदति चेतनः ।
न च दारुणि सर्वस्त्वां ब्रवीति शिबिकागतम् ।२७।
शिबिकादारुसङ्घातो रचनास्थितिसंस्थितः ।
अन्विष्यतां नृपश्रेष्ठ तद्भेदे शिबिका त्वया ।२८।
पुमांस्त्री गौरयं वाजी कुञ्जरो विहगस्तरुः ।
देहेषु लोकसंज्ञेयं विज्ञेया कर्महेतुषु ।२९।
जिह्वा ब्रवीत्यहामिति दन्तोष्ठौ तालुकं नृप ।
एतेनाहं यतः सर्व्वे वाङ्निष्पादनहेतवः ।३०।
किं हेतुभिर्वदत्येषा वागेवाहमिति स्वयम् ।
तथापि वाङ्नाहमेतदुक्तं मिथ्या न युज्यते ।३१।

आफूमाथि थामेका छन् । हे राजन् ! कल्पना गर्नुस् त, जब प्रकृतिजन्य साधनहरूबाट पुरुष सधैं भिन्न छ भने कुन ठूलो महान् भार मैले सहनुपरेको छ ? जुन द्रव्यबाट यो पालकी बनेको छ, त्यसैबाट मेरो, तिम्रो तथा यी सम्पूर्ण प्राणीहरूका शरीरको निर्माण भएको छ; यी सबैको समान द्रव्यबाट पुष्टि भएको छ । यो सुनेर राजा पालकीबाट ओर्लिए र ब्राह्मणको चरण समातेर क्षमा माग्दै भने, हे भगवन् ! अब पालकी छोडेर ममाथि कृपा गर्नुहोस् । म तपाईंको मुखबाट केही सुन्न चाहन्छु; मलाई उपदेश दिनुस् । साथै तपाईं को हुनुहुन्छ त्यो पनि भन्नुहोस् र केको लागि अथवा कुन कारणले तपाईं यहाँ आउनुभयो ? ब्राह्मणले भने— हे राजन् ! सुन्नुहोस् म अमुक हुँ भन्ने कुरो बताउन सक्तिनँ । कतै पनि आउनेजाने क्रिया कर्मफलको उपयोग गर्नका लागि नै हुन्छ । सुखदुःखको उपयोग नै भिन्नभिन्न देश अथवा शरीर आदिलाई प्राप्त गराउने हुन्छ तथा धर्माधर्मजनित सुखदुःखलाई भोग्नको लागि नै जीव नाना प्रकारको देश वा शरीर आदिमा प्राप्त हुन्छ ।७-२१।

राजाले भने— हे ब्रह्मण ! जे छ, त्यसलाई म हुँ भनेर किन बताउन सकिँदैन ? हे द्विजवर ! आत्माको लागि 'अहम्' शब्दको प्रयोग त दोषरहित नै हुन्छ ।२२।

ब्राह्मणले भने— हे राजन् ! आत्माको लागि 'अहम्' शब्दको प्रयोग दोषरहित नै हुन्छ; तर अनात्मामा आत्मत्वको बोध गराउने 'अहम्' शब्द त दोषावह नै हुन्छ । अथवा जहाँ कुनै पनि शब्द भ्रमपूर्ण अर्थलाई लक्षित गर्दछ भने त्यसको प्रयोग दोषयुक्त नै हुन्छ । जब सम्पूर्ण शरीरमा एउटै आत्माको स्थिति छ भने 'तिमी को र म को हुँ' यी सबै कुरा व्यर्थ हुन् । हे राजन् ! तपाईं राजा, यो पालकी, हामीहरू सबै बोक्ने डोले, यी अगाडि हिँडेका सिपाही तथा यो लोक तपाईंका अधीनमा छ भनिएको छ तर त्यो सत्य होइन । रुखबाट काठ हुन्छ र काठबाट पालकी बन्दछ र त्यसमाथि तपाईं बस्नुभएको छ । हे सौवीर नरेश ! भन्नुहोस् त, यस रुख र काठको नाम के भयो ? कुनै पनि चेतनशील मनुष्यले महाराज रुख अथवा काठमाथि चढेका छन् भन्दैन । सबै तपाईंलाई पालकीमाथि नै बसेका भन्दछन् । हे नृपश्रेष्ठ ! रचनाकलाद्वारा एक विशेष आकारमा परिणत भएका काठहरूको समूह नै त पालकी हो । यदि तपाईं यसलाई कुनै भिन्न वस्तु मान्नु हुन्छ भने यसबाट काठहरूलाई अलग गरेर पालकी नामको कुनै चिज खोज्नुस् त । यो पुरुष यो स्त्री, यो गाई, यो घोडा, यो हात्ती, यो चरा र यो वृक्ष हो । यस प्रकार कर्मजनित भिन्नभिन्न शरीरमा व्यक्तिहरूले नाना प्रकारका नाम लिएका छन् । यी संज्ञाहरूलाई लोककल्पि

पिण्डः पृथायतः पुंसः शिरःपाय्वादिलक्षणः ।
ततोऽहमिति कुत्रैतां संज्ञां राजन्करोम्यहम् ।३२।
यदन्योऽस्ति परः कोपि मत्तः पार्थिवसत्तम ।
तदेपोहमयं चान्यो वक्तुमेवमपीष्यते ।३३।
परमार्थभेदो न नगो न पशुर्न च पादपः ।
शरीरच्च विभेदाच्च य एते कर्मयोनयः ।३४।
यस्तु राजेति यल्लोके यच्च राजभटात्मकम् ।
तच्चान्यच्च नृपेत्यन्तु न सत्सम्यगनामयम् ।३५।
त्वं राजा सर्वलोकस्य पितुः पुत्रो रिपो रिपुः ।
पत्न्याः पतिः पिता सूनोः कस्त्वां भूप वदाम्यहम् ।३६।
त्वं किमेतच्छिरः किन्न शिरस्तव तथोदरम् ।
किमु पादादिकं त्वं वै तवैतत्किं महीपते ।३७।
समस्तावयवेभ्यस्त्वं पृथग्भूतो व्यवस्थितः ।
कोहमित्यत्र निपुण भूत्वा चिन्तय पार्थिव ।
तत् श्रुत्वोवाच राजा तमवधूतं द्विजं हरिम् ।३८।
राजोवाच
श्रेयोऽर्थमुद्यतः प्रष्टुं कपिलर्षिमहं द्विज ।
तस्यांशः कपिलर्षेस्त्वं मत्कृते ज्ञानदो भुवि ।
ज्ञानवीच्युदधेर्यस्माद्यच्छ्रेयस्तच्च मे वद ।३९।
ब्राह्मण उवाच ।
भूयः पृच्छसि किं श्रेयः परमार्थं न पृच्छसि ।
श्रेयांस्यपरमार्थानि अशेषाण्येव भूपते ।४०।
देवताराधनं कृत्वा धनसम्पत्तिमिच्छति ।
पुत्रानिच्छति राज्यं च श्रेयस्तस्यैव किं नृप ।४१।
विवेकिनस्तु संयोगः श्रेयो यः परमात्मनः ।
यज्ञानिका क्रिया न स्यान्नास्ति द्रव्योपपत्तिता ।४२।
परमार्थात्मनोर्योगः परमार्थ इतिष्यते ।
एकोव्यापी समः शुद्धो निर्गुणः प्रकृतेः परः ।४३।
जन्मवृद्ध्यादिरहित आत्मा सर्वगतोऽव्ययः ।
परं ज्ञानमयोऽसङ्गी गुणजात्यादिभिर्विभुः ।४४।
निदाघऋतुसंवादं वदामि द्विज तं शृणु ।

नै सम्झनुपर्दछ । जिह्वाले 'अहम्' को उच्चारण गर्दछ, दाँत, ओठ, तालु र कण्ठ आदि पनि त्यसकै उच्चारण गर्दछन्, तर यो 'अहम्' पदको वाच्यार्थ होइन; किनकि यी सबै नै शब्दउच्चारणको साधनमात्र हो । कुन कारण वा उक्तिबाट जिब्रोले बोलेको वाणी नै 'अहम्' हो । यद्यपि जिब्रोले यही भन्दछ, तथापि यदि म वाणी होइन यस्तो भन्यो भने यो कदापि मिथ्या होइन । हे राजन् ! मस्तक र गुदा आदिको रूपमा जुन शरीर छ, त्यो आत्माबाट सधैं भिन्न हुन्छ । यस्तो अवस्थामा म कुन अवयवको लागि अहम् संज्ञाको प्रयोग गरुँ ? हे भूपालशिरोमणि ! यदि मेरो (आत्मा) बाट भिन्न कुनै पनि आफ्नो छुट्टै सत्ता राख्दछ भने यो म हुँ, यो अर्को हो पनि भन्न सकिन्छ । वास्तवमा पर्वत, पशु तथा रुख आदिको भेद सत्य छैन । शरीरको दृष्टिबाट यो जेजति भेद प्रतीत भइरहेको छ त्यो सबै नै कर्मजन्य छ । संसारमा जसलाई राजा वा राजसेवक भनिन्छ, त्यो र अरू पनि यस प्रकारका जति पनि संज्ञाहरू छन्, ती कुनै पनि निर्विकार सत्य छैनन् । हे भूपाल ! तिमी सम्पूर्ण लोकका राजा हौ, आफ्ना पिताका पुत्र हौ, शत्रुको लागि शत्रु हौ, धर्मपत्नीका पति हौ र पुत्रको पिता हौ— यति नामहरू भए पनि म तिमीलाई के भनेर बोलाऊँ ? हे पृथ्वीनाथ ! के यो शिर तिमी हौ ? तर शिर तिम्रो हो भने पेट पनि त तिम्रै हो ? तब के यी गोडा आदि अङ्गहरूमध्ये तिमी के हौ ? होइन भने यी सबै तिम्रा के हुन् ? हे महाराज ! यी समस्त अवयवबाट तिमी भिन्नै छौ, अतः यिनीहरूबाट अलग रहेर राम्रोसँग वास्तवमा म को हुँ भनी विचार गर । यस्तो सुनेर राजा ती भगवत्स्वरूप अवधूत ब्राह्मणसँग भन्न लागे ।२३-३८।

राजाले भने— हे ब्राह्मण ! म आत्मकल्याणको लागि उद्यत भएर महर्षि कपिलकहाँ केही सोध्नको लागि जाँदै थिए । तपाईं पनि मेरो लागि यस पृथ्वीमा महर्षि कपिलको अंश नै हुनुहुन्छ । अतः तपाईं नै मलाई ज्ञान दिनुहोस् । जसबाट ज्ञानरूपी महासागरलाई प्राप्त गरेर परम कल्याणको सिद्धि होस्, यो उपाय मलाई बताउनुहोस् ।३९।

ब्राह्मणले भने— हे राजन् ! तिमी फेरि कल्याणको नै उपाय सोध्छौ । परमार्थ के हो ? यो सोध्दैनौ । परमार्थ नै सबै प्रकारको कल्याणको स्वरूप हो । मनुष्यले देवतालाई आराधना गरेर धनसम्पत्तिको इच्छा गर्दछ, पुत्र र राज्य पाउन चाहन्छ; तर हे सौवीरनरेश ! तिमी नै भन, के यही उसको श्रेय हो ? विवेकी पुरुषको दृष्टिमा त परमात्माको प्राप्ति नै श्रेय हो; यज्ञ आदि क्रिया र द्रव्यको सिद्धिलाई ऊ श्रेय मान्दैन । परमात्मा र आत्माको संयोग, यिनको एकत्वको बोध नै परमार्थ मानिन्छ ।

ऋतुर्ब्रह्मसुतो ज्ञानी तच्छिष्योऽभूत्पुलस्त्यजः ।४५।
निदाघः प्राप्तविद्योऽस्मान्नगरे वै पुरे स्थितः ।
देविकायास्तटे तञ्च तर्कयामास वै ऋतुः ।४६।
दिव्ये वर्षसहस्रेऽगान्निदाघमवलोकितुम् ।
निदाघो वैश्वदेवान्ते भुक्त्वान्नं शिष्यमब्रवीत् ।
भुक्तन्ते तृप्तिरुत्पन्ना तुष्टिदा साऽक्षया यतः ।४७।
ऋतुरुवाच
क्षुदस्ति यस्य भुक्तेऽन्ने तुष्टिर्ब्राह्मण जायते ।
न मे क्षुदभवत्तृप्तिं कस्मात्त्वं परिपृच्छसि ।४८।
क्षुत्तृष्णे देहधर्म्माख्ये न ममैते यतो द्विज ।
पृष्टोहं यत्त्वया ब्रूयां तृप्तिरस्त्येव मे सदा ।४९।
पुमान्सर्वगतो व्यापी आकाशवदयं यतः ।
अतोऽहं प्रत्यगात्मास्मीत्येतदर्थे भवेत्कथम् ।५०।
सोऽहं गन्ता न चागन्ता नैकदेशनिकेतनः ।
त्वं चान्यो न भवेन्नापि नान्यस्त्वत्तोऽस्मि वाप्यहम् ।५१।
मृण्मयं हि गृहं यद्वन्मृदालिप्तं स्थिरीभवेत् ।
पार्थिवोऽयं तथा देहः पार्थिवैः परमाणुभिः ।५२।
ऋतुरस्मि तवाचार्य्यः प्रज्ञादानाय ते द्विज ।
इहागतोऽहं यास्यामि परमार्थस्तवोदितः ।५३।
एकमेवमिदं विद्धि न भेदः सकलं जगत् ।
वासुदेवाभिधेयस्य स्वरूपं परमात्मनः ।५४।
ऋतुर्वर्षसहस्रान्ते पुनस्तन्नगरं ययौ ।
निदाघं नगरप्रान्ते एकान्ते स्थितमब्रवीत् ।
एकान्ते स्थीयते कस्मान्निदाघमृतुरब्रवीत् ।५५।
निदाघ उवाच
भो विप्र जनसंवादो महानेष नरेश्वर ।
प्रविवीक्ष्य पुरं रम्यं तेनात्र स्थीयते मया ।५६।
ऋतुरुवाच
नराधिपोऽत्र कतमः कतमश्चेतरो जनः ।
कथ्यतां मे द्विजश्रेष्ठ त्वमभिज्ञो द्विजोत्तम् ।५७।
योऽयं गजेन्द्रमुन्मत्तमद्रिशृङ्गसमुत्थितम् ।

परमात्मा एक अर्थात् अद्वितीय छ। यो सर्वत्र समान रू व्यापक, शुद्ध, निर्गुण, प्रकृतिबाट टाढा, जन्मवृद्धि आदि रहित, सर्वगत, अविनाशी, उत्कृष्ट, ज्ञानस्वरूप, गुणज आदिको संसर्गबाट रहित एवं विभु छ। अब म तिमी निदाघ र ऋतुको संवाद सुनाउँछु, ध्यान दिएर सुन। ब्रह्माजीका पुत्र र ज्ञानी पनि थिए। पुलस्त्यनन्दन निदा उनको शिष्यता स्वीकार गरे। ऋतुबाट विद्या पढिसके निदाघ देविका नदीको किनारमा एक नगरमा गएर ब लागे। ऋतुले आफ्नो शिष्यको निवासस्थानको पत्तो लगाए थिए। हजार दिव्य वर्ष बितेपछि एक दिन ऋतु निदाघ भेट्न गए। त्यस बेला निदाघ बलिवैश्वदेवको अनन्तर भोजन गरेर आफ्ना शिष्यसँग भन्दै थिए– भोजन गरेपछि तृप्त भएँ; किनकि भोजन नै अक्षय तृप्ति दिने हुन्छ।४०–

ऋतुले भने– हे ब्राह्मण ! जसलाई भोक लागेको हु उसैलाई भोजनपछि तृप्ति हुन्छ। मलाई त कहिल्यै पनि भ नै लाग्दैन भने तृप्तिको विषयमा मसँग किन सोध्दछौ ? भ र प्यास शरीरको धर्म हो। मेरो आत्मालाई यसले कहिल्यै स्पर्श गर्दैन। तिमीले भनेका हुनाले भनिरहेको छु। मलाई स तृप्ति भइरहेको हुन्छ। आत्मा आकाशजस्तै सर्वत्र व्याप्त छ त्यही प्रत्यगात्मा नै हुँ। त्यसैले तिमीले मलाई सोध्यौ कि त कहाँबाट आउनुभयो ? यो प्रश्न कसरी सार्थक हुन सक्छ म न कतै जान्छु, न आउँछु र न कुनै एक ठाउँमा नै रहन्छु न तिमी मबाट भिन्न छौ, न म तिमीबाट अलग छु। जस्तो माटोबाट बनेको घर माटोले नै पोत्दा सुदृढ हुन्छ, त्यसै प्रकार पार्थिव शरीर पनि पार्थिव अन्नको परमाणुहरूबाट पुष्ट हुन् हे ब्राह्मण ! म तिम्रो आचार्य ऋतु हुँ र तिमीलाई ज्ञान दिन लागि यहाँ आएको हुँ; अब जान्छु। तिमीलाई परमार्थतत्त्व उपदेश गराएँ। यस प्रकार तिमी यस सम्पूर्ण जगत्को मात्र वासुदेवसंज्ञक परमात्माको स्वरूपलाई नै सम्झ; यस भेदको सर्वथा अभाव छ। त्यसपछि एक हजार वर्ष व्यत भएपछि ऋतु पुनः त्यस नगरमा गए। त्यहीं निदाघ नगर नजिकै एकान्त स्थानमा उभिएको उनले देखे। उनले निदाघ यस एकान्त स्थानमा किन उभिइरहेका छौ भनी सोधे।४८–

निदाघले भने–हे ब्राह्मण ! बाटोमा मनुष्यहरूको ठूलो भीड छ; किनकि नरेश यस समय यस रमणीय नग प्रवेश गर्न चाहन्छन्, त्यसैले म यहाँ उभिइरहेको हुँ। ऋ सोधे– हे द्विजश्रेष्ठ ! तिमी यहाँको सबै कुरा जान्दछौ; भ यिनीहरूमा नरेश कुन हुन् र अरू मानिस कुन हुन् ? निदा भने हे ब्राह्मण ! जो यस पर्वतको टाकुरोजत्रै भएर ठडिए

अधिरूढो नरेन्द्रोऽयं परिवारस्तथेतरः ।५८।
गजो योऽयमधो ब्रह्मन्नुपर्य्येष स भूपतिः ।
ऋतुराह गजः कोऽत्र राजा चाह निदाघकः ।५९।
ऋतुर्निदाघ आरूढो दृष्टान्तं पश्य वाहनम् ।
उपर्य्यहं यथा राजा त्वमधः कुञ्जरो यथा ।६०।
ऋतुः प्राह निदाघं तं कतमस्त्वामहं वदे ।
उक्तो निदाघस्तं नत्वा प्राह मे त्वं गुरुर्ध्रुवम् ।
नान्यस्माद्द्वैतसंस्कारसस्कृतं मानसं तथा ।६१।
ऋतुः प्राह निदाघं तं ब्रह्मज्ञानाय चागतः ।
परमार्थ सारभूतमद्वैतं दर्शितं मया ।६२।
ब्राह्मण उवाच
निदाघोऽप्युपदेशेन तेनाद्वैतपरोऽभवत् ।
सर्वभूतान्यभेदेन ददृशे स तदात्मनि ।६३।
अवाप मुक्तिं ज्ञानात्स तथा त्वं मुक्तिमाप्स्यसि ।
एकः समस्तं त्वञ्चाहं विष्णुः सर्वगतो यतः ।६४।
पीतनीलादिभेदेन यथैकं दृश्यते नभः ।
भ्रान्तिदृष्टिभिरात्मापि तथैकः स पृथक् पृथक् ।६५।
अग्निरुवाच
मुक्तिं ह्यवाप भवतो ज्ञानसारेण भूपतिः ।
संसाराज्ञानवृक्षारिज्ञानं ब्रह्मेति चिन्तय ।६६।

मदमत्त गजराजमा चढेका छन्, उनी नै यी नरेश हुन् र उनलाई चारैतिरबाट छेकेर जो उभिएका छन् उनीहरू नै अरू मानिस हुन् । यो तल रहेको प्राणी हात्ती हो र त्यसका माथि चढेका सज्जन नै राजा हुन् । ऋतुले भने मलाई बुझाएर भन त यी दुईमा को राजा र को हात्ती हो ? निदाघले भने– पर्ख अब भन्दछु । यसो भन्दै निदाघ ऋतुका माथि चढे र भने अब दृष्टान्त हेरेर तिमी वाहनलाई बुझ । म तिमीमाथि राजाजस्तो भएर बसेको छु र तिमी मभन्दा तल हात्तीजस्तै भएर उभिएका छौ । त्यसपछि ऋतुले निदाघसित भने म को हुँ र तिमीलाई के भनूँ ? यति सुन्नेबित्तिकै निदाघ ओर्लिएर पाउमा पसारिँदै भन्न थाले पक्कै पनि तिमी मेरा गुरुमहाराज हौ । किनभने अरू कसैको पनि यस्तो निरन्तर अद्वैत संस्कारले सुसंस्कृत हृदय हुँदैन । ऋतुले निदाघसित भने म तिमीलाई ब्रह्मको बोध गराउनका लागि आएको थिएँ र परमार्थको सारस्वरूप अद्वैततत्त्वको दर्शन तिमीलाई गराएँ । जडभरत भन्दछन् हे राजन् ! निदाघ त्यस्तो उपदेशका कारण अद्वैतवादी भए । उनले सम्पूर्ण प्राणीहरूलाई आफूभन्दा अभिन्न रूपमा देख्न थाले । ज्ञानद्वारा उनले मोक्ष प्राप्त गरे र तिमी पनि उनकै जसरी मोक्ष हुनेछौ । तिमी, म र यो सम्पूर्ण संसार सबै एउटै व्यापक विष्णुको स्वरूप नै हो । एउटै आकाश नीलो, पहेंलो आदि भेदका कारण अनेकौं किसिमको देखिएजस्तै भ्रान्तदृष्टि भएका पुरुषहरू एउटै आत्मालाई भिन्नभिन्न रूपमा देख्छन् । अग्निदेव भन्छन्– हे वसिष्ठ ! यस सारभूत ज्ञानका प्रभावले सौवीर राजा संसाररूपी बन्धनबाट मुक्त भए । ज्ञानस्वरूप ब्रह्म नै यस अज्ञानमय संसारवृक्षको शत्रु हो । यसको चिन्तन निरन्तर गरिरहनुपर्दछ ।५६–६६।

३८१. एकाशीत्यधिकत्रिशततमोऽध्यायः

गीतासार

अग्निरुवाच
गीतासारं प्रवक्ष्यामि सर्वगीतोत्तमोत्तमम् ।
कृष्णोऽर्जुनाय यामाह पुरा वै भुक्तिमुक्तिदम् ।१।
श्रीभगवानुवाच
गतासुरगतासुर्वा न शोच्यो देहवानजः ।
आत्माऽजरोऽमरोऽभेद्यस्तस्माच्छोकादिकं त्यजेत् ।२।

अग्निदेव भन्दछन्– अब म गीताको सार बताउँछु र यो नै समस्त गीताको अति उत्तम अंश हो । उहिले नै यो उपदेश भगवान् श्रीकृष्णले अर्जुनलाई दिएका थिए । यसले भोग र मोक्ष दुवै प्रदान गर्दछ ।१।

श्रीभगवान्ले भने– हे अर्जुन ! जसको प्राण गयो अथवा जसको प्राण अहिले गएको छैन, यी मरेका अथवा जीवित कुनै पनि देहधारीका लागि शोक गर्नु उचित हुँदैन; किनकि आत्मा अजन्मा, अजर, अमर तथा अभेद्य छ, त्यसैले शोक गर्न छोडिदिनुपर्छ । विषयलाई चिन्तन गर्ने पुरुष त्यसमा आसक्त

ध्यायतो विषयान्पुंसः सङ्गस्तेषूपजायते ।
सङ्गात्कामस्ततः क्रोधः क्रोधात्सम्मोह एव च ।३।
सम्मोहात्स्मृतिविभ्रंशो बुद्धिनाशात्प्रणश्यति ।
दुःसङ्गहानिः सत्सङ्गान्मोक्षकामी च कामनुत् ।४।
कामत्यागादात्मनिष्ठः स्थिरप्रज्ञस्तदोच्यते ।
या निशा सर्वभूतानां तस्यां जागर्ति संयमी ।५।
यस्यां जाग्रति भूतानि सा निशा पश्यतो मुनेः ।
आत्मन्येव च सन्तुष्टस्तस्य कार्यं न विद्यते ।६।
नैव तस्य कृतेतार्थो नाकृतेनेह कश्चन ।
तत्त्ववित्तु महाबाहो गुणकर्मविभागयोः ।७।
गुणा गुणेषु वर्त्तन्ते इति मत्वा न सज्जते ।
सर्वं ज्ञानप्लवेनैव वृजिनं सन्तरिष्यति ।८।
ज्ञानाग्निः सर्वकर्माणि भस्मसात्कुरुतेऽर्जुन ।
ब्रह्मण्याधाय कर्माणि सङ्गं त्यक्त्वा करोति यः ।९।
लिप्यते न स पापेन पद्मपत्रमिवाम्भसा ।
सर्वभूतेषु चात्मानं सर्वभूतानि चात्मनि ।१०।
ईक्षते योगयुक्तात्मा सर्वत्र समदर्शनः ।
शुचीनां श्रीमतां गेहे योगभ्रष्टोऽभिजायते ।११।
न हि कल्याणकृत्कश्चिद्दुर्गतिं तात गच्छति ।
दैवी ह्येषा गुणमयी मम माया दुरत्यया ।१२।
मामेव ये प्रपद्यन्ते मायामेतां तरन्ति ते ।
आर्तो जिज्ञासुरर्थार्थी ज्ञानी च भरतर्षभ ।१३।
चतुर्विधा भजन्ते मां ज्ञानी चैकत्वमास्थितः ।
अक्षरं ब्रह्म परमं स्वभावोऽध्यात्ममुच्यते ।१४।
भूतभावोद्भवकरो विसर्गः कर्मसंज्ञितः ।
अधिभूतं क्षरो भावः पुरुषश्चाधिदैवतम् ।१५।
अधियज्ञोऽहमेवात्र देहे देहभृतां वर ।
अन्तकाले स्मरन्माञ्च मद्भावं यात्यसंशयः ।१६।

हुन्छ; आसक्तबाट काम, कामबाट क्रोध र क्रोधबाट अत्यन्त मोह हुन्छ । मोहबाट स्मरणशक्ति ह्रास हुन्छ र यसबाट बुद्धि नाश हुन्छ । बुद्धि नाश भएपछि सर्वनाश हुन्छ । सत्पुरुषको सङ्गत गर्नाले खराब सङ्गत छुट्दछ, आसक्ति हराएर जान्छ । त्यसपछि नै मनुष्य अन्य सबै कामनाहरू त्यागेर केवल मोक्षको कामना गर्दछ । कामना त्यागेपछि मानिस आत्मा अर्थात् आफ्नो स्वरूपमा स्थित हुन्छ, त्यस समय ऊ स्थिरप्रज्ञ कहलाउँछ । सम्पूर्ण प्राणीहरू रातका कृपाले बेखबर भएर सुतेका बेलामा पनि परमात्माको स्वरूपमा भगवत् प्राप्त गर्ने संयमी पुरुष ब्युँझिरहन्छ तथा जुन क्षणभङ्गुर सांसारिक सुखमा सबै भूतप्राणी जाग्दछन्, अर्थात् जुन विषय भोग उनका सामु दिउँसो देखिन्छ, त्यो ज्ञानी मुनिको लागि रातजस्तै हुन्छ । जो आफूमा नै सन्तुष्ट छ, उसको लागि कुनै कर्त्यव्य बाँकी हुँदैन । यस संसारमा त्यस आत्माराम पुरुषलाई न केही गर्ने कुनै प्रयोजन छ र न नगर्ने नै केही हुन्छ । हे महाबाहु ! जसले गुण विभाग र कर्म विभागको तत्त्वलाई बुझ्दछ, उसले सम्पूर्ण गुण गुणमा नै आइरहेको छ भन्ने मान्दछ र ऊ कतै पनि आसक्त हुँदैन । हे अर्जुन ! ज्ञानरूपी डुङ्गाको सहारा लिनाले तिमी निश्चय पनि सम्पूर्ण पापबाट मुक्त हुनेछौ । ज्ञानरूपी अग्निले सबै कर्मलाई जलाएर भस्म गर्दछ । जसले सबै कर्मलाई परमात्मामा अर्पण गरेर आसक्ति छोडेर कर्म गर्दछ ऊ कमलको पात पानीमा लिप्त नभएझैँ पापमा लिप्त हुँदैन । जसको अन्तःकरण योगयुक्त छ, परमानन्दमय परमात्मामा स्थित छ तथा सर्वत्र समान देख्छ त्यो योगी आत्मालाई सम्पूर्ण भूतमा तथा सम्पूर्ण भूतलाई आत्मामा देख्दछ । योगभ्रष्ट पुरुष शुद्ध आचारविचार भएको धनवान्‌को घरमा जन्म लिन्छ । हे अर्जुन ! कल्याणमय शुभ कर्मको अनुष्ठान गर्ने पुरुष कहिल्यै पनि दुर्गतिमा पर्दैन । मेरो यो त्रिगुणमयी माया अलौकिक छ; यसको पारि पुग्न धेरै गाह्रो छ । जो केवल मेरो शरणमा आउँछ, उसले मात्र यस मायालाई नाघ्न सक्छ । हे भरतश्रेष्ठ ! आर्त, जिज्ञासु, अर्थार्थी र ज्ञानी यी चार प्रकारका मनुष्यले मेरो भजन गर्दछन् । यिनीहरूमा ज्ञानी त ममा एकीभूत भएर स्थित रहन्छ । अविनाशी परमतत्त्व (सच्चिदानन्दमय परमात्मा) ब्रह्म हो, स्वभाव अर्थात् जीवात्मालाई अध्यात्म भनिन्छ । भूतहरूलाई उत्पत्ति र वृद्धि गर्ने विसर्गको (यज्ञ दान आदिको निम्ति गरिने द्रव्य आदिलाई त्याग्नेको) नाम कर्म हो । विनाशशील पदार्थ अभिभूत हो तथा पुरुष (हिरण्यगर्भ) अधिदैव हो । देहधारीहरूमा श्रेष्ठ हे अर्जुन ! यस शरीरभित्र म वासुदेव नै अधियज्ञ हुँ । अन्तकालमा मलाई स्मरण गर्ने पुरुषले मेरो स्वरूपलाई प्राप्त गर्दछ, यसमा कुनै शङ्का छैन ।

यं यं भावं स्मरन्नन्ते त्यजेद्देहं तमाप्नुयात् ।
प्राणं न्यस्य भ्रुवोर्मध्ये अन्ते प्राप्नोति मत्परम् ।१७द्ध।
ओमित्येकाक्षरं ब्रह्म वदन्देहं त्यजन् तथा ।
ब्रह्मादिस्तम्बपर्यन्ताः सर्वे मम विभूतयः ।१८।
श्रीमन्तश्चोर्जिताः सर्वे ममांशाः प्राणिनः स्मृताः ।
अहमेको विश्वरूप इति ज्ञात्वा विमुच्यते ।१९।
क्षेत्रं शरीरं यो वेति क्षेत्रज्ञः स प्रकीर्त्तितः ।
क्षेत्रक्षेत्रज्ञयोर्ज्ञानं यत्तज्ज्ञानं मतं मम ।२०।
महाभूतान्यहङ्कारो बुद्धिरव्यक्तमेव च ।
इन्द्रियाणि दशैकञ्च पञ्च चेन्द्रियगोचराः ।२१।
इच्छा द्वेषः सुखं दुःखं सङ्घातश्चेतना धृतिः ।
एतत्क्षेत्रं समासेन सविकारमुदाहृतम् ।२२।
अमानित्वमदम्भित्वमहिंसा क्षान्तिरार्जवम् ।
आचार्योपासनं शौचं स्थैर्य्यमात्मविनिग्रहः ।२३।
इन्द्रियार्थेषु वैराग्यमनोहङ्कार एव च ।
जन्ममृत्युजराव्याधिदुःखदोषानुदर्शनम् ।२४।
असक्तिरनभिष्वङ्गः पुत्रदारगृहादिषु ।
नित्यञ्च समचित्तत्वमिष्टानिष्टोपपत्तिषु ।२५।
मयि चानन्ययोगेन भक्तिरव्यभिचारिणी ।
विविक्तदेशसेवित्वमरतिर्जनसंसदि ।२६।
अध्यात्मज्ञाननिष्ठत्वं तत्त्वज्ञानानुदर्शनम् ।
एतज्ज्ञानमिति प्रोक्तमज्ञानं यदतोऽन्यथा ।२७।
ज्ञेयं यत्तत्प्रवक्ष्यामि यं ज्ञात्वाऽमृतमश्नुते ।
अनादि परमं ब्रह्म सत्त्वं नाम तदुच्यते ।२८।
सर्वतपाणिपादान्तं सर्वतोऽक्षिशिरोमुखम् ।
सर्वतः श्रुतिमल्लोके सर्वमावृत्य तिष्ठति ।२९।
सर्वेन्द्रियगुणाभासं सर्वेन्द्रियविवर्जितम् ।
असक्तं सर्वभृच्चैव निर्गुणं गुणभोक्तृ च ।३०।

मनुष्यले अन्तकालमा जुनजुन भावलाई स्मरण गर्दै आफ्नो शरीर परित्याग गर्दछ त्यही उसले प्राप्त गर्दछ । मृत्युका समयमा जसले प्राणलाई आँखीभुइँको मध्य भागमा स्थापित गरेर ओं यही एकाक्षर ब्रह्मको उच्चारण गर्दै देहत्याग गर्दछ, उसले म परमेश्वरलाई नै प्राप्त गर्दछ। ब्रह्मादेखि लिएर तुच्छ किरासम्म जेजे देखिन्छन् ती सबै मेरो नै विभूतिहरू हुन् । जतिसुकै सम्पन्न र शक्तिशाली प्राणी भए पनि सबै मेरा अंश हुन् । म एक्लै नै सम्पूर्ण विश्वका रूपमा स्थित छु भन्ने जानेपछि मनुष्य मुक्त हुन्छ ।२-१९।

यो शरीर क्षेत्र हो; जसले यसलाई जान्दछ, उसलाई क्षेत्रज्ञ भनिन्छ। क्षेत्र र क्षेत्रज्ञलाई जसले यथार्थ रूपमा जान्दछ मेरा विचारमा ज्ञान त्यही हो । पाँच महाभूत, अहङ्कार, बुद्धि, अव्यक्त, दस इन्द्रिय, एक मन, पाँच इन्द्रियहरूको विषय, इच्छा, द्वेष, सुख, दुःख, स्थूल शरीर, चेतना र धृति यी विकारसहितको क्षेत्र यही शरीर हो र यसलाई यहाँ सङ्क्षेपमा भनियो । अभिमानशून्यता, दम्भको अभाव, अहिंसा, क्षमा, सरलता, गुरुसेवा, बाहिरभित्रको शुद्धि, अन्तःकरणको स्थिरता, मन, इन्द्रिय एवं शरीरको निग्रह, विषयभोगमा आसक्तिको अभाव, अहङ्कारको नाश, जन्ममृत्यु, बुढ्यौली र रोग आदिको दुःखरूप दोषलाई बारम्बार विचार गर्नु, पुत्र, स्त्री, र घर आदिमा आसक्ति र ममताको अभाव हुनु, प्रिय र अप्रियको प्राप्तिमा सधैँ समान चित्त राख्नु, म परमेश्वरमा अनन्य भावले अविचल भक्ति हुनु, पवित्र एवं एकान्त स्थानमा बस्ने स्वभाव हुनु, विषयी मानिसको समुदायसँग प्रेमको अभाव हुनु, अध्यात्म ज्ञानमा स्थिति रहनु तथा तत्त्वज्ञानस्वरूप परमेश्वरको निरन्तर दर्शन हुनु यी सबैलाई ज्ञान भनिएको छ र यिनको विपरीत जति सबै अज्ञान हुन् । अब जुन ज्ञेय अर्थात् जान्न योग्य विषयको वर्णन गर्दछु र त्यसलाई जानेपछि मनुष्य अमृत स्वरूप परमात्मामा पुग्छ। ज्ञेय तत्त्व अनादि छ र त्यो परब्रह्मको नामले प्रसिद्ध छ। यसलाई न त सत् भन्न सकिन्छ न असत् । त्यसको सबैतिर हातखुट्टा, आँखा, टाउको, मुख र कान छन् । त्यो संसारमा सबैलाई व्याप्त गरेर स्थित छ। सबै इन्द्रियहरूबाट रहित भएर पनि समस्त इन्द्रियहरूको विषयमा जान्दछ । सबैलाई धारणपोषण गर्ने भएर पनि आसक्तिरहित छ तथा गुणहरूको भोक्ता भएर पनि निर्गुण छ। त्यो परमेश्वर सम्पूर्ण प्राणीहरूका भित्र र बाहिर विद्यमान छ । चर र अचर सबै उसैका स्वरूप हुन् । सूक्ष्म हुनाको कारण त्यो अविज्ञेय छ। त्यही नजिक छ र त्यही टाढा पनि छ। यद्यपि त्यो आकाशजस्तै अखण्ड रूपले सर्वत्र परिपूर्ण छ, तापनि

बहिरन्तश्च भूतानामचरं चरमेव च ।
सूक्ष्मत्वात्तदविज्ञेयं दूरस्थञ्चान्तिकोऽपि यत् ।३१।
अविभक्तञ्च भूतेषु विभक्तमिव च स्थितम् ।
भूतभर्तृ च विज्ञेयं ग्रसिष्णु प्रभविष्णु च ।३२।
ज्योतिषामपि तज्ज्योतिस्तमसः परमुच्यते ।
ज्ञानं ज्ञेयं ज्ञानगम्यं हृदि सर्वस्यधिष्ठितम् ।३३।
ध्यानेनात्मनि पश्यन्ति केचिदात्मानमात्मना ।
अन्ये साङ्ख्येन योगेन कर्मयोगेन चापरे ।३४।
अन्ये त्वेवमजानन्तः श्रुत्वान्येभ्य उपासते ।
तेपि चाशु तरन्त्येव मृत्युं श्रुतिपरायणाः ।३५।
सत्त्वात्सञ्जायते ज्ञानं रजसो लोभ एव च ।
प्रमादमोहौ तमसो भवतो ज्ञानमेव च ।३६।
गुणा वर्तन्त इत्येव योऽवतिष्ठति नेङ्गते ।
मानावमानमित्रारितुल्यस्त्यागी स निर्गुणः ।३७।
ऊर्ध्वमूलमधःशाखमश्वत्थं प्राहुरव्ययम् ।
छन्दांसि यस्य पर्णानि यस्तं वेद स वेदवित् ।३८।
द्वौ भूतसर्गौ लोकेऽस्मिन्दैव आसुर एव च ।
अहिंसादिः क्षमा चैव दैवीसम्पत्तितो नृणाम् ।३९।
न शौचं नापि वाचारो ह्यासुरीसम्पदोद्भवः ।
नरकत्वात्क्रोधलोभकामस्तस्मात्त्रयं त्यजेत् ।४०।
यज्ञस्तपस्तथा दानं सत्त्वाद्यैस्त्रिविधं स्मृतम् ।
आयुः सत्त्वं बलारोग्यसुखायान्नं तु सात्त्विकम् ।४१।
दुःखशोकामयायान्नं तीक्ष्णरूक्षन्तु राजसम् ।
अमेध्योच्छिष्टपूत्यन्नं तामसं नीरसादिकम् ।४२।
यष्टव्यो विधिना यज्ञो निष्कामाय स सात्त्विकः ।
यज्ञः फलाय दम्भात्मा राजसस्तामसः क्रतुः ।४३।
श्रद्धामन्त्रादिविध्युक्तं तपः शारीरमुच्यते ।
देवादिपूजाऽहिंसादि वाङ्मयं तप उच्यते ।४४।

सम्पूर्ण भूतहरूमा विभक्त अलगअलग स्थानमा रहेको प्रतीत हुन्छ । उसलाई विष्णु रूपमा सबै प्राणीहरूको पोषक, रुद्र रूपमा सबैको संहार र ब्रह्माको रूपमा सबैलाई उत्पन्न गर्ने भनेर जान्नुपर्दछ। त्यो सूर्य आदि ज्योतिहरूको पनि ज्योति हो। उसको स्थिति अज्ञानमय अन्धकारभन्दा पर भनिएको छ। त्यो परमात्मा ज्ञान स्वरूप, जान्न लायक, तत्त्वज्ञानबाट प्राप्त हुने र सबैको हृदयमा स्थित छ। कैयौं मनुष्य सूक्ष्मबुद्धिबाट ध्यानद्वारा त्यस परमात्मालाई आफ्नो अन्तःकरणमा देख्दछन्। अर्का थरी मानिस साङ्ख्ययोगद्वारा तथा केही अन्य मनुष्य कर्मयोगद्वारा देख्दछन्। यसबाहेक मन्द बुद्धि भएका साधारण मनुष्य, स्वयं यस प्रकार नजाने पनि ज्ञानी पुरुषहरूबाट सुनेर नै उपासना गर्दछन्। सुनेर उपासनामा लाग्ने पुरुष पनि मृत्युरूप संसारसागरबाट निश्चय पनि पार पाउँछन्। सत्त्वगुणबाट ज्ञान, रजोगुणबाट लोभ तथा तमोगुणबाट प्रमाद, मोह र अज्ञान उत्पन्न हुन्छन् । गुण नै गुणमा आउँछ भन्ने सम्झेर जो स्थिर रहन्छ, आफ्नो स्थितिबाट विचलित हुँदैन, मानअपमानमा तथा मित्रशत्रुपक्षमा समान भाव राख्दछ, कर्तृत्वको अभिमानलाई त्यागेको छ त्यो निर्गुण कहलाउँछ। जसको परमात्मा र शाखा ब्रह्मा आदि भएको संसाररूपी यस अश्वत्थ वृक्षलाई अनादि प्रवाह रूपले अविनाशी भनिन्छ। वेदहरू त्यसका पात हुन्। जसले त्यस वृक्षको मूलसहित यथार्थ रूपमा जान्दछ, उसैले वेदको तात्पर्यलाई पनि जान्दछ ।२०-३८।

यस संसारमा प्राणीहरूको सृष्टि दुई प्रकारको छ । तिनमा एक दैवी हो। त्यो देवताहरूको जस्तै स्वभाव भएको हुन्छ र अर्को आसुरी हो । त्यो असुरहरूको जस्तै स्वभाव भएको हुन्छ। अतः मनुष्यका अहिंसा आदि सद्गुण र क्षमा दैवी सम्पत्ति हुन्। आसुरी सम्पत्तिबाट जसको उत्पत्ति भएको छ, त्यसमा न शौच हुन्छ न सदाचार नै। क्रोध, लोभ र कामले नरकमा झार्छन् । अतः यी तीनवटैलाई त्याग्नुपर्दछ । सत्त्व आदि गुणहरू यज्ञ, तप र दान भन्ने भेदले तीन प्रकारको मानिएको छ (सात्त्विक, राजस र तामस) । सात्त्विकले अन्न, आयु, बुद्धि, बल, आरोग्य र सुखको वृद्धि गराउँछ। तीखो र रुखो अन्न राजस हो । यसले दुःख, शोक र रोग उत्पन्न गराउँछ । अपवित्र, जूठो, गन्हाउने र नीरस आदि अन्नलाई तामस मानिन्छ। यज्ञ गर्नु कर्तव्य हो भन्ने सम्झिएर निष्काम भावले विधिपूर्वक गरिएको यज्ञलाई सात्त्विक भनिन्छ । फलको आशाले गरिएको यज्ञलाई राजस र दम्भको लागि गरिएको यज्ञ तामस हो । श्रद्धा र मन्त्र आदिद्वारा युक्त एवं विधिद्वारा प्रतिपादित देवता आदिको पूजा तथा अहिंसा आदि

अनुद्वेगकरं वाक्यं सत्यं स्वाध्यायसज्जपः ।
मानसं चित्तसंशुद्धेर्मौनमात्मविनिग्रहः ।४५।
सात्त्विकञ्च तपोऽकामं फलाद्यर्थन्तु राजसम् ।
तामसं परपीडायै सात्त्विकं दानमुच्यते ।४६।
देशादौ चैव दातव्यमुपकाराय राजसम् ।
अदेशादावबज्ञातं तामसं दानमीरितम् ।४७।
ओं तत्सदिति निर्देशो ब्रह्मणस्त्रिविधः स्मृतः ।
यज्ञदानादिकं कर्म्म भुक्तिमुक्तिप्रदं नृणाम् ।४८।
अनिष्टनिष्टं मिश्रञ्च त्रिविधं कर्मणः फलम् ।
भवत्यत्यागिनां प्रेत्य न तु सन्न्यासिनां क्वचित् ।४९।
तामसः कर्मसंयोगान्मोहात्क्लेशभयादिकात् ।
राजसः सात्त्विकोऽकामात्पञ्चैते कर्महेतवः ।५०।
अधिष्ठानं तथा कर्त्ता करणञ्च पृथग्विधम् ।
त्रिविधाश्च पृथक्चेष्टा दैवञ्चैवात्र पञ्चमम् ।५१।
एकं ज्ञानं सात्त्विकं स्यात्पृथग्ज्ञानन्तु राजसम् ।
अतत्त्वार्थं तामसं स्यात्कर्माकामाय सात्त्विकम् ।५२।
कामाय राजसं कर्म मोहात्कर्म तु तामसम् ।
सिद्ध्यसिद्ध्योः समः कर्त्ता सात्त्विको राजसो ह्यपि ।५३।
शठोऽलसस्तामसः स्यात्कार्य्यादिधीश्च सात्त्विकी ।
कार्य्यार्थं सा राजसी स्याद्विपरीता तु तामसी ।५४।
मनोधृतिः सात्त्विकी स्यात्प्रीतिकामेति राजसी ।
तामसी तु प्रशोकादौ सुखं सत्त्वात्तदन्तगम् ।५५।
सुखं तद्राजसञ्चाग्रे अन्ते दुःखन्तु तामसम् ।
अतः प्रवृत्तिर्भूतानां येन सर्वमिदं ततम् ।५६।
स्वकर्मणा तमभ्यर्च्य विष्णुं सिद्धिञ्च विन्दति ।
कर्मणा मनसा वाचा सर्वावस्थासु सर्वदा ।५७।
ब्रह्मादिस्तम्बपर्यन्तं जगद्विष्णुञ्च वेत्ति यः ।
सिद्धिमाप्नोति भगवद्भक्तो भागवतो ध्रुवम् ।५८।

तपलाई शारीरिक तप भनिन्छ। अब वाणीद्वारा गरिने तपलाई बताउँछु। कसैलाई उद्विग्न नपार्ने सत्य वचन, स्वाध्याय र जपलाई वाङ्मय तप भनिन्छ। चित्तशुद्धि, मौन र मनोनिग्रह यी मानस तप हुन्। कामनारहित तप सात्त्विक फल आदिको लागि गरिने तप राजस तथा अरुलाई दुःख दिनको लागि गरिएको तप तामस भनिएको छ। उत्तम देश, काल र पात्रमा दिइएको दान सात्त्विक हो। प्रत्युपकारको लागि दिइने दान राजस हो तथा अयोग्य देश, काल आदिमा अनादरपूर्वक दिइएको दान तामस भनिन्छ। ओं, तत् र सत् यी परब्रह्म परमात्माको तीन प्रकारका नाम बताइएका छन्। यज्ञ दान आदि कर्मले मानिसलाई भोग एवं मोक्ष प्रदान गर्दछन्। जसले कामनालाई त्यागेको छैन, ती सकामी पुरुषको कर्मको खराब, असल र मिसिएको गरी तीन प्रकारका फल हुन्छन्। यी फल मृत्युपश्चात प्राप्त हुन्छन्। संन्यासीको कर्मको कुनै फल हुँदैन। मोहवश जसले कर्मलाई त्याग्दछ, त्यो तामस हो, शरीरलाई कष्ट हुने डरले गरेको त्याग राजस हो तथा कामनालाई त्याग्नाले सम्पन्न हुने त्याग सात्त्विक मानिन्छ। अधिष्ठान, कर्ता, भिन्नभिन्न करण, अलगअलग चेष्टाहरू तथा दैव यी पाँच नै कर्मका कारण हुन्। सबै भूतहरूमा एक परमात्माको ज्ञान सात्त्विक, भेदज्ञान राजस र अतात्त्विक ज्ञान तामस हो। निष्काम भावले गरिएको कर्म सात्त्विक, कामनाको लागि गरिएको राजस तथा मोहवश गरिएको कर्म तामस हो। कार्य सिद्धि र असिद्धिमा सम (निर्विकार) रहने कर्ता सात्त्विक, हर्ष र शोक गर्ने राजस तथा शठ र आलसी कर्ता तामस मानिन्छ। कार्य-अकार्यको तत्त्वलाई सम्झने बुद्धि सात्त्विक, त्यसलाई ठीकठीक नजान्ने बुद्धि राजसी तथा विपरीत धारणा राख्ने बुद्धि तामसी मानिन्छ। मनलाई धारण गर्ने धृति सात्त्विकी, प्रीतिको कामना गर्ने धृति राजसी तथा शोक आदिलाई धारण गर्ने धृति तामसी हो। जसको परिणाम सुखद हुन्छ, त्यो सत्त्वबाट उत्पन्न हुने सात्त्विक सुख हो। सुरुमा सुखद प्रतीत भए पनि परिणाममा दुःखद हुने राजस सुख हो तथा आदि तथा अन्त्यमा पनि दुःख नै दुःख हुन्छ त्यो आपाततः प्रतीत हुने सुखलाई तामस भनिएको छ। जसबाट सबै भूतहरूको उत्पत्ति भएको छ र जसबाट यो सम्पूर्ण जगत् व्याप्त छ, त्यस विष्णुलाई आआफ्ना स्वभाविक कर्मद्वारा पुजेर मनुष्यले परमसिद्धि प्राप्त गर्दछ। जसले सबै अवस्थाहरूमा र सर्वदा मन, वाणी एवं कर्मद्वारा ब्रह्मादेखि लिएर तुच्छ कीटपर्यन्त सम्पूर्ण जगत्लाई भगवान् विष्णुको स्वरूप सम्झन्छ, त्यो भगवान्मा भक्ति राख्ने भागवत पुरुषलाई सिद्धि प्राप्त हुन्छ।३९-५८।

३८२. द्व्यशीत्यधिकत्रिशततमोऽध्यायः

यमगीता

अग्निरुवाच
यमगीता प्रवक्ष्यामि उक्ता या नाचिकेतसे ।
पठतां शृण्वतां भुक्त्यै मुक्त्यै मोक्षार्थिनां सताम् ।१।
यम उवाच
आसनं शयनं यानपरिधानगृहादिकम् ।
वाञ्छत्यहोऽतिमोहेन सुस्थिरं स्वयनस्थिरः ।२।
भोगेष शक्तिः सततं तथैवात्मावलोकनम् ।
श्रेयः परं मनुष्याणां कपिलोद्गीतमेव हि ।३।
सर्वत्र समदर्शित्वं निर्ममत्वमसङ्गता ।
श्रेयः परं मनुष्याणां गीतं पञ्चशिखेन हि ।४।
आगर्भजन्मबाल्यादिवयोऽवस्थादिवेदनम् ।
श्रेयः परं मनुष्याणां गङ्गाविष्णुप्रगीतकम् ।५।
आध्यात्मिकादिदुःखानामाद्यन्तादिप्रतिक्रिया ।
श्रेयः परं मनुष्याणां जनकोद्गीतमेव च ।६।
अभिन्नयोर्भेदकरः प्रत्ययो यः परात्मनः ।
तच्छान्तिपरमं श्रेयो ब्रह्मोद्गीतमुदाहृतम् ।७।
कर्त्तव्यामिति यत्कर्म ऋग्यजुःसामसंज्ञितम् ।
कुरुते श्रेयसे सङ्गाज्जैगीषव्येण गीयते ।८।
हानिः सर्वविधित्सानामात्मनः सुखहैतुकी ।
श्रेयः परं मनुष्याणां देवलोद्गीतमीरितम् ।९।
कामत्यागात्तु विज्ञानं सुखः ब्रह्म परं पदम् ।
कामिनां न हि विज्ञानं सनकोद्गीतमेव तत् ।१०।
प्रवृत्तं च निवृत्तं च कार्य्यं कर्मपरोऽब्रवीत् ।
श्रेयसां श्रेय एतद्धि नैष्कर्म्यं ब्रह्म तद्धरिः ।११।
पुमांश्चाधिगतज्ञानो भेदं नाप्नोति सत्तमः ।
ब्रह्मणा विष्णुसंज्ञेन परमेणाव्ययेन च ।१२।
ज्ञानं विज्ञानमास्तिक्यं सौभाग्यं रूपमुत्तमम् ।
तपसा लभ्यते सर्वं मनसा यद्यदिच्छति ।१३।

अग्निदेव भन्दछन्– हे ब्रह्मन् ! अब म यमराज नचिकेताको लागि भनिएको यमगीताको वर्णन गर्दछु । य पढ्ने र सुन्नेहरूलाई भोग प्रदान गर्दछ तथा मोक्षको अभि राख्ने सत्पुरुषहरूलाई मोक्ष प्रदान गर्दछ ।१।

यमराजले भने– अहो ! मानिस मोहले गर्दा स्वयं अ चित्त भएर आसन, शय्या, वाहन, परिधान तथा गृह आदि भोग सुस्थिर मानेर प्राप्त गर्न चाहन्छन्, यो अति आश्चर्यको कुरो कपिलले भनेका छन्– भोगमा आसक्तिको अभाव तथा आत्मतत्त्वको चिन्तन मानिसको परम कल्याणको उपाय सबैतिर समतापूर्ण दृष्टि तथा ममता र आसक्ति नहुनु मानि परम कल्याणको साधन हो –यो आश्चर्य पञ्चशिखको उ हो । गर्भदेखि जन्म र बाल्य आदि वय तथा अवस्थाहर स्वरूपलाई ठीकठीक सम्झनु नै मनुष्यको परमकल्याणको हो– यो गङ्गा विष्णुको गाना हो । आध्यात्मिक, आधिदै र आधिभौतिक दुःख आदि र अन्त्य भएको हुनाले यी उ र नष्ट भइरहन्छन् । त्यसैले यिनलाई क्षणिक मानेर धैर्यप सहनुपर्छ, विचलित हुनुहुँदैन । यस प्रकार ती दुःखहर प्रतिकार नै मनुष्यका लागि परम कल्याणको साधन हु यो महाराज जनकको मत हो । जीवात्मा र परमात्मा व अभिन्न छ; यसमा जुन भेदको प्रतीति हुन्छ, उसको नि गर्नु नै परम कल्याणको लागि हुन्छ– यो ब्रह्माको सि हो । जैगीषव्यको भनाइमा ऋग्वेद, यजुर्वेद र सामवेदमा कर्म प्रतिपादित छन् तिनलाई अनासक्त भावबाट क सम्झिएर गर्नु श्रेयको साधन हो । यस प्रकारको कर्मार आकाङ्क्षालाई परित्याग गर्नु नै आत्माको सुखको साधन यही मानिसको लागि परम श्रेय हो –यसलाई देवलको भनिएको छ । कामनाहरूको त्यागले विज्ञान, सुख, ब्रह्म परमपद प्राप्त हुन्छ । कामना राख्नेहरूलाई ज्ञान हुँदैन सनकादिहरूको सिद्धान्त हो । अर्का थरी भन्दछन् प्रवृ निवृत्ति दुवै प्रकारको कर्म गर्नुपर्दछ । तर वास्तवमा नैष नै ब्रह्म हो; त्यही भगवान् विष्णुको स्वरूप हो, यही श्रे पनि श्रेय हो । जुन पुरुषलाई ज्ञान प्राप्त हुन्छ, ऊ सन्तह श्रेष्ठ हुन्छ; ऊ अविनाशी परब्रह्म र विष्णुमा भेद का पाउन सक्तैन । ज्ञान, विज्ञान, आस्तिकता, सौभाग्य तथा रूप तपस्याबाट उपलब्ध हुन्छ । यति मात्र होइन, मा भित्री मनबाट जुन वस्तु पाउन चाहन्छ त्यो तपस्याबाट

नास्ति विष्णुसमन्ध्येयं तपो नानशनात्परम् ।
नास्त्यारोग्यसधं धन्यं नास्ति गङ्गासमा सरित् ।१४।
न सोऽस्ति बान्धवः कश्चिद्विष्णुं मुक्त्वा जगद्गुरुम् ।
अधश्चोर्ध्वं हरिश्चाग्रे देहेन्द्रियमनोमुखे ।१५।
इत्येवं संस्मरन्प्राणान्यस्त्यजेत्स हरिर्भवेत् ।
यत्तद्ब्रह्म यतः सर्वं यत्सर्वं तस्य संस्थितम् ।१६।
अग्राह्यकमनिर्देश्यं सुप्रतिष्ठं च यत्परम् ।
परापरस्वरूपेण विष्णुः सर्वहृदि स्थितः ।१७।
यज्ञेशं यज्ञपुरुषं केचिदिच्छन्ति तत्परम् ।
केचिद्विष्णुं हरं केचित्केचिद्ब्रह्माणमीश्वरम् ।१८।
इन्द्रादिनामभिः केचित्सूर्य्यं सोमं च कालकम् ।
ब्रह्मादिस्तम्बपर्य्यन्तं जगद्विष्णुं वदन्ति च ।१९।
स विष्णुः परमं ब्रह्म यतो नावर्त्तते पुनः ।
सुवर्णादिमहादानपुण्यतीर्थावगाहनैः ।२०।
ध्यानैर्व्रतैः पूजया च धर्म्मश्रुत्या तदाप्नुयात् ।
आत्मानं रथिनं विद्धि शरीरं रथमेव तु ।२१।
बुद्धिन्तु सारथिं विद्धि मनः प्रग्रहमेव च ।
इन्द्रियाणि हयानाहुर्विषयांश्चैषु गोचरान् ।२२।
आत्मेन्द्रियमनोयुक्तं भोक्तेत्याहुर्मनीषिणः ।
यस्त्वविज्ञानवान्भवत्ययुक्तेन मनसा सदा ।२३।
न सत्पदमवाप्नोति संसारञ्चाधिगच्छति ।
यस्तु विज्ञानवान्भवति युक्तेन मनसा सदा ।२४।
स तत्पदमवाप्नोति यस्माद्भूयो न जायते ।
विज्ञानसारथिर्यस्तु मनःप्रग्रहवान्नरः ।२५।
सोऽध्वनं पारमाप्नोति तद्विष्णोः परमं पदम् ।
इन्द्रियेभ्यः परा ह्यर्था अर्थेभ्यश्च परं मनः ।२६।
मनसस्तु परा बुद्धिर्बुद्धेरात्मा महान्परः ।
महतः परमव्यक्तमव्यक्तात्पुरुषः परः ।२७।
पुरुषान्न परं किञ्चित्सा काष्ठा सा परा गतिः ।
एषु सर्वेषु भूतेषु गूढात्मा न प्रकाशते ।२८।
दृश्यते त्वग्रयया बुद्ध्या सूक्ष्मया सूक्ष्मदर्शिभिः ।
यच्छेद्वाङ्मनसे प्राज्ञस्तद्यच्छेज्ज्ञानमात्मनि ।२९।

हुन्छ । विष्णुसमान कुनै ध्येय छैन् । निराहार बस्नाले सबैभन्दा ठूलो तपस्या हुन्छ । आरोग्यसमान कुनै बहुमूल्य वस्तु छैन र गङ्गासमान अर्को कुनै नदी छैन् । जगद्गुरु भगवान् विष्णुबाहेक अर्को कुनै बान्धव छैन । तलमाथि, अगाडि, देह, इन्द्रिय, मन तथा मुख सबैमा र सबैतिर भगवान् श्रीहरि विराजमान छन् । यस प्रकार भगवान्को चिन्तन गर्दै जसले प्राण परित्याग गर्दछ, ऊ साक्षात् श्रीहरिको स्वरूपमा मिल्छ । जुन सर्वत्र व्यापक ब्रह्मबाट सबैको उत्पत्ति भएको छ, जो सर्वस्वरूप छ तथा यी सबै वस्तुमा जसको आकार विशेष छ, जो इन्द्रियद्वारा ग्राह्य छैन, जसलाई कुनै नाम आदिद्वारा निर्देश गर्न सकिँदैन, जो सुप्रतिष्ठित एवं सबैभन्दा भिन्न छ, त्यस परापर ब्रह्मको रूपमा साक्षात् भगवान् विष्णु नै सबैको हृदयमा विराजमान छन् । उनी यज्ञका स्वामी तथा यज्ञस्वरूप हुन्; उनलाई कोही परब्रह्मरूपबाट प्राप्त गर्न चाहन्छन्, कोही विष्णुरूपबाट, कोही शिवरूपबाट, कोही ब्रह्मा र ईश्वररूपबाट, कोही इन्द्रादि नामहरूबाट तथा कोही सूर्य, चन्द्रमा र कालरूपबाट उनलाई पाउन चाहन्छन् । ब्रह्मादेखि लिएर किरासम्मको सबै जगत् विष्णुकै स्वरूप हो भन्दछन् ।२-१९।

यी भगवान् विष्णु परब्रह्म परमात्मा हुन् । उनको नजिक पुगेपछि फेरि त्यहाँबाट यस संसारमा फर्कनुपर्दैन । सुवर्ण दान आदि ठूलठूला दान तथा पुण्य तीर्थमा स्नान गर्नाले, ध्यान लगाउनाले, व्रत गर्नाले, पूजाबाट र धर्मका कुरा सुन्नाले उनको प्राप्ति हुन्छ । आत्मालाई रथी, शरीरलाई रथ, बुद्धिलाई सारथि र मनलाई लगाम मान । विवेकी पुरुष इन्द्रियलाई घोडा भन्दछन् र विषयलाई त्यसको मार्ग तथा शरीर, इन्द्रिय र मनसहित आत्मालाई भोक्ता भन्दछन् । बुद्धिरूप सारथि अविवेकी भयो भने आफ्नो मनरूपी लगामलाई कसेर राख्न सक्तैन, उसले परमात्मालाई प्राप्त गर्न सक्तैन; संसाररूपी सागरमा खस्छ । तर जो विवेकी छ र मनलाई काबुमा राख्छ, उसले त्यस परमपदलाई प्राप्त गर्दछ र त्यसबाट उसले फेरि जन्म लिनु पर्दैन । जुन मानिस विवेकयुक्त बुद्धिरूप सारथिले सम्पन्न र मनरूपी लगामलाई काबुमा राख्न सक्ने हुन्छ, उसले संसाररूपी मार्गलाई पार गरेर विष्णुको परमपदमा पुग्छ । इन्द्रियहरूभन्दा तिनको विषय पर छ, विषयभन्दा पर मन छ, मनभन्दा पर बुद्धि छ, बुद्धिभन्दा पर महान् आत्मा (महत्तत्त्व) छ, आत्माभन्दा पर अव्यक्त (मूलप्रकृति) छ र अव्यक्तभन्दा पर परमात्मा छ । परमात्माभन्दा पर केही छैन, त्यही सीमा हो, त्यही परमगति हो । सम्पूर्ण भूतमा बिलाएको यो आत्मा प्रकाशमा आउँदैन । सूक्ष्मदर्शी पुरुष आफ्नो तीव्र एवं सूक्ष्म बुद्धिबाट नै त्यसलाई देख्न सक्छन् । विद्वान् पुरुष वाणीलाई मनमा र मनलाई विज्ञानमयी बुद्धिमा लीन गर्दछन् । यस प्रकार बुद्धिलाई आत्मामा र आत्मालाई

ज्ञानमात्मनि महति नियच्छेच्छान्त आत्मनि ।
ज्ञात्वा ब्रह्मात्मनोर्योगं यमाद्यैर्ब्रह्म सद्भवेत् ।३०।
अहिंसा सत्यमस्तेयं ब्रह्मचर्यापरिग्रही ।
यमाश्च नियमाः पञ्च शौचं सन्तोषसत्तपः ।३१।
स्वाध्यायेश्वरपूजा च आसनं पद्मकादिकम् ।
प्राणायामो वायुजयः प्रत्याहारः स्वनिग्रहः ।३२।
शुभे ह्येकत्र विषये चेतसो यत्प्रधारणम् ।
निश्चलत्वात्तु धीमद्भिर्धारणा द्विज कथ्यते ।३३।
पौनःपुन्येन तत्रैव विषयेष्वेव धारणा ।
ध्यानं स्मृतं समाधिस्तु अहं ब्रह्मात्मसंस्थितिः ।३४।
घटध्वंसाद्यथाकाशमभिन्नं नभसा भवेत् ।
मुक्तो जीवो ब्रह्मणैवं सद्ब्रह्म ब्रह्म वै भवेत् ।३५।
आत्मानं मन्यते ब्रह्म जीवो ज्ञानेन नान्यथा ।
जीवो ह्यज्ञानतत्कार्य्यमुक्त स्यादजरामरः ।३६।
अग्निरुवाच
वसिष्ठ यमगीतोक्ता पठतां भुक्तिमुक्तिदा ।
आत्यन्तिको लयः प्रोक्तो वेदान्तब्रह्मधीमयः ।३७।

शान्त आत्मामा लीन गर्दछन् । यमनियम आदि साधनहरूबाट ब्रह्म र आत्माको एकतालाई जानेर मानिस सत्स्वरूप ब्रह्म नै हुन्छ । अहिंसा, सत्य, चोरीको अभाव, ब्रह्मचर्य र अपरिग्रह (सङ्ग्रह नगर्ने) यी पाँच यम भनिन्छन् । नियम पनि पाँच नै छन्– शौच, सन्तोष, उत्तम तप, स्वाध्याय र ईश्वरपूजा । आसन बस्ने प्रक्रियाको नाम हो; जसको पद्मासन आदि कैयौँ भेद छन्। प्राणवायुलाई जित्नु नै प्राणायाम हो । इन्द्रियहरूलाई नियन्त्रण गर्नु प्रत्याहार हो भनिएको छ । हे ब्राह्मण ! कुनै एउटा शुभ विषयमा जसले चित्तलाई स्थिरतापूर्वक स्थापित गर्नुपर्ने हुन्छ त्यसलाई नै बुद्धिमान् पुरुषले धारणा भनेका छन् । एकै विषयमा बारम्बार धारणा गर्नुको नाम नै ध्यान हो । म नै ब्रह्म हुँ भन्ने खालका अनुभवमा अडिनु भनेको समाधि हो । घडा फुटेपछि घडाभित्रको आकाश पनि महाआकाशमा बिलाएझैँ मुक्ति पाएको जीव पनि ब्रह्ममा बिलाउँछ । त्यो स्वरूप नै ब्रह्म हो । ज्ञानबाट नै जीवले आफूलाई ब्रह्म मान्दछ, नभए मान्दैन । अज्ञान र त्यसका कार्यबाट मुक्त हुँदा जीव अजरअमर हुन्छ ।२०–३६।

अग्निदेव भन्दछन्– हे वसिष्ठ ! मैले यो यमगीताको कुरो भनेको हुँ । यसले पढ्ने मानिसलाई भोग र मोक्ष प्राप्त गराउँछ । वेदान्तका अनुसार सर्वत्र ब्रह्मबुद्धिलाई नै आत्यन्तिक लय भनिएको छ ।३७।

३८३. त्र्यशीत्यधिकत्रिशततमोऽध्यायः

अग्निपुराणमाहात्म्य

अग्निरुवाच
आग्नेयं ब्रह्मरूपन्ते पुराणं कथितं मया ।
सप्रपञ्चं निष्प्रपञ्च विद्याद्वयमयं महत् ।१।
ऋग्यजुःसामाथर्वाख्या विद्या विष्णुर्जगज्जनिः ।
छन्दःशिक्षाव्याकरणनिघण्टुर्ज्योतिराख्यकाः ।२।
निरुक्तधर्मशास्त्रादिमीमांसान्यायविस्तराः ।
आयुर्वेदपुराणाख्या धनुर्गन्धर्वविस्तराः ।३।
विद्या सैवार्थशास्त्राख्या वेदान्ताऽन्या हरिर्महान् ।
इत्येषा चापरा विद्या परविद्याऽक्षरं परम् ।४।
यस्य भावोऽखिलं विष्णुस्तस्य नो बाधते कलिः ।
अनिष्ट्वा तु महायज्ञानकृत्वापि पितृस्वधाम् ।५।
कृष्णमभ्यर्च्चयन्भक्त्या नैनसो भाजनं भवेत् ।

अग्निदेव भन्दछन्– हे ब्रह्मन् ! अग्निपुराण ब्रह्मस्वरूप हो, यसको वर्णन तिमीसित गरेँ । यसमा कतै सङ्क्षेपमा र कतै विस्तारसित परा र अपरा यी दुई विद्याहरूको प्रतिपादन गरिएको छ । यो महापुराण हो । ऋक्, यजुः, साम र अथर्व नामका वेदविद्या, विष्णु–महिमा, संसार–सृष्टि, छन्द, शिक्षा, व्याकरण, निघण्टु, ज्योतिष, निरुक्त, धर्मशास्त्र आदि, मीमांसा, विस्तृत न्यायशास्त्र, आयुर्वेद, पुराणविद्या, धनुर्वेद, गन्धर्ववेद, अर्थशास्त्र, वेदान्त र महान् श्रीहरि यी सबै अपरा विद्या हुन् तथा परम अक्षरतत्त्व परा विद्या हो । यी सबै थोक कलियुगले बाधा पुऱ्याउन नसक्ने साक्षात् विष्णु नै हुन् । ठूलठूला यज्ञहरूका अनुष्ठान र पितृहरूका श्राद्ध नगरे पनि यदि मनुष्यले भक्तिपूर्वक श्रीकृष्णलाई पूजा गर्दछन् भने तिनीहरू पापका भागी हुँदैनन् । विष्णु सबैका कारण हुन् । उनको निरन्तर ध्यान गर्ने पुरुष कहिल्यै पनि कष्टमा

सर्वकारणमत्यन्तं विष्णुं ध्यायन्न सीदति ।६।
अन्यतन्त्रादिदोषोत्थो विषयाकृष्टमानसः ।
कृत्वापि पापं गोविन्दं ध्यायन्पापैः प्रमुच्यते ।७।
तद्ध्यानं यत्र गोविन्दः सा कथा यत्र केशवः ।
तत्कर्म यत्तदर्थीयं किमन्यैर्बहुभाषितैः ।८।
न तत्पिता तु पुत्राय न शिष्याय गुरुर्द्विज ।
परमार्थं परं ब्रूयाद्यदेतत्ते मयोदितम् ।९।
संसारे भ्रमता लभ्यं पुत्रदारधनं वसु ।
सुहृदश्च तथैवान्ये नोपदेशो द्विजेदृशः ।१०।
किं पुत्रदारैर्मित्रैर्वा कि मित्रक्षेत्रबान्धवैः ।
उपदेशः परो बन्धुरीदृशो यो विमुक्तये ।११।
द्विविधो भूतमार्गोयं दैव आसुर एव च ।
विष्णुभक्तिपरो दैवो विपरीतस्तथासुरः ।१२।
एतत्पवित्रमारोग्यं धन्यं दुःस्वप्ननाशनम् ।
सुखप्रीतिकरं नृणां मोक्षकृद्यत्तवेरितम् ।१३।
येषां गृहे लिखितमाग्नेयं हिं पुराणकम् ।
पुस्तकं स्थास्यति सदा तत्र नेशुरुपद्रवा ।१४।
किं तीर्थैर्गो प्रदानैर्वा किं यज्ञैः किमुपोषितैः ।
आग्नेयं ये हि शृण्वन्ति अहन्यहनि मानवाः ।१५।
यो ददाति तिलप्रस्थं सुवर्णस्य च माषकम् ।
शृणोति श्लोकमेकं च आग्नेयस्य तदाप्नुयात् ।१६।
अध्यायपठनञ्चास्य गोप्रदानाद्विशिष्यते ।
अहोरात्रकृतं पापं श्रोतुमिच्छोः प्रणश्यति ।१७।
कपिलानां शते दत्ते यद्भवेज्ज्येष्ठपुष्करे ।
तदाग्नेयं पुराणं हि पठित्वा फलमाप्नुयात् ।१८।
प्रवृत्तं च निवृत्तं च धर्मं विद्याद्वयात्मकम् ।
आग्नेयस्य पुराणस्यास्य शास्त्रस्य समं न हि ।१९।
पठन्नाग्नेयकं नित्यं शृण्वन्वापि पुराणकम् ।
भक्तो वसिष्ठ मनुजः सर्वपापैः प्रमुच्यते ।२०।
नोपसर्गा न चानर्था न चौरारिभयं गृहे ।
तस्मिन्स्याद्यत्र चाग्नेयपुराणस्य हि पुस्तकम् ।२१।
न गर्भहारिणी भीतिर्न च बालग्रहा गृहे ।
यत्राग्नेयं पुराणं स्यान्न पिशाचादिकं भयम् ।२२।
शृण्वन्विप्रो वेदवित्स्यात्क्षत्रियः पृथिवीपतिः ।

पर्दैनन् । यदि परतन्त्रता आदि दोषले प्रभावित भएर तथा विषयहरूप्रति चित्त आकृष्ट हुनाको कारण मनुष्यले पाप कर्म गरे तापनि गोविन्दलाई ध्यान गर्नाले ऊ सबै पापबाट मुक्त हुन्छ। अरू धेरै कुरा गर्नाले के लाभ ? ध्यान त्यही हो, जसमा गोविन्दको चिन्तन हुन्छ, कथा त्यही हो, जसमा केशवको कीर्त्तन भइरहेको छ र कर्म त्यही हो जुन श्रीकृष्णलाई प्रसन्न पार्न गरिन्छ । हे वसिष्ठ ! जुन परमोत्कृष्ट परमार्थ तत्त्वको उपदेश न पिता पुत्रलाई र न गुरु शिष्यलाई गर्न सक्तछ, त्यही यस अग्निपुराणका रूपमा मैले तिमीसित गरेको छु। हे द्विजवर ! संसारमा भौँतारिने पुरुषलाई स्त्री, पुत्र र धनवैभव मिल्न सक्छ तथा अनेकौं सुहृदहरू पनि प्राप्त हुन सक्छन् तर यस्तो उपदेश पाउन सक्तैन । स्त्री, पुत्र, मित्र, खेतीबारी र बन्धुबान्धवहरूसँग के लिनु छ ? यो उपदेश नै सबैभन्दा ठूलो बन्धु हो; किनभने यसले संसारबाट मुक्ति दिलाउँछ ।१-११।

प्राणीहरूको सृष्टि दुई प्रकारको छ– दैवी र आसुरी । जो भगवान् विष्णुको भक्तिमा लागेको छ त्यो दैवी सृष्टिअन्तर्गत पर्दछ तथा जो भगवान्देखि विमुख छ, त्यो आसुरी सृष्टिको मनुष्य हो- असुर हो । यो अग्निपुराण जसको मैले तिमीलाई उपदेश दिएँ, परम पवित्र, आरोग्य एवं धनको साधक, दुःस्वप्नलाई नाश गर्ने, मनुष्यलाई सुख र आनन्द दिने तथा भवबन्धनबाट मोक्ष दिने किसिमको छ । हस्तलिखित अग्निपुराणको प्रतिलिपि जसका घरमा हुन्छ त्यहाँ कुनै प्रकारको उपद्रवले बिगार गर्न सक्तैन । जुन मानिसले प्रतिदिन अग्निपुराण श्रवण गर्दछ, उसलाई तीर्थ, गोदान, यज्ञ तथा उपवास आदिको आवश्यकता पर्दैन । जसले प्रतिदिन एक प्रस्थ तिल र एक मासा सुवर्ण दान गर्दछ र जसले अग्निपुराणको एक मात्र श्लोक सुन्दछ ती दुवैको फल समान हुन्छ । श्लोक सुनाउने पुरुषले तिल र सुवर्ण दानको फल पाउँछ । यसको एक अध्यायको पाठ गोदानभन्दा बढी हुन्छ । यस पुराणलाई सुन्ने इच्छा मात्र गर्नाले दिन र रातमा गरेका पाप नाश हुन्छन् । वृद्धपुष्कर तीर्थमा सय कपिला गाई दान गर्नाले प्राप्त हुने फल अग्निपुराणको पाठ गर्नाले प्राप्त हुन्छ । प्रवृत्ति र निवृत्ति रूप धर्म तथा परा र अपरा नाम भएका दुवै विद्याहरू यस अग्निपुराण नामको शास्त्रसमान हुन सक्दैन । प्रतिदिन अग्निपुराण पाठ अथवा श्रवण गर्ने भक्त मनुष्यले सबै पापबाट छुटकारा पाउँछ । जुन घरमा अग्निपुराणको पुस्तक रहन्छ त्यहाँ विघ्न बाधाहरू, अनर्थ तथा चोर आदिको भय हुँदैन । जहाँ अग्निपुराण रहन्छ, त्यस घरमा गर्भपातको डर हुँदैन, बालकहरूलाई ग्रहले सताउँदैन तथा पिशाच आदिको डर पनि रहँदैन । यस पुराणलाई श्रवण गर्ने ब्राह्मण वेदवेत्ता हुन्छ, क्षत्रिय पृथ्वीको राजा हुन्छ, वैश्यले

ऋद्धिं प्राप्नोति वैश्यश्च शूद्रश्चारोग्यमृच्छति ।२३।
यः पठेच्छृणुयान्नित्यं समदृग्विष्णुमानसः ।
ब्रह्माग्नेयं पुराणं सत्तत्र नश्यन्त्युपद्रवाः ।२४।
दिव्यान्तरिक्षभौमाद्या दुःस्वप्नाद्याभिचारकाः ।
यच्चान्यद्दुरितं किञ्चित्तत्सर्वं हन्ति केशवः ।२५।
पठतः शृण्वतः पुंसः पुस्तकं यजतो महत् ।
आग्नेयं श्रीपुराणं हि हेमन्ते यः शृणोति वै ।२६।
प्रपूज्य गन्धपुष्पाद्यैरग्निष्टोमफलं लभेत् ।
शिशिरे पुण्डरीकस्य वसन्ते चाश्वमेधजम् ।२७।
ग्रीष्मे तु वाजपेयस्य राजसूयस्य वर्षति ।
गोसहस्रस्य शरदि फलं तत्पठतो ह्यृतौ ।२८।
आग्नेयं पुराणं यो भक्त्याग्रे च पठेद्धरेः ।
सोऽर्च्चयेच्च वसिष्ठेह ज्ञानयज्ञेन केशवम् ।२९।
यस्याग्नेयपुराणस्य पुस्तकं तस्य वै जयः ।
लिखितं पूजितं गेहे भुक्तिर्मुक्तिः करेऽस्ति हि ।३०।
इति कालाग्निरूपेण गीतं मे हरिणा पुरा ।
आग्नेयं हि पुराणं वै ब्रह्मविद्याद्वयास्पदम् ।
विद्याद्वयं वसिष्ठेदं भक्तेभ्यः कथयिष्यसि ।३१।
वसिष्ठ उवाच
व्यासाग्नेयपुराणं ते रूपं विद्याद्वयात्मकम् ।
कथितं ब्रह्मणो विष्णोरग्निना कथितं यथा ।३२।
सार्द्धं देवैश्च मुनिभिर्मह्यं सर्वार्थदर्शकम् ।
पुराणमग्निना गीतमाग्नेयं ब्रह्मसम्मितम् ।३३।
यः पठेच्छृणुयाद्व्यास लिखेद्वा लेखयेदपि ।
श्रावयेत्पाठयेद्वापि पूजयेद्धारयेदपि ।३४।
सर्वपापविनिर्मुक्तः प्राप्तकामो दिवं व्रजेत् ।
लेखयित्वा पुराणं यो दद्याद्विप्रेभ्य उत्तमम् ।३५।
स ब्रह्मलोकमाप्नोति कुलानां शतमुद्धरेत् ।
एकं श्लोकं पठेद्यस्तु पापपङ्काद्विमुच्यते ।३६।
तस्माद्व्यास सदा श्राव्यं शिष्येभ्यः सर्वदर्शनम् ।
शुकाद्यैर्मुनिभिः सार्द्धं श्रोतुकामैः पुराणकम् ।३७।
आग्नेयं पठितं ध्यातं शुभं स्याद्भुक्तिमुक्तिदम् ।
अग्नये तु नमस्तस्मै येन गीतं पुराणकम् ।३८।
व्यास उवाच
वसिष्ठेन पुरा गीतं सूतैतत्ते मयोदितम् ।

धन पाउँछ, शूद्र निरोगी रहन्छ। जसले भगवान् विष्णुलाई म लगाएर सबैतिर समान दृष्टि राख्दै ब्रह्मस्वरूप अग्निपुरा प्रतिदिन पाठ या श्रपण गर्छ उसका दिव्य, आन्तरिक्ष र भौ आदि सबै उपद्रव नाश हुन्छन् । यस पुस्तकलाई पढ्ने, सु र पूजा गर्ने पुरुषको अरू जुनसुकै पाप भए पनि ती सबैला भगवान् केशवले नाश गरिदिन्छन्। जुन मनुष्यले हेमन्त ऋतुम गन्ध र पुष्प आदिले पूजा गरेर श्रीअग्निपुराणको श्रवण ग उसले अग्निहोम यज्ञको फल पाउँछ। शिशिर ऋतुमा यसक श्रवणले पुण्डरीकको तथा वसन्त ऋतुमा अश्वमेध यज्ञक फल प्राप्त हुन्छ। गर्मीमा वाजपेयको, वर्षामा राजसूयको तथ शरद् ऋतुमा यस पुराणको पाठ र श्रवण गर्नाले एक हजा गोदान गरेको फल प्राप्त हुन्छ। हे वसिष्ठ ! जसले भगवा विष्णुका अगाडि बसेर भक्तिपूर्वक अग्निपुराणको पाठ गर्द उसले ज्ञानयज्ञद्वारा श्रीकेशवको पूजा गर्दछ। जसको घरम हस्तलिखित अग्निपुराणको पुस्तक पूजित हुन्छ उसलाई स विजय प्राप्त हुन्छ तथा भोग र मोक्ष दुवै उसको हातमा रहन भन्ने कुरा पूर्वकालमा कालाग्निस्वरूप श्रीहरिले स्वयं मला बताएका थिए। आग्नेय पुराण ब्रह्मविद्या एवं अद्वैतज्ञान रू हो ।१२-३१।

वसिष्ठ भन्दछन्– हे व्यास ! परा र अपरा यी दु विद्याहरूको स्वरूप हो अग्निपुराण । यसलाई विष्णु ब्रह्मासित तथा अग्निदेवले समस्त देवता र मुनिहरूका सा बसेको मलाई जुन रूपमा सुनाए, त्यसै रूपमा मैले तिम्रो सा यसको वर्णन गरेको हुँ। अग्निदेवद्वारा वर्णित यो आग्ने पुराण वेदतुल्य माननीय र सबै विषयहरूको ज्ञान गराउ किसिमको छ। हे व्यास ! जसले यसको पाठ वा श्रव गर्दछ, जसले यसलाई स्वयं लेख्दछ वा अर्कालाई लेखाउँछ शिष्यलाई पढाउँछ वा सुनाउँछ अथवा यस पुस्तकको पू वा धारण गर्दछ, त्यो सबै पापबाट मुक्त एवं पूर्णमनोरथ भए स्वर्गलोकमा जान्छ । जसले यस उत्तम पुराणलाई लेखे ब्राह्मणलाई दान दिन्छ, ऊ ब्रह्मलोकमा पुग्छ तथा आफ कुलको सय पिँढीलाई उद्धार गर्दछ। जसले एक श्लोकव मात्र पाठ गर्दछ उसको पापपङ्कबाट छुट्कारा पाउँछ। त्यसै हे व्यास ! यस सर्वदर्शनसङ्ग्रहरूप पुराणलाई तिमीले सु इच्छा गर्ने शुकआदि मुनिहरूका साथै आफ्ना शिष्यहरूला सधैं सुनाइरहनुपर्दछ। अग्निपुराणको पठन र चिन्तन अन्य शुभ तथा भोग र मोक्ष प्रदान गर्ने हुन्छ। जसले यस पुराण गान गरेको छ, ती अग्निदेवलाई नमस्कार छ।३२-३८।

व्यास भन्दछन्– हे सूत ! पूर्वकालमा वसिष्ठव मुखबाट सुनेको यो अग्निपुराण मैले तिमीलाई सुनाएँ। प

पराविद्या ऽपराविद्यास्वरूपं परमं पदम् ।३९।
आग्नेयं दुर्लभं रूपं प्राप्यते भाग्यसंयुतैः ।
ध्यायन्तो ब्रह्म चाग्नेयं पुराणं हरिमागताः ।४०।
विद्यार्थिनस्तथा विद्यां राज्यं राज्यार्थिनो गताः ।
अपुत्राः पुत्रिणः सन्ति नाश्रया आश्रयं गताः ।४१।
सौभाग्यार्थी च सौभाग्यं मोक्षं मोक्षार्थिनो गताः ।
लिखन्तो लेखयन्तश्च निष्पापाश्च श्रियं गताः ।४२।
शुकपैलमुखैः सूत आग्नेयन्तु पुराणकम् ।
रूपं चिन्तय यातासि भुक्तिमुक्तिं न संशयः ।४३।
श्रावयत्वञ्च शिष्येभ्यो भक्तेभ्यश्च पुराणकम् ।
सूत उवाच
व्यासप्रसादादाग्नेयं पुराणं श्रुतमादरात् ।४४।
आग्नेयं ब्रह्मरूपं हि मुनयः शौनकादयः ।
भवन्तो नैमिषारण्ये यजन्तो हरिमीश्वरम् ।४५।
तिष्ठन्तः श्रद्धया युक्तास्तस्माद्वः समुदीरितम् ।
अग्निना प्रोक्तमाग्नेयं पुराणं वेदसम्मितम् ।४६।
ब्रह्मविद्याद्वयोपेतं भुक्तिदं मुक्तिदं महत् ।
नास्मात्परतरःसारोनास्मात्परतरः सुहृत् ।४७।
नास्मात्परतरो ग्रन्थो नास्मात्परतरं गतिः ।
नास्मात्परतरं शास्त्रं नास्मात्परतरा श्रुतिः ।४८।
नास्मात्परतरं ज्ञानं नास्मात्परतरा स्मृतिः ।
नास्मात्परो ह्यागमो ऽस्ति नास्माद्विद्या परा ऽस्ति हि ।४९।
नास्मात्परः स्यात्सिद्धान्तो नास्मात्परममङ्गलम् ।
नास्मात्परो ऽस्ति वेदान्तः पुराणं परमन्त्विदम् ।५०।
नास्मात्परतरं भूमौ विद्यते वस्तु दुर्लभम् ।
आग्नेये हि पुराणे ऽस्मिन्सर्वविद्याः प्रदर्शिताः ।५१।
सर्वे मत्स्यावताराद्या गीता रामायणन्त्विह ।
हरिवंशो भारतञ्च नव सर्गाः प्रदर्शिताः ।५२।
आगमो वैष्णवो गीतः पूजा दीक्षा प्रतिष्ठया ।
पवित्रारोहणादीनि प्रतिमालक्षणादिकम् ।५३।
प्रासादलक्षणाद्यञ्च मन्त्रा वै भुक्तिमुक्तिदाः ।
शैवागमस्तदर्थश्च शक्तियः सौर एव च ।५४।
मण्डलानि च वास्तुश्च मन्त्राणि विविधानि च ।
प्रतिसर्गञ्चानुगीतो ब्रह्माण्डपरिमण्डलम् ।५५।

र अपरा विद्या यसको स्वरूप हो । यसले परम पद प्रदान गर्छ। आग्नेय पुराण परम दुर्लभ छ, भाग्यवान् पुरुषहरूले मात्रै यो प्राप्त गर्दछन् । ब्रह्म वा वेदस्वरूप यस अग्निपुराणलाई चिन्तन गर्ने पुरुषले श्रीहरिलाई प्राप्त गर्दछ। यसको चिन्तनले विद्यार्थीलाई विद्या र राज्यको इच्छा गर्नेलाई राज्य प्राप्त हुन्छ। जसको पुत्र छैन उसलाई पुत्र प्राप्त हुन्छ तथा जो मानिस निराश्रय छ उसलाई आश्रय प्राप्त हुन्छ । सौभाग्य चाहनेले सौभाग्य तथा मोक्षको अभिलाषा राख्ने मनुष्यले मोक्ष प्राप्त गर्दछ । यसलाई लेख्ने र लेखाउने मानिसले पापरहित भएर लक्ष्मी प्राप्त गर्दछ । हे सुत ! तिमी शुक र पैल आदिसँग अग्निपुराणको चिन्तन गर, यसबाट तिमीलाई भोग र मोक्ष दुवै प्राप्त हुन्छन्, यसमा कति पनि सन्देह छैन । तिमी पनि आफ्ना भक्त र शिष्यलाई यो पुराण सुनाऊ ३९–४४।

सूत भन्दछन्— शौनक आदि मुनिवरहरू ! मैले श्रीव्यासजीका कृपाले श्रद्धापूर्वक अग्निपुराण श्रवण गरेको हुँ। यो अग्निपुराण ब्रह्मस्वरूप छ । तिमीहरू सबै श्रद्धायुक्त भएर यस नैमिषारण्यमा भगवान् श्रीहरिको भजन गर्दै निवास गर्छौ, त्यसैले मैले तिमीहरूलाई यस पुराणको वर्णन गरेको हुँ। अग्निदेव यस पुराणका वक्ता हुन्, अतएव यो आग्नेय पुराण भनिएको हो । यसलाई वेदसमान मानिएको छ। यो ब्रह्म र विद्या दुवैले युक्त छ। भोग र मोक्ष प्रदान गर्ने श्रेष्ठ साधन हो। यसभन्दा ठूलो सर्वोत्तम सार, उत्तम सुहृद्, श्रेष्ठ ग्रन्थ तथा उत्कृष्ट गति कुनै छैन । यस पुराणभन्दा माथि शास्त्र, उत्तम श्रुति, श्रेष्ठ ज्ञान कुनै छैन तथा यसभन्दा उत्कृष्ट स्मृति कुनै छैन्। यसभन्दा श्रेष्ठ आगम, श्रेष्ठ विद्या, श्रेष्ठ सिद्धान्त र श्रेष्ठ मङ्गल अरू छैन। साथै यसभन्दा उत्तम वेदान्त पनि अरू छैन। यो सर्वोत्कृष्ट पुराण हो । यस पृथ्वीभरिमा अग्निपुराणभन्दा श्रेष्ठ र दुर्लभ वस्तु अरू कुनै छैन । यस अग्निपुराणमा सबै प्रकारका विद्याहरूको परिचय गराइएको छ । भगवान्का मत्स्य आदि सम्पूर्ण अवतार, गीता र रामायणको पनि वर्णन गरिएको छ। हरिवंश र महाभारतको पनि परिचय गराइएको छ । नौ प्रकारका सृष्टिको पनि दिग्दर्शन गराइएको छ । वैष्णव–आगमको पनि गान छ। देवताहरूको स्थापनाका साथै दीक्षा तथा पूजाको पनि उल्लेख भएको छ । पवित्रारोहण आदिको विधि, प्रतिमाको लक्षण आदि तथा मन्दिरको लक्षण आदिको वर्णन गरिएको छ। साथै भोग र मोक्ष दिने खालका मन्त्रहरूको पनि उल्लेख गरिएको छ। शैवआगम र त्यसको प्रयोजन, शाक्तआगम, सूर्यसम्बन्धी आगम, मण्डल, वास्तु र विभिन्न प्रकारका मन्त्रहरूको वर्णन पनि छ। प्रतिसर्गको पनि परिचय गराइएको छ। ब्रह्माण्ड मण्डल तथा भुवनकोषको पनि वर्णन छ। द्वीप, वर्ष आदि र नदीहरूको पनि उल्लेख छ। गङ्गा

गीतो भुवनकोशश्च द्वीपवर्षादिनिम्नगाः ।
गयागङ्गाप्रयागादितीर्थमहात्म्यमीरितम् ।५६।
ज्योतिश्चक्रं ज्योतिषादि गीतो युद्धजयार्णवः ।
मन्वन्तरादयो गीताः धर्मा वर्णादिकस्य च ।५७।
अशौचं द्रव्यशुद्धिश्च प्रायश्चित्तं प्रदर्शितम् ।
राजधर्म्मा दानधर्म्मा ब्रतानि विविधानि च ।५८।
व्यवहाराः शान्तयश्च ऋग्वेदादिविधानकम् ।
सूर्यवंशः सोमवंशो धनुर्वेदश्च वैद्यकम् ।५९।
गान्धर्ववेदोऽर्थशास्त्रं मीमांसा न्यायविस्तरः ।
पुराणसङ्ख्यामाहात्म्यं छन्दो व्याकरणं स्मृतम् ।६०।
अलङ्कारो निघण्टुश्च शिक्षा कल्प इहोदितः ।
नैमितिकः प्राकृतिको लय आत्यन्तिकः स्मृतः ।६१।
वेदान्तं ब्रह्मविज्ञानं योगो ह्यष्टाङ्ग ईरितः ।
स्तोत्रं पुराणमाहात्म्यं विद्या ह्यष्टादश स्मृताः ।६२।
ऋग्वेदाद्याः परा ह्यत्र परा विद्याक्षरं परम् ।
सप्रपञ्चं निष्प्रपञ्चं ब्रह्मणो परूमीरितम् ।६३।
इदं पञ्चदशसाहस्रं शतकोटिप्रविस्तरम् ।
देवलोके दैवतैश्च पुराणं पठ्यते सदा ।६४।
लोकानां हितकामेन सङ्क्षिप्योद्गीतमग्निना ।
सर्वं ब्रह्मेति जानीध्वं मुनयः शौनकादयः ।६५।
शृणुयाच्छ्रावयेद्वापि यः पठेत्पाठयेदपि ।
लिखेल्लेखापयेद्वापि पूजयेत्कीर्त्तयेदपि ।६६।
पुराणपाठकं चैव पूजयेत्प्रयतो नृपः ।
गोभूहिरण्यदानाद्यैर्वस्त्रालङ्कारतर्पणैः ।६७।
तं सम्पूज्य लभेच्चैव पुराणश्रवणात्फलम् ।
पुराणान्ते च वै कुर्य्यादवश्यं द्विजभोजनम् ।६८।
निर्म्मलः प्राप्तसर्वार्थः सकुलः स्वर्गमाप्नुयात् ।
शरयन्त्रं पुस्तकाय सूत्रं वै पत्रसञ्चयम् ।६९।
पट्टिकाबन्धवस्त्रादि दद्याद्यः स्वर्गमाप्नुयात् ।
यो दद्याद्ब्रह्मलोकी स्यात्पुस्तकं यस्य वै गृहे ।७०।
तस्योत्पातभयं नास्ति भुक्तिमुक्तिमवाप्नुयात् ।
यूयं स्मरत चाग्नेयं पुराणं रूपमैश्वरम् ।
सूतो गतः पूजितस्तैः शौनकाद्या हरिं ययुः ।७१।

तथा प्रयाग आदि तीर्थहरूको महिमाका वर्णन पनि गरिएको छ । ज्योतिश्चक्र, ज्यौतिष आदि विद्या तथा युद्धजयार्णवको पनि निरूपण गरिएको छ । मन्वन्तर आदिको वर्णन तथा वर्ण र आश्रम आदि धर्मको प्रतिपादन गरिएको छ । साथै अशौच, द्रव्यशुद्धि तथा प्रायश्चितको ज्ञान पनि गराइएको छ । राजधर्म, दानधर्म, विभिन्न प्रकारका व्रत, व्यवहार, शान्ति तथा ऋग्वेद आदिको विधानका पनि वर्णन गरिएको छ। सूर्यवंश, सोमवंश, धनुर्वेद, वैद्यक, गान्धर्ववेद, अर्थशास्त्र, मीमांसा, न्यायविस्तार, पुराणसङ्ख्या, पुराणमाहात्म्य, छन्द, व्याकरण, अलङ्कार, निघण्टु, शिक्षा र कल्प आदिको पनि यसमा निरूपण छ। नैमित्तिक, प्राकृतिक र आत्यन्तिक लयको वर्णन यसमा पाइन्छ। वेदान्त, ब्रह्मज्ञान र अष्टाङ्गयोगलाई निरूपण गरिएको छ । स्तोत्र, पुराणमहिमा र अष्टादश विद्याहरूलाई प्रतिपादन गरिएको छ। ऋग्वेद आदि अपरा विद्या, परा विद्या तथा परम अक्षरतत्त्वको पनि निरूपण गरिएको छ। यतिमात्र होइन, यसमा ब्रह्मको सविशेष र निर्विशेष रूपको पनि वर्णन गरिएको छ। यो पुराण पन्ध्र हजार श्लोकमा वर्णन गरिएको छ। देवलोकमा यसको विस्तार एक अरब श्लोकमा छ। देवता सधैँ यस पुराणको पाठ गर्दछन्। सम्पूर्ण लोकको हित गर्नका लागि अग्निदेवले यसलाई सङ्क्षेपमा वर्णन गरेका हुन् । हे शौनक आदि मुनिहरू ! यस सम्पूर्ण पुराणलाई तिमीहरू ब्रह्ममय नै सम्झ। जसले यसलाई सुन्छ वा सुनाउँछ, पढ्छ वा पढाउँछ, लेख्छ वा लेखाउँछ तथा यसको पूजा वा कीर्तन गर्दछ ऊ परम शुद्ध भएर सम्पूर्ण मनोरथलाई प्राप्त गरी कुलसहित स्वर्गमा पुग्दछ। राजाले संयमशील भएर पुराण वक्तालाई पूजा गर्नुपर्दछ। गाई, भूमि तथा सुवर्ण आदि दान दिनुपर्छ। वस्त्र र आभूषण आदिले तृप्त गर्दै वक्तालाई पूजा गरेर मनुष्यले पुराण श्रवणको पूरै फल प्राप्त गर्दछ। पुराण श्रवणपछि ब्राह्मणलाई भोजन गराउनुपर्छ। जसले यस पुस्तकको लागि पेटी, सूत, पत्रा काठको पट्टी, बाँधनका लागि डोरी तथा वेष्टन वस्त्र आदि दान गर्दछ, ऊ स्वर्गलोकमा पुग्दछ। जसले अग्निपुराणको किताब दान गर्दछ, ऊ ब्रह्मलोकमा पुग्दछ। जुन घरमा यो पुस्तक हुन्छ त्यहाँ कुनै प्रकारको डर हुँदैन । उसलाई भोग र मोक्ष प्राप्त हुन्छ। हे मुनिहरू ! तिमीहरू यस अग्निपुराणलाई ईश्वररूप मानेर सधैँ स्मरण गर । त्यसपछि सूत मुनिहरूबाट पूजित भएर त्यहाँबाट गएर शौनक आदि महात्मा भगवान् श्रीहरिकहाँ पुगे ।४५-७१।

ॐ